# बार्षिक प्रतिवेदन, २०७५

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## सार्वजनिक खरिद अनुगमन कार्यालय

ताहाचल, काठमाण्डौ

नेपाल

**सम्पादक समिति**

| | |
|---|---|
| सचिव | : श्री मधुप्रसाद रेग्मी |
| सह सचिव | : श्री सुनिल कुमार कर्ण |
| सह-सचिव | : श्री यज्ञराज कोइराला |
| निर्देशक | : श्री केशव प्रसाद प्रसाँई |
| निर्देशक | : श्री मनिष भट्टराई |
| निर्देशक | : श्री श्रीधर पन्थी |
| निर्देशक | : श्री रामचन्द्र शर्मा |
| निर्देशक | : श्री रेशराज शर्मा |
| निर्देशक | : श्री रेखा कंडेल |
| लेखा अधिकृत | : श्री दिपक पौडेल |
| शाखा अधिकृत | : श्री सुनिता शर्मा |
| नायव सुव्वा | : श्री सावित्रा भट्ट दुवाडी |
| कम्प्यूटर अपरेटर | : श्री किशोर अर्याल |

**प्रकाशक**

## सार्वजनिक खरिद अनुगमन कार्यालय

ताहाचल, काठमाडौं ।

फोन नं. : ०१-४०३०५१८, ०१-४०३०७१५

फ्याक्स : ०१-४०३०६४२

इमेल : info@ppmo.gov.np

वेवसाइट : ppmo.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
ताहाचल, काठमाण्डौ, नेपाल

पत्र सं.: २०७५/७६
च.नं.: मिति : २०७५, भाद्र

**विषय : बार्षिक प्रतिवेदन, २०७५ प्रस्तुत गरिएको ।**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तव्य र अधिकारमा खरिद कारबाहीको बार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ । उपर्युक्त व्यवस्था अनुसार यस कार्यालयबाट आर्थिक बर्ष २०७४/७५ मा भए गरेका राय परामर्श, कार्यहरु र सार्वजनिक खरिद सम्वन्धी अनुगमन गर्दा देखिएका समस्या तथा चुनौतीहरु सहित यो बार्षिक प्रतिवेदन, २०७५ यसै साथ प्रस्तुत गरेको छु ।

(मधुप्रसाद रेग्मी)
सचिव

# मन्तब्य

सार्वजनिक खरिद अनुगमन कार्यालयको बाह्रौ स्थापना दिवसको अवसर पारी कार्यालयले आर्थिक बर्ष २०७४।७५ मा सम्पादन गरेका महत्वपूर्ण कार्यहरु समेटी तयार गरिएको बार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा अत्यन्तै गर्व र खुशीको अनुभूति भएको छ । यस अवसरमा म सार्वजनिक खरिदको काममा प्रत्यक्ष वा परोक्ष रुपले संलग्न हुने सार्वजनिक निकाय, निर्माण व्यवसायी, आपूतिकर्ता, परामर्शदाता, विकास साझेदार लगायत सम्बद्ध सबैमा हार्दिक शुभकामना ब्यक्त गर्न चाहन्छु ।

सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता, विश्वसनीयता र मूल्य सार्थकता कायम गरी सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्ने, खरिदको व्यवस्थापन क्षमता अभिवृद्धि गरी खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उद्धेश्यले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ कार्यान्वयनमा ल्याइएको हो । यही कानुनी व्यवस्था अनुरुप सार्वजनिक खरिद अनुगमन कार्यालय २०६४ साल भाद्र ३ गते स्थापना भई सार्वजनिक खरिदको क्षेत्रमा नीतिगत, पद्धतिगत र प्रक्रियागत सुधार गरी सुशासनलाई टेवा पुर्याउने दिशामा निरन्तर क्रियाशिल छ ।

मुलुकको अर्थतन्त्र लामो समयदेखि विभिन्न समस्या र चुनौतीहरुको वीचबाट गुज्रिरहेको छ । राष्ट्रिय बजेटको दुई तिहाई भन्दा बढी रकम सार्वजनिक खरिदमै खर्च हुने अनुमान गरिएको अवस्थामा ती समस्या र चुनौतीहरु कुनै न कुनै रुपमा सार्वजनिक खरिद प्रक्रियासँग सम्बन्धित छन् भन्ने निष्कर्ष निकाल्न कुनै अर्थशास्त्रीय तर्क र सिद्धान्त आवश्यक देखिदैन । संविधानतः मुलुक संघीयतामा प्रवेश गरेको छ र तीनै तहका निर्वाचन सम्पन्न भई मुलुकमा स्थिर सरकारको लागि बलियो आधार तयार भएको छ । राजनीतिक संक्रमण समाप्त भएको यस अवस्थामा दुर्ततर आर्थिक विकास र आमजनताको जीवनस्तरमा गुणात्मक सुधार नै सरकारको प्रमुख कार्यभारको रुपमा स्थापित हुन पुगेको छ । यसै मेसोमा नेपाल सरकारले चालु आर्थिक वर्षमा आठ प्रतिशतको वृद्धिदर हासिल गर्ने, पाँच वर्षमा दोहोरो अंकको वृद्धिदर हासिल गर्दै प्रतिव्यक्ति आय दोब्बर तुल्याउने लगायतका महत्वकांक्षी योजना अघि सारेको छ । स्पष्ट छ, सार्वजनिक खरिद प्रक्रियालाई अरु बढी व्यवस्थित, वैज्ञानिक, पारदर्शी र प्रतिस्पर्धी नबनाई सरकारको यो लक्ष्य हासिल हुन सक्दैन ।

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को कार्यान्वयन एवं सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना पश्चात यस दिशामा सुधारका थुप्रै प्रयासहरु भएका छन् र यसबाट

महत्वपूर्ण उपलब्धी पनि हासिल भएको महसुस गरिएको छ । खरिद प्रक्रियालाई सरल, छिटो-छरितो मितव्ययी, गुणस्तरीय, विकास-मैत्री र प्रविधि-मैत्री बनाई सरकारको पूँजीगत खर्च बढाउन कार्यालयले विभिन्न निर्देशिका, नमूना कागजात, प्राविधिक मार्गदर्शनहरु तयार गरी कार्यान्वयनमा ल्याएको छ । यसै सिलसिलामा २०७४ साल श्रावण १ गतेदेखि विद्युतीय खरिद प्रणालीलाई अनिवार्य बनाएको छ । यसबाट खरिद प्रक्रिया सरल भई व्यवसायीको सहभागिता बढ्ने, स्वच्छ र पारदर्शी प्रतिस्पर्धाबाट सार्वजनिक निकायहरुबाट हुने खरिदमा जनविश्वास बढी गुणस्तरीय बस्तु वा सेवा प्राप्त गर्न सकिने आधार तयार भएको छ ।

२०६४ साल भाद्र ३ गते सार्वजनिक खरिद अनुगमन कार्यालय स्थापना भएपश्चात खरिद ऐनद्धारा प्रदत्त खरिद सम्बन्धी नीतिको आधारमा यस कार्यालयले प्रचलित कानूनमा सुधार गर्ने, प्राविधिक मार्गदर्शन र निर्देशिका जारी गर्ने, बोलपत्र सम्वन्धी कागजात, पूर्वयोग्यता सम्बन्धी कागजात, खरिद सम्झौता सम्बन्धी कागजात र प्रस्ताव माग गर्ने सम्बन्धी कागजातको नमूना तयार गर्ने लगायतका कार्यहरु गर्दै आइरहेको छ । त्यसै गरी सार्वजनिक निकायबाट हुने खरिद कारबाहीको अनुगमन गर्ने, खरिद सम्वन्धमा सार्वजनिक निकायले राय परामर्श माग गरेमा राय परामर्श दिने, खरिद कार्यमा संलग्न हुने कर्मचारीको लागि नियमित प्रशिक्षण कार्यक्रमको ब्यवस्था गर्ने, कालोसूचीमा राख्ने फुकुवा गर्ने लगायतका काम कारबाहीमा पनि कार्यालयले आफ्नो संलग्नता बढाउदै लगिरहेको छ । वर्षभरि आफूले सम्पादन गरेका प्रमुख कार्यहरुलाई समेटी सार्वजनिक खरिद ऐनको दफा ६४ बमोजिम बार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने लगायतका जिम्मेवारी पनि यस कार्यालयले बि.सं २०६७ सालदेखि निरन्तर रुपमा बहन गर्दै आएको छ । यसैको निरन्तरता स्वरुप आ.व. २०७४/०७५ का गतिविधिहरुलाई समेटी नवौं वार्षिक प्रतिवेदन तयार गरिएको छ ।प्रतिवेदनमा उल्लिखित विषयवस्तु नेपालमा सार्वजनिक खरिदको विद्यमान अवस्था झल्काउनुको साथै यसमा गर्नुपर्ने सामयिक सुधारको सम्बन्धमा नेपाल सरकार, निजी क्षेत्र र विकास साझेदारहरुको ध्यानाकर्षण गर्न सफल हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

विगतका वर्षहरुमा सार्वजनिक खरिदको क्षेत्रमा देखापरेका विकृति र विसंगतिहरुलाई हटाउँदै स्वच्छ र मितव्ययी खरिद प्रणालीको स्थापना गर्ने दिशामा थुप्रै नीतिगत, कानुनी र संस्थागत प्रयासहरु भएपनि यो क्षेत्र अझै पनि चुनौतीमुक्त भने छैन । यी चुनौतीहरु सार्वजनिक निकाय, बोलपत्रदाता र सार्वजनिक खरिद अनुगमन कार्यालय - तीनै क्षेत्रमा विद्यमान छन् र यी तीनै क्षेत्रको संगठित प्रयास र प्रतिवद्धता नभएसम्म यी चुनौतीहरुबाट मुक्ति पाउनु सम्भव छैन । सार्वजनिक निकायकै कुरा गर्ने हो भने उनीहरुमा निर्णय क्षमता र नैतिकता झन् झन् कमजोर हुदै गएको महसूस गरिएको छ । योजनाबद्ध र रणनीतिमा आधारित खरिद पद्दति स्थापना हुन सकेको छैन; खरिद महाशाखा/शाखा/इकाई अवधारणाको प्रभावकारी कार्यान्वयन गर्नमा सफलता हात लागेको छैन, नमूना

वोलपत्र सम्बन्धी कागजात प्रयोग नगर्ने परिपाटी व्याप्त छ; प्रतिस्पर्धालाई सीमित गर्ने गरी स्लाईसिङ/प्याकेजिङ गर्ने प्रबृत्तिले प्रश्रय पाउदै गएको छ; निश्चित ब्राण्डसँग मात्र मिल्ने गरी स्पेसिफिकेसन तयार गर्ने प्रवृत्तिमा बृद्धि हुँदै गैरहेको छ । त्यसै गरी बोलपत्रदाताहरुको बारेमा कुरा गर्दा आचरण सम्बन्धी व्यवस्थाको पालना प्रभावकारी रुपमा कार्यान्वयन नहुनु; बोलपत्रमा हुने मिलेमतो न्यूनीकरणमा अपेक्षित उपलब्धि हासिल हुन नसक्नु; ठेक्का खरिद सम्झौताको कार्यान्वयन पक्ष ज्यादै कमजोर र समस्याग्रस्त हुनु; निर्माण व्यवसायीमा व्यावसायिकताको विकास अपेक्षित रुपमा हुन नसक्नु जस्ता समस्याहरु देखिएका छन् । खरिद कार्यमा संलग्न कर्मचारीहरु मध्ये ठूलो हिस्सालाई सार्वजनिक खरिदका व्यवस्थापनको विषयमा जानकारी समेत नहुनु; खरिद व्यवस्थापन कार्य विशिष्टीकृत पेशाको रुपमा विकास हुन नसक्नु, परामर्शदाताको अधिक प्रयोग गरिनु र उनीहरुलाई जवाफदेही बनाउन नसक्नु; सार्वजनिक खरिद अनुगमन कार्यालयको संस्थागत क्षमता कमजोर हुनु लगायतका चुनौतीहरु पनि यथाबत छन् । मुलुक संघीयतामा रुपान्तरण भइसकेको अवस्थामा अगामी दिनमा सार्वजनिक खरिद सम्बन्धी कार्यहरु स्थानीय र प्रादेशिक तहबाट समेत हुने सन्दर्भमा ती निकायको क्षमता अभिवृद्धि अर्को चुनौतीका रुपमा उभिएको छ । आर्थिक गतिविधिमा भएको विस्तार र विज्ञान र प्रविधिको क्षेत्रमा भएको चामत्कारिक परिवर्तनको प्रभावबाट सार्वजनिक खरिदको क्षेत्र पनि अप्रभावित रहेको छैन ।नयाँ नयाँ खरिद विधिहरु विकसित हुँदै गए पनि तिनीहरुलाई अबलम्बन गर्ने दिशामा हामी निकै पछाडि छौं । सार्वजनिक खरिद प्रक्रियामा प्रत्यक्ष वा परोक्ष रुपले संलग्न सम्पूर्ण सरोकारवालाहरुको सामूहिक प्रयास र प्रतिवद्धताहरुबाट यी चुनौतीहरुको सामना गर्दै सर्वोत्तम खरिद प्रणालीको स्थापना र विकास मार्फत राष्ट्रिय विकासको महाअभियानमा योगदान पुर्याउन हामी सबै सफल हुनेछौ भन्न कामना गर्नु सामयिक हुनेछ ।

अन्त्यमा, प्रस्तुत बार्षिक प्रतिवेदन लेखन तथा तयारीमा मेहनतपूर्वक योगदान दिने योजना महाशाखाका प्रमुख, योजना शाखाका निर्देशक र शाखा अधिकृत लगायत यस कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद् दिन चाहन्छु ।

धन्यवाद !
२०७५ भाद्र, ३

(मधुप्रसाद रेग्मी)
सचिव

## बिषय-सूची


| क्र.सं. | बिषय | पेज संख्या |
|---|---|---|
| | **सार्वजनिक खरिद अनुगमन कार्यालयबाट आर्थिक बर्ष २०७४/७५ मा सम्पादन भएका काम कारवाहीहरुको कार्यकारी सारांश** | १ |
| | **परिच्छेद - एक** | |
| **१** | **सामान्य जानकारी** | ४ |
| | १.१ सार्वजनिक खरिद ऐन, २०६३ का मुख्य मुख्य प्रावधानहरु | ५ |
| | १.२ सार्वजनिक खरिद नियमावली, २०६४ का मुख्य मुख्य प्रावधानहरु | ७ |
| | १.३ सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना र यसको जिम्मेवारी | ७ |
| | १.४ सार्वजनिक खरिद अनुगमन कार्यालयको संगठनात्मन संरचना र कार्य प्रणाली | १० |
| | १.५ कार्यालयको भौतिक पूर्वाधारको अवस्था | ११ |
| | १.६ आर्थिक प्रशासन सम्वन्धी कार्यहरु | १२ |
| | **परिच्छेद - दुई** | |
| **२** | **सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सम्पादित मुख्य मुख्य कार्यहरु** | **१४** |
| | २.१ ऐन, नियम तथा खरिद कार्य प्रणालीमा सुधार | १४ |
| | २.२ सार्वजनिक खरिद अनुगमन | १५ |
| | २.३ क्षमता विकास र तालिम | १७ |
| | २.४ e-GP Operation सम्वन्धी | १७ |
| | २.५ राय परामर्श | १८ |
| | २.६ कालोसूची | १९ |
| | २.७ सार्वजनिक खरिद पुनरावलोकन | २० |
| | **परिच्छेद - तीन** | |
| **३** | **विद्युतीय खरिद प्रणाली सफलताका आयामहरु** | **२२** |
| | ३.१ हालको अवस्था | २२ |
| | ३.२ समस्या र चुनौती | २७ |
| | **परिच्छेद - चार** | |
| **४** | **नेपालको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्या र चुनौतीहरु** | **२८** |
| | ४.१ सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्याहरु | २९ |
| | ४.२ नेपालको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका चुनौतीहरु | ३७ |
| | ४.३ निष्कर्ष | ४२ |

**परिच्छेद - पाँच**


| | | |
|---|---|---|
| **५** | **भावी कार्यदिशा** | **४४** |
| | ५.१ पृष्ठभूमि | ४४ |
| | ५.२ संघीय संरचना अनुकुलको सार्वजनिक खरिद प्रणाली स्थापना र सो को कार्यान्वयन | ४४ |
| | ५.३ खरिद कानूनको प्रभावकारी कार्यान्वयन | ४५ |
| | ५.४ खरिद कानूनमा समसामयिक सुधार | ४५ |
| | ५.५ नमुना बोलपत्र कागजात, कार्यविधि, निर्देशिका तथा प्राविधिक मार्गदर्शन निर्माण | ४६ |
| | ५.६ प्रभावकारी अनुगमन तथा विश्लेषण पद्दतिको विकास | ४६ |
| | ५.७ जनशक्ति विकास तथा जनचेतना अभिवृद्धि | ४७ |
| | ५.८ विद्युतीय खरिद प्रणालीको प्रभावकारी कार्यान्वयन र त्यसमा समसामयिक सुधार | ४७ |

# अनुसूचीहरु


| अनसूची | शिर्षक | पेज नं. |
|---|---|---|
| १. | सार्वजनिक खरिद अनुगमन कार्यालयको संगठन संरचना र दरबन्दी तेरिज | ५० |
| २. | सार्वजनिक खरिद अनुगमन कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण | ५२ |
| ३. | सार्वजनिक खरिद अनुगमन सम्वन्धी विवरण | ५४ |
| ४. | सार्वजनिक खरिद सम्वन्धी गुनासोको अनुगमन सम्वन्धी विवरण | ११५ |
| ५. | क्षमता विकास र तालिम सम्वन्धी विवरण | १६० |
| ६. | राय परामर्श सम्बन्धी विवरण | १६१ |
| ७. | कालोसूची सम्बन्धी विवरण | २१९ |
| ८. | विद्युतीय खरिद प्रणाली (e-GP System) को तथ्याङ्क | २२३ |
| ९. | बार्षिक प्रगती विवरण | २२४ |
| १०. | बार्षिक आर्थिक विवरण | २३० |
| ११. | कार्यालयबाट संचालित गतिविधीहरुको झलक (Photo Gallery) | २३२ |

# सार्वजनिक खरिद अनुगमन कार्यालयबाट आर्थिक बर्ष २०७४/७५ मा सम्पादन भएका काम कारवाहीहरुको कार्यकारी सारांश

यस कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ र नियमावली, २०६४ को नियम १४४ बमोजिम आर्थिक बर्ष २०७४/७५ मा सम्पादन गरेका काम कारवाहीहरु देहाय बमोजिम छन् :-

१. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा संशोधनको लागि कार्ययोजना तयारी :- सार्वजनिक खरिद सम्बन्धी नीति तथा प्रचलित कानूनमा सुधार गर्न नेपाल सरकारलाई सिफारिस गर्नु यस कार्यालयको पहिलो र महत्वपूर्ण काम हो । यस अन्तरगत समसामयिक बिषयवस्तु, प्रविधि र अन्तर्राष्ट्रिय असल अभ्यासहरुलाई समेत समावेश गरी सार्वजनिक खरिद ऐन, २०६३ को पहिलो संशोधन भई लागु भएको छ । संशोधित ऐनको कार्यान्वयनको लागि र थप बिषयहरु समेत समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ मा चौथो र पाँचौ संशोधन भई कार्यान्वयनमा आएको छ भने ऐनको दोस्रो संशोधन र नियमावलीको छैटौं संशोधनको लागि कार्ययोजना बनाई सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष प्रस्तुतीकरण भइसकेको छ।

२. सार्वजनिक खरिद अनुगमन कार्यालयलाई ऐन कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक मार्गदर्शन, कार्यविधि र निर्देशिका जारी गर्ने अधिकार ऐनले दिएको देखिन्छ । अनलाईन विद्युतीय खरिद प्रणाली सञ्चालनका लागि तयार गरिएका यी कार्यविधिहरु विद्युतीय खरिद प्रणाली प्रयोग गर्ने सार्वजनिक निकाय, निर्माण ब्यबसायी, आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक र बैंकिङ्ग क्षेत्रका प्रयोगकर्ताका लागि अत्यन्त उपयोगी रहेका छन । साविकमा यस कार्यालयले www.gepson.gov.np बाट अफलाईन विद्युतीय खरिद प्रणालीको सुविधा उपलब्ध गराउदै आएकोमा सन् २०१४ देखि www.bolpatra.gov.np/ppmo बाट विद्युतीय बोलपत्र दाखिला सम्मको अनलाईन सुविधा भएको विद्युतीय खरिद प्रणालीको सेवा विभिन्न मन्त्रालय विभाग र कार्यालयहरुलाई उपलब्ध गराउदै आएकोमा खरिदको सम्पूर्ण चक्रीय प्रणाली अनलाईनबाटै गर्न सकिने गरी विकास गरिएको अनलाईन विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np/e-Gp शुरु गरी हाल संचालनमा रहेको छ ।

३. सार्वजनिक निकायहरुलाई खरिद कार्यका लागि आवश्यक पर्ने नमूना बोलपत्र सम्वन्धी कागजात (Standard Bidding Document), पूर्वयोग्यता सम्बन्धी कागजात (Standard Prequalification Document) र खरिद सम्झौता सम्बन्धी कागजात (Standard Contract

Document) र प्रस्ताव माग गर्ने सम्बन्धी कागजात (Request For Proposal) को स्टयान्डर्ड नमूनाहरू विगतमा तयार गरी प्रयोगमा ल्याइसकिएको र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को संशोधन भए अनुसार आ.व. २०७४/०७५ मा केही कागजातहरुमा समय सापेक्ष परिमार्जन र केही नयाँ कागजातहरु तयार गरी प्रकाशन गरिएको छ ।

४. यस आ.व मा खरिद सम्बन्धी ८ वटा डकुमेन्ट निर्माण भइसकेका छन् भने अन्य १५ वटा डकुमेन्ट निर्माणको चरणमा रहेका छन् ।

५. सार्वजनिक खरिद ऐन तथा नियमावली र कार्यालयबाट जारी गरिएका बोलपत्र सम्बन्धी कागजात र निर्देशनका सम्बन्धमा विभिन्न कार्यालयहरुलाई राय परामर्श प्रदान गर्ने सम्बन्धमा आर्थिक बर्ष २०७४/७५ मा १०७ संख्यामा राय परामर्श प्रदान गरिएको छ भने ५२ वटा फर्मलाई कालोसूचीमा राखिएको छ ।

६. यस कार्यालयको संस्थागत सुदृढीकरण, प्रक्रियागत सरलीकरण, नीतिगत पृष्ठपोषण, कार्यात्मक र परिणाममुखी संगठन तथा व्यवस्थापन, जनशक्तिमा व्यवसायिकताको विकास र संघीयता कार्यान्वयनमा सहजीकरण गर्ने उद्देश्यका साथ ५ वर्षे रणनीतिक योजना (Procurement Strategic Plan) तयार भएको छ ।

७. यस आ.व. मा विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४।०५।०८ गते जारी भइसकेको छ जसले गर्दा विद्युतीय खरिद प्रणालीलाई सरल, सहज र प्रभावकारी ढंगबाट सञ्चालन गर्न टेवा पुऱ्याएको छ ।

८. सार्वजनिक खरिद अनुगमन कार्यालयले www.ppmo.gov.np नामको वेवसाईटमा सार्वजनिक सूचना जारी गर्ने, खरिद सम्बन्धी आवश्यक नमूना कागजात राख्ने, बोलपत्र सम्वन्धी सूचना अपलोड गर्ने, कालोसूचीको विवरण अध्यावधिक गर्ने, खरिद सूचना प्रकाशित गर्ने जस्ता कार्यहरु गर्दै आएको छ । यो वेवसाईटबाट सार्वजनिक खरिद प्रक्रियामा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न हुने सार्वजनिक निकायहरु, सरोकारग्राही निकायहरु, निजी क्षेत्र र सार्वजनिक खरिदमा चासो राख्नेहरुलाई सार्वजनिक खरिद सम्बन्धी सूचना लिन सहज बनाएको छ ।

९. सार्वजनिक खरिदको बिषयबस्तु समेटेर लेख, रचना, सामग्रीहरु तथा सम्बद्ध अन्य कुराहरु सार्वजनिक गराउन बुलेटिन प्रकाशन गर्ने कार्य समेत यस कार्यालयले गर्दै आएको छ । सार्वजनिक खरिद सम्बन्धी जर्नल प्रकाशन गर्ने कार्य सम्पन्न भएको छ । साथै सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम

(३) बमोजिम सरोकारवालाहरुको लागि नियमित सार्वजनिक गर्नु पर्ने सार्वजनिक विवरण समेत प्रकाशन गर्ने गरिएको छ ।

१०. सार्वजनिक खरिद अनुगमन कार्यालयले बोलपत्रदाता वा खरिद कार्यमा संलग्न हुने कर्मचारीका लागि क्षमता विकास सम्बन्धी क्रियाकलापहरु बार्षिक कार्यक्रममा समावेश गरी नियमित प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ जस अन्तरगत केन्द्र र जिल्लामा गरी आधारभूत तालिम १० वटा र e-GP सम्बन्धी ३२ बटा गरी कुल ४२ वटा तालिम कार्यक्रमबाट सार्वजनिक निकायका कर्मचारी, बोलपत्रदाता र सरोकारवाला गरी जम्मा १६०० जना प्रशिक्षित भएका छन्।

११. यस आ.व.मा १६ जिल्लाहरुमा सार्वजनिक खरिदसँग संलग्न सरोकारवाला पक्षहरुः जिल्ला स्थित सार्वजनिक निकायहरु, उद्योग बाणिज्य संघ तथा निर्माण व्यवसायी संघका पदाधिकारीहरु र संचारकर्मीहरुको सहभागितामा एक दिने सार्वजनिक खरिद सम्वन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ भने १० जिल्लाका २५ वटा सार्वजनिक निकायहरूमा खरिद अनुगमन तथा सार्वजनिक खरिद सम्वन्धी Random Monitoring कार्य सम्पन्न गरिएको छ ।

१२. सार्वजनिक खरिदमा पारदर्शिता, मितब्ययिता, स्वच्छता, इमान्दारिता र जावफदेहिता स्थापित गरी खरिद कारवाहीमा भाग लिन समान अवसरको सुनिश्चितता प्रदान गर्ने उद्देश्यले विकास गरिएको अनलाईन विद्युतीय खरिद प्रणाली पूर्ण रुपमा लागु भए पछि यस प्रणालीबाटै स्वचालित रुपमा सार्वजनिक खरिदका सूचनाहरु जनसमक्ष पुऱ्याउन पूर्वाधार स्थापना गर्ने कार्य शुरु गरिएको छ । यसका लागि Open Contracting Data Standard को अन्तर्राष्टिय मापदण्डको सूचना प्रवाह गर्ने गरी पोर्टल स्थापना गर्न Open Contracting Partnership नामक अन्तर्राष्टिय संस्थाको सहकार्यमा नेपालको सार्वजनिक खरिदको पारदर्शिताको लागि अग्रसरता (Public Procurement Transparency in Nepal - PPTIN) कार्यक्रम शुरु गरिएको छ । सार्वजनिक खरिदमा पारदर्शीता गर्ने विश्वव्यापी अभियानमा आवद्ध हुँदै सार्वजनिक खरिदका सूचनाहरु जनसमक्ष पुर्याउन पूर्वाधार स्थापना गर्ने कार्य शुरु गरिएको छ । यस कार्यक्रम अन्तर्गत www.ppip.gov.np नामक एक पोर्टलको परीक्षण प्रकाशन (Beta Launch) गरिएको छ ।

१३. e-GP सेवा जुनसुकै बेलामा पनि संचालनका लागि कार्यालयमा Help-Desk को साथै प्राविधिक सेवा उपलब्ध हुँदै आएको छ । यस आ.व. मा विभिन्न १३२५ प्रयोगकर्ताहरुलाई उक्त सेवा प्रदान गरिएको छ ।

## परिच्छेद - एक

# सामान्य जानकारी

**पृष्ठभूमिः**

सुशासन, पारदर्शिता, सार्वजनिक जवाफदेहिता र भ्रष्टाचार नियन्त्रण राज्यको उच्च प्राथमिकताको बिषय हुन् । यी कार्यलाई मूर्त रुप दिन राज्यका सवै संयन्त्रबाट गरिने खरिद प्रक्रियामा स्वच्छता, इमान्दारिता, प्रतिस्पर्धा र मूल्य सार्थकतालाई सार्वजनिक खरिदका मूलभूत सिद्धान्तका रुपमा स्विकार गरिएको छ । कुल गार्हस्थ उत्पादनको झण्डै २० प्रतिशत एवं बार्षिक बजेटको करिव ६० देखि ७० प्रतिशत रकम सार्वजनिक खरिद ऐनको ब्यबस्था बमोजिम सार्वजनिक खर्च हुने भएकोले सुशासन कायम गर्नमा सार्वजनिक खरिद ऐनले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । खुल्ला अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई उचित र प्रतिस्पर्धात्मक मूल्य निर्धारण गर्ने, गुणस्तरीय र जवाफदेहीपूर्ण कार्य सम्पादन गर्ने सरकारका सहयोगीका रुपमा लिइएको हुन्छ । सार्वजनिक निकायले खरिद गर्दा निजी क्षेत्रका उत्पादक, विक्रेता, आपूर्तिकर्ता, निर्माण ब्यवसायी, परामर्शदाता वा सेवा प्रदायकलाई विना भेदभाव खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सार्वजनिक खरिद ऐनले सुनिश्चित गरी सुशासनको प्रत्याभूति गरेको छ ।

सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन, सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्न, मितब्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल प्राप्त गर्नु मुख्य उद्देश्य हो । सार्वजनिक निकायले निर्माण कार्य गराउँदा तथा सो सम्बन्धी सेवा प्राप्त गर्दा, मालसामान, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्दा त्यस्तो खरिदको ब्यबस्थापन क्षमता अभिबृद्धि गरी उत्पादक, विक्रेता, आपूर्तिकर्ता, निर्माण व्यबसायी वा सेवा प्रदायकलाई विना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उद्देश्यले सार्वजनिक खरिद ऐन, २०६३ छाता ऐनको रुपमा लागु भई २०७३।३।३० मा पहिलो संशोधन समेत भएको छ । ऐन संशोधन पश्चात सार्वजनिक खरिद प्रक्रियामा रहेका कमी कमजोरीहरु र अव्यावहारिक बिषयहरु हट्न गई सार्वजनिक खरिदमा समय सापेक्ष सुधार भएको र थप स्पष्टता, सरलता र सहजता भएको महसूस गरिएको छ । यसलाई अझ प्रगाढताका साथ अगाडि बढाउनका लागि र संशोधित विषयहरुलाई लागू गर्नका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को चौथो र पाँचौ संशोधन २०७३ सालमा नै भइसकेको छ । सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ ले व्यवस्था गरेका विधि र प्रक्रिया विधिसम्मत तरीकाले लागु

भए नभएको सन्दर्भमा अनुगमन गरी लागू गराउने महत्वपूर्ण निकायको रुपमा सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना २०६४ भाद्र ३ मा भएको हो । यस कार्यको प्रभावकारिताका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिदको क्षेत्र सुधार र कार्य संचालनको मार्गदर्शक सिद्धान्तको रुपमा पञ्च-वर्षीय रणनीति स्वरूप राष्ट्रिय सार्वजनिक खरिद रणनीतिक योजना, २०७५-२०८० (National Public Procurement Strategic Plan, 2018-2022) NPPSP, यसै बर्ष तयार गरेको छ । यसलाई नेपाल सरकारबाट स्वीकृत गरी अभिलम्ब लागू गरिने छ ।

## १.१ सार्वजनिक खरिद ऐन, २०६३ का मुख्य मुख्य प्रावधानहरुः

सार्वजनिक खरिद ऐन, २०६३ का विभिन्न प्रावधानहरुमा खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता र विश्वसनीयताको प्रवर्धन गरी मितब्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न सार्वजनिक निकायहरुबाट हुने खरिदमा अवलम्वन गरिने सिद्धान्त र तिनका प्रक्रियागत कुराहरुको प्रत्याभूति गरिएको छ । सार्वजनिक निकायहरुबाट भएको खरिद कार्यको पुनरावलोकन प्रथम चरणमा सार्वजनिक निकाय स्वयंले गर्ने र उक्त निर्णय उपर चित्त नबुझेमा पुनरावलोकनका लागि अधिकार सम्पन्न सार्वजनिक खरिद पुनरावलोकन समितिको ब्यबस्था हुनु यसका उदाहरणीय पक्ष हुन् ।

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायको परिभाषालाई बिस्तृत रुपमा लिएको छ । सबै सरकारी, अर्ध सरकारी र सरकारी कोषको प्रयोग गरी हुने खरिद गर्ने सबै निकायहरुलाई सार्वजनिक निकायको रुपमा परिभाषित गरिएको छ । सबै सार्वजनिक निकायले मालसामान, निर्माण कार्य र परामर्श सेवा खरिद गर्दा यो ऐनले गरेको कार्यविधि पुरा गर्नु पर्ने र यसको प्रतिकूल हुने गरी गरिएका खरिद बदर र अमान्य हुने ब्यबस्था गरेको छ । साथै दफा ७४ मा नेपाल सरकारले नियमावली बनाउने र सार्वजनिक निकायहरुले पनि आ-आफ्ना ऐन, नियम वा गठन आदेशको अधीनमा रही ऐनको मूलभूत बिषयमा फरक नपर्ने गरी आवश्यक नियम बनाउन सक्ने ब्यबस्था गरेको छ । यी सबै प्रावधानहरुबाट यस ऐनलाई सार्वजनिक खरिद सम्वन्धी छाता ऐनको रुपमा स्थापित गरेको देखिन्छ ।

सार्वजनिक खरिद ऐनले योजना बनाएर खरिद कार्य गर्नु पर्ने, खरिद सम्बन्धमा सार्वजनिक निकायको प्रमुखलाई स्पष्ट जिम्मेवारी दिई खरिद कार्यलाई अगाडि बढाउनको लागि कार्यालयको खरिद सम्बन्धी कार्यबोझ र कार्यप्रकृतिको आधारमा खरिद इकाई, खरिद शाखा वा खरिद महाशाखा बनाउनु पर्ने व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ को पहिलो संशोधनले गरेको छ । खरिद योजना निर्माण गर्दा नै खरिद विधि छनौट गर्ने, लागत अनुमान टुक्रा गर्न नपाइने, आवश्यकता अनुसार बोलपत्रदाता वा प्रस्तावदाताको योग्यता निर्धारण गर्न सकिने आदि जस्ता स्पष्ट ब्यबस्था गर्दै सामान्यतया सबै सार्वजनिक खरिद बोलपत्रको माध्यमबाट हुने ब्यबस्था गरेको छ । बोलपत्र आह्वान गर्नु अगाडि

सार्वजनिक निकायहरुले पूर्व योग्यता निर्धारण गर्नु पर्ने र बोलपत्र सम्बन्धी कागजात तयार गरेर मात्र खुल्ला रुपमा बोलपत्र गर्नु पर्ने ब्यबस्था हुनुको साथै बोलपत्रदाताहरुले आफुले पेश गरेको बोलपत्रमा फिर्ता वा संशोधन गर्न सक्ने प्रावधान पनि ऐनमा रहेको सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को पहिलो संशोधनले विद्युतीय सञ्चारको माध्यमबाट बोलपत्र पेश गरिने बाहेक कुनै बोलपत्रदाताले आफूले पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा बोलपत्र दाखिला गर्ने अन्तिम समयको २४ घण्टा अगावै निवेदन दिनुपर्ने तथा पहिला नै योग्यता चाहिने भनी किटान भएकोमा बाहेक २ करोड सम्मको लागत अनुमानमा पूर्व योग्यता नचाहिने व्यवस्था गरेको छ ।

केही बोलपत्रहरु वा एउटा मात्र बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको अवस्थामा पनि बोलपत्र स्वीकृत गर्नु पर्ने ब्यबस्था ऐनको दफा २६ उपदफा २ मा गरिएको छ । बोलपत्र वा प्रस्ताव स्वीकृतिको सम्बन्धमा जानकारी दिन आशयपत्रको सूचना प्रकाशित गर्नुपर्ने ब्यबस्था गरिएको छ। साथै खरिद कारवाही सम्बन्धी प्रक्रियामा चित्त नबुझेमा सम्बन्धित सार्वजनिक निकायको प्रमुख र खरिद पुनरावलोकन समितिमा पुनरावेदन गर्न कम्तिमा ७ दिनको समय दिनु पर्ने ब्यबस्थाबाट सार्वजनिक निकायहरुबाट हुने प्रक्रियागत त्रुटिलाई सच्याउने र भेदभाव र अनियमितता सम्बन्धी कार्यहरु नियन्त्रण हुने देखिन्छ । खरिद सम्झौता पुनरावलोकनका लागि तीन सदस्यीय पुनरावलोकन समितिको ब्यबस्था भई पुनरावलोकनको प्रक्रिया र तरीका समेतको कार्यविधि किटान गरिएको छ । समितिले गरेको निर्णय सार्वजनिक निकाय र बोलपत्रदाता सबैलाई बाध्यकारी हुने ब्यबस्था कानूनमा नै स्पष्ट गरिएको छ । सार्वजनिक खरिद पुनरावलोकन समितिमा पुनरावलोकन निवेदन दर्ता गर्नुपर्दा राख्नुपर्ने धरौटी बढी भएको कारणले पुनरावलोकनको संख्यामा कमी आएको महसूस गरी सार्वजनिक खरिद ऐन, २०६३ को पहिलो संशोधनले पुनरावलोकन गर्दा राख्नुपर्ने धरौटी रकम घटाई कवुल अङ्कको ०.१५ प्रतिशत कायम गरिएको छ ।

सार्वजनिक खरिद ऐन, २०६३ ले मालसामान, निर्माण कार्य, राशन, अन्य सेवा र परामर्श सेवा खरिदका लागि छुट्टा छुट्टै कार्यविधि र प्रक्रियाहरु तोकेको छ । त्यसै गरी निश्चित सीमाभित्र रहने गरी शिलबन्दी दरभाउपत्र, सोझै खरिद, उपभोक्ता समिति वा लाभग्राहीबाट गर्न सकिने खरिद, गैर सरकारी संस्थाहरुबाट गरिने खरिद, अमानतमा हुने खरिद सम्बन्धी ब्यबस्था समेत गरिएको छ । ऐनको पहिलो संशोधनले मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नु पर्दा आधुनिक विधिहरुको रुपमा एकमुष्ट दर विधि (Lump-sum Method), उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा खरिद गर्ने विधि (Catalogue Shopping), सीमित बोलपत्रदाताले भाग लिने खरिद विधि (Limited Tendering) र नयाँ लिने पुरानो दिने खरिद विधि (Buy Back Method) समेतको व्यवस्था गरेको छ । ऐनले सबै प्रकारको खरिदमा जुनसुकै विधि प्रयोग भएको भएता पनि खरिद कार्य भए पछि र हुँदाका बखत खरिद काम कारवाही सम्बन्धी सूचना अनिवार्य रुपमा वेवसाईट र

सूचना बोर्डमा राख्नु पर्ने व्यबस्था गरी पारदर्शिताको सिद्धान्तलाई व्यबहारमा लागु गरेको देखिन्छ । सार्वजनिक खरिद ऐनले प्रविधिलाई आत्मसात गरी विद्युतीय खरिद पद्धतिको प्रयोग गरी खरिद काम कारवाही गर्न सक्ने गरी विद्युतीय खरिद प्रणालीलाई वैधता प्रदान गरको छ ।

सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएका प्रावधानहरुको कार्यान्वयन र परिपालना गराउन सहयोग पुऱ्याउने उद्देश्यकासाथ कार्यालयको काम, कर्तब्य र अधिकार समेत किटान गरी ऐनको दफा ६४ अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना भएको छ ।

### १.२ सार्वजनिक खरिद नियमावली, २०६४ का मुख्य मुख्य प्रावधानहरुः

सार्वजनिक खरिद ऐन, २०६३ का प्रावधान र व्यवस्थाहरुलाई अझ बढी व्यवस्थित र विस्तृत गर्नका लागि यो नियमावली बनेको हो । यस नियमावलीमा खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान, खरिद र खरिद सम्झौताको छनौट, योग्यताका आधार, प्राविधिक क्षमता र प्राविधिक स्पेसिफिकेसन, बोलपत्र सम्बन्धी व्यवस्था, परामर्श सेवा सम्बन्धी व्यवस्था, राशन खरिद सम्बन्धी, घर जग्गा भाडामा लिने, सेवा करारमा लिने, पुनरावलोकन र खरिद सम्झौता सम्बन्धी, विवाद समाधान सम्बन्धी र विविध विषयहरु समेटिएको छ । सार्वजनिक खरिद ऐन, २०६३ मा सैद्धान्तिक रुपले राखिएका प्रावधानहरुको पर्याप्त व्याख्या र विश्लेषण सार्वजनिक खरिद नियमावली, २०६४ मा गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को पहिलो संशोधन र सार्वजनिक खरिद नियमावली, २०६४ को चौथो र पाँचौ संशोधन वाट केही नयाँ प्रावधानहरु समेत समेटिएका छन् ।

### १.३ सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना र यसको जिम्मेवारीः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६४ मा खरिद कार्यको अनुगमन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत एक सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना गरिने कुरा उल्लेख गरिए अनुसार २०६४ साल भाद्र ३ गते यस कार्यालय स्थापना भई सञ्चालनमा रहेको छ । कार्यालयको प्रमुखको रुपमा नेपाल सरकारका रा. प. विशिष्ट श्रेणीको सचिव रहने ब्यबस्था ऐनमा नै उल्लेख गरिएको छ । ऐनको दफा ६५ मा सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तव्य र अधिकार तोकिएको छ । सो सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को पहिलो संशोधनमा २(क) थप गरी सार्वजनिक निकायबाट भएको खरिद कारवाही यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि वा निर्देशिका विपरीत भएको पाइएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले सो सम्बन्धमा त्यस्तो खरिद कारवाहीमा भएको त्रुटि सच्याउन र खरिद कारवाहीमा संलग्न पदाधिकारी उपर प्रचलित कानून बमोजिम कारबाहीका लागि सार्वजनिक निकायको प्रमुखलाई र सार्वजनिक निकायको प्रमुख नै त्यस्तो खरिद कारबाहीमा संलग्न रहेको अवस्थामा अख्तियारवाला समक्ष

ध्यानाकर्षणका लागि लेखी पठाउन सक्नेछ । यसरी लेखी आएमा त्यसरी भएको त्रुटि सच्याई सम्बन्धित सार्वजनिक निकायको प्रमुख वा अख्तियारवालाले सम्बन्धित पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी दिनुपर्नेछ भनी उल्लेख गरिएको छ ।

### १.३.१ सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तब्य र अधिकारः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहेका छन् ।

(क) खरिद सम्बन्धी नीति वा प्रचलित कानूनमा सुधार गर्न नेपाल सरकारलाई सिफारिश गर्ने,

(ख) टर्न कि, ई.पि.सि., संरचनात्मक वा इकाई दर सम्झौता, व्यवस्थापन सम्झौता जस्ता खरिद विधिका विषयमा आवश्यक पर्ने निर्देशिका, कार्यविधि र प्राविधिक मार्गदर्शन जारी गर्ने,

(ग) सार्वजनिक निकायले खरिद कारबाही संचालन गर्न प्रयोग गर्नुपर्ने बोलपत्र सम्वन्धी कागजात (स्टयान्डर्ड बिडिङ्ग डकुमेन्ट), पूर्वयोग्यता सम्बन्धी कागजात (स्टयान्डर्ड प्रिक्वालिफिकेसन डकुमेन्ट) र खरिद सम्झौता सम्बन्धी कागजात (स्टयान्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट), र प्रस्ताव माग गर्ने सम्बन्धी कागजात(रिक्वेस्ट फर प्रपोजल)को स्टयान्डर्ड नमूना तयार गर्ने,

(घ) सार्वजनिक निकायबाट हुने वा भएको खरिद कारबाहीको तथ्यांक संकलन गरी त्यस्तो कारबाही यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका अनुरुप भए वा नभएको अनुगमन र परीक्षण गर्ने वा गराउने ,

(घ१) खरिद पश्चातको पुनरावलोकन गर्ने, गराउने,

(घ२) निर्माण व्यवशायी, आपूर्तिकर्ता, परामर्शदाता तथा सेवा प्रदायकको खरिद सम्बन्धी योग्यता र अनुभवको अभिलेख तयार गर्ने,

(घ१) विद्युतीय खरिद निर्देशिका जारी गर्ने,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिकामा उल्लिखित कुनै कुराका सम्बन्धमा सार्वजनिक निकायले राय परामर्श माग गरेमा राय परामर्श दिने,

(च) खरिद सम्बन्धी वेबसाइट स्थापना गरी त्यसको संचालन गर्ने,

(छ) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, प्राविधिक मार्गनिर्देशन तथा सार्वजनिक खरिद सम्बन्धी लेखरचना, सामग्री तथा यस्तै अन्य कुराहरु सार्वजनिक गराउन बुलेटिन प्रकाशन गर्ने,

(ज) खरिद कार्यमा समन्वय गर्नका लागि आबश्यक पर्ने कार्यविधि तयार गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(झ) बोलपत्रदाता वा खरिद कार्यमा संलग्न भएको वा हुने कर्मचारीको लागि नियमित प्रशिक्षण कार्यक्रमको ब्यवस्था गर्ने,

(ञ) दफा ६३ बमोजिम को कालोसूचीबाट फुकुवा गर्ने सम्बन्धमा आवश्यक मापदण्ड तयार गर्ने र सो मापदण्ड अनुसार कालो सूचीबाट फुकुवा गर्ने,

(ट) खरिद ब्यवस्था प्रभावकारी बनाउन निर्माण, आपूर्ति, परामर्श सेवा र अन्य सेवा प्रणाली पुनरावलोकन, समीक्षा गर्ने र सेवाग्राहीसंग वा आवश्यकतानुसार अन्तर्राष्ट्रिय संस्था तथा अन्य विदेशी निकायसँग नियमित रुपमा सुझाव लिने,

(ठ) खरिदप्रणालीलाई ब्यवस्थित गर्न र सुधार गर्न आवश्यक पर्ने स्वदेशी वा बैदेशिक सहायताको योजना तयार गर्ने तथा त्यस्तो सहायता समन्वय गर्ने केन्द्रीय निकायको रुपमा काम गर्ने,

(ठ१) खरिद विज्ञ प्रमाणिकरण गर्ने गराउने,

(ड) खरिद कारवाहीको बार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने र

(ढ) तोकिएको अन्य कार्य गर्ने ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले आफ्नो कार्यालय बाहेक अन्य सार्वजनिक निकायले गरेको खरिद प्रक्रियामा कुनै किसिमले संलग्न हुने वा तत्सम्बन्धमा उत्पन्न हुने कुनै विवाद समाधान गर्ने छैन भनी ऐनको दफा ६५ उपदफा (२) मा उल्लेख भएकाले कार्यालयबाट सम्पादन हुने कामको निष्पक्षता र तटस्थतालाई कायम राखेको छ ।

### १.३.२ सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम थप जिम्मेवारी :

ऐनको प्रभावकारी कार्यान्वयनका लागि २०६४ भाद्र ३ गते सार्वजनिक खरिद नियमावली, २०६४ कार्यान्वयनमा ल्याइएको छ । उक्त नियमावलीको नियम १४४ ले ऐनको दफा ६५ मा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तब्य र अधिकारलाई अझ बढी विस्तृतीकरण गरेको छ । नियमावलीले थप दायित्व प्रदान गरेका कार्यहरु निम्न बमोजिम छन्।

(क) सम्बन्धित सार्वजनिक निकायको खरिद कारबाहीको अवलोकन भ्रमण गरी वा सार्वजनिक निकायबाट खरिद क्रियाकलाप सम्बन्धी प्रतिवेदन र जानकारीहरु माग गरी सार्वजनिक खरिद कार्यको अनुगमन गर्ने,

(ख) खरिद क्रियाकलाप सम्बन्धी प्रतिवेदनमा समावेश गर्नु पर्ने जानकारी, तथ्याङ्क र त्यस्तो प्रतिवेदन पेश गर्नु पर्ने समयावधिका सम्बन्धमा सार्वजनिक निकायलाई निर्देशन दिने,

(ग) सार्वजनिक निकायलाई खरिद कारबाही सञ्चालन गर्न र बोलपत्रदाता, प्रस्तावदाता, सिलबन्दी दरभाउपत्रदाता आपूर्तिकर्तालाई खरिद कारबाहीमा सहभागी हुन सहयोग हुने किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने,

(घ) खरिद कारबाहीलाई सरल र सहज बनाउने,

(ङ) केन्द्रीय डाटा बैंकको स्थापना गरी खरिद सम्झौता कार्यान्वयन सम्बन्धी कार्य सम्पादनको अभिलेख राख्ने,

(च) सार्वजनिक खरिद सम्बन्धी जानकारी प्रवाह गर्ने तरिकाको विकास गर्ने,

(छ) सार्वजनिक खरिद प्रणालीमा सुधार गर्नको लागि अन्य देशको खरिद कारबाही सम्बन्धी नीति, कानून, अनुभव र अभ्यासको बारेमा अध्ययन अनुसन्धान गर्ने,

(ज) सार्वजनिक निकायमा खरिद सम्बन्धी क्षमता वा दक्षता र व्यवसायिक कार्यकुशलता भएका कर्मचारीको व्यवस्थाको लागि योजना तयार गर्ने,

(झ) खण्ड ज) बमोजिम योजना अनुसार सार्वजनिक निकायका खरिद एकाई, मूल्याङ्कन समिति र सार्वजनिक खरिद अनुगमन कार्यालयमा नियुक्त हुने व्यक्तिले आवश्यक दक्षता र व्यवसायिक कार्यकुशलता पूरा गरे नगरेको यकिन गर्ने,

(ञ) सार्वजनिक निकायको प्रमुख, त्यस्तो निकायको खरिद एकाईका कर्मचारी, बोलपत्र मूल्याङ्कन समितिका सदस्यको काम, कर्तव्य र अधिकार तथा उत्तरदायित्वको विवरण तयार गर्ने,

(ञ१) पुनरावलोकन समितिको निर्णय कार्यान्वयनको अनुगमन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष प्रतिवेदन पेश गर्ने,

(ट) सार्वजनिक निकायको खरिद कार्यमा संलग्न कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गर्न आवश्यक पर्ने तालीम कार्यक्रमहरु सञ्चालन गर्न सहयोग पुर्याउने,

(ठ) कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गर्न आवश्यक पर्ने तालीम कार्यक्रम सञ्चालन गर्ने र

**१.४ सार्वजनिक खरिद अनुगमन कार्यालयको संगठनात्मक संरचना र कार्य प्रणालीः**

सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ जारी भएपछि सार्वजनिक खरिद ऐनको दफा ६४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत सार्वजनिक खरिद सम्वन्धी नियामक निकायको रुपमा २०६४ भाद्र ३ मा सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना भएको हो । कार्यालय स्थापना पश्चात यस कार्यालयले सार्बजनिक खरिद ऐन तथा

नियमावलीमा तोकिएका कार्य सम्पादन गर्दै आइरहेको छ । स्थापना कालमा कुल २४ कर्मचारी दरवन्दी रहेको यस कार्यालयमा पछि कुल ५१ कर्मचारी दरवन्दी कायम हुन आएको थियो । २०७५ सालमा कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट नयाँ दरवन्दी तथा संगठन संरचना कायम भई ४८ कर्मचारी दरबन्दी कायम भएको छ । यस मध्ये अधिकृत स्तरको दरवन्दी २८ जना, सहायक स्तरको दरवन्दी ८ जना र सवारी चालक र कार्यालय सहयोगीको दरवन्दी १२ जना रहेको छ । शुरुमा कार्यालयमा ३ वटा महाशाखा रहेकोमा नयाँ संगठन संरचना अनुसार २ वटा मात्र महाशाखा कायम भएको छ । जसअनुसार प्रशासन, योजना तथा सूचना प्रविधि महाशाखा र खरिद अनुगमन महाशाखा रहेको छ । प्रशासन, योजना तथा सूचना प्रविधि महाशाखा अन्तरगत कर्मचारी प्रशासन शाखा, जनशक्ति विकास शाखा, कानून शाखा, योजना तथा सूचना व्यवस्थापन शाखा, सूचना प्रविधि शाखा र आर्थिक प्रशासन शाखा गरी ६ वटा शाखाहरु रहेका छन्। खरिद अनुगमन महाशाखा अन्तरगत सार्वजनिक निर्माण तथा परामर्श सेवा खरिद अनुगमन शाखा, मालसामान खरिद अनुगमन शाखा, स्थानीयस्तर खरिद अनुगमन तथा गुनासो व्यवस्थापन शाखा र अनुसन्धान तथा विकास शाखा गरी ४ वटा शाखाहरु रहेका छन् । महाशाखा अन्तरगतका शाखाहरु बाहेक कार्यालयको संगठन संरचनामा ३ सदस्यीय सार्वजनिक खरिद पुनरावलोकन समिति रहेको छ । साथै ४ जना सम्म रहन सक्ने गरी विशेषज्ञ समूह करारमा राख्न सकिने गरी संगठन संरचना कायम भएको छ । सार्वजनिक खरिद पुनरावलोकन समितिको सचिवालयको काम समेत यस कार्यालयले गर्दछ । कार्यालयको नयाँ संगठनात्मक संरचना र दरवन्दी तेरिज अनुसूची १ मा उल्लेख गरिएको छ ।

### १.५ कार्यालयको भौतिक पूर्वाधारको अवस्थाः

(क) नेपाल ट्रष्टको स्वामित्वमा रहेको काठमाण्डौ महानगरपालिका वार्ड नं. १३, ताहाचल स्थित हिमशैल भवनमा भाडामा लिई कार्यालय रहँदै आएको छ । भूकम्प पश्चात नेपाल ट्रष्टको सहमतिमा यस कार्यालयबाट अस्थायी संरचना समेत निर्माण गरी पुरानो भवन तथा अस्थायी संरचना दुवैमा कार्यालय संचालन हुँदै आएको छ । यस बर्ष सार्वजनिक खरिद पुनरावलोकन समिति रहेको भवनमा तला थप गरी ३ कोठा निर्माण गरिएको छ । यसले कार्यालय तथा समितिको काम कारवाहीमा सहजता आउनेछ ।

(ख) कार्यालयमा नियमित रुपमा सार्वजनिक खरिद सम्बन्धी तालिम संचालन हुने हुँदा तालिम हलको छुट्टै व्यवस्था गरिएको छ । यो बाहेक नियमित बैठक संचालन गर्नका लागि सानो बैठक कोठा समेत रहेको छ ।

(ग) कार्यालयमा ई-हाजिरी लागु भएको तथा कार्यालयको बर्तमान नेतृत्व कार्य प्रेरणादायी रहेकोले कर्मचारीहरुको कार्यालय समयमा कार्यालयमा उपस्थिति तथा कार्यालयको काम प्रतिको लगाव राम्रो देखिन्छ ।


(घ) कार्यालयमा सौर्य उर्जामा आधारित बैकल्पिक उर्जाको व्यवस्था भएकोले विद्युत कटौतीको समयमा पनि कार्यालयको काममा बाधा नपरेको हुँदा कार्य उत्साहमा बृद्धि भएको छ।

(ङ) कार्यालयमा भएका फोटोकपि मेशिन, कम्प्यूटर तथा ल्यापटपहरु नयाँ खरिद गरेर वा पुराना समेत मर्मत सम्भार गरेर चुस्त र दुरुस्त राखिएकोले कार्य वातावरणमा सहजता आएको छ।

**१.६ आर्थिक प्रशासन सम्बन्धी कार्यहरुः**

**(क) वार्षिक वजेट र खर्चको स्थितिः**

सार्वजनिक खरिद अनुगमन कार्यालयको स्विकृत बार्षिक कार्यक्रमहरुका लागि विनियोजित वजेट तथा वास्तविक खर्चको विवरणलाई ग्राफमा प्रस्तूत गरिएको छ।




प्रस्तूत तथ्यांक अनुसार २०६९/७० देखि वजेट विनियोजन तथा खर्चको परिमाण बढ्दै गएको अवस्था छ। वजेट विनियोजन तथा खर्चको समय रेखाको अन्तर (Gap) ले खर्च हुन नसकेको बजेटलाई संकेत गर्दछ। यसको प्रवृत्ति हेर्दा खर्च गर्ने क्षमता क्रमिक रुपमा घट्दै गएको देखिन्छ। भौतिक प्रगति सन्तोषजनक भए पनि वजेट विनियोजनको अनुपातमा खर्च भने कम हुने गरेको देखिन्छ। यसको प्रमुख कारण कार्यक्रम तथा उक्त कार्यक्रमको लागि प्रस्तावित बजेटको बीचमा कम तालमेल भएको देखिनुका साथै कतिपय कार्यक्रमहरु वास्तविक लागत अनुमानमा आधारित नभई अनुमानको आधारमा बजेट प्रस्ताव गरिँदा कार्यक्रम सम्पन्न भईसक्दा पनि त्यसको अन्य रकम समेत खर्च नभएको अवस्था रहेको छ। आ.ब. २०७४/७५ को वार्षिक प्रगति विवरण अनुसूची ९मा र वार्षिक आर्थिक विवरण अनुसूची १० मा समावेश गरिएको छ ।

**आ.व. २०६८/६९ देखि २०७४/७५ सम्मको बजेट खर्च विवरणः**


| आ.ब. | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|
| बिनियोजन रु. हजारमा | ५१,६८२.०० | ५९,२०६.९० | ६०,२०७.० | ७५,५५७.७६ | १८३,८५३.०० |
| खर्च रु. हजारमा | ३६,९३५.०१ | ४९,३१६.९० | ५३,६९५.८९ | ५४,२१८.३९ | ७०,१७१.६२ |

**(ख) बेरुजु फछर्योटको स्थितिः**

आ.व. २०७१/०७२ सम्मको बेरुजु शुन्य छ । आ.व. २०७२/७३ को असुल उपर हुनु पर्ने बेरुजु रु. ७२,९०२।- मध्ये असुल उपर भएको तर सम्परीक्षण हुन बाँकि बेरुजु रु. ५४,९०२।- र असुल उपर हुन बाँकि बेरुजु रु. १८,०००।- रहेको छ । आ.व. २०७३/७४ को बेरुजु शुन्य छ । यस प्रकार कार्यालयको बेरुजुको स्थिति हेर्दा जम्मा बेरुजु रकम रु. १८,०००।- मात्र रहेको देखिन्छ ।

**(ग) कार्यालयको समग्र भौतिक तथा वित्तीय प्रगतिको स्थितिः**

कार्यालयले आ.व. २०७४/७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तोकिएका कार्यक्रमहरु मध्ये झण्डै शतप्रतिशत प्रगति हासिल भएको छ । प्रथम चौमासिक अवधिमा लक्ष्यको तुलनामा केही कम प्रगति हासिल गरेतापनि द्धितीय र तृतीय चौमासिक अवधिमा लगभग सम्पूर्ण कार्यक्रमहरु संचालन गर्न सफल भइएको छ । कार्यालयले आ.व. २०७४/७५ मा सञ्चालन गरेका कार्यक्रमहरुको भौतिक तथा वित्तीय प्रगतिलाई निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ ।



परिच्छेद - दुई

# सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सम्पादित मुख्य मुख्य कार्यहरु

## २.१ ऐन, नियम तथा खरिद कार्य प्रणालीमा सुधारः

(क) सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा संशोधनको लागि कार्ययोजना तयारीः सार्वजनिक खरिद ऐन, २०६३ को प्रथम संशोधनको व्यवस्थाहरु कार्यान्वयनका लागि तथा अन्य थप व्यवस्थामा संशोधनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को चौथो र पाँचौ संशोधन भएको छ भने ऐनको दोस्रो संशोधन र नियमावलीको छैटौं संशोधनको लागि कार्ययोजना बनाई सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष प्रस्तुतीकरण भइसकेको छ ।

(ख) यस कार्यालयको संस्थागत सुदृढिकरण, प्रक्रियागत सरलीकरण, नीतिगत पृष्ठपोषण, कार्यात्मक र परिणाममुखी संगठन तथा व्यवस्थापन, जनशक्तिको व्यवसायीकताको विकाश र संघीयता कार्यान्वयनमा सहजीकरण गर्ने उद्देश्यका साथ ५ वर्षे रणनीतिक योजना (Procurement Strategic Plan) निर्माण भएको छ ।

(ग) अनिवार्य विद्युतीय खरिद प्रणाली कार्यान्वयनको घोषणा भई लागू भएको छ ।

(घ) सबै मन्त्रालय, सचिवालय तथा आयोगका सचिव स्तरीय e-GP Interface Conference सम्पन्न भएको छ ।

(ङ) सार्वजनिक खरिद नियमावलीमा भएको संशोधन अनुसार Single Stage Two Envelop System लाई e-GP Portal मा एकिकरण गरिएको छ। यस आ.व. मा विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४।०५।०८ गते जारी भइसकेको छ जसले गर्दा विद्युतीय खरिद प्रणालीलाई सरल, सहज र प्रभावकारी ढंगबाट सञ्चालन गर्न टेवा पुऱ्याएको छ । यस निर्देशिकाको दफा ३५ मा जतिसुकै रकमको खरिदमा विद्युतीय खरिद प्रणाली मात्रको प्रयोग गर्न सकिने तथा ६० लाख रुपैयाँ भन्दा बढीको मालसामान खरिद र २ करोड रुपैयाँ भन्दा बढीको निर्माणकार्य खरिदमा अनिवार्य रुपमा विद्युतीय खरिद प्रणाली मात्र प्रयोग गर्नु पर्ने व्यवस्था रहेको छ । यसै व्यवस्था अनुसार सार्वजनिक निकायहरुले गर्ने ६० लाख रुपैयाँ भन्दा बढीको मालसामान वा २ करोड रुपैयाँ भन्दा बढीको निर्माण कार्यको सार्वजनिक खरिदमा अनिवार्य रुपमा विद्युतीय खरिद प्रणाली मात्रको प्रयोग गर्नु पर्दछ ।

(च) नमूना बोलपत्र सम्वन्धी कागजातको समय सापेक्ष सुधारः

सार्वजनिक निकायहरुलाई खरिद कार्यका लागि आवश्यक पर्ने नमूना बोलपत्र सम्वन्धी कागजात (Standard Bidding Document), पूर्वयोग्यता सम्बन्धी कागजात (Standard Prequalification Document) र खरिद सम्झौता सम्बन्धी कागजात (Standard Contract Document) र प्रस्ताव माग गर्ने सम्बन्धी कागजात (Request For Proposal) को स्टयान्डर्ड नमूनाहरू विगतमा तयार गरी प्रयोगमा ल्याई सकिएको छ । यस आ.व. मा खरिद सम्बन्धी ८ वटा डकुमेन्ट निर्माण भएका छन् भने अन्य १५ वटा डकुमेन्ट निर्माणको चरणमा रहेका छन् । सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को संशोधन भए अनुसार आ.व. २०७४/०७५ मा केही कागजातहरुमा समय सापेक्ष परिमार्जन र केही नयाँ कागजातहरु तयार गरी प्रकाशन गरिएको छ ।

## २.२ सार्वजनिक खरिद अनुगमनः

### (क) सार्वजनिक खरिदको स्थलगत अनुगमनः

खरिद प्रकृयाको अनुगमन यस कार्यालयको महत्वपूर्ण कार्य हो । वार्षिक स्वीकृत कार्यक्रम अनुसार अनुगमन गर्नको लागि छुटै महाशाखाको ब्यवस्था गरी विभिन्न जिल्लाहरु स्थित सार्वजनिक निकायहरुबाट गरिएको सार्वजनिक खरिद सम्वन्धी अनुगमन तथा Random Monitoring हुँदै आएको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयबाट अनुगमन गरेपछि अनुगमनबाट प्राप्त जानकारी संलग्न गरी सुझाव सहितको प्रतिवेदन तयार गरी १ प्रति प्रतिवेदन अनुगमन गरिएको कार्यालयमा कार्यान्वयन वा सुधारको लागि पठाउने गरिएको छ । नियमित अनुगमन कार्यले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को कार्यान्वयनमा प्रभावकारितामा बृद्धि भएको छ ।

यसबाट सार्वजनिक निकायको खरिद प्रक्रियामा रहेका अन्योलता र अष्पस्टता हट्न गई खरिद कार्यमा सहजता आएको छ । साथै यसबाट सार्वजनिक खरिद कार्यमा संलग्न कर्मचारीहरुको क्षमता अभिबृद्धि भएकोछ। यस बर्ष यसप्रकारको अनुगमन महोत्तरी, धनुषा, बर्दिया, जाजरकोट, धादिङ, काठमाण्डौ, सिन्धुली, पर्सा, रसुवा, गोरखा गरी १० जिल्लाका २५ वटा सार्वजनिक निकायहरूमा सघन खरिद अनुगमन तथा सार्वजनिक खरिद सम्वन्धी Random Monitoring कार्य सम्पन्न गरिएको छ । यस सम्बन्धी विवरणहरु तथा अनुगमनको क्रममा देखिएका कमि कमजोरीहरुलाई अनुसूचि ३ मा उल्लेख गरिएको छ ।

### (ख) खरिद सम्बन्धी गुनासोको अनुगमन तथा व्यवस्थापनः

यस कार्यालयमा विभिन्न माध्यम (हुलाक, निवेदन, इन्टरनेट वा मौखिक) बाट सार्वजनिक निकायमा भए गरेका खरिद सम्बन्धी कारबाहीको सम्बन्धमा प्राप्त भएका गुनासो तथा उजुरीहरु ब्यबस्थापनका लागि कार्यालयमा छुट्टै शाखाको स्थापना गरी गुनासो सम्बोधन गर्ने गरिएको छ । यसले खरिद

प्रणालीलाई बिश्वासिलो बनाउन सघाउ पुगेको छ । आ व २०७४/७५ मा कार्यालयमा प्राप्त भएका विभिन्न गुनासोहरुका सम्वन्धमा अनुगमन गर्ने, अध्ययन गर्ने, पत्राचार गर्ने र प्रतिवेदन तयार गर्ने कार्यक्रम सम्पन्न गरिएको छ । यस क्रममा गुनासोकर्तालाई समेत सोको जानकारी गराई गुनासोको फर्छ्यौट गर्ने गरिएको छ ।

गुनासो व्यवस्थापनका सम्वन्धमा यस कार्यालयबाट जनगुनासो व्यवस्थापन निर्देशिका, २०६६ बमोजिम अघिल्लो महिनाभरी गरेका काम कारवाहीको प्रगति विवरण प्रत्येक महिनाको ७ गते भित्र प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, गुनासो व्यवस्थापन इकाईमा पठाउने गरिएको छ । यस सम्वन्धी विस्तृत विवरण अनुसूची ४ मा उल्लेख गरिएको छ।

**(ग) सार्वजनिक खरिद सम्बन्धमा अनुशिक्षणः**

अनुगमनमा जाने यस कार्यालयका कर्मचारी/पदाधिकारीहरुका लागि लक्षित गरी सार्वजनिक खरिदका विषयबस्तुहरु समेटी सार्वजनिक खरिद सम्वन्धमा अनुशिक्षण कार्यक्रम संचालन गर्ने गरिएको छ। यसबाट कार्यालयका कर्मचारीहरुलाई तोकिएको बिषयमा विज्ञता हासिल भई कार्यसम्पादन गर्न सहज हुने देखिन्छ । यस अन्तरगत आ.व. २०७४/७५ मा स्टयान्डर्ड बिड डकुमेन्ट सम्बन्धी विषयमा विज्ञहरुद्वारा कार्यालयका कर्मचारीहरुलाई २ पटक अनुशिक्षण प्रदान गरिएको छ ।

**(घ) सार्वजनिक खरिद सम्बन्धी अन्तरक्रियाः**

सार्वजनिक खरिद कार्यमा संलग्न सार्वजनिक निकायहरुको स्थलगत रुपमा अनुगमन गर्ने, त्यसरी अनुगमन गरिसकेपछि अनुगमनको क्रममा देखिएका कमि कमजोरी र भबिष्यमा चालीने कार्यदिशाबारे कानूनी आधारहरुको बारेमा छलफल र सुझाव दिन अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गर्ने गरिएको छ । यस कार्यक्रमबाट सार्वजनिक खरिद सम्बन्धी जिल्ला र कार्यस्थलमै सानातिना समस्याहरु त्यहीँ समाधान गर्न सहयोग पुग्ने विश्वास गरिएको छ । यस कार्यक्रमको माध्यमबाट जिल्लास्थित सार्वजनिक निकायहरु, उधोग वाणिज्य संघ, निर्माण व्यावसायी संघ, संचार माध्यम तथा नागरिक समाजको सार्वजनिक खरिद सम्बन्धमा वहसको साझा थलो उपलव्ध भई सार्वजनिक खरिद सम्वन्धमा भएका समस्याहरुको वारेमा व्यापक छलफल भएको छ । यस बाट जिल्लामा रहेको सार्वजनिक खरिदको वस्तुस्थितीको वारेमा जानकारी प्राप्त भई सार्वजनिक निकायहरु तथा सार्वजनिक खरिद सम्वन्धी सरोकारवाला निकायहरुमा भएका अन्योलताहरुको उजागर भई सम्भावित समस्या समाधानका उपायहरु पहिचानमा सहयोग मिलेको छ । अन्तरक्रियामा हुने छलफलको माध्यमवाट सार्वजनिक निकाय र सार्वजनिक खरिदका सरोकारवाला पक्षहरु वीचमा समन्वय स्थापित भई खरिद कारवाहीमा प्रभावकारिता आएको छ । सार्वजनिक खरिदको सन्दर्भमा ऐन, नियममा भएका परिवर्तित व्यवस्थाहरुको सन्दर्भमा सवै पक्षहरुलाई समयमा नै जानकारी भएको छ । आ.व. २०७४/०७५

मा यस कार्यालयबाट यस प्रकारको कार्यक्रम चितवन, धादिङ, बर्दिया, नवलपरासी, जाजरकोट, धनगढी, सिन्धुली, रसुवा, रौतहट, पर्सा, नुवाकोट, सर्लाहीमा, पाल्पा, डोटी र बाजुरा गरी १६ जिल्लाहरुमा सार्वजनिक खरिदसँग संलग्न सरोकारवाला पक्षहरुः जिल्ला स्थित सार्वजनिक निकायहरु, उद्योग बाणिज्य संघ तथा निर्माण व्यवसायी संघका पदाधिकारीहरु र संचारकर्मीहरुको सहभागितामा एक दिने सार्वजनिक खरिद सम्वन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

**(ङ) e-Bidding सम्बन्धी अनुगमन निरीक्षणः**

यस कार्यालयले सञ्चालनमा ल्याएको e-GP System को विभिन्न सार्वजनिक निकायहरुले के कसरी प्रयोग गरेका छन् भन्ने सम्बन्धमा भएको अनुगमनबाट उक्त System प्रयोगकर्ताहरुबाट भएका प्रयोगको अवस्था, प्रयोग गर्नुपर्ने बारेको चासो, e-GP System प्रयोग गर्दा आइपरेका समस्याहरु र e-GP System प्रयोगले स्थानीय Bidder मात्रको एकाधिकारको अन्त भई प्रतिस्पर्धा बृद्धिमा सबैले भाग लिन सक्ने अवस्था रहे/नरहेको, प्रतिस्पर्धाले गर्दा लागत अनुमान मूल्य भन्दा कम मूल्य प्रस्ताब गरे/नगरेको सम्बन्धमा नियमित अनुगमन गरिएको छ । अनुगमनबाट प्राप्त नतिजालाई विश्लेषण गर्दा सकारात्मक नतिजाहरु प्राप्त भएका छन् । आ.व. २०७४/०७५ मा यस कार्यालयबाट धनुषा, महोत्तरी, कास्की, चितवन, सर्लाही गरी ५ जिल्लाका विभिन्न सार्वजनिक निकायहरुमा e-Bidding सम्बन्धी अनुगमन निरीक्षण कार्य सम्पन्न गरिएको छ ।

## २.३ क्षमता विकास र तालिमः

सार्वजनिक खरिद क्षमता बिकास सम्बन्धी ३ दिने आधारभूत तालिम बिभिन्न स्थानमा १० पटक सञ्चालन गरी विभिन्न सरकारी निकायका केन्द्रीय स्तर, प्रदेश स्तर र स्थानीय स्तरका खरिदसँग सम्बन्धित जम्मा ४०० जना कर्मचारीहरुलाई तालिम आवश्यकताको आधारमा प्रशिक्षित गरिएको छ। यसबाट खरिदमा संलग्न कर्मचारीहरुको क्षमता विकास भई खरिद प्रक्रियामा प्रभावकारिता आएको छ । आर्थिक बर्ष २०७४/७५ मा यस कार्यालयबाट संचालित तालिम सम्बन्धी विस्तृत विवरण अनुसूची ५ मा उल्लेख गरिएको छ ।

## २.४ e-GP Operation सम्बन्धीः

(क) सार्वजनिक खरिद अनुगमन कार्यालयले आफ्नो वेबसाईट स्थापना गरी स्ट्याण्डर्ड विडिङ् डकुमेन्ट (Standard Bidding Document), राय परामर्शका नजिरहरु, कालोसूचीको नामावली, सार्वजनिक खरिद पुनरावलोकन समितिबाट भएका निर्णयहरुको संग्रह लगायत कार्यालयबाट भए गरेका कार्यहरुको विवरण नियमित रुपमा सार्वजनिक गर्ने गरेको छ । आ.व. २०७४/७५ मा विभिन्न सार्वजनिक निकायहरुबाट प्राप्त बोलपत्र सम्बन्धी १५५ वटा

र कालोसूची सम्बन्धी ६० वटा सूचना कार्यालयको आधिकारिक वेबसाईटमा अपडेट गरिएको छ ।

(ख) सार्वजनिक खरिद प्रक्रियामा देखिएको अस्वस्थ प्रतिस्पर्धालाई न्यून गरी खरिद प्रक्रियालाई खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन सार्वजनिक खरिद अनुगमन कार्यालयले Single Portal (www.bolpatra.gov.np) मा आधारित Full Fledged National Electronic Government Procurement (e-GP)System को विकास गरेको छ । यस प्रणालीलाई प्रभावकारी रुपमा लागू गर्न मिति २०७३।०९।१७ गते विद्युतीय खरिद प्रणाली कार्यान्वयनको घोषणा समेत भएकाले यसबाट खरिद प्रकृयामा सरलीकरण भै सहभागिता बढ्ने र स्वच्छ र पारदर्शी प्रतिस्पर्धाबाट सार्वजनिक निकायहरुबाट हुने खरिदमा थप जनविश्वास बढ्ने अपेक्षा गरिएको छ।

शुरुमा यस प्रणालीको प्रयोगको लागि ५ वटा विभागहरु सडक विभाग, सिंचाइ विभाग, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग र खानेपानी तथा ढल निकास विभागलाई Pilot Entity को रुपमा छनौट गरी कार्य शुभारम्भ गरी नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी सम्पूर्ण सार्वजनिक निकायहरुले मिति २०७४।४।१ देखि Single Portal का माध्यमबाट मात्र खरिद कारोबार गर्नुपर्ने बाध्यकारी व्यवस्था लागू गरेको छ । यसको लागि User Manual समेत प्रकाशन गरी कार्यान्वयनलाई सरल बनाइएको छ । यसलाई समय सापेक्ष परिमार्जन गर्ने कार्यलाई प्राथमिकताका साथ तयारीको क्रममा रहेको छ ।

(ग) Full Fledged e-GP System मा e-GP First Phase का सम्पूर्ण Features का अलावा Online Evaluation, Contract Award, Contract Management, e-Payment लगायतका Modules हरु थप गरी सम्पूर्ण खरिद प्रणालीलाई व्यवस्थित, बैज्ञानिक र तथ्यांकीय सुरक्षा सहितको Public Procurement Management Information System (PPMIS) मा आवद्ध गरी e-bidding सम्बन्धी सम्पूर्ण कामहरु यसै प्रणाली अन्तर्गत हुने व्यवस्था रहेको छ ।

### २.५ राय परामर्शः

सार्बजनिक खरिद ऐन, नियम परिपालना गर्ने गराउने सम्बन्धमा सार्वजनिक निकायहरुलाई परेको खरिद सम्बन्धी द्विविधा समाधानका लागि त्यस्ता निकायहरुबाट माग भई आएका बिभिन्न बिषयहरुमा यस कार्यालयले ऐन, नियम र सार्वजनिक खरिदका सिद्धान्तहरुको आधारमा राय परामर्श उपलब्ध गराउँदै आएको छ । जसबाट समयमा समस्याको निकास आउने र प्रक्रियात्मक त्रुटी हुनबाट जोगिन गई खरिद कार्यमा सघाउ पुगेको छ । आर्थिक बर्ष २०७४/७५ मा यस कार्यालयबाट कूल

१०७ वटा रायपरामर्श प्रदान गरिएको र हालसम्म कुल १०८३ वटा राय परामर्श प्रदान गरिएको छ । यस कार्यालयबाट शुरु देखि उपलब्ध गराइएको राय परामर्श सम्वन्धी विस्तृत विवरण PPMO को website: www.ppmo.gov.np मा राख्ने गरिएको छ । यस सम्वन्धी विस्तृत विवरण अनुसूची ६ मा उल्लेख गरिएको छ।

राय परामर्शको माध्यमबाट निम्न सार्वजनिक निकायहरुलाई निम्नानुसार उपलब्धी हाशिल भएको छ।

- ऐन नियमको खरिद सम्बन्धी व्यवस्थाको व्याख्या र कार्यान्वयनमा एकरुपता आएको छ।
- राय परामर्शले सार्वजनिक खरिद निर्देशिकाको रुपमा काम गरेको छ।
- सार्वजनिक खरिद कार्यलाई छिटो छरितो रुपमा सम्पादन गर्न मद्धत पुगेको छ।
- सार्बजनिक निकायहरुको खरिद कार्यमा परेका द्विविधा हट्न गई सहजता आएको छ।

## २.६ कालोसूचीः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ ले वोलपत्रदाताहरुले पालना गर्नु पर्ने आचरण सम्बन्धी व्यवस्था उल्लेख गरेको छ । सार्वजनिक खरिदमा सहभागी हुने बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले उक्त आचरण विपरित कार्य गरेमा, खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत रुपमा त्रुटी हुने गरी कार्य गरेमा, योग्यता ढाँटी वा झुक्यानमा पारी सम्झौता गर्ने आदि कसूर गरेमा सार्वजनिक खरिद ऐन, २०६३ को व्यवस्था अनुसार निजको कार्यको आधारमा यस कार्यालयले १ वर्ष देखि ३ वर्षसम्म कालो सूचीमा राख्ने गरेको छ । आ.व. २०७४/७५ मा ५२ वटा फर्म, संस्था, कम्पनीलाई कालोसूचीमा राख्ने निर्णय गरी सार्वजनिक सूचना गरिएको छ । यसको विस्तृत विवरण यस कार्यालयको वेभसाईटमा राखिएको छ । साथै कालोसूचीमा राखिएको फर्म/संस्थाहरुको तेरिज विवरण अनुसूची ७ मा उल्लेख गरिएको छ । कालोसूचीमा राख्ने सम्बन्धी ऐनको दफा ६३ मा भएको व्यवस्था निम्नानुसार छ ।

**कालो सूचीमा राख्ने र फुकुवा गर्नेसम्बन्धी कानूनी व्यवस्थाः**

(१) देहायको अवस्थामा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्ष सम्म कालो सूचीमा राख्न सक्नेछः-

(क) दफा ६२ बमोजिमको आचरण विपरीत काम गरेको प्रमाणित भएमा,

(ख) स्वीकृतिको लागि छनौट भएको प्रस्तावको प्रस्तावदाता दफा ३८ बमोजिम सम्झौता गर्न नआएमा,

(ग) खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहरिएमा,

(ङ) योग्यता ढाँटी वा झुक्यानमा पारी खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा, वा

(च) तोकिए बमोजिमको अन्य कुनै अवस्थामा ।

**२.७ सार्वजनिक खरिद पुनरावलोकनः**

सार्वजनिक खरिदको अन्तराष्ट्रिय प्रचलनमा सार्वजनिक खरिद कार्यमा सार्वजनिक निकायले गरेका कार्य तथा निर्णयहरुको पुनरावलोकन गर्ने व्यवस्था रहेको हुँदा यस किसिमका कार्यले सार्वजनिक निकायलाई खरिद सम्बन्धी कार्यहरु व्यवस्थित रुपमा संचालन गर्न सघाउ पुर्याएको छ । सार्वजनिक खरिद सम्बन्धी Model Law ले पुनरावलोकन गर्ने अधिकार सार्वजनिक खरिदको मुख्य अंग मानेको पाइन्छ । यसै तथ्यलाई मध्य नजरमा राखी हाम्रो सन्दर्भमा पनि सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ६ मा खरिद कारवाही वा निर्णयको पुनरावलोकन सम्बन्धी व्यवस्था गरिएको छ ।

पुनरावलोकन समितिमा आ.व. २०७४/७५ मा ३० वटा निवेदन प्राप्त भई ३० वटै फछर्यौट भएको पाइन्छ। पुनरावलोकन समितिमा आ.व. २०७४/७५ सम्ममा कुल जम्मा ९८ वटा पुनरावलोकन निवेदन दर्ता भएको तथ्याङ्कले देखाउँछ ।

सार्वजनिक खरिद ऐन नियमको कार्यान्वयन गर्ने सिलसिलामा सार्वजनिक खरिद कार्यमा संलग्न पदाधिकारीहरुबाट भएका कुनै निर्णयबाट बोलपत्रदाता वा प्रस्तावदातालाई मर्का परेमा दुई चरणमा पुनरावलोकन गर्न सकिने व्यवस्था रहेको छ । पहिलो चरणमा सम्बन्धित सार्वजनिक निकायको प्रमुख समक्ष उजुरी दिने र सो बाट भएको निर्णय चित नबुझेमा वा ५ दिन भित्र निर्णय नदिएमा दोस्रो चरणमा पुनरावलोकन समिति समक्ष निवेदन दिन सकिने कानूनी व्यवस्था छ । ऐनको दफा ४८ अनुसार पुनरावलोकन समिति गठन हुने व्यवस्था छ । सोही आधारमा मन्त्रिपरिषद्, राजनीतिक नियुक्ति सिफारिस समितिले मन्त्रिपरिषदको बैठकबाट अधिकार प्रत्यायोजन भए अनुसार अध्यक्ष र सदस्य सहित ३ सदस्यीय पुनरावलोकन समिति गठन भई क्रियाशील रहँदै आएको छ । समिति समक्ष पेश भएका निवेदनहरु उपर पुनरावलोकन भई समितिबाट हाल सम्म भएका निर्णयहरुको

संग्रह आ.व. २०७४/७५ मा प्रकाशन गरिएको छ । यसबाट खरिद सम्बन्धी व्यवस्थापन प्रभावकारी बनाउन सम्बद्ध सवै पक्षहरुको कार्य क्षमतामा अभिवृद्धि हुने विश्वास कार्यालयले लिएको लिएको छ ।

**पुनरावलोकन समितिको गठन विधि देहाय बमोजिम छ ।**

(क) पुनरावेदन अदालतको न्यायाधीश वा पुनरावेदन अदालतको न्यायाधीश भईसकेको व्यक्ति वा नेपाल सरकारको विशिष्ठ श्रेणीको पदबाट अवकाश प्राप्त व्यक्तीहरु मध्येबाट एक जना - अध्यक्ष

(ख) नेपाल सरकारको नेपाल इन्जिनियरिङ सेवाको राजपत्राङ्कित प्रथम श्रेणीबाट अवकाश प्राप्त व्यक्तिहरु मध्येबाट एक जना - सदस्य

(ग) सार्वजनिक खरिद सम्वन्धी बिषयमा अनुभवी तथा बिज्ञ व्यक्तिहरु मध्येबाट एक जना - सदस्य

**पुनरावलोकन समितिको काम, कर्तव्य र अधिकारः**

सार्वजनिक खरिद पुनरावलोकन समितिको काम, कर्तव्य सार्वजनिक निकाय विरूद्ध बोलपत्रदाता वा प्रस्ताव दाताले खरिद कार्य सम्पन्न भएको ३० दिन भित्र दिएको पुनरावलोकन निवेदन उपर छानविन गर्ने, सार्वजनिक निकाय संग प्रतिक्रिया माग गर्ने, दुवै पक्ष राखि सुनवाई गर्ने, प्रस्तुत कागजातहरुको अध्ययन अवलोकन गरी निवेदन दिएको ३० दिन भित्र निर्णय गर्नेछ । सार्वजनिक खरिद पुनरावलोकन समितिले निर्णय गर्दा बोलपत्रदाता वा प्रस्तावदाताले दिएको निवेदन खारेज गर्ने वा देहाय बमोजिम गर्नेछ ।

(क) खरिद सम्झौता भई नसकेको अवस्थामा देहाय बमोजिम गर्नेछ ।

(१) अनधिकृत काम वा निर्णय वा गलत कार्यविधि अवलम्वन नगर्न आदेश दिने

(२) अनधिकृत कार्य वा निर्णयलाई पूर्ण वा आंशिक रुपमा रद्द गर्ने आदेश दिने

(३) मूल्याङ्कनमा त्रुटी देखिए मात्र मूल्याङ्कन गर्न आदेश दिने तथा सम्झौता भईसकेको अवस्थामा मर्का बिचार गरी निवेदकलाई मनासिव माफिकको रकम भुक्तानी गर्न सिफारिस गर्न सकिनेछ ।

खरिद सम्झौता भई सकेको अवस्थामा त्यस्तो सम्झौता निवेदकले पाउनु पर्थ्यो भन्ने पुनरावलोकन समितिलाई लागेमा निवेदकलाई परेको मर्का विचार गरी मनासिब माफिकको रकम निवेदकलाई भुक्तानी गर्न सार्वजनिक निकायलाई सिफारिस गर्ने ।

परिच्छेद - तीन

# विद्युतीय खरिद प्रणाली सफलताका आयामहरु

## पृष्ठभूमि

सार्वजनिक खरिद ऐनको दफा ६९ मा सार्वजनिक निकायले खरिद कार्यको कुनै वा सबै प्रक्रियामा विद्युतीय कार्यविधि प्रणाली मात्र अपनाउन सक्ने र त्यस्तो विद्युतीय खरिद प्रणालीको कार्यविधि, प्रणाली र यसका अन्तरनिहित सिद्धान्त सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेबमोजिम हुने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम १४६ मा सार्वजनिक खरिद अनुगमन कार्यालयले ऐनको दफा ६९ को प्रयोजनको लागि एउटा मात्र पोर्टल रहने गरी विद्युतीय खरिद प्रणालीको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने तथा सार्वजनिक निकायले उक्त विद्युतीय खरिद प्रणालीमा आवद्ध भई खरिद कारोबार सञ्चालन गर्नु पर्ने व्यवस्था रहे बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले एक विद्युतीय खरिद प्रणाली (Electronic Government Procurement (e-GP) System) निर्माण गरी लागू गरेको छ ।

यस प्रणालीको समुचितरुपमा सञ्चालन तथा व्यवस्थापन गर्नको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ (१) (घ३) को अधिकार प्रयोग गरी सार्वजनिक खरिद अनुमगन कार्यालयले विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ मिति २०७४।५।८ देखि जारी गरी लागू भएको छ । यस निर्देशिकाको दफा ३५ मा जतिसुकै रकमको खरिदमा विद्युतीय खरिद प्रणाली मात्रको प्रयोग गर्न सकिने तथा ६० लाख रुपैयाँ भन्दा बढीको मालसामान खरिदमा अनिवार्यरुपमा विद्युतीय खरिद प्रणाली मात्र प्रयोग गर्नु पर्ने व्यवस्था रहेको छ । यसै व्यवस्था अनुसार सार्वजनिक निकायहरुले गर्ने ६० लाख रुपैयाँभन्दा बढीको मालसामान वा २ करोड रुपैयाँभन्दा बढीको निर्माणकार्यको सार्वजनिक खरिदमा अनिवार्यरुपमा विद्युतीय खरिद प्रणाली मात्रको प्रयोग गर्नुपर्दछ ।

### ३.१. हालको अवस्था

### ३.१.१ विद्युतीय खरिद प्रणाली

सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम सार्वजनिक निकायले गर्ने खरिद कार्यलाई विद्युतीय माध्यमबाट सञ्चालन गर्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको विद्युतीय खरिद प्रणाली निर्माण गरी सञ्चालनमा ल्याएको छ । यस प्रणालीको प्रयोग गरी सार्वजनिक खरिद प्रतिस्पर्धी, मितव्ययी, पारदर्शी र सामयिक रुपमा सञ्चालन गर्न

सकिन्छ । यस प्रणालीमा सहज पहुँचको लागि वेब ठेगाना www.bolpatra.gov.np/egp रहेको छ। यो प्रणालीले सार्वजनिक खरिदको शुरु देखि अन्त्य सम्मको सबै चरणहरुलाई समेटेको छ ।

यस प्रणालीमा सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली (Public Procurement Management Information System- PPMIS) समेतको व्यवस्था रहेको छ । यस प्रणालीका सरोकारग्राही निकायहरु निम्नानुसार रहेका छन्:

- सार्वजनिक निकाय
- बोलपत्रदाता
- बैंक

उपरोक्त सरोकारवाला निकायहरु प्रणालीमा दर्ता भइसके पश्चात् सो निकायहरुमा कार्यरत सम्बन्धित कर्मचारीहरु समेत प्रणालीमा प्रयोगकर्ताका रुपमा दर्ता हुनु पर्दछ । यसमा सार्वजनिक निकायमा खरिद कार्यमा संलग्न हुने कर्मचारीहरु प्रयोगकर्ताका रुपमा दर्ता हुन्छन् भने बोलपत्रदाता तथा बैंकको हकमा समेत प्रयोगकर्ताहरु दर्ता हुन्छन् । प्रयोगकर्ताहरुलाई उपलब्ध मेनु तथा सुविधा अनुसार प्रयोगकर्ताहरुले यस प्रणालीमा प्रवेश गरी सार्वजनिक खरिद सम्बन्धी कार्यहरु सम्पादन गर्नु पर्दछ ।

२०७३ पौष १७ बाट औपचारिक शुभारम्भ भई २०७४ साउन १ बाट आधिकारिक रुपमा सबै सार्वजनिक नियकाहरुको लागि शुरु भएको यो प्रणालीमा यस आर्थिक वर्ष भित्र ३६१० सार्वजनिक निकाय तथा ४३७२ बोलपत्रदाताहरु दर्ता भइ प्रणालीको प्रयोग गरिरहेका छन् । यस आर्थिक वर्षसम्म प्रणालीमा जम्मा ४५५२ वटा बोलपत्रहरु प्रकाशन भएका छन् ।

### ३.१.२ विद्युतीय खरिदका चरणहरु

यस विद्युतीय खरिद प्रणालीमा दर्ता भई विद्युतीय खरिद प्रणाली सञ्चालन प्रक्रिया मार्फत खरिद कारवाही सञ्चालन गर्न खरिदसँग सम्बन्धित देहायका कार्यहरु प्रणाली भित्रै बनिबनाउ (Built-in) रुपमा सञ्चालन गर्न सकिन्छः

- खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयारी र प्रकाशन
- बोलपत्र तयारी तथा प्रकाशन
- बोलपत्रमा संशोधन
- बोलपत्रदाताबाट बोलपत्र तयारी तथा बुझाउने
- बोलपत्रदाताबाट बोलपत्र संशोधन तथा फिर्ता

- बोलपत्र खोल्ने
- बोलपत्र मूल्यांकन र प्रतिवेदन
- आशयको सूचना (Letter of Intent-LoI) तथा सम्झौताको सूचना (Letter of Award-LoA) जारी
- बोलपत्रदाताबाट उजुरी निवेदन तथा सार्वजनिक निकायबाट सो को जवाफ
- खरिद सम्झौता

### ३.१.३ खरिद सम्झौता व्यवस्थापन

यस विद्युतीय खरिद प्रणाली सञ्चालन प्रक्रिया मार्फत खरिद सम्झौता कार्यान्वयन गर्न देहायका कार्यहरु सञ्चालन गर्न सकिन्छ :

- कार्यतालिका (Work schedule) अद्यावधिक गर्ने
- प्रगति विवरण तयार गर्ने, बुझाउने तथा स्वीकार गर्ने
- अन्तरिम बिल बुझाउने तथा सो को भुक्तानी
- भेरिएशन आदेश र म्याद थप
- कार्य सम्पन्न प्रमाणपत्र
- अन्तिम भुक्तानी
- विवाद (Dispute) को प्रविष्टि

### ३.१.४ बैंकिङ्ग कागजात प्रमाणीकरण

सार्वजनिक खरिद कारवाही सञ्चालन गर्न वाणिज्य बैंकहरुको अहम् भूमिका रहन्छ । यस प्रणालीमा बैंकहरुले जारी गर्ने सार्वजनिक खरिद कार्यसँग सम्बन्धित सबै प्रकृतिका कागजातहरुको प्रमाणीकरण स्वयं बैंककै सम्बन्धित कर्मचारीहरुबाटै सम्पादन गर्न गराउनको लागि बैंकिङ्ग सम्मुख मोड्युल (BIM) को व्यवस्था गरिएको छ । यस विद्युतीय खरिद प्रणाली सञ्चालन प्रक्रियाको बैंकिङ्ग सम्मुख मोड्युल (BIM) मार्फत खरिद कारवाहीमा वाणिज्य बैंकहरुले देहायका कार्यहरु सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छः

- जारी कागजात प्रमाणीकरण
- बैंक ग्यारेण्टी फुकुवा तथा जफत

### ३.१.५ सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली (PPMIS)

यस विद्युतीय खरिद प्रणालीमा सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली (PPMIS) बनिबनाउ (Built-in) रुपमा रहेको छ । यस प्रणालीको सञ्चालन प्रक्रिया मार्फत बोलपत्र सम्बन्धी कारवाही, खरिद सम्झौता कार्यान्वयन लगायतका काम कारवाहीको प्रतिवेदनका आधारमा देहाय बमोजिमका अनुगमन तथा नियामक कार्यहरु सञ्चालन गर्न सकिन्छ :

- प्रमुख कार्यसम्पादन परिसूचक (Key Performance Indicator) अनुगमन,
- व्यवस्थापन सूचना प्रणाली (Management Information System) प्रतिवेदन ।

### ३.१.६ विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका

विद्युतीय खरिद प्रणाली सञ्चालनलाई थप व्यवस्थित बनाउनको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७४।०५।०८ मा विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ जारी गरिएको छ । यो निर्देशिकाले विद्युतीय खरिद प्रणालीको प्रयोग तथा सञ्चालन, दर्ता प्रक्रिया, बोलपत्र तयारी र सूचना प्रकाशन, बोलपत्र पेश गर्ने, खोल्ने तथा मूल्यांकन गर्ने प्रक्रिया, बोलपत्रको स्वीकृति र खरिद सम्झौता आदि जस्ता कार्यहरु कसरी गर्ने, कुन कुन प्रयोगकर्ताको काम-कर्तव्य के हुने जस्ता विषयहरुको बारेमा प्रष्ट पारेको छ ।

### ३.१.७ Mobile Notification Service

बोलपत्रदाताहरुका लागि बोलपत्र पेश गर्ने प्रक्रियालाई अझ बढी सुरक्षित तथा आधिकारिक गर्नको लागि बोलपत्र पेश गर्नु अगाडि निजहरुको आधिकारिकता पुष्टि गर्न One Time Password सम्बन्धित प्रयोगकर्ताको email मा notification जाने हालको व्यवस्था रहेकोमा इमेल कहिलेकाहिँ समयमै बोलपत्रदाताले प्राप्त गर्न नसक्ने समस्यालाई ध्यान दिदै SMS प्रणाली मार्फत mobile मा One time Password प्राप्त गर्न सक्ने व्यवस्थाको लागि आवश्यक कार्य सम्पन्न भैसकेको छ ।

### ३.१.८ Information System Audit

Worldł Bank को सहयोगमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट संचालित विद्युतीय खरिद प्रणालीको Information System Audit सम्पन्न भई IS Audit को प्रतिवेदन अनुसार प्रणालीको सुरक्षा सम्बन्धमा अपनाउनु पर्ने सुरक्षा प्रणाली एवं सुधार गर्ने कार्यहरु भैरहेको छ ।

### ३.१.९ विद्युतीय खरिद प्रणाली सहायता कक्ष (e-GP Help Desk)

विद्युतीय खरिद प्रणालीको प्रयोगमा सरोकारवालाहरु सहजीकरण, अभिमुखिकरण तथा जानकारी प्रदान गर्नको लागि एक सहायता कक्ष (e-GP Help Desk) सञ्चालन गरिएको छ । यस सहायता कक्षबाट

सरोकारवालाहरुलाई टेलिफोन, अनलाईन तथा कार्यालयमा भौतिक उपस्थितिको माध्यमबाट प्रणाली प्रयोग सम्बन्धी विभिन्न सेवा (Support Service) प्रदानको कार्य गरी आइएको छ । यस आ.व.मा विभिन्न १३२५ प्रयोगकर्ताहरुलाई उपरोक्त सेवा प्रदान गरिएको छ ।

### ३.१.१० विद्युतीय खरिद प्रणालीको मर्मत सम्भार (Operation and Maintenance of e-GP System)

विद्युतीय खरिद प्रणालीको सूचारु सञ्चालनको सुनिश्चितताको लागि प्रणालीको नियमित मर्मत सम्भार, देखिएका समस्याहरुको समाधान तथा आवश्यक सुधार समेतका लागि यस कार्यालयको वार्षिक कार्यक्रम अनुसार DG Market International Inc USA /Dohatec New Media, Bangladesh/ DG Market Nepal JV नामक अन्तर्राष्ट्रिय परामर्शदाता छनौट गरी उक्त संस्थाबाट सेवा प्राप्त भैरहेको छ।

हाल सार्वजनिक खरिद अनुगमन कार्यालयको सूचना प्रविधि शाखा, उपरोक्त परामर्शदाता तथा e-GP Help Desk को संयुक्त प्रयासबाट सरोकारवाला पक्षहरुबाट आएका राय सल्लाह तथा पृष्ठपोषणहरु समेतलाई समेट्दै विद्युतीय खरिद प्रणालीको सुचारु सञ्चालन भैरहेको छ ।

### ३.१.११ नेपालमा सार्वजनिक खरिदमा पारदर्शिताको लागि अग्रसरता (PPTIN Project)

सार्वजनिक खरिदमा पारदर्शिता गर्ने विश्वव्यापी अभियानमा आवद्ध हुँदै सार्वजनिक खरिदका सूचनाहरु जन समक्ष पुर्याउन पूर्वाधार स्थापना गर्ने कार्य शुरु गरिएको छ । यसका लागि Open Contracting Data Standard को अन्तर्राष्ट्रिय मापदण्डअनुसार सूचना प्रवाह गर्ने गरी Open Contracting Partnership नामक अन्तर्राष्टिय संस्थासंगको सहकार्यमा नेपालको सार्वजनिक खरिदको पारदर्शिताको लागि अग्रसरता (Public Procurement Transparency in Nepal- PPTIN) शुरु गरिएको छ । यस कार्यक्रम अन्तर्गत www.ppip.gov.np नामक एक पोर्टलको परीक्षण प्रकाशन (Beta Launch) गरिएको छ ।

### ३.१.१२ विद्युतीय खरिद प्रणाली सम्बन्धी क्षमता अभिवृद्धि

सबै सरोकारवालाहरुलाई विद्युतीय खरिद प्रणाली सम्बन्धी क्षमता अभिवृद्धिको लागि यस आ.व.२०७४/७५ मा निम्नानुसारका विभिन्न ४१ कार्यक्रमहरु सञ्चालन गरी करीव १६०० जना व्यक्तिहरुलाई प्रशिक्षित गरियो ।

| क्र.सं. | कार्यक्रम | संख्या | सहभागी |
|---|---|---|---|
| १ | सार्वजनिक निकायहरुको लागि विद्युतीय खरिद प्रणाली सम्बन्धी चार दिने तथा पाँच दिने तालिम कार्यक्रम | २० | ५५० |
| २ | बोलपत्रदाताहरुको लागि विद्युतीय खरिद प्रणाली सम्बन्धी दुई दिने | ११ | ५५० |

| | | | |
|---|---|---|---|
| | तालिम कार्यक्रम | | |
| ३ | सबै सरोकारवालाहरुको लागि विद्युतीय खरिद प्रणाली सम्बन्धी एक दिने अभिमूखीकरण कार्यक्रम | १० | ५०० |

### ३.१.१३. समस्या र चुनौती

विद्युतीय खरिद प्रणालीमा हाल देखिएका मुख्य मुख्य समस्या तथा चुनौतीहरु यस प्रकार रहेका छन्:

- सबै सम्बन्धित सार्वजनिक निकायका कर्मचारी, बोलपत्रदाताहरु तथा बैंकका कर्मचारीहरुमा प्रणाली प्रयोगबारेको दक्षता पर्याप्त मात्रामा नभएको कारणले प्रणालीको प्रयोगमा आवश्यक मात्रामा उत्साह नदेखिएको ।
- कार्यालयका कर्मचारीहरुबीच पर्याप्त समन्वयको अभाव तथा प्रयोगकर्ता नाम तथा पासवर्डको आवश्यक सुरक्षण नगर्दा एकै कार्यालय तथा प्रयोगकर्ताको लागि पटक पटक दर्ता तथा पासवर्ड प्राप्तिको अनुरोध आउने गरेको ।
- कानूनमा उल्लेख भए बमोजिमका सबै प्रकारका खरिद विधिहरुको नमूना बोलपत्र सम्बन्धी कागजात तयार नहुँदा त्यस्ता विधिहरुलाई विद्युतीय खरिद प्रणालीमा आवद्ध गर्न नसकिएको ।
- कानूनमा वाध्यकारी व्यवस्था नभएको कारणले सार्वजनिक निकायहरुले प्रणालीमा सम्झौता व्यवस्थापन (Contract management) सम्बन्धी कार्य नगण्यरुपमा गर्ने गरेको ।
- सार्वजनिक निकायका प्रयोगकर्ताहरुलाई विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ बारेको जानकारी नभएको जसले गर्दा तोकिएको सीमाभन्दा बढी रकमको खरिदमा सेमत प्रणालीको अनिवार्य प्रयोग नभैरहेको ।
- बैंकहरुबाट समझदारी अनुसार समयमै बैंकिङ्ग कागजातको प्रमाणीकरण नभएको तथा सही कागजातलाई समेत गलत भनेर प्रमाणीत गरेको कारण खरिद प्रक्रियामा समस्या उत्पन्न भएको।
- बोलपत्रदाताहरुले सधैंजसो अन्तिम समयमा मात्र बोलपत्र तयारी तथा दाखिला गर्ने गर्दा आफूले बुझाउन चाहेको सबै कागजात भए नभएको निश्चित गर्न Preview हेर्ने व्यवस्था भएतापनि सो हेर्ने नगरेको । यसबाट कुनै अनिवार्य कागजात छुटेको कारणले निजको बोलपत्र रद्द हुने गरेको।
- दुर्गम स्थानमा इन्टरनेट, विद्युत, कम्प्युटर तथा प्रणालीबारेको जानकारीको अभावले त्यस्ता स्थानका सार्वजनिक निकायहरुबाट प्रणालीको प्रयोग सन्तोषजनक रुपमा हुन नसकेको ।

परिच्छेद – चार

# नेपालको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्या र चुनौतीहरु

सार्वजनिक खरिद व्यवस्थापनको कार्य निकै जटिल एवं कठिन कार्य हो । यस कार्यलाई सफल वनाउन सार्वजनिक खरिद कार्यमा संलग्न रहने खरिद महाशाखा, शाखा वा खरिद इकाई, विषय विशेषज्ञ, मूल्याङ्कन समितिमा रहने पदाधिकारीहरुको खरिद ऐन, नियम, निर्देशिका, Standard Bidding Document, विकसित मुलुक र ठूला दातृ संस्थाले सार्वजनिक खरिदका विषयमा अपनाएका असल अभ्यास, यसका सिद्धान्त, विधि, प्रक्रियाका सम्वन्धमा राम्रो ज्ञान, समान धारणा र स्वीकृत खरिद योजना अनुरुप कार्यान्वयनमा तत्परता इत्यादी पक्षको महत्वपूर्ण भूमिका रहन्छ ।

नेपालको सार्वजनिक खरिद व्यवस्थापनलाई समय सापेक्ष सुधार गर्न, अझ वढी व्यवस्थित, खुल्ला, पारदर्शी, वस्तुनिष्ठ, विश्वसनिय, जवाफदेही, प्रतिस्पर्धात्मक, मितव्ययी एवं प्रभावकारी वनाउँदै सार्वजनिक खरिद प्रकृया तथा कार्यविधिलाई अन्तराष्ट्रिय मापदण्डमा आधारित वनाउने उद्देश्यका साथ मिति २०६३/०९/३० वाट सम्पूर्ण सार्वजनिक निकायहरुमा लागू हुने गरी छाता ऐनको रुपमा सार्वजनिक खरिद ऐन २०६३ तथा सो अन्तर्गत वनेको सार्वजनिक खरिद नियमावली २०६४ मा ऐनको प्रथम संशोधन र नियमावलीको पाचौं संशोधन समेत भई हाल कार्यान्वयन भैरहेको छ । संशोधन र सुधार समयको मागसँगै हुँदै जाने विषय हो । ऐन नियमको प्रभावकारी कार्यान्वयन भएको झण्डै १२ वर्ष व्यतित हुन लागेको भएता पनि अन्तर्राष्ट्रिय जगतमा प्रचलनमा रहेका राम्रा अभ्यासलाई अझै पनि प्रयाप्त मात्रामा ध्यान दिन सकिएको छैन । नेपालको सन्दर्भमा सुधार नभएको पनि भन्न सकिंदैन । तर यो पर्याप्त पनि हुन सकिरहेको छैन । तसर्थ यस क्षेत्रका विद्यमान समस्याहरुको समाधान गर्दै देखिएका समसामयिक चुनौतिहरुको सामना गर्न कानूनी पक्षमा रहेका कमी कमजोरीको सुधार, कार्य प्रक्रियामा सुधार, खरिद सम्वन्धी सिद्धान्त, विधि र प्रक्रियागत ज्ञानको प्रचार प्रसार गर्दै जनशक्ति र क्षमताको विकास जस्ता सवै पक्षमा व्यापक सुधार र खरिद सम्वन्धी संगठनात्मक संरचनामा सुधार गर्नु आवश्यक छ । विकासका प्रयासमा देखिने Cross Cutting Issues जस्तै सार्वजनिक खरिदको बिषय पनि Cross Cutting Issues को रुपमा लिनुपर्ने हुन्छ । सार्वजनिक खरिदको विषय भन्ने वित्तिकै सार्वजनिक वजेट प्रणली (श्रोतको सुनिश्चितता), खरिद सम्वन्धी दक्षता, ज्ञान भएका सीपयूक्त कर्मचारी व्यवस्थापनको कुरा, संभाव्य आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक फर्म, उद्योगी, व्यवसायिक संस्थाहरुको व्यवसायिकता, सामाजिक उत्तरदयित्व देशको राजनैतिक प्रणाली, समाजको गतिशिलता, विधायिकाको ईच्छाशक्ति, खरिद विधि, प्रक्रिया र सिद्धान्तहरुको अनुसरण जस्ता विषयहरुवाट खरिद कार्यलाई अलग गरेर हेर्न सकिँदैन । विभिन्न समयमा यस क्षेत्रमा देखिएका समस्याहरु समाधान गर्न विभिन्न प्रयास हुँदै आएको भएता पनि आधारभूत तहमा अझै कतिपय

समस्याहरु पूर्ण समाधान गर्न सकिएको छैन । साथै समस्याका स्वरुप पनि परिवर्तन भैरहेका हुन्छन्। तसर्थ समाधानको पूर्णता सदाको लागि हुने कुरा पनि होईन । यी देखिएका समस्याहरुको हल गर्दै असल, प्रभावकारी, सक्षम खरिद व्यवस्थापन प्रणली निर्माण गर्दै जानु आजको प्रमुख चुनौति हो । किनकी विश्वमै सार्वजनिक खरिद कार्यको क्षेत्र एउटा विशेषज्ञ सेवाको रुपमा विकास भैसकेको छ । तसर्थ नेपालले पनि यो विधालाई विशेषज्ञ सेवाको रुपमा विकास गर्नु चाहिं पहिलो आवश्यकता हो । नेपालको सार्वजनिक खरिद व्यवस्थापन सम्वन्धमा देखिएका वर्तमानका समस्याहरुलाई यस प्रकारले उल्लेख गर्न सकिन्छ ।

**४.१ सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्याहरुः**

**(क) खरिद सम्वन्धी विशेषज्ञ सेवाको विकास गर्न नसकिनुः**

सवै सार्वजनिक निकायहरुमा सार्वजनिक खरिदको काम गर्ने छुट्टै पेशाविद् सेवा/समूह गठन गरिनु पर्ने हो । किनभने खरिद सम्वन्धी दर्शन, सिद्धान्त, विधि प्रक्रियाको सम्वन्धमा सवै पेशागत कर्मचारीहरु जानकार हुदैनन् । विषयवस्तुको अनभिज्ञताले पनि खरिद कार्य जटिल, वोझिलो भई खरिद सम्वन्धी निर्णय पन्छाउने प्रवृत्ति वढेको छ । अनभिज्ञताको कारणले गर्दा पनि सार्वजनिक निकायहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयमा खरिद सम्वन्धी सामान्य प्रकृयागत कुराहरुको विषयमा पनि राय माग गरेर पठाएको देखिन्छ । तसर्थ यसको लागि छुट्टै तालिम केन्द्र स्थापना गर्ने, छुट्टै पेशाविद्को रुपमा खरिद कार्यलाई स्वीकार गरी सेवा/समूह गठन गर्ने, पेशाविद्को लागि योग्यता र क्षमता निर्धारण गर्ने, तालिम, गोष्ठी, सेमिनार र शैक्षिक सत्रहरु संचालन गरी क्षमता अभिवृद्धि गर्ने र आवश्यक पर्ने पर्याप्त जनशक्ति विकास गर्दै दक्ष कर्मचारी मार्फत सार्वजनिक खरिदको काम सम्पादन गरेर यो समस्याको हल गर्न सकिन्छ । खरिद सम्वन्धी आधारभूत ज्ञान नै नभएका कर्मचारीवाट राम्रो खरिद व्यवस्थापन हुन सक्ने अवस्था रहँदैन । सडक विभाग, सिंचाई विभाग, स्वास्थ्य सेवा विभाग जस्ता नेपालका केही ठूला प्रतिनिधिमूलक निकायमा भने केही हदसम्म दक्षता प्राप्त खरिद सम्वन्धी पेशागत विज्ञहरुको संलग्नता रहेको पाईन्छ । तथापि त्यहाँ पनि पर्याप्त भने रहेको छैन भन्ने कुरा त्यस्ता निकायहरुमा देखा पर्ने खरिद व्यवस्थापनका जटिलता एवं समस्याहरुले उजागर गर्दछ ।

**(ख) सार्वजनिक खरिद अनुगमन कार्यालयको संस्थागत क्षमता कमजोर र अधिकारमा कमीः**

नेपालको सार्वजनिक खरिद कार्यलाई प्रभावकारी खरिद प्रणालीमा आवद्ध गर्दै सो को कार्यान्वयनको अनुगमन प्रतिवेदन, राय परामर्शदाताको रुपमा सार्वजनिक खरिद ऐन २०६३ ले सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना गरेको हो । यस कार्यालयलाई ऐनले विभिन्न जिम्मेवारी सुम्पेता पनि न्यून कर्मचारी संख्या रहनु, साधन श्रोतको न्यूनता, कमजोर संस्थागत क्षमता र दण्ड सजाय सम्वन्धी

अनुशासनमा राख्न सक्ने अत्यन्त न्यून अधिकार रहेवाट यसको प्रभावकारिता ज्यादै कमजोर रहेको हुँदा हालको ऐनले दिएको महत्वपूर्ण जिम्मेवारी पूरा गर्नसक्ने अवस्था छैन । यसको लागि संरचनात्मक परिवर्तन र कार्यक्षेत्रगत शर्तहरुमा आवश्यक परिवर्तन गर्दै अधिकार सम्पन्न निकायको रुपमा सार्वजनिक खरिद अनुगमन कार्यालयको विकास गरिनु जरुरी छ । संस्थामा कार्यरत जनशक्तिलाई पनि स्वदेशी/विदेशी तालिम गोष्ठी, सेमिनारवाट सीप, ज्ञानमा Update गर्दै प्रविधि र क्षमताको समायोजन गरिनु पनि आजको आवश्यकता देखिएको छ । संरचनाभित्र विशेषज्ञ समूहको निर्माणमा जोड दिई संगठनको उद्धेश्य अनुरुप अनुसन्धान र विकाससँग सम्वन्धीत थुप्रै कामहरु जस्तै विभिन्न नमूना वोलपत्र कागजात एवम निर्देशिकाहरु तर्जुमा र जारी गर्न साथै निरन्तर सुधारका लागि छलफल, अध्ययन र अनुसन्धान सम्वन्धी कार्यको निरन्तरता आवश्यक छ ।

**(ग) सार्वजनिक खरिद ऐन कानुनमा रहेका विरोधाभाषको स्थिति तथा अस्पष्टताहरुः**

सार्वजनिक खरिद ऐन २०६३ को प्रथम संशोधन र नियमावली २०६४ को पाँचौं संशोधन पश्चात् पनि केही विरोधाभाष एवं अस्पष्टताको अवस्था विद्यमान रहेवाट कुशल, शीघ्र एवं भरपर्दो खरिद व्यवस्थापन गर्न कठिनाई भई रहेको व्यवहारमा देखिन्छ । जसलाई वुँदागत रुपमा यस प्रकारले उल्लेख गर्ने प्रयास गरिएको छ ।

(१) ऐनको दफा २७ को (६क) ले तोकिएको वोलपत्रको मान्य अवधि भित्र खरिद सम्झौता सम्वन्धी काम समाप्त नगरेमा खरिदको जिम्मेवार पदाधिकारीलाई के कारवाही हुने हो ? सो को प्रष्ट व्यवस्था कानूनमा नहूँदा कारवाहीको भागीदार वन्नु नपर्ने भएकोले वोलपत्रको मान्य अवधि भित्रमा खरिद सम्झौता सम्पन्न हुँन नसकिरहेको अवस्था छ ।

(२) दफा ६३ र दफा ६५ को उपदफा (१) को खण्ड (ज) मा कालोसूचिवाट फुकुवा गर्नुपर्ने कार्यविधि वनाउने भन्ने उल्लेख छ, समय भुक्तान भएपछि आफै स्वतः निष्कृय हुने विषय भएकोले फुकुवा गर्ने भन्ने विषय खारेज गर्नुपर्ने ।

(३) दफा ६३ र दफा ६५ को उपदफा (३) मा उल्लेखित (सार्वजनिक खरिद ऐन वमोजिमका खरिद प्रक्रिया अपनाउनु नपर्ने) कार्यविधि कसले स्वीकृत गर्ने हो ? स्पष्ट गर्नुपर्ने । विधायिकाले वनाएको कानुन अवलम्वन गर्नु नपर्ने जस्ता विशिष्ट प्रकारका सुविधा उपलव्ध गराउँदा तर्जुमा गरिएको कार्यविधी स्विकृत गर्नुपर्ने निकाय स्पष्ट गर्नुपर्ने ।

(४) वोलपत्र पेश गर्ने समय अवधि ५० प्रतिशतले घटाउन सकिने हुँदा सो कुरा ऐनमा संशोधन गर्नुपर्ने (समय वढी लाग्न गएकोले)

(५) अवधि गणना गर्दा सूचना प्रकाशित भएकै दिनलाई मान्न नसकिने हुँदा देवानी संहिताले गरेको व्यवस्थालाई सार्वजनिक खरिद ऐनमा पनि समावेश गर्नुपर्ने

(६) ऐनको दफा १४ को उपदफा (८) मा भएको व्यवस्था वमोजिम स्वदेशी उद्योगलाई १५ प्रतिशतसम्म महंगो भएता पनि ICB प्रक्रियामा प्रथामिकता दिन सकिने उल्लेख भएको तर नियमावली र Standard Bidding Document of goods मा समेत १५ प्रतिशत Domestic Preference दिनुपर्ने भन्ने उल्लेख भएवाट ऐनसँग नियमावलीमा रहेको व्यवस्था मेल नखाने देखिएको ।

(७) ऐनका दफा १९ वमोजिम वोलपत्र फिर्ता वा संशोधन विषयमा परिमार्जन गर्नुपर्ने (e-GP सँगै एकरुपता कायम गर्नुपर्ने भएकोले)

(८) ऐन नियममा परामर्शदाताले समेत कार्यसम्पादन जमानत राख्नुपर्ने व्यवस्था गर्नुपर्ने ।

(९) उपाभोक्ता समितिवाट काम गराउँदा लाग्ने कर सम्वन्धी व्यवस्था प्रष्ट हुनुपर्ने ।

(१०) PPRC (सार्वजनिक खरिद पुनरावलोकन समिति) को कार्यविधि हालसम्म नवनेको हुँदा कार्यविधि कस्ले वनाउने हो ? प्रष्ट हुनुपर्ने वा नियममा नै सो को व्यवस्था गर्नुपर्ने ।

(११) सार्वजनिक खरिद पुनरावलोकन समितिका अध्यक्ष एवं सदस्यहरुको शपथ ग्रहण गर्नु पर्ने हो होईन ? गर्नु पर्ने भए को वाट हुने हो ? सो प्रष्ट उल्लेख हुनुपर्ने ।

(१२) छिटो कार्य सम्पन्न गर्ने ठेकेदारलाई Bidding Document मा व्यवस्था भए वमोजिम लगत स्टिमेट मा पुरस्कार दिन सकिने रकम व्यवस्था गरी पुरस्कार प्रदान गर्नुपर्ने भन्ने नियममा व्यवस्था गर्नुपर्ने ।

(१३) ऐनको दफा १३(२) द मा भएको व्यवस्थाले Single Stage Two Envelope पद्धतिलाई Support नगर्ने भएकोले यसलाई संशोधन गर्नुपर्ने ।

(१४) ऐनको दफा ४१ (घ२) ले भन्न खोजेको विषय प्रष्ट नभएको हुँदा यसलाई प्रष्ट गर्नुपर्ने । अन्तराष्ट्रिय अन्तरसरकारी संस्थाको व्याख्या प्रष्ट गर्नुपर्ने ।

(१५) e-GP बाट बोलपत्र Submission गर्ने प्रष्ट व्यवस्था भए पछि e-GP गर्ने सीमा भन्दा माथिको वोलपत्रमा दुई ठाउँवाट वोलपत्र सम्वन्धी कागजात विक्री गर्ने कुरा व्यवहारिक नहुने हुँदा यसलाई संशोधन गर्नुपर्ने ।

(१६) ऐनमा नै अव उप्रान्त Single Portal e-GP लागू हुने भनी प्रष्ट व्यवस्था गर्नुपर्ने ।

(१७) e-GP र Hard Copy बाट हुने Bidding Process फरक फरक गर्ने भनी ऐनमा नै व्यवस्था गर्नुपर्ने ।

(१८) एक अर्व भन्दा माथि पाँच अर्व सम्म Single Stage Two Envelope System अनिवार्यताको सन्दर्भमा माथिल्लो पाँच अर्व भन्ने शव्दावली हटाउन उपयुक्त हुने । किनकी पाँच अर्व भन्दा माथि पनि Single Stage Two Envelope System धेरै आवश्यक हुन्छ।

(१९) ठूलो Procurement e-GP through नै हुँदा यसमा Structure मा नै परिवर्तन गर्नुपर्ने ।

(२०) सार्वजनिक निकायहरुले विभिन्न वस्तु/सेवा वा निर्माण कार्यको खरिद मात्र गर्ने नभई आ–आफ्नो वस्तु/सेवा वा उत्पादन विक्री पनि गर्ने भएकोले सार्वजनिक खरिद ऐनलाई खरिद तथा विक्री ऐन र नियमावलीको रुपमा विकास गरी प्रतिष्पर्धात्मक वातावरणमा वढी आय आर्जन गर्ने गरी विक्रीको कार्यविधि पनि e-GP मार्फत वोलपत्र वा सिलवन्दी वा सोझै विक्री गर्न सक्ने व्यवस्था गरिनु जरुरी भैसकेको छ ।

(२१) माथि उल्लेख भए भन्दा बाहेक सार्वजनिक निकायहरूले व्यवहारमा अनुभव गरेका समस्याहरूलाई बुझी ऐन नियम संशोधन हुँदा समावेश गर्नुपर्ने ।

**(घ) योजनाबद्ध र रणनीतिमा आधारित खरिद पद्दति स्थापना हुन नसक्नुः**

सार्वजनिक खरिदलाई समग्र वित्तीय योजनाको एक महत्वपूर्ण अंगको रुपमा स्थापित गरी सोही बमोजिम खरिद प्रकृया अगाडि वढाउने प्रयास स्वरूप LMBIS System लागू भइसकेको छ ।तथापि यसमा तालमेल मिल्न सकेको छैन । सार्वजनिक खरिद ऐन, २०६३ ले खरिद प्रकृयालाई व्यवस्थित बनाउने उद्देश्यकासाथ खरिद गुरुयोजना तथा बार्षिक खरिद योजनाको अवधारणालाई आत्मसाथ गरेता पनि सार्वजनिक निकायले यसलाई बास्तविक रुपमा कार्यान्वयनमा लैजान सकेका छैनन् । योजनाबद्ध खरिद प्रणालीको दृष्टिकोणमा हालको खरिद प्रकृया तदर्थवादमा चलिरहेको छ । सार्वजनिक खरिदलाई व्यवस्थित गर्न र यसबाट अपेक्षित उपलव्धि हाँसिल गर्न योजनाबद्ध खरिद प्रकृयालाई प्रभावकारी रुपमा अवलम्बन गर्नुका साथै खरिद योजनालाई आयोजनाको कार्यक्रम तथा बजेट संग आवद्ध गर्नु जरुरी छ । यसका लागि खरिद योजना प्रणालीको प्रभावकारी कार्यान्वयनका साथै बजेट प्रणाली तथा कार्यक्रम स्वीकृतिको प्रकृयामा समेत सुधारको आवश्यकता रहेको देखिन्छ। खरिद योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकेमा सार्वजनिक निकायको कार्यसम्पादन प्रभावकारिता वृद्धि हुनुको साथै खरिद योजनालाई सार्वजनिक गर्न सकेमा खरिदमा संलग्न हुन चाहने आपूर्तिकर्ता/निर्माण व्यवसायी/परामर्शदाता वा सेवा प्रदायकको सहभागिता र खरिदमा प्रतिस्पर्धा वृद्धि हुने देखिन्छ । यसका साथै गुणस्तरीय र दीर्घकालिन रुपमा टिकाउ हुने खरिद भन्दा तत्कालको आवश्यकता पुरा गर्ने कम गुणस्तरको कम मूल्यको खरिदमा ध्यान केन्द्रित हुने गरेको पाइन्छ। गुणस्तरीय सामान खरिद नभएकै कारण कतिपय सार्वजनिक निकायहरुको सेवा प्रवाहमा समस्या आएको छ । तसर्थ सार्वजनिक खरिदको क्षेत्रमा नीतिगत तथा रणनीतिगत योजनाको अभाव रहेकोले

त्यस्तो नीति रणनीतिहरु तर्जुमा गरी मापदण्डका आधारमा दीगो र वातावरणमैत्री हुने गरी न्यूनतम लागतमा गुणस्तरीय सेवा मालसामान वा निर्माण कार्यको खरिदमा ध्यान दिनुपर्दछ ।

**(ङ) खरिद महाशाखा, शाखा, इकाइ अवधारणाको प्रभावकारी कार्यान्वयन नहुनुः**

सार्वजनिक खरिद प्रकृयालाई अझ व्यवस्थित वनाउन, खरिद सम्बन्धी अभिलेखलाई व्यवस्थित गर्न, खरिद सम्बन्धी Institutional Memory मा प्रभावकारिता ल्याउन तथा खरिद सम्बन्धी काम कारवाहीमा निश्चित पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउने लगायतका उद्देश्यका साथ सार्वजनिक निकायमा खरिद शाखा, महाशाखा, इकाइको अवधारणा अवलम्वन गरिएकोमा केही ठूलो संख्यामा खरिद हुने निकायमा बाहेक सो अवधारणा बमोजिम ऐनको उद्देश्य कार्यान्वयनमा आउन सकेको छैन । सार्वजनिक खरिद नियमावली, २०६४ को चौथो संशोधन पूर्व सवै निकायमा खरिद इकाई गठन गर्ने मात्र प्रावधान भएता पनि चौथो संशोधनबाट सार्वजनिक निकायले खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्नेछ भन्ने व्यवस्था गरिएता पनि केही अपवाद बाहेक सवै निकायमा खरिद इकाई मात्र गठन गरिएको र त्यसरी गठन गरिएका इकाई पनि कानूनी व्यवस्थाको कार्यान्वयनको औपचारिकताका लागि मात्र गरिएको जस्तो देखिन्छ । ऐनको मनसाय एवं उद्देश्य अनुरूप खरिद शाखा, इकाइले सार्वजनिक खरिदमा प्रभावकारी भूमिका खेल्न सकेका छैनन् ।

**(च) बोलपत्र सम्बन्धी कागजात तयारीमा रहेका कमजोरीहरुः**

सार्वजनिक खरिदमा बोलपत्र सम्बन्धी कागजातको अत्यन्तै महत्वपूर्ण भुमिका रहने र सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ मा बोलपत्र सम्बन्धी कागजातले समेट्नु पर्ने विषयबस्तुलाई स्पष्ट गरेको साथै कानूनमा रहेका प्रावधान तथा अन्तराष्ट्रिय असल अभ्यास समेतका आधारमा यस कार्यालयबाट नमुना बोलपत्र सम्बन्धी कागजात तयार गरिएको छ। सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजात तयार गर्दा नमुना बोलपत्र सम्बन्धी कागजातका आधारमा तयार गर्नुपर्नेमा सो को कार्यान्वयमा निम्नानुसारका समस्याहरु रहेका छन् ।

(१) यदाकदा मात्र बोलपत्र/सिलवन्दी दरभाउपत्र आह्वान गर्ने निकायहरु तथा अस्पताल/स्वास्थ्य कार्यालयहरु, सुरक्षा निकायहरु लगायतका निकायहरुमा बोलपत्र सम्बन्धी कागजात तयार नगरी बोलपत्र आह्वानको सूचना, BOQ/Price Schedule मात्रै राखेर तथा कुनै निकायहरुमा २/३ पानाको बोलपत्र पेश गर्दाका प्रकृयाहरु उल्लेख गरेर बोलपत्र आह्वान गर्ने गरिएको । यस कार्यालयबाट स्थलगत तथा अन्य विभिन्न स्वरूपका अनुगमनको क्रममा सुझाव दिएता पनि सो को प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको छैन । यसले गर्दा बोलपत्र दाखिला, बोलपत्र

मुल्यांकन, बोलपत्रदाताले उजुरी गर्ने प्रकृया, खरिद सम्झौता तथा यसको कार्यान्वनको प्रकृयामा जटिलता देखा पर्ने र खरिद प्रकृया असफल हुने गरेको देखिन्छ ।

(२) ठूलो मात्रामा खरिद गर्ने र खरिदमा विशेषज्ञता हाँसिल गरेका निकायहरुका बोलपत्र कागजात तयार गर्दा बोलपत्रदाताको योग्यता निर्धारण गर्दा नमुना बोलपत्र कागजातमा उल्लेख गरिएका प्रावधानहरुको प्रतिकूल हुनेगरी योग्यता निर्धारण गर्ने गरिएको देखिन्छ ।यस किसिमका निकायहरुमा सार्वजनिक खरिद ऐनको मूलभूत सिद्धान्त विपरित प्रतिस्पर्धा सीमित गर्नेगरी निश्चित बोलपत्रदातालाई मात्र सहभागिता जनाउनसक्ने गरी निहित स्वार्थ राखेर यस किसिमका प्रावधानहरु राखिने क्रम पछिल्ला बर्षहरुमा बढ्दै गएको देखिन्छ । त्यस्तै, कतिपय अवस्थामा बढी खुकुलोपनाले गर्दा अनावश्यक भीडको प्रतिस्पर्धा गराई सक्षम र गुणस्तरिय बोलपत्रदाताहरु बाहिरिने अवस्था देखिएको छ । उक्त किसिमका कार्य आचरण विरुद्धको कार्य भएता पनि त्यसलाई कानूनी दायरामा ल्याउन सकिएको छैन । अर्कोतर्फ, अध्ययन नै नगरी आत्मकेन्द्रित भएर मापदण्ड बनाउँदा बजारमा प्रतिस्पर्धी उपलब्ध हुँदै नभएका मापदण्ड वा शर्तहरु राख्ने वा मुल्याङ्कन प्रक्रियालाई जटील बनाउने मापदण्ड राख्ने प्रवृत्तिले खरिद कारवाही प्रभावित हुने गरेको छ ।

(३) सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजात तयार गर्ने क्रममा पर्याप्त ध्यान नदिदा बोलपत्र मुल्यांकनमा समस्याहरु देखा पर्ने तथा कतिपय अवस्थामा सानो गल्तिको कारण बोलपत्र नै रद्द गर्नुपर्ने अवस्था देखा परेको पाईन्छ । नमूना बोलपत्र सम्बन्धी कागजातमा रहेको सामान्यतया परिवर्तन नगर्ने प्रावधानहरुलाई अनावश्यक रुपमा परिवर्तन गर्ने/हटाईदिने, नमुना बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित भन्दा फरक र अनावश्यक सर्त र प्रावधानहरु राख्ने, बोलपत्र मुल्यांकनमा मुल्यांकन गर्नै नसकिने प्रावधानहरुलाई योग्यताका आधारहरुको रुपमा उल्लेख गर्ने आदि जस्ता कमजोरीहरु बोलपत्र सम्बन्धी कागजात तयार गर्दा गरेको देखिन्छ ।

(४) सार्वजनिक खरिद अनुगमन कार्यालयबाट नमुना बोलपत्र सम्बन्धी कागजात तयार गरी वेवसाइटमा राख्ने तथा प्रकाशन गर्ने कार्य गरिरहेको अवस्थामा पनि नेपाल सरकारको बजेटमा समेत दातृ निकायको नमुना बोलपत्र सम्बन्धी कागजात प्रयोग गर्ने, नमुना बोलपत्र सम्बन्धी कागजात नभएमा यस कार्यालयबाट स्वीकृत गराएर बोलपत्र सम्बन्धी कागजात तयार गर्नु पर्नेमा स्वीकृत नगराई बोलपत्र सम्बन्धी कागजात तयार गर्ने जस्ता प्रवृत्तिहरु देखा परेका छन् ।

**(छ) प्रतिस्पर्धालाई सीमित गर्नेगरी स्लाइसिङ/प्याकेजिङ गर्ने प्रवृत्तिमा वृद्धि हुँदै जानुः**

नेपालको निर्माण उद्योग विकासको प्रारम्भिक चरणमा नै रहेको र मझौला तथा ठूलो निर्माण कार्य गर्न सक्ने निर्माण व्यवसायीहरुको संख्या अत्यन्तै सीमित रहेको अवस्था छ । ठूला निर्माण कार्य

बाहेकमा विदेशी निर्माण व्यवसायीहरु आउन नरुचाउने अवस्था विद्यमान रहेको सन्दर्भमा खासगरी ठूला निर्माण कार्यहरु हुने निकायहरुमा प्रतिस्पर्धालाई सीमित गर्ने उद्देश्यका साथ ठूलो साईजमा प्याकेजिङ गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ । यस किसिको प्रवृत्तिले सार्वजनिक सम्पतीको दुरुपयोग हुनुका साथै निर्माण सम्बन्धी काम केही निश्चित निर्माण व्यवसायीहरुमा सिमित रहन जाने र सो को कारण समयमा कार्यसम्पादन नहुने जोखिम थप बढेर जाने देखिन्छ ।

**(ज) निश्चित ब्रान्डसंग मात्र मिल्नेगरी स्पेसिफिकेसन तयार गर्ने प्रवृत्तिमा वृद्धि हुँदै जानुः**

सार्वजनिक निकायहरूले मालसामान खरिदमा एकातर्फ विश्वसनिय लागत अनुमान तयार नगर्ने प्रवृत्ति देखिन्छ भने अर्कोतर्फ स्पेशिफिकेसन तयार गर्दा प्रतिस्पर्धा सिमित हुनेगरी एक वा दुई ब्रान्डलाई मात्र मिल्ने किसिमको स्पेशिफिकेसन तयार गर्ने प्रवृत्ति पछिल्ला बर्षहरुमा बढ्दै गएको देखिन्छ । अस्पतालका मेसिन औजार, विद्युतीय उपकरणहरु, सवारी साधन लगायतका सवै किसिमका मालसामानहरु खरिद कार्य गर्दा बनाइने स्पेशिफिकेसन तयारीमा यो किसिमको प्रवृत्ति मौलाउदै गएको देखिन्छ ।

**(झ) आचरण सम्बन्धी व्यवस्थाको पालना प्रभावकारी रुपमा कार्यान्वनयन नहुनुः**

सार्वजनिक खरिद ऐन,२०६३ मा सार्वजनिक निकायका पदाधिकारीका साथै बोलपत्रदाता/ परामर्शदाता/आपूर्तिकर्ताको आचरण सम्बन्धी व्यवस्था गरिएको छ ।बोलपत्रदाता/परामर्शदाता/ आपूर्तिकर्ताहरुलाई कालो सूचीमा राख्ने सिफारिस बाहेक आचरण सम्बन्धी व्यवस्थाको कार्यान्वयन हुन सकेको छैन । यसको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित सार्वजनिक निकाय पहिलो जिम्मेवार निकाय भएता पनि तालुक निकायहरु तथा यस खरिद अनुगमन कार्यालय बाट सो को प्रभावकारी कार्यान्वयनमा भूमिका खेल्नुपर्नेमा सो हुन सकेको छैन ।यसको प्रभावकारी कार्यान्वयन हुन सकेमा खरिदमा रहेका धेरै समस्याहरु समाधान हुने अपेक्षा गर्न सकिन्छ । सार्वजनिक खरिद कारवाहीमा संलग्न हुने कर्मचारी, बोलपत्रदाता वा सेवाग्राहीहरुलाई ऐनले नै आचरण स्पष्ट किटान गरी आचरण निर्वाह नगरेको अवस्थामा कारवाहीको व्यवस्था गरेको छ । आचरण पालना नगर्ने कर्मचारीलाई निजको सेवा सर्त बमोजिम विभागीय कारवाही गरिने र बोलपत्रदातालाई भने कालोसूचीमा राखी कारवाही गर्ने दण्डात्मक व्यवस्थाको परिकल्पना ऐनले गरेको छ । एउटै किसिमको कसुर गर्ने बोलपत्रदाता र सार्वजनिक निकायका संलग्न कर्मचारीहरूलाई कारवाही गर्ने प्रावधानमा एकै प्रकृतिले कारवाही गर्ने किसिमको कानुनी व्यवस्था गर्नु अवश्यक छ ।

**(ञ) बोलपत्रमा हुने मिलेमतो न्यूनिकरणमा अपेक्षित उपलव्धि हासिल हुन नसकेकोः**

सार्वजनिक खरिदमा प्रतिष्पर्धा अपरिहार्य मान्ने गरिन्छ । Value For Money हासिल गर्न विभिन्न कानूनी तथा संस्थागत व्यवस्थाहरु गरिएता पनि हाल पनि सार्वजनिक खरिदमा मिलेमतोको समस्या

एक प्रमुख समस्याको रुपमा रहेको छ ।पछिल्ला बर्षहरुमा e-Bidding प्रविधिको अवलम्बन पश्चात बोलपत्र दाखिलामा जवरजस्ती गर्ने प्रवृत्तिमा कमि आएको भएता पनि मिलेमतोमा अपेक्षित रुपमा कमि आउन सकेको छैन । e-Bidding प्रविधिको अवलम्बनबाट बोलपत्र दाखिला गर्नमा सहजता भएता पनि साईटमा काम गर्न जान सक्ने वातावरण नहुँदा e-Bidding बाट पनि सोचे अनुरुपको सफलता हाँसिल हुन सकेको छैन ।साना ठेक्काहरुमा प्रतिस्पर्धामा बृद्धि भएता पनि मझौला र ठूला ठेक्काहरुमा मिलेमतो गर्ने प्रवृत्तिमा झन वृद्धि भएको देखिन्छ ।मिलेमतो भएको सिधै नदेखिने तथा प्रमाणित गर्न नसकिएता पनि Proxy Indicators का आधारमा मिलेमतो भए नभएको एकिन गर्नु पर्नेमा बोलपत्र मुल्यांकनमा सो किसिमले मुल्यांकन गरेको देखिदैन । सार्वजनिक निकायको समेत संलग्नतामा मिलेमतो हुँदा तथा मिलेमतोमा सहयोगी हुँदा यसको समाधानमा झन जटिलता थपिएको देखिन्छ ।

**(ट) ठेक्का/खरिद सम्झौताको कार्यान्वयन पक्ष कमजोर र समस्याग्रस्त हुनुः**

ठेक्का व्यवस्थापन खरिद प्रक्रियाको सबैभन्दा महत्वपूर्ण चरण हो । नेपालको सार्वजनिक खरिदमा Pre Bidding Process मा भन्दा Post Bidding Process मा झन जटिल किसिमका समस्याहरु रहेका छन् । हाल विकास निर्माणमा देखिएका समस्याहरुको प्रमुख कारण भनेको नै ठेक्का व्यवस्थापन पक्ष कमजोर हुनु हो । ठेक्का व्यवस्थापन प्रभावकारी नहुँदा निर्धारण गरिएको गुणस्तरमा काम नहुनु, आयोजनाको लागतमा वृद्धि हुनु, निर्धारित समयमा काम सम्पन्न नहुनु, पर्याप्त आधार विना अधिकांश ठेक्कामा म्याद थप हुनु, सहजै पूर्वानुमान गर्न सकिने काममा पनि भेरियसन गरिनु, प्रोभिजनल सम तथा डिजाइन एण्ड विल्ट ठेक्कामा समेत भेरिएसन गराएको, सम्झौता बमोजिम काम नगर्दा समेत सम्झौताअनुसार कारबाही नगरेको, सुपरिवेक्षण प्रभावकारी नभएको, भुक्तानी दिनुपर्ने रकम विल तथा मुल्य समायोजन बापतको रकम समयमा भुक्तानी हुन नसक्नु आदि जस्ता समस्याहरुले ठेक्का व्यवस्थापन जेलिएको छ ।

**(ठ) निर्माण व्यवसायीहरुमा व्यवसायिकताको विकास अपेक्षित स्तरमा हुन नसक्नुः**

निर्माण खरिदको एउटा महत्वपूर्ण पक्ष भनेको निर्माण व्यवसायी हो ।सार्वजनिक निकायबाट हुने अधिकांस विकास निर्माणका काम निजी क्षेत्रबाट हुँदै आएको र नेपालका निर्माण व्यवसायीमा व्यवसायिकताको विकास पक्ष कमजोर भएकोले समग्र विकास निर्माणको काम समेत प्रभावित हुने गरेको छ । आफ्नो क्षमता भन्दा धेरै काम ओगटेर राख्ने प्रवृत्तिले निर्धारित समयमा काम नहुने, कार्यसम्पादनमा व्यवसायिक दक्षताको पक्ष ज्यादै कमजोर रहेको, व्यवस्थापकीय क्षमता कमजोर रहेको, श्रोत परिचालनको क्षमता कमजोर रहेको, व्यवसायिक नैतिकता (provisional ethics) को पक्ष कमजोर रहेको, संरक्षणमुखी प्रवृत्ति कायम रहेको, स्वच्छ प्रतिस्पर्धालाई पूर्ण रुपमा आत्मसाथ गर्न नसकेको आदि जस्ता प्रवृत्ति निर्माण व्यावसायीहरुमा रहेका प्रमुख समस्याहरु हुन । बिकास

निर्माणले अपेक्षित गति लिन नसक्नुमा यस किसिमका प्रवृत्तिहरु पनि जिम्मेवार रहेका र उक्त किसिमका प्रवृत्तिहरू कायम रहेको कारण यस व्यवसायले देशको विकासमा गर्न सक्ने योगदानमा तुलनात्मक वृद्धि हुन सकेको छैन । सार्वजनिक खरिदलाई प्रभावकारी बनाउन यसको अभिन्न अंगको रूपमा रहेको निर्माण व्यवसायमा रहेका कमजोरीहरुमा पनि सुधार गर्नु आवश्यक छ ।

**(ड) खरिद कार्यमा संलग्न कर्मचारीहरुमा सार्वजनिक खरिद सम्बन्धी ज्ञान, सीपको कमी**

ठूलो खरिद कार्य हुने केही निश्चित निकायहरुमा बाहेक अधिकांश सार्वजनिक निकायहरुको खरिद व्यवस्थापन कार्य तदर्थमा संचालन भैरहेको छ ।खरिद कार्यमा संलग्न अधिकांश कर्मचारीहरुले खरिद सम्बन्धमा आधारभूत तालिम समेत लिएको अवस्था छैन भने तालिम प्राप्त जनशक्तिलाई पनि निरन्तर पुनर्ताजगी तालिम प्रदान गर्न नसक्दा ज्ञान तथा सीपमा Update हुन सकेका छैनन् ।अर्कोतर्फ बारबार हुने सरुवा तथा Right man in right place को अवधारणको सामान्य कार्यान्वयन पनि नहुँदा Learning by doing को पद्दतिले पनि काम गर्न सकेको छैन । खरिद व्यवस्थापनको आधारभूत ज्ञान समेत प्राप्त नगरेको जनशक्तिबाट खरिद व्यवस्थापनमा प्रभावकारिताको अपेक्षा गर्न सकिदैन । वर्तमान समयमा स्थानीय तथा प्रदेश सरकारमा केन्द्रीय सरकारका महत्वपूर्ण कामहरू संविधानतः हस्तान्तरण भैसकेको हुँदा उक्त निकायहरूमा तालिम अवश्यक पर्ने भएकोले अल्पकालमा व्यापक स्तरमा तालिमहरुको संचालन गर्ने र दीर्घकालमा विशिष्टीकृत सेवाको गठन गर्नु आवश्यक रहेको छ ।

**४.२ नेपालको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका चुनौतीहरुः**

नेपालको कूल ग्राहस्थ उत्पादनको झण्डै २० प्रतिशत र वार्षिक वजेटको झण्डै ७० प्रतिशत सार्वजनिक खरिद कार्यलाई व्यवस्थित, नियमित, प्रतिष्पर्धी, मितव्ययी, पारदर्शी, खुला, वस्तुनिष्ठ, विश्वसनीय एवं प्रभावकारी वनाउने हेतु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा विभिन्न विधि, प्रक्रिया र सिद्धान्तहरु समावेश भई उक्त कार्यलाई यिनै विधि र प्रक्रियाको सीमा भित्र रहेर सार्वजनिक निकायहरुले खरिद सम्वन्धी क्रियकलापहरु सञ्चालन गर्नपर्ने हुन्छ । चालु आर्थिक वर्षको वजेटलाई मात्र हेर्ने हो भने झण्डै दश खर्व रकम वरावरको खरिद व्यवस्थापन सार्वजनिक निकायहरुवाट यथा समयमा कम भन्दा कम लागतमा उच्च प्रतिफल प्राप्त गर्ने गरी गुणस्तरीय निर्माण कार्य, वस्तु सेवा वा अन्य सेवा प्राप्त गर्ने जस्ता सार्वजनिक जवाफदेहिताका महत्वपूर्ण काम सम्पादन गर्नुपर्ने हुन्छ । तसर्थ वर्तमान अवस्थामा सुशासन, जवाफदेहिता र सदाचार प्रवर्द्धन गर्ने गरी सार्वजनिक खरिदको क्षमता अभिवृद्धि गर्दै सार्वजनिक स्रोत र साधनको दुरुपयोग, भ्रष्टाचार, विकृति, विसंगतीलाई रोक्नु नेपालको सार्वजनिक खरिद व्यवस्थापनको प्रमुख चुनौती रहेको देखिन्छ। यद्यपि, यस क्षेत्रमा देखिने चुनौतिलाई वूँदागत रुपमा यस प्रकारले उल्लेख गर्ने प्रयास गरिएको छ ।

**(क) खरिद कारवाहीमा सम्झौता पूर्वको चरणमा भन्दा सम्झौता पश्चात को चरणमा वढी जटिलता देखिन गएको :**

माथि उल्लेखित वुँदा आफैमा प्रष्ट छ कि हाम्रो ध्यान खरिद कारवाहीमा सम्झौता पूर्वको चरणमा नै वढी केन्द्रित छ । सम्झौता पश्चातको प्रशासन गतिहिन छ । यसमा पर्याप्त ध्यान नपुग्दा समयमा काम नसकिने Variation, Price Adjustment आदि कारण आयोजनाको लागत वढ्ने जस्ता चुनौती यथावत् रहेका छन् ।

**(ख) संघीय संरचना अनुरुपको प्रभावकारी खरिद पद्धतिको विकास गर्नुः**

संघीय संरचना अनुरुपको प्रभावकारी खरिद पद्धतिको विकास गर्नु अर्को एउटा महत्वपूर्ण चुनौति रहेको छ । मुलुकको शासन पद्धति संघीय संरचनामा रुपान्तरित भै कार्यान्वयनमा आईसकेकोले स्थानीय तथा प्रदेश तहमा ठूलो धनराशीको साधन श्रोत परिचालन भै खरिद को प्रकृति, परिमाणमा ठूलो परिवर्तन भई दिनानुदिन वृद्धि हुँदै जाने भएकोले स्थानीय तथा प्रदेश तहमा समेत प्रभावकारी खरिद व्यवस्थापनका लागि कानूनी, संरचनागत एवं अनुगमन संयन्त्रको विकासको साथै दक्ष जनशक्तिको व्यवस्थापन एउटा कठिन एवं चुनौतिपूर्ण कार्य हुँन आएको छ । जुन कार्य तत्काल पूरा गर्न सकिदैन । सुधारको पक्ष क्रमागत रुपमा जाने विषय पनि हो । तर स्थानीय तहमा यसको खाँचो टड्कारो रुपमा महसुस भैरहेको छ ।

**(ग) सार्वजनिक खरिद कानूनलाई विकासको बाधकको रुपमा देख्ने प्रवृत्ति बढ्दै जानुः**

पछिल्ला बर्षहरुमा राजनैतिक तह, सार्वजनिक निकाय तथा विकास प्रशासन विज्ञ आदिबाट सार्वजनिक खरिद सम्वन्धी विद्यमान कानूनलाई बिकासको बाधकको रुपमा व्याख्या हुँदै आउनु र यसमा स्थापित मूल्य, मान्यता, सिद्धान्त, विधि र प्रक्रिया प्रतिकुल हुनेगरी सार्वजनिक खरिदका प्रयास र प्रवृत्तिमा वृद्धि हुदै जानु चुनौतिपूर्ण रहेको छ । सार्वजनिक खरिद ऐन तथा नियमावलीमा समयानुकुल सुधार हुँदै आएको र तिनमा रहेका प्रावधानहरुलाई अन्तराष्ट्रिय मापदण्डमा आधारित बनाउदै देशको परिस्थिति सुहाँउदो प्रावधानहरु राख्ने प्रयास भैरहेको तथा आवश्यकता अनुसारको संशोधन गर्न सकिने अवस्था कायमै रहेको सन्दर्भमा खरिद कानूनलाई नै बाधकको रुपमा लिदा यसको कार्यान्वयन पक्ष जटिल बन्दै गएको छ । सार्वजनिक खरिद कानूनले व्यवस्था गरेको Normal Bidding Process बाट खरिद प्रकृया अगाडि बढाउन सकिने पर्याप्त आधार हुँदाहुँदै विशेष परिस्थिति देखाएर गरिने खरिद, विशेष परिस्थिति देखाएर गरिने विशेष बाहेकका अन्य खरिद, सुरक्षालाई देखाएर गरिने सोझै खरिद, G to G को नाममा गरिने विशेष खरिद, विशेष परिस्थितिको लागि छुट्टै कार्यविधि मार्फत गरिने खरिद, प्रतिस्पर्धा गराएर खरिद गर्नुपर्नेमा सोझै गरिने खरिद आदि

जस्ता खरिदको सामान्य प्रकृया अवलम्बन नगरी गरिएका खरिदको संख्या बढ्दै जानु समग्र सार्वजनिक खरिद व्यवस्थापनको लागि चुनौतिका विषयहरु हुन ।

**(घ) सार्वजनिक खरिदलाई प्रतिस्पर्धात्मक बनाउनुः**

सार्वजनिक खरिदमा सबैलाई समान अवसर प्रदान गर्दै यसमा स्वच्छ प्रतिस्पर्धा बृद्धि गरी Value For Money हाँसिल गर्नु सार्वजनिक खरिदको मुलभूत सिद्धान्त भएको र सो को लागि विभिन्न कानूनी तथा संस्थागत प्रवन्ध गरिएता पनि सो बाट अपेक्षित उपलव्धी हासिल हुन नसकेको परिप्रेक्ष्यमा यसमा स्वच्छ प्रतिस्पर्धा बढाउनु चुनैतिपूर्ण रहेको छ । सार्वजनिक खरिदमा प्रतिस्पर्धा वृद्धि गर्ने विषय सार्वजनिक खरिदको मूलभूत उद्देश्य रहेता पनि कुनै न कुनै रुपमा देशको आर्थिक, सामाजिक, राजनैतिक तथा सांस्कृतिक परिवेशको कारण सार्वजनिक खरिदमा समान अवसर प्रदान गर्दै स्वच्छ प्रतिस्पर्धा वृद्धि गर्न खरिद कानूनमा गरिएका प्रावधानहरुको प्रभावकारी कार्यान्वयनमा ठूलो चुनैती देखा परेको छ । यसको लागि प्रभावकारी Tools को रुपमा लिएको e-Procurement System लाई सबै सार्वजनिक निकायहरूमा प्रभावकारी रुपमा अनिवार्य कार्यान्वयन गर्नु चुनैतिपूर्ण रहेको छ ।

**(ङ) सार्वजनिक निकायका पदाधिकारीहरुको निर्णय क्षमता विकास गर्नुः**

पछिल्ला दिनहरुमा सार्वजनिक खरिदमा काम गर्ने पदाधिकारीहरुको निर्णय गर्ने क्षमतामा ह्रास आउदै गएको कारण खरिद प्रकृया तथा समग्र विकास निर्माणका कार्यहरु नै प्रभावित भैरहेको अवस्था देखिन्छ । यस परिप्रेक्षममा सार्वजनिक निकायका पदाधिकारीहरुमा निर्णय गर्न सक्ने वातावरण सृजना गर्नु र निजहरुको निर्णय क्षमता विकास गर्नु चुनैतिपूर्ण हुँदै गएको छ ।सार्वजनिक निकायहरुको खर्च गर्न सक्ने क्षमतामा ह्रास हुँदै जाँदा राष्ट्रिय तथा वैदेशिक सहायताको परिचालन समेत अपेक्षित रुपमा हुन सकेको छैन । यसका लागि खरिद सम्वन्धी निर्णयलाई सहयोग पुग्ने गरी खरिद कार्यविधि/निर्देशिकाहरु जारी गर्ने, पदाधिकारीहरुको कार्यसम्पादनलाई दण्ड तथा पुरस्कारसंग आवद्ध गर्ने, व्यवसायिकताको विकास गर्ने, सूचना प्रविधिको प्रयोग गरी जोखिम न्यूनिकरण गर्नुका साथै निर्णयमा सहजता प्रदान गर्ने तथा कानूनमा रहेका जटिलताहरुलाई फुकाउदै जानु आवश्यक रहेको देखिन्छ ।

**(च) खरिदमा संलग्न जनशक्तिको क्षमता विकास गर्नुः**

सार्वजनिक खरिदको परिमाण र बजेटमा भएको वृद्धि संगै यसमा थप जटिलता थपिदै गएको छ । खरिद सम्बन्धी कार्य सामान्य ज्ञानका आधारमा मात्र सम्पादन गर्न सकिने अवस्था होइन ।स्थानीय तहमा रहेका सार्वजनिक निकायहरुमा कार्यरत कार्मचारीहरुमा खरिद सम्बन्धी न्यूनतम क्षमता विकास गर्नु निकै चुनौतिपूर्ण देखिन्छ । खरिद कार्यमा संलग्न जनशक्तिको क्षमता विकास नहुँदा सम्म सार्वजनिक खरिदबाट अपेक्षित उपलव्धि हासिल हुन नसक्ने हुँदा खरिद सम्बन्धी तालिमको लागि

विशिष्ट तालीम प्रदान गर्ने निकाय हुनुपर्ने र Academic कोर्सहरुमा पनि सार्वजनिक खरिद सम्बन्धी बिषयको अध्ययन अध्यापनको व्यवस्था मिलाउनु अवश्यक छ । लोक सेवा आयोगले पनि आफ्नो विभिन्न तहका पाठ्यक्रममा यस बिषयलाई प्राथमिकताका साथ संलग्न गर्नुपर्ने देखिन्छ । सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सञ्चालन हुने गरेका सिमित तालिमहरु पनि केन्द्रमा सीमित हुनु तथा तालिमको लागि स्पष्ट मापदण्ड निर्माण हुन नसक्नु आदिले दक्ष जनशक्तिको विकासमा थप चुनौति देखिन्छ ।

**(ज) आधुनिक खरिद विधिको अवलम्वन गर्नुः**

अधिकांश सार्वजनिक खरिदमा परम्परागत खरिद विधिको मात्र प्रयोग भैरहेको सन्दर्भमा सार्वजनिक खरिदलाई अझ प्रभावकारी वनाउदै यसले लिएका उद्दश्य परिपूर्तिको लागि विश्वमा सार्वजनिक खरिदका नयाँ नयाँ विधिहरु अवलम्बन गरिएका र त्यस्ता असल अभ्यासहरुलाई अवलम्बन गरी सो बमोजिमको कानूनी, संस्थागत तथा क्षमता विकास गरी समग्र खरिद प्रणालीलाई आधुनिक र प्रभावकारी बनाउनु चुनैतिपूर्ण रहेको छ । केही आधुनिक खरिद विधिहरुको व्यवस्था कानूनमा गरिएता पनि ती विधिहरुको प्रयोग अत्यन्त न्यून रहेको छ । Engineering Procurement and Construction (EPC), Design Built, Turn Key, Public Private Partnership (PPP), Built Operate and Transfer (BOT), Framework Contract, लगायतका खरिद तथा सम्झौता विधि अवलम्बन गर्न सकेमा सार्वजनिक खरिद प्रभावकारी हुने र यसबाट अझ बढी उपलव्धी हासिल हुने अपेक्षा गर्न सकिन्छ । धेरै मुलुकहरुले Employers’ Design Model को भन्दा बढी पारदर्शिता, प्रतिस्पर्धा, तटस्थता र उचित मूल्य प्राप्त गर्न निजी क्षेत्रसंगको सहकार्यमा यस्ता विधिहरु प्रयोगमा ल्याएका छन । यसबाट प्रत्यक्ष र परोक्ष रुपमा सार्वजनिक निकाय सेवा प्रदायक र सेवाग्राहीले लाभ प्राप्त गरेको पाईन्छ ।यसको लागि उपयुक्त कानूनी प्रावधानको साथै जनशक्तिको सोही बमोजिम क्षमता विकास, आधुनिक सुचना प्रविधिको प्रयोग, आवश्यक नमुना बोलपत्र सम्वन्धी कागजात तथा खरिद कार्यविधि/निर्देशिकाहरुको तयारी गर्नुपर्ने हुन्छ जुन् कुरा सार्वजनिक खरिद अनुगमन कार्यालयको प्रमूख जिम्मेवारी भएता पनि श्रोत र साधनको सीमितताले उक्त कामहरू सम्पादन गर्न चुनौति देखिएको छ ।

**(झ) खरिद प्रकृयाको लागि लाग्ने समय घटाउनुः**

सार्वजनिक खरिदको आलोचनाको एक प्रमुख विषय यसको प्रकृयामा लाग्ने लामो र झन्झटिलो समयावधि पनि रहेको छ ।सार्वजनिक खरिदका सिद्धान्तलाई आत्मसाथ गर्दै खरिदको क्रममा लाग्ने समयलाई न्यूनतम बनाएर यसको प्रभावकारीतामा वृद्धि गर्नु अर्को चुनौतिपूर्ण कार्य रहेको छ । जनअपेक्षा बमोजिम सार्वजनिक खरिद प्रकृयामा लाग्ने अत्यन्तै लामो समयलाई एक न्यूनतम स्तरमा पुरयाउन यसमा आधुनिक सूचना प्रविधिको प्रयोग, उपयुक्त खरिद विधिको अवलम्बन, खरिद कार्यमा

संलग्न पदाधिकारीको क्षमता विकास, खरिदमा रहेका जोखिमको न्यूनिकरण, पर्याप्त निर्देशिका तथा कार्यविधिहरुको निर्माण, कार्यसम्पादनलाई दण्ड पुरस्कारसंग आवद्ध, प्रभावकारी अनुगमनको व्यवस्था जस्ता विषयमा पर्याप्त काम गर्नु जरुरी देखिन्छ ।

**(ञ) वैदेशिक सहायताबाट प्राप्त हुने रकमको खरिदमा पनि Country System को प्रयोग गर्ने पद्दति स्थापित गर्नुः**

देशको राष्ट्रिय खरिद प्रणालीलाई अन्तराष्ट्रिय मापदण्डमा आधारित बनाएर त्यसको प्रभावकारी कार्यान्वयन गर्न नसक्दा दातृ निकायहरुलाई राष्ट्रिय प्रणालीमा विश्वास दिलाउन नसकिएको जसका कारण सामान्यतया नेपाल सरकरको आफ्नै बजेटबाट हुने खरिदमा सार्वजनिक खरिद ऐन लागु भईरहेको तर वैदेशिक सहायताको रकमबाट हुने खरिदमा सोही दातृ निकायको Procurement Guideline प्रयोग भैरहेको छ । दातृ निकायहरुका पनि प्रत्येकको आ-आफ्नै Procurement Guideline रहेको र दातृ निकाय पिच्छे फरक फरक Procurement Guideline प्रयोग गर्नुपर्ने अवस्थाले खरिद प्रकृयमामा थप जटिलता थपेको छ । एउटै सार्वजनिक निकायले एउटै बातावरणमा र एकै कामको लागि एक भन्दा बढी खरिद पद्दतिको अवलम्ब गर्नु त्यति औचित्यपूर्ण अनि व्यवहारिक पनि देखिएको छैन । बैदेशिक सहायताको पेरिस घोषणापत्रले पनि सहायता परिचालनमा सम्बन्धित देशको प्रणालीसंग आवद्ध गरी गर्नुपर्ने सिद्धान्त प्रतिपादन गरेको सन्दर्भमा देशको खरिद प्रणालिलाई अन्तराष्ट्रिय मापदण्ड अनुकुल बनाउने र दातृ निकायहरुलाई खरिद प्रणाली प्रतिको विश्वसनियता वृद्धि गरि बैदेशिक सहायताको परिचालनको खरिदमा पनि एकै राष्ट्रिय खरिद प्रणालीको प्रयोग गर्नु ठूलो चुनौतिको रुपमा रहेको छ ।

**(ट) समृद्धिको परिकल्पना र जवाफदेहिता प्रवर्द्धन गर्नुः**

देश संघीयतामा प्रवेश गरेसँगै तीनवटै तहका सरकारहरुले परिलक्षित गरेका विकास र समृद्धिका सपना र परिकल्पनासँगै सार्वजनिक खरिदमा पारदर्शिता र जवाफदेहितालाई सँग सँगै डोर्याएर लैजानु अपरिहार्य वनेको छ । विकास र समृद्धिका आधार तयार गर्ने क्रममा पूर्वाधार विकास जस्तैः सडक, सिंचाई, खानेपानी, विद्युत लगायत उर्जाका अन्य स्रोत एवं यस्ता अनेकन क्षेत्रमा निर्माण कार्यहरु हुने अवस्थामा सार्वजनिक निकायहरुवाट अधिकतम पारदर्शिता र प्रतिष्पर्धा कायम गर्न जरुरी हुन्छ। विकास निर्माण एवं खरिद कार्यमा मितव्ययिता, पारदर्शिता, प्रतिष्पर्धा, ईमान्दारिता, विश्वसनियता कायम गर्नु र सार्वजनिक निकायका पदाधिकारी एवं कर्मचारीहरुलाई जवाफदेही वनाउनु सवैभन्दा ठूलो चुनौती रहेको छ । सार्वजनिक खरिदमा देखिएका समस्याहरुको प्रमुख कारक भनेको जावाफदेहितामा देखिएको ह्रास नै हो ।

अतः खरिद प्रशासनलाई पारदर्शी र जवाफदेही वनाउँदै यसका सरोकार राख्ने पक्षहरु निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक आदिलाई जिम्मेवार वनाउनु र राज्यको नीतिसँगै हातेमालो गरेर जानु चुनौतिको विषय रहेको छ ।

### ४.३ निष्कर्षः

नेपालको सार्वजनिक खरिद ऐन २०६३ ज्यादै जटिल छ र यो विकासको वाधक पनि हो भनी वर्तमान समयमा यत्रतत्र आलोचना भैरहेको सुनिन्छ । यद्यपि, खरिद कानून जटिल भने होइन। प्रशासनिक आँखाले हेर्दा यो प्राविधिक कानून चाहीं पक्कै हो । जसमा प्रविधिकताको प्रयाप्त ज्ञान खरिदमा प्रत्यक्ष संलग्न हुने कर्मचारीमा हुनै पर्दछ । खरिद कानून र यसका अवयवहरुको मिहिन अध्ययन गर्ने हो भने यसको अर्थ, उद्देश्य, लक्ष्य प्रष्ट हुन्छ । आफु प्रष्ट भएर खरिद प्रक्रियामा जाँदा मात्र यसले राम्रो नतिजा दिन सक्छ । अतः अध्ययनको वानी, छलफल, परामर्शले सीपको विकास हुँदै जाने निश्चित छ । असल खरिद व्यवस्थापनले योजनावद्धता खोजेको हुन्छ । तर हाम्रो ब्यवहार कागजमा मात्र औपचारिकता पूरा गर्न सिमित छ । बजेटरी वा गैर बजेटरी रकमान्तर/श्रोतान्तरले जेष्ठ वा आषाढको दोश्रो-तेश्रो हप्ता तिर ठूलो रकम श्रोतै नभएको ठाउँमा वजेटको उपलब्धता हुने अनि कानून बमोजिम रीत पुर्‍याई खरिद गर्न नसकिने भई खरिद ऐन/नियमका प्रावधानहरु निलम्वन गर्ने वा अपारदर्शी ढंगले खरिद गर्न खोज्दाको अवस्थामा मात्र ऐन बाधक हुने देखिन्छ । यसको लागि हाम्रो प्रवृत्ती/मनोदशामा नै परिवर्तन जरुरी छ । सबै प्रकारका सार्वजनिक निकायले एकैरुपको कानूनको विस्तृत कार्यविधि पालना गर्नु पर्दा स-साना कार्यालय/मालसामान मात्र खरिद गर्ने निकायलाई व्यवहारिक अफ्ठेरो पनि परेको देखिन्छ । यसको लागि Framework Contract हुन सकेमा यो समस्या पनि हल हुँदै जाने देखिन्छ ।

खरिद ऐन, नियम, निर्देशिकाका कतिपय प्रावधान हेर्दा हरेक पक्षले अत्याधिक पारदर्शिताको प्रवर्द्धनमा जोड दिएको पाईन्छ । मिलेमतो हुँने अवस्थाको जोडदार विरोधी समूहको रुपमा ऐनका प्रावधानहरुलाई बुझ्न सकिन्छ । मिलेमतोको विकासमा भने यो पक्कै पनि बाधक हो र हुनु पनि पर्दछ । खरिद प्रक्रियामा Documents को महत्वपुर्ण स्थान रहन्छ । खरिदकर्ता र आपुर्तिकर्ता वा निर्माण व्यवसायी वा परामर्शदाताहरु सवैलाई समान रुपमा खेलको नियमले बाँध्ने कुराहरु Bidding Documents मा उल्लेख भएको हुन्छ । तर त्यहाँ हुने कमीकमजोरीले या त खरिद कारवाही नै रद्द गर्नुपर्ने हुन्छ वा खरिदको निर्णय विरुद्ध उजुरी पर्ने प्रशस्त सम्भावना रहन्छ ।

खरिद ऐनको आलोचना सवभन्दा सस्तोको सामान वा निर्माण कार्य वा परामर्श सेवा लिनु पर्दा गुणस्तर पक्षमा सम्झौता गर्नु पर्ने हो कि ? भन्ने पनि छ । तर ऐनको मनशाय त्यस्तो होईन । कम मूल्यको स्थान त सार्वजनिक निकायले निर्धारण गरेको स्पेशिफिकेशन, गुणस्तर आदि मापदण्ड पुरा गर्नेहरु बीचको Fair Competition मात्रै हो । गुणस्तरमा सम्झौता गर्ने भन्ने मनसाय ऐनमा कहिं

कतै भेटीदैन । यो बुझाईको कमी हो । साथै ऐनलाई अवरोध ठान्ने प्रवृत्तिको मत मात्र हो । ऐनको मनसाय अनुरुप कार्य सम्पादन गर्नको लागि खरिद प्रक्रियामा सहभागी कर्मचारीको विना योजना बारम्बार सरुवा हुँदा योजनावद्ध ढंगमा खरिद कार्यवाही अघि बढाउन पनि समस्या देखिएको छ । कर्मचारी व्यवस्थापन प्रभावकारी वनाउन उत्तिकै जरुरी देखिएको छ ।

सार्वजनिक खरिद व्यवस्थापनमा समस्या र चुनौतीहरु प्रशस्त देखिएका छन् । सुधारको प्रक्रिया आवश्यकता अनुरुप चलिरहँने विषय हो । ऐन, नियमको जटिलता त्यती धेरै छैन । हामीले मिहिन अध्ययन गरेर यथार्थ बोध गर्न नसकेको मात्र हो । ऐन नियम बाझिएको अस्पष्टता रहेको बिषय माथी चर्चा भैसकेको छ । यसमा सुधार गर्दै सरलिकरण गरेर जान सकिन्छ । विश्वका विकसित मुलुकले अपनाएका कतिपय असल अभ्यासलाई पनि ऐनले समेट्ने प्रयास गरेको छ । यद्यपि, केही राम्रा पक्ष समेट्न बाँकी नै छ । ऐन नियमको जटिलता भन्दा पनि प्रविधिकताको सम्वन्धमा आधारभूत विशेष तालिम/गोष्ठी/सेमिनार/अन्तरक्रिया प्रचार प्रसार जस्तो माध्यमबाट यसको सीप आर्जनमा वृद्धि गर्नु अहिलेको प्रमुख आवश्यकता हो । नियामक निकायको सक्रियता पनि वाधकको रुपमा हेर्ने गरेको पाईन्छ । एउटा निकायले गरेको खरिदमा अनुगमन गर्ने धेरै निकायहरु जस्तै मन्त्रालय, विभाग, आयोजना समन्वय कार्यालय, क्षेत्रिय कार्यालयहरु, कोष तथा लेखा नियन्त्रक कार्यालय महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद अनुगमन कार्यालय आदिबाट अनुगमन गर्ने व्यवस्था रहेता पनि सारमा हेर्दा अनुगमन प्रभावकारी हुन सकेको भने छैन । तर ऐनका प्रावधानहरु प्रभावकारी कार्यान्वयनको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना गरिसकेपछि खरिद ऐन बमोजिम अनुगमन गर्ने एक मात्र निकाय सार्वजनिक खरिद अनुगमन कार्यालय नै हो । तसर्थ सार्वजनिक खरिद अनुगमन कार्यालयलाई अधिकार, साधन श्रोत, जनशक्ति सम्पन्न बनाई यसको सक्रियता बढाउनु जरुरी छ । त्यसो हुँदा खरिद व्यवस्थापनको प्रभावकारितामा वृद्धि हुन्छ ।

## परिच्छेद - पाँच

# भावी कार्यदिशा

### ५.१. पृष्ठभूमिः

सार्वजनिक खरिदलाई अझ व्यवस्थित, पारदर्शी, बस्तुनिष्ठ, विश्वसनिय, जवाफदेही, प्रतिस्पर्धात्मक बनाउदै सार्वजनिक खरिद प्रकृया तथा कार्यविधिलाई अन्तराष्ट्रिय मापदण्डमा आधारित बनाउने उद्देश्यका साथ सार्वजनिक खरिद ऐन, २०६३ जारी भएको एक दशक भन्दा बढी भईसकेको छ । नयाँ खरिद कानून कार्यान्वयनको एक दशकको अवधिमा उक्त कानूनले राखेको उद्देश्यहरु पूर्ण रुपमा परिपूर्ति हुन नसकेता पनि सार्वजनिक खरिदको क्षेत्रमा अन्तराष्ट्रिय मापदण्डमा आधारित खरिद प्रणाली स्थापनामा महत्वपूर्ण भूमिका रहेको छ । सार्वजनिक क्षेत्र मार्फत हुने विकास निर्माणका कार्यमा सार्वजनिक खरिदको महत्वपूर्ण भूमिका हुने र जनताका विकासका तिव्र आकांक्षालाई सम्वोधन गर्न सक्ने एक सक्षम र प्रभावकारी खरिद प्रणालीको स्थापना विना पक्कै पनि जनताका ती आकांक्षा पुरा हुन सक्दैनन् । वि.सं. २०७३ असारमा सार्वजनिक खरिद ऐन, २०६३ मा केही महत्वपूर्ण संशोधन भएता पनि खासगरी राजनैतिक तह तथा नागरिक समाजका तर्फबाट सार्वजनिक खरिदको विद्यमान प्रणालीमा व्यापक सुधारको खाँचो औल्याइएको पाईन्छ । हालै जारी भएको आर्थिक बर्ष २०७५/७६ को संघिय बजेटमा पनि सार्वजनिक खरिद कानूनलाई समसामयिक सुधार गर्ने विषय उल्लेख भएको छ । एकातर्फ हाल विद्यमान कानूनमा भएका कतिपय राम्रा पक्षहरुको प्रभावकारी कार्यान्वयन तर्फ अझ ध्यान जानु पर्ने छ भने अर्को तर्फ जनताका विकास र समृद्धिका चाहनालाई सम्बोधन गर्न सक्ने एक सक्षम, प्रभावकारी, नतिजामुखी, आधुनिक प्रविधियुक्त, अन्तराष्ट्रिय मापदण्डमा आधारित र राष्ट्रिय आर्थिक, सामाजिक, राजनैतिक तथा सास्कृतिक वातावरण अनुकुलको खरिद प्रणाली स्थापना गर्नु जरुरी रहेको छ ।

### ५.२. संघीय संरचना अनुकुलको सार्वजनिक खरिद प्रणाली स्थापना र सो को कार्यान्वयनः

गत बर्ष तीनै तहका सरकाको निर्वाचन सम्पन्न भइ देश संघीय संरचना कार्यान्वयनको चरणमा प्रवेश गरिसकेको छ । नागरिकलाई राज्यले प्रदान गर्ने सेवा सुविधा प्रदान गर्ने तथा विकास निर्माणका अधिकांश कार्यहरु प्रदेश र स्थानीय तहबाट हुने हुँदा ती तहमा सार्वजनिक खरिदको एक सक्षम प्रणाली स्थापना गर्नु जरुरी रहेको छ । खासगरी प्रदेश र स्थानीय तहमा सार्वजनिक खरिद सम्बन्धमा कानूनी संरचना निर्माण, निश्चित मापदण्डमा आधारित हुनेगरी खरिद प्रणालीको स्थापना, जनशक्तिको विकास आदि जस्ता विषयहरुलाई गम्भिरतापूर्वक अगाडि बढाउन आवश्यक छ । विकास निर्माणका कार्यहरु अधिकांश प्रदेश र स्थानीय तहबाट संचालन हुने भएकोले ती तहका

सरकारमा सार्वजनिक खरिदको एक सक्षम प्रणाली स्थापना नगर्दा सम्म विकासले पनि अपेक्षित गति लिन सक्ने देखिदैन । त्यसैले ती तहहरुमा एक प्रभावकारी खरिद प्रणाली स्थापनामा संघीय सरकारबाट महत्वपूर्ण भूमिका खेल्नु आवश्यक छ ।

## ५.३. खरिद कानूनको प्रभावकारी कार्यान्वयनः

नयाँ सार्वजनिक खरिद कानून जारी भएको एक दशक वितिसक्दा पनि उक्त कानूनमा रहेका कतिपय राम्रा र महत्वपूर्ण प्रावधानहरुको कार्यान्वयन हुन सकिरहेको छैन । सार्वजनिक खरिद कानूनमा समयसापेक्ष सुधार निरन्तर चलिरहने प्रकृया हो तर सुधार संग संगै विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन झन महत्वपूर्ण विषय रहेको छ । जवसम्म कानूनको प्रभावकारी कार्यान्वयन गर्न सकिदैन कानूनमा सुधारले मात्र अपेक्षित नतिजा दिनदैन । विद्यमान कानूनमा रहेका र सो को प्रभावकारी कार्यान्वयनमा नभएका प्रावधानहरु जस्तै योजनावद्ध खरिद प्रकृया अवलम्बन, खरिद कार्यमा सक्षम जनशक्तिको संलग्नता, Design and Build, Turnkey आदि जस्ता खरिद सम्झौताहरुको कार्यान्वयन, खरिदमा संलग्न पदाधिकारी तथा बोलपत्रदाता/परामर्शदाता/आपूर्तिकर्ताको आचरण, प्रतिस्पर्धि मूल्यमा खरिद आदि जस्ता व्यवस्थाहरुको कार्यान्वयन गर्न सकेमा मात्र पनि सार्वजनिक खरिदमा रहेका धेरै समस्याहरु समाधान गर्न सकिने देखिन्छ ।

## ५.४. खरिद कानूनमा समसामयिक सुधारः

सार्वजनिक खरिद ऐन, २०६३ जारी भई कार्यान्वयन पश्चात देशमा सार्वजनिक खरिदको क्षेत्रमा एक तहको सुधार भएको छ । उक्त कानूनको कार्यान्वयन पछि देशमा अन्तराष्ट्रिय अभ्यास अनुसारको खरिद प्रणाली स्थापनामा ठूलो भूमिका रह्यो । दुई बर्ष अगाडि मात्रै सार्वजनिक खरिद ऐन, २०६३ मा महत्वपूर्ण सुधार गरिएता पनि खासगरी राजनैतिक तथा नागरिक तहबाट उक्त कानूनमा सारभूत रुपमा परिवर्तनको लागि आवाज उठ्ने गरेको छ । कानूनमा सुधार गर्दा एकातर्फ अन्तराष्ट्रिय मापदण्ड र असल अभ्यासहरुलाई आत्मसाथ गर्दै लैजानु आवश्यक छ भने अर्को तर्फ देशको आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक वातावरणमा प्रभावकारी रुपमा काम गर्न सक्ने बनाउनु जरुरी रहेको छ । विद्यमान खरिद कानूनले सार्वजनिक खरिदका कतिपय विषयहरु नसमेटेको र ती विषयहरुलाई खरिद कानूनमा समावेश गर्नुका साथै अन्तराष्ट्रिय परिवेशमा सार्वजनिक खरिदका नयाँ विषयबस्तुलाई कानूनमा समावेश गर्न आवश्यक छ । सार्वजनिक खरिद कानूनमा अबको सुधार मुख्यतः आधुनिक प्रविधिमा आधारित सार्वजनिक खरिद, अन्तर्राष्ट्रिय असल र प्रभावकारी अभ्यासहरुको अनुसरण, बोलपत्रदाताको क्षमता (Bidding Capacity) अनुसारको काम मात्र दिने व्यवस्था, खरिद प्रकृयामा हुने अनियमितता न्यूनिकरण, निर्धारित समयमा तोकिएको गुणस्तर र लागतमा खरिद कार्य सम्पन्न, व्यवसायिक निर्माण व्यवसायी/आपूर्तिकर्ता/परामर्शदाताको विकास, खरिद प्रकृयामा सरलीकरण, खरिद प्रकृयामा लाग्ने समयावधिमा पुनरावलोकन, Engineering Procurement

and Construction (EPC),łEngineering Procurement, Construction and Financing (EPCF), Design Built, TurnKey, Public Private Partnership (PPP), Built Operate and Transfer (BOT), Framework Agreement आदि आधुनिक र प्रभावकारी विधिको अवलम्बन आदि बिषयहरु समावेश गरी खरिद कानूनमा समसामयिक सुधार गर्नु आवश्यक छ । साथै त्यसरी गरिने सुधार कुनै नक्कल वा लहडको भरमा नगरी अनुसन्धानमा आधारित भई गर्न सकेमा मात्र त्यसले अपेक्षित नतिजा दिन सक्छ ।

## ५.५. नमुना बोलपत्र सम्बन्धी कागजात, कार्यविधि, निर्देशिका तथा प्राविधिक मार्गनिर्देशन निर्माणः

सार्वजनिक खरिदलाई व्यवस्थित बनाउन सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ जारी भई कार्यान्वयनमा आएको लामो समय भैसकेको भएता पनि ती कानूनको प्रभावकारी कार्यान्वयनका लागि तथा कार्यन्वयनमा समान धारणा र मापदण्ड कायम गर्न आवश्यक पर्ने निर्देशिका, कार्यविधि, प्राविधिक मार्गदर्शन निर्माणमा अपेक्षित उपलब्धि हुन सकेको छैन । निर्देशिका, कार्यविधि, प्राविधिक मार्गदर्शनको अभावमा खरिद प्रकृयाको कार्यान्वयनमा एकरुपता नहुने, निर्णयमा ढिलाई हुने, खरिद प्रकृया अनिर्णयको बन्दी हुने, आफ्नो अनुकुलको व्याख्या गर्ने, गलत व्याख्या गरी वा कानूनमा रहेका अस्पष्टताको गलत प्रयोग गरी अनियमितता हुने, खरिद सम्झौता व्यवस्थापन प्रभावकारी नहुने, विवादहरु बढ्दा खरिद प्रकृया नै प्रभावित हुने आदि जस्ता विभिन्न किसिमका समस्याहरुलाई सम्बोधन गर्न आवश्यकता अनुसारका निर्देशिका, कार्यविधि, प्राविधिक मार्गदर्शन जारी गरी खरिद प्रकृया र निर्णय प्रकृयालाई सरलीकरण गर्नु अति जरुरी भैसकेको छ । साथै कानूनमा उल्लेखित कतिपय खरिद विधि तथा खरिद सम्झौता विधिको नमुना बोलपत्र सम्बन्धी कागजातको अभावमा ती विधिहरु कार्यान्वयन हुन सकेका छैनन् । त्यस्ता विधिहरुको नमूना बोलपत्र सम्बन्धी कागजात जारी गर्न सकेका सार्वजनिक निकायहरुलाई आवश्यकता अनुसारको खरिद विधि छनौटको अवसर प्राप्त हुन सक्ने देखिन्छ ।

## ५.६. प्रभावकारी अनुगमन तथा विश्लेषण पद्धतिको विकासः

सार्वजनिक खरिदको कानूनी र संस्थागत संरचना निर्माण मात्र पर्याप्त हुँदैन । विद्यमान खरिद संरचना अनुसार खरिद काम कारवाही भए नभएको जानकारी लिन, खरिद प्रणालीमा रहेका समस्याहरु पत्ता लगाई समाधानको पहल गर्न आदि प्रयोजनको लागि खरिद प्रकृयाको निरन्तर अनुगमन त्यत्तिकै जरुरी रहेको छ । खरिदको अनुगमनको लागि अनुगमनको प्रभावकारी प्रणाली स्थापना, अनुगमनको लागि Key Performance Indicator (KPI) निर्माण, सूचना प्रविधिमा आधारित अनुगमन प्रणाली, आन्तरिक तथा अन्तिम लेखापरीक्षणमा खरिदको लेखापरीक्षणको प्रभावकारी पद्धति बिकास लगायतका क्षेत्रमा पर्याप्त ध्यान जानु आवश्यक छ । साथै खरिद कारवाहिका विभिन्न चरणका तथ्यांक संकलन

तथा विश्लेषण, खरिद सम्बन्धमा अध्ययन अनुसन्धान आदि गरी नीति निर्मातालाई आवश्यक सूचना प्रदान गर्न सकेमा खरिद प्रणालीमा रहेका समस्था समाधानमा महत्वपूर्ण भूमिका हुने देखिन्छ ।

### ५.७. जनशक्ति बिकास तथा जनचेतना अभिवृद्धिः

पछिल्ला बर्षहरुमा सार्वजनिक खरिद पनि एक छुट्टै विशिष्टिकृत पेशाको रुपमा विकास भैरहेकोले हाम्रो सन्दर्भमा पनि सार्वजनिक खरिद व्यवस्थापनमा देखा परेका जटिलताहरुलाई सम्बोधन गर्न विशिष्टिकृत पेशागत क्षेत्रको रुपमा विकास गर्नु जरुरी भैसकेको छ । सार्वजनिक खरिदको क्षेत्रमा सक्षम र विज्ञ जनशक्तिको अभाव महसूस भएकोले यस क्षेत्रमा जनशक्ति विकासको लागि प्रभावकारी पहल गर्न आवश्यक देखिन्छ । सार्वजनिक खरिदको क्षेत्रमा बढ्दो लगानीको प्रभावकारी व्यवस्थापन तथा खरिद व्यवस्थापनमा रहेका जटिलताहरुलाई सम्बोधन गर्नको लागि पनि हाल कार्यान्वयनमा रहेको जस्तो Learning by doing विधिको सिकाईले हाम्रो आवश्यकता पुरा हुने अवस्था छैन । सार्वजनिक खरिद सम्बन्धमा हालसम्म Certified Training संचालनको गर्न नसकिरहेको सन्दर्भमा एक सक्षम तालिम संस्थाको स्थापना गर्न जरुरी देखिन्छ । सार्वजनिक खरिदको विषयमा विभिन्न किसिमका Online Learning Module तयार गरी कार्यान्वयनमा लैजाने, सार्वजनिक सेवा प्रवेश तथा पदोन्नतिमा लिईने परीक्षाको पाठ्यक्रममा अनिवार्य रुपमा सार्वजनिक खरिदको विषय समावेश गर्ने, विश्वविद्यालयहरुको विभिन्न शैक्षिक संकायहरुमा सार्वजनिक खरिदका विविध विषयमा अध्यापन गराउने, सार्वजनिक खरिदको विषयमा नै Academic Degree प्रदान गर्ने, विश्वविद्यालयहरु संग समन्वय गरि स्नातकोत्तर र पिएचडीको थेसिसमा निश्चित रकम छात्रवृत्ति रकम दिई खरिदका बिषयमा अनुसन्धान गराउने लगायतका विविध प्रयासहरु मार्फत जनशक्ति विकास गर्ने तर्फ तुरुन्तै कदम चाल्नु आवश्यक भैसकेको छ । साथै खरिद व्यवस्थापनको लागि छुट्टै कर्मचारीको व्यवस्थापन गर्ने अन्तराष्ट्रिय अभ्यास रहेको र यो पेशा पनि विशिष्टिकृत हुँदै गैरहेको सन्दर्भमा सार्वजनिक क्षेत्रमा सार्वजनिक खरिदको लागि छुट्टै सेवा समुह गठन गर्ने तर्फ अग्रसर हुन आवश्यक देखिएको छ । सार्वजनिक निकायमा कार्यरत जनशक्तिको विकास संगसंगै निजी क्षेत्रसंग आवद्ध जनशक्तिको पनि सार्वजनिक खरिद सम्बन्धमा क्षमता विकास गर्न आवश्यक देखिन्छ । साथै सार्वजनिक खरिद सम्बन्धमा नागरिक खवरदारीका लागि नागरिक तहमा सो सम्बन्धमा जनचेतना फैलाउन आवश्यक कार्यक्रम संचालन गर्नु जरुरी छ ।

### ५.८. विद्युतीय खरिद प्रणालीको प्रभावकारी कार्यान्वयन र त्यसमा समसामयिक सुधारः

विद्युतीय खरिद प्रणालीमा देखिएका समस्या र चुनौतीहरु समाधान गर्दै विद्युतीय खरिद प्रणालीको पूर्ण सफलताका लागि सार्वजनिक खरिद कार्यालयले लिनुपर्ने आगामी कार्यदिशाहरु यस प्रकार रहेका छन्ः


- विद्युतीय खरिद प्रणाली सम्बन्धी दक्षता अभिवृद्धि तालिम तथा अभिमुखीकरणलाई अझ बढी व्यापक बनाउँदै सबै सरोकारवालाहरुलाई समेट्ने ।
- कानूनमा उल्लेख भए बमोजिमका सबै प्रकारका खरिद विधिहरुलाई विद्युतीय खरिद प्रणालीमा आवद्ध गर्ने ।
- अन्तर्राष्ट्रिय असल अभ्यास अनुसारका सुविधाहरु थप गर्दै विद्युतीय खरिद प्रणालीमा सुधार गर्दै जाने ।
- प्रणालीको डाटा सेन्टरका उपकरणहरु अद्यावधिक तथा डिजाष्टर रिकोभरी सेन्टरको स्थापना गर्ने।
- प्रणालीको प्रयोगमा विद्युतीय हस्ताक्षरको अनिवार्यता कायम गर्ने ।
- सम्झौता व्यवस्थापन मोडुलमा परिमार्जन गरी थप परिष्कृत गर्ने ।

# अनुसूचीहरु

अनुसूची १

# सार्वजनिक खरिद अनुगमन कार्यालयको

## संगठन संरचना



# दरबन्दी तेरिज

| सि.नं. | पदको नाम | श्रेणी/तह | सेवा/समूह/उपसमूह | दरवन्दी संख्या |
|---|---|---|---|---|
| १ | सचिव | रा.प. विशिष्ट | | १ |
| २ | सह सचिव | रा.प.प्रथम | नेपाल प्रशासन/सा.प्र. | १ |
| ३ | सह सचिव | रा.प.प्रथम | नेपाल इन्जिनियरिङ्ग/सिभिल इन्जि. | १ |
| ४ | निर्देशक | रा.प.द्वि. | नेपाल प्रशासन/सा.प्र. | ४ |
| ५ | निर्देशक | रा.प.द्वि. | नेपाल प्रशासन/लेखा | २ |
| ६ | निर्देशक | रा.प.द्वि. | नेपाल न्याय/कानून | १ |
| ७ | निर्देशक | रा.प.द्वि. | नेपाल इन्जिनियरिङ्ग/सिभिल/हाइवे | १ |
| ८ | निर्देशक | रा.प.द्वि. | नेपाल विविध | १ |
| ९ | शाखा अधिकृत | रा.प.तृ. | नेपाल प्रशासन/सा.प्र. | ६ |
| १० | लेखा अधिकृत | रा.प.तृ. | नेपाल प्रशासन/लेखा | १ |
| ११ | कानून अधिकृत | रा.प.तृ. | नेपाल न्याय/कानून | १ |
| १२ | ईन्जिनियर | रा.प.तृ. | नेपाल इन्जिनियरिङ्ग/सिभिल/हाइवे | २ |
| १३ | ईन्जिनियर | रा.प.तृ. | नेपाल इन्जिनियरिङ्ग/सिभिल/वि.आ. | १ |
| १४ | ईन्जिनियर | रा.प.तृ. | नेपाल इन्जिनियरिङ्ग/सिभिल/इरिगेशन | १ |
| १५ | कम्प्यूटर ईन्जिनियर | रा.प.तृ. | नेपाल विविध | ३ |
| १६ | कम्प्यूटर अधिकृत | रा.प.तृ. | नेपाल विविध | १ |
| १७ | नायव सुब्बा | रा.प.अनं. प्र. | नेपाल प्रशासन/सा.प्र. | ४ |
| १८ | लेखापाल | रा.प.अनं. प्र. | नेपाल प्रशासन/लेखा | १ |
| १९ | कम्प्यूटर अपरेटर | रा.प.अनं. प्र. | नेपाल विविध | ३ |
| २० | हलुका सवारी चालक | श्रेणी विहिन | | ६ |
| २१ | कार्यालय सहयोगी | श्रेणी विहिन | | ६ |
| **जम्मा** | | | | ४८ |

अनुसूची २

# सार्वजनिक खरिद अनुगमन कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

| | | कर्मचारीको नाम | पद | फोन नं. | |
|---|---|---|---|---|---|
| | | | | कार्यालय | मोवाइल |
| | | श्री मधुप्रसाद रेग्मी | सचिव | ४२८२६३९ | ९८५१२७१९९९ |
| | | श्री कमल पन्थी | नायव सुब्बा | ४२८५४४२ | ९८४३११६८३८ |
| महाशाखा | शाखाको नाम | कर्मचारीको नाम | पद | कार्यालय | मोवाइल |
| प्रशासन, योजना तथा सूचना प्रविधि महाशाखा | | श्री यज्ञराज कोइराला | सह-सचिव | ४०३०५१५ | ९८५११४२७७७ |
| | कर्मचारी प्रशासन शाखा | श्री श्रीधर पन्थी | निर्देशक | ४०३०५४६ | ९८५१२०१३७७ |
| | | श्री कैलाश बहादुर ठकुराठी | शाखा अधिकृत | ४०३०६०९ | ९८५१०७८६६९ |
| | | श्री कमल पन्थी | नायव सुब्बा | २०३ | ९८४३११६८३८ |
| | जनशक्ति विकास शाखा | श्री श्रीधर पन्थी | निर्देशक | २२५ | ९८५१२०१३७७ |
| | | श्री अमृत बहादुर राई | शाखा अधिकृत | २०४ | ९८४३७४०५५६ |
| | कानून शाखा | श्री रेशराज शर्मा | निर्देशक | | ९८५११४०११७ |
| | | श्री विजुला अर्याल | नायव सुब्बा | २३० | ९८४१०४५५९५ |
| | योजना तथा व्यवस्थापन शाखा | श्री रेखा कंडेल | निर्देशक | २१९ | ९८४११७२४१३ |
| | | श्री सुनिता शर्मा | शाखा अधिकृत | २०१ | ९८४११७९०१४ |
| | | श्री सावित्रा भट्ट दुवाडी | नायव सुब्बा | २०१ | ९८४३२६३३७५ |
| | सूचना प्रविधि शाखा | श्री मनिष भट्टराई | निर्देशक | २१८ | ९८४१३८७७९९ |
| | | श्री सुर्यवती खनाल | शाखा अधिकृत | २११ | ९८४१८७२९१९ |
| | | श्री अमोद उलक | कम्प्युटर इन्जिनियर | २२८ | ९८४३१०४०५६ |
| | | श्री मधुसुदन पुडासैनी | कम्प्युटर अधिकृत | २११ | ९८६११११५३३ |
| | | e-GP Help Desk | | ४२८२९६३ | |
| | | श्री सिकेन्द्र कुमार झा | आई.टि. कन्सल्टेन्ट | २११ | ९८४९५४४०८८ |
| | आर्थिक प्रशासन शाखा | श्री दिपक पौडेल | लेखा अधिकृत | २१२ | ९८५११६६३२६ |
| | | श्री किशोर अर्याल | कम्प्युटर अपरेटर | २१२ | ९८४९९३१९३६ |
| खरिद अनुगमन महाशाखा | सार्वजनिक निर्माण तथा परामर्श सेवा शाखा | श्री ई. सुनिल कुमार कर्ण | सहसचिव | ४०३०५७३ Ext. २०५ | ९८४१५१५८५७ |
| | | श्री राम चन्द्र शर्मा | निर्देशक | २१० | ९८५११५५९८५ |
| | | श्री अमृत बहादुर राई | शाखा अधिकृत | २२२ | ९८४३७४०५५६ |

| | | कर्मचारीको नाम | पद | फोन नं. | |
|---|---|---|---|---|---|
| | | | | कार्यालय | मोवाइल |
| | मालसामान खरिद अनुगमन शाखा | श्री केशव प्रसाद प्रसाँई | निर्देशक | ४०३०६४९, Ext. २२४ | ९८४३२३८६९४ |
| | | श्री तारा झवाली | शाखा अधिकृत | २२७ | ९८४९१५८२०० |
| | स्थानीयस्तर ख. अनु. तथा गुनासो व्यवस्थापन शाखा | श्री राम चन्द्र शर्मा | निर्देशक | २१० | ९८५११५५९८५ |
| | | श्री ढाल वहादुर जि.सी. | शाखा अधिकृत | २२१ | ९८४१५८३३०० |
| | अनुसन्धान तथा विकास शाखा | श्री रेखा कंडेल | निर्देशक | | ९८४११७२४१३ |
| | | श्री अमृत बहादुर राई | शाखा अधिकृत | २२२ | ९८४३७४०५५६ |
| **सार्वजनिक खरिद पुनरावलोकन समिति** | | श्री गुणराज श्रेष्ठ | अध्यक्ष | ४०३०७३२ | ९८४१३५३०४५ |
| | | श्री कमल कुमार श्रेष्ठ | सदस्य | ४०३०७३२ | ९८६२०२५२०९ |
| | | श्री प्रकाश पौडेल | सदस्य | ४०३०७३२ | ९८५१११८८२२ |
| दर्ता/चलानी | | श्री बिजुला अर्याल | | ४०३०७२९, ४०३०७१५, ४०३०५१८, Ext. २०० | |
| | | श्री दिनेशमान प्रधान | ह.स.चा. | | ९८४१७२८५४७ |
| | | श्री गोपाल श्रेष्ठ | ह.स.चा. | | ९८६११०१८७५ |
| | | श्री रमेश लामिछाने | ह.स.चा. | | ९८५१२१३५११ |
| | | श्री कुमार वरुवाल | ह.स.चा. | | ९८४१०१६१८७ |
| | | श्री सुपेन्द्रलाल गोडवा | ह.स.चा. | | ९८१३०५९७६३ |
| | | श्री नरेन्द्र शाह | ह.स.चा. | | ९८४१३५३४१५ |
| | | श्री शोभा कार्की | कार्यालय सहयोगी | | ९८०३२९६२३७ |
| | | श्री चन्दनभगत थारु | कार्यालय सहयोगी | | ९८०७०६५९३८ |
| | | श्री नारायण बहादुर बस्नेत | कार्यालय सहयोगी | | ९८६१३९१२३४ |
| | | श्री रुद्र प्रसाद पौडेल | कार्यालय सहयोगी | | ९८४९५९४७१५ |

अनुसूची ३

# सार्वजनिक खरिद अनुगमन सम्वन्धी विवरण

## १. सिंचाई विकास डिभिजन, कन्चनपुर

**(क) समग्र खरिद प्रकृयाको अवस्थाः**

उक्त कार्यालयको समग्र खरिद प्रकृयाको बारेमा सम्बन्धित पदाधिकारीको छलफल तथा कागजपत्र अध्ययन गर्दा निम्नानुसारको अवस्था रहेको देखिन्छ ।

**(१) खरिद इकाईः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३) सार्वजनिक निकायले खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्नेछ भन्ने व्ययवस्था भएता पनि खरिद इकाई गठन गरेको पाईएन । खरिद सम्बन्धी कागजपत्रहरु कार्यालय प्रमुख, आर्थिक प्रशासन शाखा तथा ईन्जिनियरको स्वामित्वमा रहने गरेको ।

**(२) सूची दर्ताः** सूची दर्ताको लागि राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकासन गरिएको र सूचि दर्ता गर्दा बर्गिकरण गरेर दर्ता गर्ने नगरिएको साथै सोझै खरिद गर्दा त्यस्तो सूचीबाट गर्ने गरिएको ।

**(३) खरिद योजनाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ मा सार्वजनिक निकायहरुले एक वर्षभन्दा बढी अवधीसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक दश करोड रुपैंयाँभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नु पर्नेछ भन्ने उल्लेख भएको तथा नियम ८ मा वार्षिक दश लाख रुपैंयाँ भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोमा बार्षिक खरिद योजना तयार गर्ने गरिएको तर खरिदको गुरुयोजना तयार गर्ने नगरिएको । खरिद योजना तयार गर्दा यस कार्यालयबाट निर्धारण गरिएको ढाँचामा तयार गरिएको । खरिद योजना बमोजिम खरिद कारवाहि नभएको र खरिद योजनालाई पनि अध्यावधिक नगरिएको । उदाहरणको लागि ब्रम्हदेव -१ सिंचाईको खरिद योजनामा बोलपत्र आह्वान गर्ने मिति २०७३।७।८ उल्लेख भएकोमा उक्त निर्माण कार्यको लागि मिति २०७३।११।२ मा बोलपत्र आह्वान भएको देखिन्छ साथै बोलपत्र प्रकृयाका अन्य कार्यहरु पनि सोही बमोजिम योजना बमोजिम भएको देखिएन । त्यस्तै खरिद योजनामा उक्त निर्माण कार्यको अनुमानित लागत अनुमान तीन करोड उल्लेख भएको तर बोलपत्र आह्वान हुँदा ५ करोड ८१ लाखको बोलपत्र आह्वान गरिएको देखिन्छ । खरिद योजना मार्फत योजनाबद्ध खरिद पद्दतिलाई

प्रभावकारि रुपमा कार्यान्वयन गर्न उद्देश्यका साथ खरिद योजना प्रणालीलाई अबलम्बन गरिएको भएता पनि त्यसको कार्यान्वयन हेर्दा औपचारिकता निर्भाह गर्न मात्र गरिए जस्तो देखिन्छ ।

**(४) उपभोक्ता समिति मार्फत गरिने कार्यः**

(क) बोलपत्र मार्फत हुने काममा पनि उपभोक्ता समितिमार्फत गरिने कार्य र अनिवार्य रुपमा लाभग्राही वर्गको योगदान हुने कार्य समेत समावेश गरी लागत अनुमान तयार हुने गरेको देखिन्छ ।बोलपत्रको खरिद सम्झौता संगै उपभोक्ता समितिबाट गर्ने कार्यको पनि सम्झौता हुने गरेको र कतिपय अवस्थामा ठेकेदारले काम गर्नु पहिले उपभोक्ता समितिले काम गर्नु पर्ने अवस्था आउने तर उपभोक्ताहरुले समयमा र सम्झौता बमोजिमको कार्य नगर्ने भने कतिपय अवस्थामा काम नै नगर्ने अवस्थाले गर्दा ठेकेदारले गर्ने काम पनि प्रभावित हुने गरेको जानकारी छलफलको क्रममा प्राप्त भएको । यसरी बोलपत्र मार्फत हुने प्रत्येक कार्यमा उपभोक्ता समिति मार्फत निश्चित काम र निश्चित काम लाग्राही वर्गको अनिवार्य योगदान गर्नुपर्ने नीतिगत व्यवस्थाले गर्दा कार्यान्वयन पक्षमा जटिलता थपेको देखिन्छ । त्यस्ता अन्तरनिर्भर कार्यहरु गर्दा ठेकेदारको काम प्रभावित नहुने उपयुक्त विकल्पको पहिचान गर्नुपर्ने देखिन्छ ।

(ख) उपभोक्ता समिति मार्फत गरिने कार्यमा लाभग्राही वर्गको योगदान समेत हुनेगरी उपभोक्ता समितिसंग खरिद सम्झौता भएको तर अधिकांश सम्झौतामा लाभग्राही वर्गको योगदान सम्झौता बमोजिम नभएको साथै केही खरिद सम्झौतामा लाभग्राही वर्गको योगदान शुन्य रहेको । सो सम्बन्धी खरिद सम्झौता र सो को कार्यान्वयनको केही प्रतिनिधिमुलक उदाहरणहरु निम्नानुसार रहेका छन् ।

उपभोक्ता समिति मार्फत खरिदको विवरण

| सि.नं. | खरिदको छोटकरी विवरण | सम्झौता रकम | | कार्य सम्पन्न विवरण | |
|---|---|---|---|---|---|
| | | सार्वजनिक निकायको योगदान | लाभग्राही वर्गको योगदान | सार्वजनिक निकायको योगदान | लाभग्राही वर्गको योगदान |
| १ | Construction of canal/W and Protection (071/72) | 2542349 | 2405691 | 1366933 | 0 |
| २ | Canal Delisting, Reshaping and Construction of canal/W and Protection (071/72) | 2291411 | 799945 | 159888 | 2202901 |
| ३ | Construction of Intake, canal Lining, Canal Protection, Canal Structures and E/W | 4512281 | 374528 | 4169274 | 0 |

(ग) आ.ब. २०७३/७४ मा उपभोक्ता समिति मार्फत कार्य गर्नेगरी ८ वटा खरिद सम्झौता भएकोमा आ.ब. को अन्त्य सम्ममा २ वटा मात्र काम सम्पन्न भएको देखिन्छ । उपभोक्ता

समिति मार्फत गरिने कार्यको लागि भएका अधिकांश सम्झौताहरु अर्को वर्षमा सर्नुले समिति मार्फत गरिने कार्यको प्रभावकारिता कमजोर रहेको देखिन्छ ।

**(५) कार्यसम्पन्न अवधिः** कुनै पनि कामको लागि कार्यसम्पन्न अवधि निर्धारण गर्दा निश्चित विधिको अवलम्बन गरि गणना गरी गर्नुपर्नेमा उक्त निकायबाट आह्वान भएका सवैजसो बोलपत्रमा कार्यसम्पन्न अवधि १५ महिना कायम गरिएको देखिएकोले अवधि गणना गर्दा बैज्ञानिक विधि अवलम्वन गरे जस्तो देखिदैन । जति रकम जुनसुकै कामको लागि स्पष्ट आधार विना पनि एउटै कार्यसम्पन्न अवधि कायम गरिनु अचित्यपूर्ण देखिएन। साथै लागत अनुमान तयार गर्दा कार्यसम्पन्न गर्नपर्ने अवधि उल्लेख गर्नुपर्नेमा उल्लेख भएको पाईएन ।

**(६) समयावधि थपः** विगतमा कार्यसम्पन्न गर्ने समयावधि थप गरिएका फाईलको अध्ययन गर्न माग गरिएकोमा सो सम्बन्धी फाईल डिभिजन प्रमुख संग रहेको र डिभिजन प्रमुख विदामा रहेको जानकारी प्राप्त भएकोले सो को अनुगमन गर्न सकिएन ।

**(७) कालो सूचीः** बोलपत्र मुल्याङ्कनको क्रममा कालो सूचीमा परे नपरेको सम्बन्धमा यस कार्यालयको वेभ साईट हेर्ने नगरिएको छलफलको क्रममा जानकारी प्राप्त भयो ।

**(८) e-Bidding:** e-Bidding गर्ने बोलपत्रदातासंग बोलपत्र खोलेको ७ दिनभित्र Hard Copy बुझाउनुपर्ने र तोकिएको समयमा नबुझाएमा बोलपत्रलाई Nonresponsive गर्ने प्रावधान बोलपत्र सम्बन्धी कागजातमा राखिएको । यस कार्यलयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजातमा e-Bidding गर्ने बोलपत्रदातासंग त्यसरी Hard Copy माग गर्ने प्रावधान नभएको र यदी कुनै कागजपत्र माग गर्नु परेमा Clarification माग गरी गर्न सकिने प्रावधान राखिएको ।यसरी Hard Copy माग गर्ने र पेश नगरेमा Bid Nonresponsive गर्ने गर्नाले Post Bidding Collusion गर्ने ठाँउ रहने हुँदा Hard Copy माग गर्ने प्रावधान उचित नदेखिएको । साथै यस कार्यालयको bolpotra.gov.np/egp मार्फत e-Bidding मा बोलपत्र दाखिला गर्दा बोलपत्रदाताले सवै कागजपत्र e-Portal बाट राख्ने र सामान्यतया बोलपत्रदातासंग कुनै कागजपत्र माग गर्नु नपर्ने किसिमको व्यवस्था गरिएकोमा bolpotra.gov.np/egp प्रयोग गरी बोलपत्र आह्वानमा समेत Hard Copy मा माग गरेको देखिएको ।

**(९) बार्षिक खरिको विवरणः** आर्थिक बर्ष २०७१/७२, २०७२/७३ र २०७३/७४ मा उक्त बोलपत्र आह्वान भई खरिद सम्झौता भएका बोलपत्रको विवरण निम्नानुसार रहेको छ । उक्त आ.ब. हरुको विभिन्न खरिद सम्बन्धी विवरणहरु माग गरिएकोमा अपुरो विवरण प्राप्त भएको ।

**आ.ब. २०७१/०७२, २०७२/०७३ र २०७३/०७४ मा आह्वान भई खरिद सम्झौता भएका बोलपत्रको बिवरण**

| सि.नं. | बोलपत्र आह्वान आ.व. | ठेक्का नं. | लागत अनुमान रकम | खरिद सम्झौता रकम | भौतिक प्रगति | शुरु निर्माण कार्यको अवधि | समयावधि थप |
|---|---|---|---|---|---|---|---|
| 1 | 071/72 | IWRMP/DOI/W/NCB-54/Kanchanpur 54.2a | 94043929 | 80937914 | 80% | 15 M | 9 M |
| 2 | 071/72 | MIP/Dharapani/NCB/71/72-1.1 | 57397189 | 45120666 | 60% | 15 M | 9 M |
| 3 | 071/72 | MIP/Dharapani/NCB/71/72-1.2 | 17533826 | 13298665 | 100% | 15 M | 6 M |
| 4 | 072/73 | MIP/Chunepani Musepani/NCB/72/73-1.1 | 10483325 | 9396028 | | 15 M | |
| 5 | 072/73 | SMIDP/Palangiswadi/NCB/072/73-1.2 | 5819942 | | | 15 M | |
| 6 | 073/74 | SMIDP/Bramhadev/NCB/073/74-1.1 | 33300662 | 32950220 | | 15 M | |

## (ख) विस्तृत अनुगमन भएका फाईलहरु

### (१) ब्रहमदेव सिंचाई योजना (ठेक्का नं. SMIDP/Bramhadev/NCB/073/74-1.1) निर्माण कार्यः

ब्रहमदेव सिंचाई योजना अन्तर्गतको Canal Lining Canal Earthwork and Protection Works (ठेक्का नं. SMIDP/Bramhadev/NCB/073/74-1.1) निर्माण लागि रु. ६,१३,३८,५५९।- को लागत अनुमान स्वीकृत भई मिति २०७३।११।२ मा बोलपत्र आह्वान भएको । निर्धारित समयमा एउटा मात्र बोलपत्र दाखिला भएको र दाखिला भएको उक्त बोलपत्र सारभुतरुपमा प्रभावग्राही भएको र न्यून मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता श्री थेगिम/जोशि जे.भि. संग मिति २०७४।१।२८ मा रु. ३,२९,५०,२२०।०० (VAT सहित) मा खरिद सम्झौता भएको ।

**बोलपत्र सम्बन्धी विवरणहरु**

| | |
|---|---|
| सार्वजनिक निकाय र ठेक्का नं. | सिंचाई विकास डिभिजन, महेन्द्रनगर |
| | ठेक्का नं. SMIDP/Bramhadev/NCB/073/74-1.1 |
| निर्माण कार्यको संक्षिप्त विवरण | Canal Lining Canal Earthwork and Protection Works |
| लागत अनुमान (मु क र.अ.कन्टेन्जेन्सी समेत) | ६,१३,३८,५५९।- |
| लागत अनुमान (कन्टेन्जेन्सी बाहेक) | ३,३३,००,६६२।०० |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (NCB) पूर्व योग्यता निर्धारण नगरी |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७३।११।२ |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | राजधानी दैनिक |
| बिक्री भएका बोलपत्र संख्या | ९ वटा |
| दाखिला भएका बोलपत्र संख्या | १ वटा |
| बोलपत्र फिर्ता संख्या | छैन |
| सारभुतरुपमा प्रभावग्राही रुपमा ग्राह्य बोलपत्र संख्या | १ |
| खरिद सम्झौताको मिति | २०७४।१।२८ |

| | |
|---|---|
| पुनरावलोकनको लागि निवेदन पेश भएनभएको/ | नभएको |
| खरिद सम्झौता रकम | ३,२९,५०,२२०।०० |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | -१.०५% |
| ठेकेदारको नाम | थेगिम/जोशि जे.भि. |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | १५ महिना |

उक्त बोलपत्र सम्बन्धमा बोलपत्र सम्बन्धी कागजात, खरिद सम्झौता तथा बोलपत्र मुल्याङ्कन प्रतिवेदन अध्ययन गर्दा निम्न कमिकमजोरिहरु देखिन्छ ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ को उपदफा (१)(ङ) मा बोलपत्र पेश गर्ने स्थान, बोलपत्र पेश गर्ने अन्तिम मिति र समय उल्लेख गर्नुपर्ने व्यवस्था भएको र सोही बमोजिम बोलपत्र दाखिला गर्ने अन्तिम मिति तोकेर बोलपत्र प्रकृया अगाडि वढाउनु पर्नेमा उक्त बोलपको बोलपत्र सम्बन्धी कागजातमा बोलपत्र दाखिला गर्ने स्थान र बोलपत्र दाखिला गर्ने अन्तिम मिति समय उल्लेख नभएको ।
- बोलपत्र मुचुल्कामा कबोल अक र Letter of Bid र BOQ मा बोलपत्रदाता वा निजको प्रतिनिधिले हस्ताक्षर भए नभएको उल्लेख गर्नु पर्नेमा सो उल उल्लेख नगरिएको ।
- Letter of Bid को रकम र BOQ को रकम फरक परेको तर बोलपत्र मुल्यांकन प्रतिवेदनमा अंकगणितिय सुधारको कुनै विषय उल्लेख नगरेको ।

**(२) चुचेपानी-मुसेपानी सिंचाई योजना (ठेक्का नं. MIP/Chunepani-Musepani/NCB/2072/073-1.1) निर्माण :**

चुचेपानी-मुसेपानी सिंचा अन्तर्गतको Feeder Canal Protection, Canal Lining Canal Structures and Canal E/W (ठेक्का नं. MIP/Chunepani-Musepani/NCB/2072/073-1.1) निर्माण लागि रु. १,५८,८१,८८८।- को लागत अनुमान स्वीकृत भई मिति २०७३।१।२४ मा बोलपत्र आह्वान भएको । निर्धारित समयमा ५ वटा बोलपत्र दाखिला भएका र दाखिला भएका बोलपत्र मध्ये न्यून मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता श्री जसलिङ/भौनेली जे.भि. संग मिति २०७३।३।२२ मा रु. ९३,९६,०२८.८९ (VAT सहित) मा खरिद सम्झौता भएको ।

**<u>बोलपत्र सम्बन्धी विवरणहरु</u>**

| | |
|---|---|
| सार्वजनिक निकाय र ठेक्का नं. | सिंचाई विकास डिभिजन, महेन्द्रनगर |
| | ठेक्का नं. MIP/Chunepani-Musepani/NCB/2072/073-1.1 |
| निर्माण कार्यको संक्षिप्त विवरण | Feeder Canal Protection, Canal Lining Canal Structures and Canal E/W |
| लागत अनुमान (मु.अ.कर र कन्टेन्जेन्सी | १,५८,८१,८८८ |

| | |
|---|---|
| समेत) | |
| लागत अनुमान (कन्टेन्जेन्सी बाहेक) | १,०४,८३,३२५।०० |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (NCB) पूर्व योग्यता निर्धारण नगरी |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र कागजातका विशेष प्रावधान | |
| बोलपत्र आह्वान मिति | २०७३।१।२४ |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | राजधानी दैनिक |
| बिक्री भएका बोलपत्र संख्या | ७ वटा |
| दाखिला भएका बोलपत्र संख्या | ५ वटा |
| बोलपत्र फिर्ता संख्या | छैन |
| सारभुतरुपमा प्रभावग्राही बोलपत्र संख्या | बोलपत्र मुल्यांकन प्रतिवेदनमा उल्लेख नभएको । |
| खरिद सम्झौताको मिति | २०७३।३।२२ |
| पुनरावलोकनको लागि निवेदन पेश भए/नभएको | नभएको |
| खरिद सम्झौता रकम | ९३,९६,०२८।०० |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | -१०.३७ % |
| ठेकेदारको नाम | जसलिङ/भौनेली जे.भि. |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | १५ महिना |

उक्त बोलपत्र सम्बन्धमा बोलपत्र सम्बन्धी कागजात, खरिद सम्झौता तथा बोलपत्र मुल्याङ्कन प्रतिवेदन अध्ययन गर्दा निम्न कमिकमजोरिहरु देखिन्छ ।

- बोलपत्र कागजातमा बोलपतदाता वा निजको प्रतिनिधिले हस्ताक्षर गरे/नगरेको बोलपत्र मुचुल्कामा उल्लेख गर्नुपर्नेमा सो उल्लेख नभएको र बोलपत्रको पूर्णताको परीक्षणमा २ वटा बोलपत्रहरुमा बोलपत्रदाताको दस्तखत नभएकोले ग्राह्य नभएको उल्लेख गरिएको । बोलपत्र मुचुल्कामा उल्लेख गर्नुपर्ने व्यहोरा उल्लेख नगर्नु र सोही कारण देखाएर बोलपत्र ग्राह्य नभएको उल्लेख गर्नुले विभिन्न आशंका गर्ने ठाँउ रहेको ।

## २. भूकम्पीय आवास पुनर्निर्माण आयोजना जिल्ला आयोजना कार्यान्वयन ईकाई, सिन्धुली ।

### (क) समग्र खरिद प्रकृयाको अवस्थाः

उक्त कार्यालयको समग्र खरिद प्रकृयाको बारेमा सम्बन्धित पदाधिकारीको छलफल तथा कागजपत्र अध्ययन गर्दा निम्नानुसारको अवस्था रहेको देखिन्छ ।

**(१) खरिद इकाईः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३) सार्वजनिक निकायले खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको

स्थापना गरी खरिद अधिकारी तोक्नु पर्नेछ भन्ने व्यवस्था भएता पनि उक्त निकायमा सो अनुसार खरिद ईकाई गठन नभएको पाईयो । खरिद सम्बन्धी कागजपत्रहरु आर्थिक प्रशासन शाखा तथा ईन्जिनियरको स्वामित्वमा रहने गरेको ।

**(२) सूची दर्ताः** सूची दर्ताको लागि राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरिएको र सूचि दर्ता गर्दा बर्गिकरण गरेर दर्ता गर्ने नगरिएको । Website निर्माण नभएको पाईयो साथै सूचीकरण गर्दा Computer Based मा नराखी Manual रुपमै राख्ने गरेको । कार्यालयबाट सूचीकरण पश्चात सूचिकृत फर्महरुलाई कार्यलयले दर्ता नम्बर दिने गरेको अरु प्रमाणित निस्सा दिने नगरेको ।

**(३) खरिद योजनाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ मा सार्वजनिक निकायहरुले एक वर्षभन्दा बढी अवधीसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक दश करोड रुपैंयाँ भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नु पर्नेछ भन्ने उल्लेख भएको तथा नियम ८ मा वार्षिक दश लाख रुपैंयाँ भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोमा उक्त जिल्ला आयोजना कार्यालय भर्खरै मात्र स्थापना भएको र केन्द्रमा केन्द्रिय स्तरीय आयोजना कार्यान्वयन ईकाई रहेको जसले नै बार्षिक खरिद योजना र खरिदको गुरुयोजना तयार गर्ने गरेको जानकारी प्राप्त भयो। खरिद योजना तयार गर्दा निर्धारण गरिएको ढाँचा लगायत खरिद योजना र सो अनुरुप सम्पन्न गर्नु पर्ने अन्य कार्यको सम्वन्धमा उक्त निकायमा प्रमाण तथा कागजात नभएको कारण उल्लेख गर्न सकिएन ।

**(ख) विस्तृत अनुगमन भएका फाईलहरु**

**(१) साविक गा.वि.स. पुरानो झाँगाझोलीको भवन निर्माणः (ठेक्का नं 1/2073/74)**

जिल्ला आयोजना कार्यान्वयन ईकाई, सिन्धुलीबाट भएको साविक गा.वि.स. पुरानो झाँगाझोलीको भवन निर्माण कार्यसंग सम्वन्धीत कागजपत्रहरु अध्ययन गर्दा तथा सम्वन्धीत कार्यालयका पदाधिकारीहरु संग प्रत्यक्ष छलफल गरियो । उक्त बोलपत्र सम्बन्धमा बोलपत्र सम्बन्धी कागजात, खरिद सम्झौता तथा बोलपत्र मुल्याङ्कन प्रतिवेदन अध्ययन गर्दा निम्न कमिकमजोरिहरु देखिन्छन् :

(क) उक्त बोलपत्रको Standard Bid Document बाट कार्यालयको आवश्यकता अनुसार GCC र SCC राख्दा भर्नु पर्ने कतिपय बिवरणहरु नभरी बिक्री गरेको ।

जस्तैः SCC अन्तर्गत GCC 1.1(ff) The start date shall be…., GCC 2.2 sectional completions are……., GCC 2.3 (i) The following documents also from part of the Contract…, GCC 8.1 The schedule of other contractor…, GCC 14.1 site investigation reports are…, GCC 17.1 The following shall be designed by the

contractor, GCC 20.1 the site possession date shall be, GCC 25.4 The place of arbitration shall be…. जस्ता थुप्रै clause हरुमा खालि नै राखीएको ।

(ख) पुरै Document मा कार्यालय प्रमुखको सहित कार्यालयको छाप लगाएको हुनु पर्नेमा BOQ मा मात्र सहि गरि बिक्री गरेको ।

(ग) GCC अनुसार SCC नम्वर मिलेको नदेखिएको ।

(घ) बोलपत्र बिक्री र दर्ता फरक फरक रजिष्टरमा हुनु पर्नेमा एउटैमा भएको ।

(ङ) बोलपत्र मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा सबै बिवरणहरु खोली प्रतिवेदन नदिएको । बैठक बसी रजिष्टरमा मात्र माईन्यूट गरि कामहरु गरेको ।बोलपत्र मूल्याङ्कन प्रतिवेदन समेत तयार नगरेको ।

(च) VAT,। PAN दर्ता सम्वन्धी कागजातको फोटोकपी बोलपत्र बिक्री गर्दा मागेको र सोही कागजातलाई बोलपत्र पेश गर्दाको अवस्थामा पनि मानिएको ।

(छ) पेश भएका बोलपत्रहरुको पूर्णताको परीक्षण समेत नगरेको पाईयो

**(२) साविक गा.वि.स. बस्तीपुरको भवन निर्माणः (ठेक्का नं 2/2073/74)**

जिल्ला आयोजना कार्यान्वयन ईकाई, सिन्धुलीबाट भएको साविक गा.वि.स. बस्तिपुरको भवन निर्माण कार्यसंग सम्वन्धीत कागजपत्रहरु अध्ययन गर्दा तथा सम्वन्धीत कार्यालयका पदाधिकारीहरु संग प्रत्यक्ष छलफल गरियो । उक्त बोलपत्र सम्बन्धमा बोलपत्र सम्बन्धी कागजात, खरिद सम्झौता तथा बोलपत्र मुल्याङ्कन प्रतिवेदन अध्ययन गर्दा निम्न कमिकमजोरिहरु देखिन्छन् :

(क) उक्त बोलपत्रको Standard Bid Document बाट कार्यालयको आवश्यकता अनुसार GCC र SCC राख्दा भर्नु पर्ने कतिपय बिवरणहरु नभरी बिक्री गरेको ।

जस्तैः SCC अन्तर्गत GCC 1.1(ff) The start date shall be…, GCC 2.2 sectional completions are…, GCC 2.3 (i) The following documents also from part of the Contract…, GCC 8.1 The schedule of other contractor…, GCC 14.1 site investigation reports are…, GCC 17.1 The following shall be designed by the contractor, GCC 20.1 the site possession date shall be, GCC 25.4 The place of arbitration shall be….. जस्ता थुप्रै clause हरुमा खालि नै राखीएको ।

(ख) पुरै Document मा कार्यालय प्रमुखको सहित कार्यालयको छाप लगाएको हुनु पर्नेमा BOQ मा मात्र सहि गरि बिक्री गरेको । GCC अनुसार SCC नम्वर मिलेको नदेखिएको ।

(ग) बोलपत्र बिक्री र दर्ता फरक फरक रजिष्टरमा हुनु पर्नेमा एउटैमा भएको ।

(घ) बोलपत्र मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा सबै बिवरणहरु स्पष्ट रुपमा खोली प्रतिवेदन नदिएको। बैठक बसी रजिष्टरमा मात्र माईन्यूट गरि सबै कामहरु गरेको ।बोलपत्र मूल्याङ्कन प्रतिवेदन समेत तयार नगरेको ।

(ङ) VAT,/ PAN दर्ता सम्वन्धी कागजातको फोटोकपी बोलपत्र बिक्री गर्दा मागेको र सोही कागजातलाई बोलपत्र पेश गर्दाको अवस्थामा पनि मानिएको ।

(च) पेश भएका बोलपत्रहरुको पूर्णताको परीक्षण समेत नगरेको पाईयो ।

**(३) Rehabilitation and Reconstruction of Pipal Bhanjyang-Haitar-Netrakali Road From CH 14+400 to Km 29+290: (ठेक्का नं MoFALD/CLPIU/EEAP/Works/NCB-13/2073/74)**

जिल्ला आयोजना कार्यान्वयन ईकाई, सिन्धुलीबाट भएकोबी Rehabilitation and Reconstruction of Pipal Bhanjyang-Haitar-Netrakali Road From CH 14+400 to Km 29+290, निर्माण कार्यसंग सम्वन्धीत कागजपत्रहरु अध्ययन गर्दा तथा सम्वन्धीत कार्यालयका पदाधिकारीहरु संग प्रत्यक्ष छलफल गरियो । उक्त बोलपत्र सम्बन्धमा बोलपत्र सम्बन्धी कागजात, खरिद सम्झौता तथा बोलपत्र मुल्याङ्कन प्रतिवेदन अध्ययन गर्दा निम्न कमिकमजोरिहरु देखिन्छन् :

(क) सडक निर्माणको लागि गरिएको Contract Agreement मा Purpose गरे बमोजिमको Manpower नराखेको देखियो । कार्यालयले पत्र लेख्दा समेत नखटाएको पाईयो ।

(ख) भवन निर्माणको लागि Contract Agreement 30$^{th}$ march 2017 मा गरेको । Particular Condition of Contract अन्तर्गत GCC 26.1 मा The site possession date shall be: 15 days from the date of signing of contract भनी उल्लेख गरेकोमा उक्त कार्य कार्यालयले 25$^{th}$ April 2017 मा दिएको देखिदा सो कार्य नमिलेको देखियो ।

(ग) निर्माण कार्यको लागि सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा निर्माण ब्यावसायीले १० लाख रुपैया भन्दा बढी रकमको निर्माण कार्य गराउदा अनिवार्य रुपमा गर्नुपर्ने बीमाको ब्यवस्था भएकोमा उक्त निर्माण कार्यमा बिमाको ब्यवस्था गरेको तर निर्माण कार्य शुरु देखि नै नभई उक्त खाली अवधीको जोखिमलाई समेत ध्यान नदिएको ।

(घ) उक्त निर्माण कार्यमा मुअब्जा बितरण, IEE समेत नहुदै टेन्डर आह्वान भएको हुदा मुअब्जा तथा IEE संग सम्वन्धीत बिविध समस्याहरुका कारण उक्त निर्माण कार्य समेत योजनाबद्द तवरले हुने सुनिश्चितता नरहेको । जसका कारण आयोजना Time over run र cost over run भई समग्र आयोजनाको ब्यवस्थापन तथा खर्चको सुनिश्चिततामा दिगोपना हुने सम्भावना नदेखिएको ।

## ३. खानेपानी तथा सरसफाई डिभिजन, सिन्धुली

### (क) समग्र खरिद प्रकृयाको अवस्थाः

उक्त कार्यालयको समग्र खरिद प्रकृयाको बारेमा सम्बन्धित पदाधिकारीको छलफल तथा कागजपत्र अध्ययन गर्दा निम्नानुसारको अवस्था रहेको देखिन्छ ।

**(१) खरिद इकाईः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३) सार्वजनिक निकायले खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्नेछ भन्ने व्यवस्था भए अनुसार खरिद ईकाई गठन भएको पाईयो । खरिद सम्बन्धी कागजपत्रहरु सम्बन्धित खरिद ईकाई र लेखा शाखाको स्वामित्वमा रहने गरेको ।

**(२) सूची दर्ताः** सूची दर्ताको लागि राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकासन गरिएको र सूचि दर्ता गर्दा बर्गिकरण गरेर दर्ता गर्ने नगरिएको साथै सोझै खरिद गर्दा त्यस्तो सूचीबाट गर्ने गरिएको ।

**(३) खरिद योजनाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ मा सार्वजनिक निकायहरुले एक वर्षभन्दा बढी अवधीसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक दश करोड रुपैंयाँ भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नु पर्नेछ भन्ने उल्लेख भएको तथा नियम ८ मा वार्षिक दश लाख रुपैंयाँ भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोमा बार्षिक खरिद योजना र खरिदको गुरुयोजना तयार गर्ने गरिएको । खरिद योजना तयार गर्दा यस कार्यालयबाट निर्धारण गरिएको ढाँचामा तयार गरिएको । खरिद योजना बमोजिम नै खरिद कारवाहि भएको तर खरिद योजनालाई अद्यावधिक गर्ने नगरिएको । खरिद योजना मार्फत योजनाबद्ध खरिद पद्दतिलाई प्रभावकारि रुपमा कार्यान्वयन गर्ने उद्देश्यका साथ खरिद योजना प्रणालीलाई अबलम्बन गरिएको देखिन्छ ।

**(४) खरिद बिधि :** सार्वजनिक खरिद ऐन २०६३, को दफा ८ मा सार्वजनिक निकायले खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यको आधारमा कुनै एक बिधि उपनाई खरिद गर्नु पर्नेछ भन्ने व्यवस्था रहे अनुसार उक्त कार्यको लागि राष्ट्रिय स्तरमा खुल्ला बोलपत्र आह्वान गरी गरेको पाईयो। जस अनुसार डिभिजन कार्यालबाट भएको एच.डि.पि. पाईप आपूर्ति सम्वन्धी बोलपत्र आह्वानको सूचना मिति २०७४।६।२३ को हिमालय टाईम्स दैनिकमा प्रकासित भएको पाईयो । खरिद बिधि परिवर्तन हुने गरी Slicing/Packaging गर्ने गरिएको पाईएन।

### (ख) विस्तृत अनुगमन भएका फाईलहरु

## (१) एच.डि.पि. पाईप आपूर्ति सम्वन्धी बोलपत्र (ठेक्का नं १/२०७४/७५)

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सिन्धुलीबाट भएको एच.डि.पि. पाईप आपूर्ति कार्यसंग सम्वन्धीत कागजपत्रहरु अध्ययन गर्दा तथा सम्वन्धीत पदाधिकारीसंग प्रत्यक्ष छलफल गर्दा निम्न पक्षहरु रहेको पाईयोः

### बोलपत्र सम्बन्धी विवरणहरु

| | |
|---|---|
| सार्वजनिक निकाय र ठेक्का नं. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सिन्धुली |
| | ठेक्का नं. 01/274/75 |
| निर्माण कार्यको संक्षिप्त विवरण | एच.डि.पि. पाईप आपूर्ति |
| लागत अनुमान (भ्याट बाहेक) | ५३,०८,६३९।२१ |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (NCB) |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७४।६।२३ |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | हिमालय टाईम्स |

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सिन्धुलीबाट भएको एच.डि.पि. पाईप आपूर्ति कार्यसंग सम्वन्धीत कागजपत्रहरु अध्ययन गर्दा अध्ययन गर्दा निम्नानुसारको कमी कमजोरीहरु रेहेको पाईयोः

- बैंक ग्यारेन्टी नमूना बमोजिम हुनुपर्नेमा सो नभएको साथै ग्यारेन्टीमा नमूना भन्दा बढी कुराहरु राखिएको।
- उक्त बोलपत्र सम्झौता पत्रमा Schedule of requirement, SCC (Special Condition of contract) नभएको ।
- उक्त पाईप आपूर्ति गर्ने प्रयोजनको लागि बार्षिक खरिद योजना स्वीकृत गरिएको भएतापनि उक्त खरिद योजनामा उल्लेख गर्नुपर्ने बिषयहरु उल्लेख भएको देखिएन।केवल औपचारिकता निर्वाहकोलागि मात्र योजना तयार गरे जस्तो देखिन्छ ।
- बोलपत्र कागजात तयारी गर्दा यस कार्यालयले तयार गरेको पुरानो Document प्रयोग गरेको । सार्वजनिक खरिद ऐन, २०६३ को पहिलो संशोधन तथा नियमावली, २०६४ को चौथो संशोधन बमोजिम भएका संशोधित ब्यवस्थाहरु सहित बोलपत्र आह्वान गर्नुपर्नेमा सो भएको देखिएन ।
- बोलपत्र आह्वान पश्चात सूचनामा खुलाउनु पर्ने न्यूनतम् कुराहरु खुलाईएको, बोलपत्र खोलेको मुचुल्का तयार गर्दा प्रतिनिधिहरुको हस्ताक्षर नभएको । उक्त बोलपत्रको सूचना प्रकाशन गर्दा सम्वन्धीत वेभसाईटमा समेत नराखिएको ।

- बोलपत्रको मूल्याङ्कनका लागि मूल्याङ्कन समिति गठन भएको । बोलपत्र मूल्याङ्कन समितिले उक्त एच.डि.पि. पाईप आपूर्ति गर्ने प्रयोजनको लागि बोलपत्रको मूल्याङ्कन गर्दा बोलपत्रदाता संग Manufacturing Authorization Letter माग गरिएको तर पेश नभएको । उक्त Manufacturing Authorization Letter पेश नभएपनि उक्त बोलपत्रदातालाई Responsive Bidder मानिएको ।
- उक्त बोलपत्र मूल्याङ्कन समितिले बोलपत्रको पूर्णताको परिक्षण, कानूनी ग्राह्यताको परिक्षण जस्ता मूल्याङ्कन गर्दा गर्नुपर्ने अति महत्वपूर्ण कार्यहरु नगरेको पाईयो ।साथै बोलपत्र मूल्याङ्कन समितिले उक्त बोलपत्र मूल्याङ्कन गरि प्रतिवेदन तयार गर्नु पर्नेमा सो नगरि केवल टिप्पणी उठाई आवश्यक निर्णय गर्ने गरेको र टिप्पणीमा पनि मूल्याङ्कन गर्नुपर्नेमा न्यूनतम् बिषयहरु नसमेटिएको।

**(२) राँगे लिफ्ट खानेपानी आयोजना, सिन्धुली ७, दुधौली**

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सिन्धुलीबाट उपभोक्ता समिति मार्फत निर्माण कार्य गरेको सम्वन्धी १ वटा खानेपानी आयोजनाको अनुगमन गरियो । उक्त फाईल अध्ययन गर्दा निम्न बमोजिमका पक्षहरु रहेको पाईयो ।

**योजनाको संक्षिप्त बिवरण**

| | |
|---|---|
| आयोजनाको नाम | राँगे लिफ्ट खानेपानी आयोजना सिन्धुली -७ दुधौली |
| निर्माण कार्यको संक्षिप्त विवरण | ७५ घनमिटर RCC टैंक निर्माण |
| लागत अनुमान (भ्याट बाहेक) | १५,६४,४३०।११ |
| सम्झौताको कुल रकम | १४,५१,७८७।६७ |
| सम्झौता मिति | २०७४।९।२० |
| कार्य शुरु गर्ने मिति | २०७४।९।२१ |
| खरिद विधि | उपभोक्ता समितिबाट |
| कार्य सम्पन्न गर्नुपर्ने मिति | २०७५।३।२० |

उपभोक्ता समितिबाट भएको उक्त खानेपानी आयोजना निर्माण कार्यको फाईल अध्ययन गर्दा निम्नानुसारको कमजोरीहरु रेहेको पाईयोः

- उक्त बहुबर्षिय आयोजना सम्पन्न गर्नको लागि कूल अनुमानित लागत रु १,४३,७९,७२०।८२ भएको तर प्रत्येक बर्ष न्यून बजेट (जस्तैः आ.ब. २०७४/७५ को लागि बिनियोजित रु. १४,५१,७८७।६७) बिनियोजन हुने भएकोले आयोजना निर्माणका लगि बजेट अभावका कारण समयमै निर्माण कार्यहरु सम्पन्न हनुने तथा आयोजनाको प्रगति समेत अपेक्षित नहुने हुदा समग्र आयोजनाको दिगोपनामा समेत प्रभाव पर्ने देखिन्छ ।

- सार्वजनिक खरिद नियमावलीको नियम ९७ को उपनियम ४ मा उल्लेख भएअनुसार उपभोक्ता समितिले निर्माण कार्य संचालन गर्दा शुरु पेश्की बापत संम्झौता रकमको बढीमा एक तिहाई रकमसम्मको अग्रिम पेश्की दिन सकिने ब्यवस्था भएको तर उक्त निर्माण कार्यको हकमा सार्वजनिक निकायले उक्त निर्माण कार्यवापत पेश्की रकम उपलब्ध नगराउदा उपभोक्ता समितिले नै निर्माण कार्यको संचालन गर्नुपर्ने भएबाट बिनियोजित बजेट स्थिर रहदा एकातिर पूँजी निर्माण नहुने तथा अर्कोतिर उपभोक्ता समितिले समेत कार्य संचालन गर्नको लागि बजेटको बैकल्पिक उपायहरु अपनाउनु पर्ने हुदा निर्माण कार्य समेत प्रभावित हुने देखिन्छ ।

## ४. त्रिपुरेश्वर-कलंकी-नागढुंगा सडक आयोजना

### १. पृष्ठभूमि

१.१. काठमाडौ उपत्यका प्रवेश गर्ने मुख्य सडकको रुपमा रहेको नागढुंगा देखि त्रिपुरेश्वर सम्मको सडकलाई बिस्तार गरि उपत्यका प्रवेश गर्ने यातायात व्यवस्थापनको कामलाई सहज बनाउने प्रयास स्वरुप शुरुवात  गरिएको नागढुंगा  देखि त्रिपुरेश्वर सम्मको सडक आयोजना शुरु भए पछि निर्धारित समयमा सम्पन्न हुन नसक्दा यसले काठमाडौं उपत्यका प्रवेश गर्ने यातायातका साधानहरुलाई कठिन बनाएको छ भने आयोजनाले लिएको उद्देश्य पुरा हुन समेत सकेको छैन । काठमाडौ उपत्यका प्रवेश गर्ने मुख्य सडकको रुपमा रहेको नागढुंगा देखि त्रिपुरेश्वर सम्म बिस्तार गर्न लागिएको सडकको कुल लम्बाई १२.४८० किलोमिटर रहेको छ । उक्त सडक निर्माणको लागि चार वटा खण्डमा विभाजन गरि बोलपत्र आह्वान गरिएको र सोही अनुसार काम अगाडि बढाएको देखिन्छ ।

### २. आयोजनाको बिस्तृत आयोजना प्रतिवेदन र लागत अनुमानः

२.१. उक्त आयोजनाको लागि बिस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरी आयोजना प्रकृया अगाडि बढाएको देखिन्छ । बिस्तृत आयोजना प्रतिवेदनको लागि परामर्शदाता नियुक्त गरी तयार गरिएको । बिस्तृत आयोजना प्रतिवेदनले सो निर्माण कार्य संग सम्बन्धित सबै किसिमका विषयहरु समेटेर प्रतिवेदन तयार गर्नु पर्नेमा सो बमोजिमले तयार भएको देखिएन । प्रतिवेदनमा Site Clearance लागि भत्काउनुपर्ने भौतिक संरचनाको विवरण, खानेपानी, ढल, विजुलि, टेलिफोन जस्ता अन्य उपयोगि साधनहरुलाई व्यवस्थापन गर्न लाग्ने खर्च जस्ता विषयहरु उल्लेख नगरी बिस्तृत आयोजना प्रतिवेदन तयार गरेको देखिन्छ । यसबाट आयोजनाको बास्तविक अवस्थाको जानकारी लिन, बास्तविक लागत पत्ता लगाउन र निर्माण कार्य गर्नको लागि सहयोग पुग्ने देखिदैन । लागत अनुमान स्वीकृतिको निर्णय तथा बिस्तृत आयोजना प्रतिवेदनमा सो साईजको प्याकेजिङ किन गरियो भन्ने उल्लेख नभएको। लागत अनुमान तयार गर्दा मुल्य समायोजन कन्टिन्जेन्सी तथा फिजिकल कन्टिन्जेन्सी बापत १०/१० प्रतिसत रकम बजेट प्रयोजनको लागि राख्नुपर्ने स्पष्ट व्यवस्था भएता पनि सो

बमोजिमको व्यवस्था गरिएको देखिएन । साथै उक्त आयोजनामा मुल्य समायोजन र भेरियसन भने गरिएको छ । बिस्तृत आयोजना प्रतिवेदनमा विभिन्न विकल्प सहितको निर्माणको लागि लाग्ने समयावधि गणना गरी पेश गर्नु पर्नेमा निर्माणको लागि लाग्ने समयावधिका बिषयमा कुनै कुरा उल्लेख गरेको देखिएन । बिस्तृत आयोजना प्रतिवेदन बमोजिम लागत अनुमान स्वीकृत गरिएको र स्वीकृत लागत अनुमान र प्याकेजको साईज निम्नानुसार रहेको देखिन्छ ।

**आयोजनाको लागत अनुमान**

| सि.नं. | सडकको नाम | ठेक्का नं. | सडकको लम्बाई | लागत अनुमान (भ्याट सहित) रु. हजारमा |
|---|---|---|---|---|
| १ | त्रिपुरेश्वर कलंकी सडक | KVRIP/337494 / 071–72 / 037 | ३.३८० कि.मि. | ४९२,३७५।- |
| २ | कलंकी नागढुंगा सडक | KVRIP/337494 /071–720 / 038 | ३.००० कि.मि. | ४६२,२१४।- |
| | | KVRIP/337494 /071–720 / 039 | ३.००० कि.मि. | ४७१,२५१।- |
| | | KVRIP/337494 /071–720 / 040 | ३.००० कि.मि. | ६९९,३७२।- |
| | | जम्मा लागत | | २१,२५,२१२।- |

**३. हालसम्मको प्रगति**

३.१. उक्त आयोजनाबाट प्राप्त बिवरण अनुसार यस सडकको कुल लम्बाई १२.४८० कि.मि. रहेकोमा पूर्ण अवरोध रहित सडकको लम्बाई ४.६७०, आंशिक अवरोध रहेको ४.३४० कि.मि. र पूर्ण अवरोध रहेको सडकको लम्बाई ३.४९० कि.मि. रहेको छ । उक्त सडक मध्ये हालसम्म पूर्ण अवरोध रहित सडक खण्डमा बेस कोर्षको कार्य समाप्त भई २.६८ कि.मि.लम्बाई सडकमा दुई तर्फ नै कालोपत्रेको कार्य सम्पन्न भएको र बाँकी भागमा कालोपत्रे गर्न बाँकी रहेको । आंशिक अवरोध रहेको ४.३४० कि.मि. सडक खण्डमा डिमारकेशन वाल लगाएको, ह्युमपाइप बिच्छयाइएको केहि स्थानमा फुटपाथ कार्य जारी रहेको र पूर्ण अवरोध रहेको सडकको लम्बाई ३.४९० कि.मि. रहेको खण्डमा कुनै कार्य थालनी हुन नसकेको ।

३.२. आयोजनाका अनुसार सम्मानित सर्वोच्च अदालतबाट उक्त सडक खण्डका बिभिन्न स्थानहरुमा निर्माणको कार्य रोक्न अन्तरिम आदेश जारी गर्नु, बिस्तारित सडकको दाँया बाँयाका स्थानीय बासिन्दाहरुबाट जग्गा सहित क्षतिपूर्ति माग भएको, बिभिन्न सडकहरुमा Row विवाद खडा गरि कार्य अघि बढन नदिइएको, बिद्युत टेलिफोनका पोलहरु लगायतका युटिलिटिजहरु केहि मात्रामा स्थानान्तरण भए तापनि पूर्ण रुपमा स्थानन्तरण हुन नसकेको तथा बिस्तारित सडकको दाँया बाँया सडक सीमा भित्र परेका रुखहरु कटानमा ढिलाई भएको कारण भौतिक प्रगति कम हुन गएको भन्ने आयोजनाको भनाई रहेको छ ।

| सि.नं. | ठेक्का नं. | लागत अनुमान (भ्याट सहित) रु. हजारमा | ठेक्का रकम (भ्याट सहित) रु.हजारमा | सम्झौता मिति | ठेक्का सम्पन्न गर्नु पर्ने मिति (एक बर्ष म्याद थप सहित) | भौतिक प्रगति २०७५/२/१४ सम्म | निर्माण कम्पनी |
|---|---|---|---|---|---|---|---|
| १ | KVRIP/337494 / 071–72 / 037 | ४९२,३७५।- | ३९२,९६४।- | २०७२।३।३१ | २०७५।७।३० | ५०% | बज्रगुरु/ विरुवा/ सि.एम.जे. भि. |
| २ | KVRIP/337494 /071–720 / 038 | ४६२,२१४।- | ३५१,७४६।- | २०७२।३।३१ | २०७५।६।३० | ३५% | शर्मा /शैलुङ्ग/ कान्छाराम जे.भि. |
| ३ | KVRIP/337494 /071–720 / 039 | ४७१,२५१।- | ३४७,४२६।- | २०७२।३।३१ | २०७५।६।३० | ४०% | लुम्बिनी/शैलुङ्ग/साप जे.भि. |
| ४ | KVRIP/337494 /071–720 / 040 | ६९९,३७२।- | ५४६,७५८।- | २०७२।३।३१ | २०७५।९।३० | ६०% | शर्मा/ शैलुङ्ग/ कान्छाराम जे.भि. |

## ४. आयोजनमा प्रगति नहुनुका कारणहरु

### ४.१. बिस्तृत आयोजना प्रतिवेदन (Detail Project Report)

४.१.१ आयोजना निर्माण गर्नु अघि तयार गरिने बिस्तृत आयोजना प्रतिवेदनले उक्त आयोजनको सम्पूर्ण पक्षहरुलाई समेटेको हुन्छ । यस अर्थमा बिस्तृत आयोजना प्रतिवेदनमा आयोजना कार्यान्वयन गरिने स्थानको बर्तमान अवस्थाको बिस्तृत जानकारी, आयोजना कार्यान्वयन गर्ने क्रममा के कस्ता समस्या र अवरोधहरु रहेका छन भन्ने बारेमा गरिएको बिश्लेषण सहितका कुराहरु समावेश भई आउनु पर्ने हुन्छ । नागढुंगा देखि त्रिपुरेश्वर सम्मको सडक बिस्तारको क्रममा व्यक्तिका धेरै घरहरु पर्ने कुरा जगजाहेर नै देखिन्छ । यस्तो अवस्थामा उक्त सडक बिस्तारको क्रममा कति वटा घरहरु बाटोमा परेको कारण भत्काउनु पर्ने अवस्थाका छन । यस्ता घरहरु भत्काउदा के कस्ता समस्या आउछन, त्यसता समस्याहरु कसरी हल गरि आयोजनको काम सुचारु गर्ने सकिन्छ भन्ने बारेमा स्पस्ट खाका सहितको प्रतिवेदनमा आउनु पर्ने देखिन्छ । यसका साथै सरकारका बिभिन्न निकायहरुले गर्नुपर्ने कामहरुको पनि बिस्तृत विवरण तयार हुनु पर्ने हो । यसमा खास गरि नेपाल विद्युत प्राधिकरणले विद्युतका पोलहरु कति सार्नु पर्ने हो र सो वापत कति लागत लाग्दछ ? नेपाल टेलिकमले पोलहरु तथा तार व्यवस्थापनको लागि के कति कामहरु गर्नु पर्ने हो र सो वापत कति लागत लाग्दछ ? र बन कार्यालयले के कति रुखहरु काटनु पर्ने हो र सो को लागि के कति लागत लाग्दछ ? आदि बारेमा प्रस्ट रुपमा विवरणहरु सहितको प्रतिवेदन आउनु पर्ने थियो । साथै सरकारका बिभिन्न निकायहरुले गर्नुपर्ने कामहरु जसमा घर/टहरा/वाल भत्काउने कामको जिम्मेवारी उपत्यका विकास प्राधिकरणको रहेको देखिन्छ । विद्युतका पोलहरु, ट्रान्सफर्मर, हाइटेन्सन हटाउने तथा सार्ने काम नेपाल विद्युत प्राधिकरणको रहेको छ ।यि सबै बिषय बिस्तृत आयोजना प्रतिवेदनले समेटनु थियो । तर देखिएन ।

४.१.२. टलिफोनका पोल, तार, म्यानहोल हटाउने सार्ने लगायतको व्यवस्थापनको काम नेपाल टेलिकमको रहेको छ । सडक बत्ती व्यवस्थापनको काम काठमाडौ महानगरपालिका लगायत सम्बन्धित नगरपालिहकाहरुको रहेको छ । रुख कटान गर्ने काम जिल्ला वन कार्यालयको रहेको

छ। खानेपानी टयांकी व्यवस्थापनको काम काठमाडौं उपत्यका खानेपानी लिमिटेडको रहेको छ । साथै मन्दिर ढुंगेधाराको व्यवस्थापन गर्ने काम स्थानीय गुठी र पुरातत्व विभागको रहेको छ । त्यसतै उक्त सडकमा पर्ने सरकारी संस्थान नेशनल ट्रेडिङ्ग लिमिटेको पर्खाल भत्काउने काम उक्त संस्थानले गर्नुपर्ने तोकिएको छ । जुन कामहरु कुन निकायले कहिले सम्म गर्न सक्दछ तब मात्र आयोजना शुरु गर्ने बारेमा पनि बिस्तृत आयोजना प्रतिवेदनमा आएको भए प्रारम्भमा गर्नुपर्ने कामहरु भए पछि मात्र आयोजनाका कामहरु गर्न सहज हुने थियो भने अर्को तर्फ आयोजनाको लागि उपयुक्त रणनीति बनाउन पनि सहज हुने थियो । बिस्तृत आयोजना प्रतिवेदनमा यस्ता बिषयहरु नभएको कारण आयोजनाको काम शुरु भए संगै कस्ता समस्याहरु आउन भन्ने अनुमान नै भएन । जब आयोजना शुरु भयो तब बिभिन्न समस्याहरु उत्पन्न भए । समसया आए पछि मात्र समाधान गर्ने तर्फ सोच्ने अवस्था रहयो । आयोजना तथा सम्बद्ध निकायहरुले समस्या समाधान गर्ने तर्फ उचित काम गर्न नसक्दा र बिशेष गरि घर भत्काउनु पर्ने र जग्गावालाहरुबाट क्षतिपूर्तिको लागि अदालतमा मुद्दा दायर भएको। अदालतमा मुद्दा दायर भए पछि अधिकाशं स्थानमा त्यसको अन्तिम निर्णय नआएसम्म काम रोक्नु पर्ने अवस्थाको श्रृजना भयो ।

उक्त बाटो काठमाडौ उपत्यका प्रवेश गर्ने मुख्य बाटो भएकोले ट्राफिक अत्यधिक हुने भएकोले उक्त ट्राफिक व्यवस्थापनको काम कसरी गर्ने हो । डाइभर्सनको लागि कसरी काम गर्ने कति खर्च लाग्ने जस्ता बिषय बिस्तृत आयोजना प्रतिवेदनमा समेटि त्यही अनुसार लागत अनुमान तयार गरि काम अगाडि बढाउनु पर्ने थियो । साथै सडक काठमाण्डौ उपत्यकाको सघन बस्तिको बिचमा रहेको र निर्माण अवधिमा धुलोको व्यवस्थापन (Dust Management) को कामको के कसरी गर्ने तथा सो को लागि कति खर्च लाग्दछ भन्ने बारेमा बिस्तृत आयोजना प्रतिवेदनमा समेटनु पर्ने थियो ।

## ४.२. नेपाल सरकारका बिभिन्न निकायहरुः

४.२.१. उक्त सडक बिस्तार गर्ने कामको लागि नेपाल सरकारका बिभिन्न निकायहरु जिम्मेवार र अन्तरसम्बन्धित रहेका छन । यस आधारमा उक्त आयोजनाको काम समयमा सम्पन्न नहुनुमा सरोकारवाला सबै निकायहरु नै जिम्मेवार छन । साथै यस सडक संग सरसोकार राख्ने बिभिन्न पक्ष र क्षेत्रहरु हरु पनि  जिम्मेवार रहेका छन । आयोजनाको लक्ष्य अनुसार काम हुन कुनै एक पक्ष मात्र जिम्मेवार हुदैन । बिभिन्न पक्षहरु जिम्मेवार हुन्छन । आयोजनाको हाल सम्मको अवस्था हेर्दा आयाजनाले राखेको लक्ष्य अनुसार प्रगती हुन सकेको देखिएन । नेपाल सरकारका देहायका निकायहरुल आफनो जिम्मेवारी अनुसारको काम नगर्दा सडक बिस्तारको काम हुन नसकेको देखिन्छ। उक्त सडक बिस्तार गर्ने कामको लागि नेपाल सरकारका जिम्मेवार बिभिन्न निकायहरु र तिनीहरुको कार्य प्रगतिको अवस्था देहाय बमोजिम रहेको छ ।

### (क) उपत्यका विकास प्राधिकरण

सडक बिस्तारको लागि प्राधिकरणले जसमा घर/टहरा/वाल भत्काउने कामको जिम्मेवारी रहेको छ। प्राधिकरणले भत्काउनु पर्ने  घरटहरा भत्काउन सकेको छैन । यसमा खास गरि सम्मानित अदालतबाट भएको आदेश बमोजिम ती कामहरु हुन नसकेको भन्ने भनाई रहेको छ ।

### (ख) नेपाल विद्युत प्राधिकरण

नेपाल विद्युत प्राधिकरणको मुख्य काम विद्युतका पोलहरु, ट्रान्सफर्मर, हाइटेन्सन हटाउने तथा सार्ने काम रहेको छ । उक्त कामको लागि बाटोमा पर्ने घर टहरा हटाउने तथा जग्गा भएको ठाउँमा सडकको अन्तिम बिन्दु पत्ता लगाउने काम हुन नसक्दा विद्युत प्राधिकरणले पोलहरु हटाउने तथा सार्ने काम हुन सकेको देखिदैन । कतिपय साइट क्लियर भएका ठाउँमा पनि काम नगरेको कारण अन्य कामहरु रोकिएको । पोलहरु सारेका स्थानमा पनि तार सारेर पुरानो भिक्न बाँकी रहेको ।सो प्रयोजनको लागि  नेपाल विद्युत प्राधिकरणबाट हुने खर्चको रकम अर्थ मन्त्रालयले प्राधिकरणलाई निकासा दिने व्यवस्था मिलाईएकोमा प्राधिकरणले समयमा रकम भुक्तानी नपाएको भन्ने भनाई समेत रहेको छ ।

### (ग) नेपाल टेलिकम

टेलिफोनका पोल, तार, म्यानहोल हटाउने, सार्ने लगायतको व्यवस्थापनको काम नेपाल टेलिकमको रहेको छ । उक्त कामको लागि पनि बाटोमा पर्ने घर टहरा हटाउने तथा जग्गा भएको ठाउँमा सडकको अन्तिम बिन्दु पत्ता लगाउने काम नभए सम्म टेलिफोनका पोल, तार, म्यानहोल हटाउने, सार्ने काम हुन नसक्ने देखिन्छ भने कतिपय स्थानमा साइट क्लियर हुदा समेत समयमा नै टेलिफोनका पोल, तार, म्यानहोल हटाउने,  सार्ने काम नगरेको कारण काम रोकिएको छ ।

### (घ) काठमाडौ महानगरपालिका लगायत अन्य नगरपालिकाहरु

सडक बत्ती व्यवस्थापनको काम काठमाडौ महानगरपालिका लगायत सम्बन्धित नगरपालिकाहरुको रहेको । उक्त कामको लागि पनि विद्युत प्राधिकरणले काम सम्पन्न गरे पछि मात्र सम्भव हुने हुदा यस्ता कामहरु पनि रोकिएको । साथै सडक बत्ती व्यवस्थापनको काम पनि गर्न नसकेको देखिन्छ।

### (ङ) जिल्ला वन कार्यालय, काठमाडौं

आयोजनाको क्षेत्रमा पर्ने रुख कटान गर्ने काम जिल्ला वन कार्यालयको रहेको छ । वन कार्यालयले हालसम्म अधिकांश रुखहरु कटान गरेको भए पनि केहि रुखहरु अझै कटान गर्न बाकी रहेको भन्ने भनाई रहेको ।

### (च) काठमाडौं उपत्यका खानेपानी लिमिटेड

आयोजनाको क्षेत्रमा पर्ने खानेपानी टयांकी व्यवस्थापनको काम काठमाडौं उपत्यका खानेपानी लिमिटेडको रहेको छ । हालसम्म लिमिटेडले उक्त खानेपानी टयांकी व्यवस्थापनको काम गर्न सकेको छैन । साथै पुरानो नैकाप, तिनथाना लगायतका क्षेत्रमा खानेपानीको पाइपको अवरोध पनि हटाएको छैन । यति लामो समयसम्म पनि लिमिटेडले आफनो कमा नगर्दा आयोजनाको काममा अवरोध श्रृजना भएको देखिन्छ ।

### (च) स्थानीय गुठी तथा पुरातत्व

आयोजनाको क्षेत्रमा पर्ने मन्दिर तथा ढुंगेधाराको व्यवस्थापन गर्ने काम स्थानीय गुठी र पुरातत्व विभागको रहेको छ । आयोजना क्षेत्रमा पर्ने मन्दिर/ढुंगेधारा व्यवस्थापनको काम सम्पन्न नगरेको देखिन्छ ।

### (छ) नेशनल ट्रेडिङ लिमिटेड

त्यस्तै उक्त सडकमा पर्ने सरकारी सस्थान नेशनल ट्रेडिङ लिमिटेको पर्खाल भत्काउने काम उक्त संस्थानले गर्नु पर्ने तोकिएमा पर्खाल भत्काउने काम सम्पन्न गरेको छ ।

माथि उल्लेखित सबै व्यवस्थापनको काम भए पछि मात्र सडक बिस्तारको काम हुने देखिन्छ । यि काम नगरि सडक बिस्तारको काम हुदैन अर्थात गर्न मिल्दैन । यि मध्ये कुनै एउटा काम नभएमा पनि काम गर्न सक्ने अवस्था रहदैन ।

## ४.३. साइट क्लियर नहुदै ठेक्काको काम शुरु हुनु

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ को उपिनयम ३ को मा रहेको व्यवस्था अनुसार सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभइ निर्माण कायको खरिद कारवाही शुरु गनु हुदैन भन्ने व्यवस्था छ । सार्वजनिक उक्त सडकको क्षेत्रमा बिभिन्न घरहरु लगायत बिभिन्न भौतिक संरचनाहरु रहेको । तर उक्त संरचनाहरु भत्काउने लगायतका काम सम्पन्न नगरि ठेक्काको काम प्रारम्भ भएको देखिन्छ । सडक बिस्तारको लागि उक्त बाटोमा पर्ने घरहरु भत्काउनु पर्ने अवस्था रहेकोमा उक्त घरहरु भत्काउने काम उपत्यका विकास प्राधिकरणले गर्न नसकेको देखिन्छ । यसमा मुख्य कारण सम्बन्धित घर धनीहरु अदालतमा गएको र अदालतको आदेश अनुसार काम गर्न रोकेको भन्ने देखिन्छ । बाटोमा पर्ने घरहरु भत्काउन नसके पछि बिद्युतका पोल, टेलिफोनका पोल सार्ने काम हुन सक्ने अवस्था रहेन । साथै घर नएका स्थानहरुमा पनि मुआब्जा विवादका कारण पनि बिस्तारको काम हुन सकेको छैन । यस आधारमा साइट क्लियर नहुदा काम हुन नसकेको देखिन्छ ।

### (झ) योजनाबद्ध र समन्वयकारी विकास प्रकृया अवलम्बन नहुनु

काठमाडौं उपत्यका प्रवेश गर्ने मुख्य सडकको रुपमा रहेको नागढुंगा देखि त्रिपुरेश्वर सम्मको सडक त्रिभुवन राजपथको काठमाडौं अन्तिम विन्दु त्रिपुरेश्वर सालिक रहेको भन्ने भनाई आयोजना प्रमुखको रहेको छ । यस आधारमा उक्त सडक बन्दा नै सडकको दाँया बाँया कायम रहेको जग्गा कति हो सो को यकिन गरि संरक्षण गर्ने र सडकको दाँया बाँया पर्ने तोकिएको क्षेत्रको जग्गामा घर टहरा वा यस्तै अन्य संरचना बनाउन नदिने व्यवस्था गर्नुपर्ने हो । साथै सडकको दाँया बाँयाको अन्तिम बिन्दुबाट बिद्युत टेलिफोन आदिका पोलहरु राख्ने व्यवस्था गर्ने । यसो भए पछि बाटोको सीमाबाट अगाडि व्यक्तिका घर बन्ने सम्भावना रहदैन्थ्यो । यसो गर्न सकेमा सडक बिस्तारको आयोजनमा लाग्ने लागत पनि घटने थियो साथै अवरोध पनि आउने समस्या रहने थिएन ।

### खरिद प्रकृयामा देखिएका कमजोरीहरु

### बोलपत्र सम्बन्धी कागजातः

सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ को उपदफा (३)(ख) मा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजात (स्टयाण्डर्ड विडिङ्ग डकुमेन्ट), नमूना पूर्व योग्यता सम्बन्धी कागजात (स्टयाण्डर्ड प्रिक्वालिफिकेशन डकुमेन्ट), नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्टयाण्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) मा सामान्यतया सारभूतरुपमा फरक नपर्ने गरी आवश्यकता अनुसार पूर्व योग्यता सम्बन्धी कागजात, बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता सम्बन्धी कागजात तयार गर्नू भन्ने प्रवधान रहेको सोही बमोजिम यस कार्यालयबाट जारी भएको नमूना बोलपत्र सम्बन्धि कागजात प्रयोगमा ल्याएको देखिन्छ । बोलपत्र सम्बन्धी कागजात तयारिमा निम्नानुसारका कमजोरीहरु देखिन्छन् ।

- Bid Data Sheet तथा Qualification Criteria मा जस्तै उदाहरणको रुपमा बोलपत्र दाखिला गर्ने अन्तिम मिति, Pre Bid Meeting Date, Average Annual Construction Turnover आदि जस्ता बिषयमा "As mentioned in IFB" भनि उल्लेख भएको । बोलपत्र सम्बन्धी कागजातमा बास्तविक तथ्यांकहरु उल्लेख नगरी सो किसिमले सूचनामा उल्लेख भए बमोजिम हुनेछ भनि उल्लेख गर्नु उपयुक्त भएन यस किसिमको व्यवस्थाले बोलपत्रदातालाई दुविधा हुने सम्भावना रहन्छ ।
- बिड डाटा सिटमा मूल्य समायोजन (Price Adjustment) नदिने उल्लेख भएको तर Special Conditions of Contracts मा मूल्य समायोजन (Price Adjustment) दिने भनेर उल्लेख भएको देखिएको । भने Contract Agreement मा मुल्य समायोजन भुक्तानि दिने व्यवस्था गरिएको छ। यसरी एउटै कागजातमा दुई किसिमको प्रावधान राखिनु उपयुक्त भएन ।

- बोलपत्र खोल्दाको मुचुल्का तयार गर्दा बोलपत्रको बास्तविक अवस्था देखिने गरी मुचुल्का तयार नभएको । उदाहरणको लागि कबोल रकममा केरमेट गरेको अवस्थामा के केरमेट गरी के लेखेको स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेमा केरमेट भएको मात्र उल्लेख गरेको । यस किसिमको मुचुल्का तयार गर्दा दररेट परिवर्तनको जोखिम रहने देखिन्छ । साथै अंक र अक्षरमा फरक भएको बिषय लगायतका अंक गणितीय त्रुटिहरुको बारेमा बोलपत्र मुल्यांकन प्रतिवेदनमा कुनै कुरा समावेश नभएको ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ अनुसार मूल्यांकन समितिले निर्माण कार्यको बोलपत्र मुल्यांकन गर्दा विशेष मूल्यांकन गर्नु पर्ने व्यवस्था रहेको छ । तर उक्त अयोजनाका चार वटै बोलपत्रमा सो किसिमको मुल्यांकन भएको देखिएन । बिशेष मुल्यांकन नगर्दा Front Load तथा Unbalance Bid का कारण कार्यान्वयनको क्रममा आउन सक्ने जोखिम लाई वेवास्ता गरेको देखिन्छ। उदाहरण लागि उक्त आयोजनाको ठे.नं. KVRIP/337494 /071–720 / 040 मा Roadway Excavation कार्यको लागि रु. ८१ रहेकोमा बोलपत्रदाताले रु. १५० बोलकबोल गरेको देखिन्छ । स्वीकृत भेरियसन आदेश अनुसार उक्त कामको परिमाणमा ७०४% बृद्धि भएको देखिन्छ ।

- बोलपत्रदाताको Similar Size and Nature को अनुभवको योग्यता माग गर्दा नमुना बोलपत्र सम्बन्धी कागजपत्र अनुसार लागत अनुमानको सामान्यतया ८०% रकम बराबरको योग्यता माग गर्नुपर्नेमा १००% माग गरेको देखिन्छ जुन नमुना बोलपत्र सम्बन्धी प्रावधानको प्रतिकुल रहेको छ ।
- आयोजना अवधिभर प्रयोगमा ल्याइने प्लान्ट र इक्युपमेन्टहरुको बीमा गर्नुपर्नेमा सो को बीमा गरेको देखिएन ।

**समयावधि थप सम्बन्धमा**

माथि उल्लेखित चार वटा ठेक्काको लागि मिति २०७२।३।३१ मा खरिद सम्झौता भएको देखिन्छ। उक्त चारवटा ठेक्कामा नै २०७५।१।१२ मा एक बर्षको दरले म्याद थप भएको देखिन्छ ।सबै ठेक्काको लागि एकमुषठ रुपमा म्याद थप औचित्यपूर्ण देखिदैन ।

**भेरिएसन सम्बन्धमा** - KVRIP/337494 /071–720 / 040

भेरिएसन गर्नुपर्ने कारण भनि देहायका कुराहरु उल्लेख गरिएको

१. BOQ मा उल्लेखित RRM Retaining Wall को परिमाण वास्तविक साइटको आवश्यकता भन्दा कम देखिनुको साथै RCC wall डिजाइन गरिएको कैयो ठाउँमा साइट कन्डिसन अनुसारर RRM बदलिएको।

२. BOQ मा Rigid Pavement को व्यवस्था नगरिएको तर कैयौ Drainage को समस्या र Seepage समस्या रहेको ठाँउमा Rigid Pavement राख्नु जरुरी देखिएको कारण परिमाण घटबढ हुन गएको।

३. BOQ मा उल्लेखित माटो Cutting³Filling को परिमाण साइटमा भएको वास्तविक जमिनको सतहको आधारमा गरिएको Calculation संग फरक पर्न जादा उक्त आइटमको परिमाणमा घटबढ हुन गएको ।

४. Estimate मा उल्लेख गरिएको भन्दा अन्य सडक एक्सेस रोडमा समेत Structure निर्माण गर्नुपर्ने भएको ।

५. उक्त ठेक्कामा सडक मर्मत प्रयोजनको लागि BOQ मा कुनै पनि आइटमको व्यवस्था नभएकोले सवारी आगमन सहज गराउन Regular Emergency मर्मतको लागि सबबेस, मेशिन तथा कामदारहरुको परिमाण थप हुन गएको ।

यसरी भेरिएसन आदेश पश्चात शुरुको ठेक्का रकम भन्दा १४.७६ प्रतिशत (रु. ७,०३,१०,७७५।१९) बढी रकम बढी लागत आउने देखिन्छ । २०७४।३।२९ मा भेरिएसन आदेश स्वीकृत भएको देखिन्छ । भेरिएसन आदेश स्वीकृत गर्दा ठेक्का अवधिमा असर नपर्ने भनि उल्लेख गरिएको छ । तर मिति २०७५।१।१२ को निर्णय बमोजिम एक बर्ष म्याद थप गरि मिति २०७५।९।३० सम्म कायम गरेको देखिन्छ । यस आधारमा एकातर्फ आयोजनाको लागत पनि बढने र अर्को तर्फ अवधि थप पनि गरेको देखिन्छ । जुन औचित्यपूर्ण देखिदैन ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएको अवस्थामा भेरियसन आदेश जारी गर्नुपर्ने व्यवस्था भएकोका यस आयोजनाको ठेक्का नं. KVRIP/337494 /071–720 / 040 मा जारी भएको भेरियसन आदेश उक्त प्राबधान संग मेल खाने देखिदैन । माटो बाहिरको खुला ठाँउको काम जुन सहजै अनुमान गर्न सकिन्छ त्यस्तो काममा पनि भेरियसन आदेश जारी भएको देखिन्छ ।उदाहरणको लागि भेरियस विवरण अनुसार Item N. 2.1 456%, Item N. 3.1 704%, Item N. 6A.1 1097% भेरियसन भएको छ । यस किसिमको भेरियसनले बिस्तृत आयोजना प्रतिवेदन अपुरो रहेको सहजै अनुमान गर्न सकिन्छ । सो कुरा स्विकृत भएको भेरियसन आदेशमा उल्लेखित विवरण जस्तै RRM Retaining Wall को परिमाण वास्तविक साइटको आवश्यकता भन्दा कम देखिनुको, माटो Cutting Filling को परिमाण साइटमा भएको वास्तविक जमिनको सतहको आधारमा गरिएको Calculation संग फरक पर्न गएको आदि जस्ता विवरणबाट समेत बिस्तृत आयोजना प्रतिवेदन उपयुक्त किसिमले नभएको देखिन्छ । यस्तो अपुरो र पर्याप्त अध्ययन नगरी तयार गरेको बिस्तृत

आयोजना प्रतिवेदनका आधारमा निर्माण कार्य अगाडि बढाउँदा निर्माण कार्य समेत प्रभावित हुने देखिन्छ ।

**निष्कर्ष**

समग्रमा त्रिपुरेश्वर नागढुंगा सडक आयोजनाको प्राप्त भएका कागजातहरुको अध्ययन गर्दा देहायको निष्कर्ष देखिन्छ ।

१. आयोजनाको बिस्तृत परियोजना प्रतिवेदन तयार गर्दा उक्त प्रतिवेदनले आयोजनाका समग्र पक्षहरुलाई समेटेको देखिएन ।

२. साइट क्लियर नहुदै निर्माण कार्य शुरु हुदा अवरोध आउने बित्तिकै काम रोकिने अवस्था श्रृजना भएको ।

३. आयोजनाको काम अघि बढाउन नेपाल सरकारकै बिभिन्न निकायहरुले गर्नुपर्ने कामहरु समयमा नगर्दा हुदा अवरोध नरहेका ठाउँहरुका काम पनि समयमा सम्पन्न हुन नसकेको ।

४. बोलपत्र सम्बन्धि कागजातहरु तयार गर्दा पर्याप्त ध्यान नदिएको कारण कतिपय बिषयहरु अस्पस्ट र कतिपय बिषयहरु छुटेको देखिन्छ ।

५. बोलपत्र सम्बन्धि मूल्यांकन बिशेष मूल्यांकन गर्नु पर्नेमा सो समेत गरेको देखिएन ।

६. साइट क्लियर भएका ठाउँहरुमा समेत निर्माण व्यवसायीले समयमा काम नगरेको देखियो ।

माथि उल्लेखित विविध कारणहरुबाट आयोजना कार्यान्वयनमा समस्या उत्पन्न भई अपेक्षित प्रगती हुन नसकेको देखिन्छ ।

**५. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, महाबौद्ध काठमाडौं**

खरिद कार्यको जिम्मेवारीको अवस्था र अनुगमन तथा अध्ययन गरिएका खरिद कार्यको विवरण साथै देखिएका त्रुटि कमजोरीहरुलाई यस प्रकारले उल्लेख गरिएको छ :

- खरिद इकाईको व्यवस्था भएता पनि ठूलो परिमाणको खरिद कार्य कुशलतापूर्वक सम्पन्न गर्न खरिद शाखा र सो शाखामा काम गर्ने Work Load को आधारमा पर्याप्त दक्ष जनशक्ति हुनुपर्नेमा नर्सिङ सेवाको १ जना (सातौं तहको) कर्मचारीलाई खरिद इकाई प्रमुखको जिम्मेवारी दिई केही सीमित कर्मचारीको भरमा मात्र खरिद इकाइ बनाई खरिद कार्य गराउँदा सीप दक्षताको अभावमा प्रभावकारी खरिद व्यवस्थापन हुन सकेको देखिएन । साथै, खरिद सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी खरिद इकाई वा शाखाको हुने नियममा प्रष्ट व्यवस्था हुँदाहुँदै बोलपत्रको स्वीकृति र सम्झौता पश्चात् खरिद इकाईले भूमिका निर्वाह नगरी आर्थिक प्रशासन

शाखाबाट खरिद कार्यको भूमिका निर्वाह हुने गरेको देखियो । अनुगमनको क्रममा खरिदका बिषयमा विविध कुरा बुझ्न आर्थिक प्रशासन शाखा प्रमुखसंग सम्पर्क गर्दा खरिद सम्बन्धी कुरा खरिद इकाईलाई थाहा होला भन्ने जस्ता जवाफ पाइएबाट एकले अर्कोलाई जिम्मेवारी पन्छाउने प्रवृत्ति पनि देखियो । साथै, खरिद कार्यमा विविध विभाग तथा शाखासंग पर्याप्त समन्वयको पनि अभाव देखिन्छ ।

- ठूला मेसिन/इक्वीपमेन्ट खरिद गर्न र मर्मत गर्न वीर अस्पताल जस्तो ठूलो अस्पतालमा बायोमेडिकल इन्जिनियरको संलग्नता हुनुपर्नेमा हालसम्म अस्पतालले व्यवस्था गर्न सकेको देखिंदैन।
- अस्पतालले खरिद प्रक्रियामा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्वीकृत Standard Bidding Document को पूर्ण अभ्यास गर्न सकेको देखिंदैन । जस्तो सम्झौता गर्नुभन्दा पहिले Bid Document तयार गर्दाको अवस्थामा नै Agreement मा आवश्यक सबै शर्त राखी पहिले नै बोलपत्रदातालाई जानकारी दिनुपर्नेमा सो नगरी पछि Bidding Document मा नभएका कुराहरु समेतलाई शर्तको रुपमा राखी खरिद सम्बन्धी द्धिपक्षीय सम्झौता गरेको देखियो । खरिद सम्झौता पश्चात् तोकिएको समयमा सामान आयो आएन, गुणस्तर कस्तो छ ? सञ्चालन भयो भएन र विभिन्न ठेक्कापट्टा हुँदाको Bid Bond को अभिलेख व्यवस्थित रुपमा राखी नियमानुसार Bid Bond Performance Bond वा धरौटी फुकुवा गर्ने र अभिलेख व्यवस्थित रुपमा राख्ने जस्ता महत्वपूर्ण कामको दायित्व खरिद इकाईबाट पूरा भएको देखिएन।

<u>**टेण्डर प्रक्रियाबाट खरिद भएका सामानको फाइलहरु मध्ये अध्ययन गरिएका फाइलहरु :**</u>

**(क) Intra-operative CT with High End Navigation System ठेक्का नं. NAMS/NCB/EQ/073/74/52**

बोलपत्र माग गर्दा Intra-operative CT with High End Navigation System-One Set मागेको, संशोधन मार्फत Two Set माग गरेको हुँदा बोलपत्रदाताहरुले माग गरे बमोजिम Two Set का बोलपत्र दाखिला गर्नुपर्ने, बोलपत्रदाता श्री बायोमेड इन्टरनेशनल प्रा.लि.ले पेश गरेको बोलपत्र १ सेटको हो भने शर्त अनुसार शुरुमै अमान्य हुनुपर्ने तथा २ सेट को हो भने कार्यालयले सोही अनुसार बोलपत्र स्वीकृत गर्नुपर्नेमा सा गरेको देखिएन । Bid Submission Form को (c) मा Total Bid Price of Our Bid, excluding any discounts offered in item (d) below, is Door delivery NRs.I 23,15,37,000 (including all taxes) उल्लेख गरेपछि बोलपत्र २ सेटको लागि मागेको र पेश गरेको पनि २ सेटको लागि नै हुनुपर्छ । बोलपत्र मूल्याङ्कन समितिले पनि २ सेट माग गरेको अनुसार नै स्वीकृतिको लागि सिफारिश गर्नुपर्छ जुन मिति २०७४।३।२२ को बैठकले श्री M/S Biomed International Pvt.Ltd. को जम्मा कबोल अंक रु. २०,४९,००,०००। (भ्याट बाहेक) को सिफारिश गरेको र सोही मितिमा उपकुलपतिबाट स्वीकृत भएको देखियो । आशयपत्र प्रकाशित

गर्ने सम्बन्धमा २ सेट माग भएपछि १ सेटको आशयपत्र प्रकाशित गर्ने होइन २ सेटकै गर्ने हो जुन मिति २०७४।३।२३ मा गोरखापत्रमा प्रकाशित भएको छ जसमा श्री M/S Biomed International Pvt.Ltd. को भनि रु. २०,४९,००,०००। प्रकाशन भएको छ ।

यसरी २ सेटको बोलपत्र आव्हान गर्ने, मूल्याङ्कन समितिले सिफारिश गर्ने, बोलपत्र स्वीकृत गर्ने, आशयपत्र प्रकाशन सूचनामा रु. २०,४९,००,०००। उल्लेख भएपछि सम्झौता गर्दा वीर अस्पताल र ट्रमा सेण्टरले छुट्टा छुट्टै रु. २०,४९,००,०००। को गर्ने कतैबाट स्पुष्टी हुदैन । बोलपत्रदाताले बोलपत्र कागजातमा गलत लेखे पनि सोही स्वीकार्य हुनुपर्छ । सार्वजनिक निकायले बालपत्र पेश गरेकोमा २ सेटको प्रस्तुत भएको हुँदा २ सेटको रकम आफैले दोधार बनाई सम्झौता गर्नु गैह्र कानूनी हो ।

Technical Specification मा अधिकांश मिलेको भनी बोलपत्र Technically Qualified मानिएको तर अधिकांश भन्नाले कतिसम्म आंशिक रुपमा Technical Specification मिलेकालाई मान्य गर्न सकिने हो? कही कतै उल्लेख नभएको । साथै Yes or No उत्तर आउन सक्नुपर्ने बिषयमा पनि स्पष्ट पारिएको देखिएन । मिति २०७४।०३।२३ मा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिएको र सो उपर सोही महिनाको २८ गते पुनरावलोकनका लागि सार्वजनिक खरिद पुनरावलोकन समितिमा उजुरी परेको ।

- मिति २०७४।०३।२८ गते उजुरी परिसकेपछि पनि खरिद प्रक्रिया स्थगन नगरी सोही महिनाको ३० गते निर्णय तथा सम्झौता गरी L/C (Foreign) खोलिएको ।
- NCB Bidding मा नेपाली रुपैयाँमा मूल्य र कबोल अंक उल्लेख गर्नुपर्नेमा विदेशी मुद्रामा उल्लेख गरेको।
- मिति २०७४।०३।३० मा सार्वजनिक खरिद पुनरावलोकन समितिबाट उक्त बोलपत्र स्वीकृतिको निर्णय बदर भएको । तत्पश्चात स्वीकृत भएको बोलपत्रदाता अन्याय परेको भनी सम्मानित सर्वोच्च अदालतमा रिटमा गएको र सम्मानित अदालतबाट सार्वजनिक खरिद पुनरावलोकन समितिको निर्णय हाल कार्यान्वयन नगर्नु भनी अल्पकालिन अन्तरिम आदेश दिएको स्थितिसम्म पेश भएको कागजातबाट देखिन्छ । तर सामान प्राप्त भईसकेको भन्ने त्यहाँ कार्यरत कर्मचारीको मौखिक भनाई रहेको छ । L/C को अवस्था हाम्रो अनुगमन टोलीलाई जानकारी हुन सकेन ।
- प्रचलित खरिद ऐन नियमको प्रावधान हेर्दा Substantially Responsive Bid नभई स्वीकृत भएको देखियो।

**(ख) Tomotherapy Machine खरिद ठेक्का नं. NAMS/NCB/073/74-50**

क्यान्सर रोगीहरुको उपचार प्रयोजनार्थ मिति २०७४।०२।१९ मा स्वीकृत लागत अनुमान रु. ४०,००,००,०००।– (४० करोड भ्याट बाहेकको) देखिन्छ । कबोल अंक ३२,००,०००।– USD (अमेरिकी डलर) Image Guided र Turn Key of Image Guided CT Scan Integrated Ring Gantry Based को रु. ६,६६,६६,४३०।५२ गरी जम्मा रु. ३९,९०,८२,४३०।५२ मा मिति २०७४।०३।२९ मा सम्झौता भएको देखिन्छ । स्पेशिफिकेशन तयार गर्दा मुख्य सामान र सहायक सामान कुन्-कुन् हुन् भनी छुट्याईएको पाईदैन ।

मेशिन खरिदको लागि भ्याट बाहेक रु ४० करोडको लागत अनुमान तयार गरिएको तर लगत ईष्टिमेट तयार गर्दा एउटा कम्पनीको मात्रै दररेट प्राप्त भएको, अन्य यस्तै उत्पादक कम्पनीसंग तुलना नगरिएकोले सो सम्बन्धमा भरपर्दो आधार देखिएन ।

- मेशिनका लागि रु. ३२ लाख अमेरिकी डलर र Local Works का लागि रु. ६,६६,६६,४३०।५२ कवोल गरिएको बोलपत्र स्वीकृत भएको देखिन्छ ।
- विश्वमा एक मात्र उत्पादक कम्पनी एकुरे कम्पनी अमेरिका उल्लेख भएको, तर सो एक मात्र कम्पनी हो भन्ने आधिकारिक पुष्ट्याई फाइल साथ संलग्न नदेखिएको ।
- लागत अनुमान हचुवाको भरमा गरिएको, लागत अनुमान पुष्ट्याई गर्ने यथेष्ट आधार नदेखिएको।
- Installation को Item Wise Cost Estimate समेत संलग्न नभएको ।
- खरिद इकाईले यथेष्ट सूचना संकलन गरी ल.ई. तर्जुमा गर्नु पर्नेमा प्राविधिक कमिटीलाई जिम्मा दिई ल.ई. तर्जुमामा खरिद इकाई पन्छिएको ।
- वीर अस्पतालमा यती ठूलो रकमको मेशिन खरिद गर्नुपुर्व विस्तृत रुपमा विश्लेषण गरी आवश्यकता पहिचान भएको देखिदैन । साविकामा संचालनमा रहेको कोवाल्ट 60 वा त्यो भन्दा Advance Technology को अन्य प्रतिस्पर्धी Equipment हरुको विषेशता, मूल्य, गुणस्तर, टिकाउपन, मेशिनले प्रतिदिन पुऱ्याउन सक्ने सेवा, After Sales Service, Guaranty, Warranty Period, CMC, AMC Cost, Machine संचालन गर्न प्रर्याप्त जनशक्ति भए, नभएको, मेशिनका महत्वपुर्ण विशेषता र ती सबै विशेषताहरु वीर अस्पतालले प्रयोग गर्न सक्छ भन्ने निश्चित व्यवहारिक योजना, ती भिन्न भिन्न मेसिनले अस्पताललाई दिन सक्ने आम्दानी, संचालन लागत, कति समयावधिसम्म दैनिक कति बिरामी संख्यालाई सेवा दिन सकिन्छ भन्ने जस्ता पक्षहरु विश्लेषण गरी यो मेशिन अस्पताल र सर्वसाधारण जनताको हितमा छ भन्ने कुरा तुलनात्मक

अध्ययनबाट मात्र देख्न सकिने भएकोले र वैज्ञानिक आधारमा मेशिन खरिद गर्ने वा नगर्ने नीतिगत निर्णय हुनुपर्नेमा व्यवस्थापनबाट यस सम्वन्धमा विस्तृत गृहकार्य गरेको पाइएन ।

- विश्वको एउटा मात्र उत्पादक कम्पनी हो भने सो को आधिकारिक पुष्ट्याई भएमा सिमित बोलपत्रको माध्यम अपनाउन सकिनेमा खुल्ला बोलपत्रको माध्यम अपनाइएको । NCB Bidding मा ने.रु. मा मात्र मूल्य कवोल गर्नु पर्नेमा Machine Cost विदेशी मुद्रामा उल्लेख भएको ।
- २ महिना भित्रमा मेशिन सप्लाई दिई सक्नु पर्ने शर्त Bidding Document मा राखिसकेपछी १८० दिन भित्रमा सप्लाई दिन सकिने भनी Bidder ले शर्त सहित वोलपत्र पेश गरेकोमा उक्त वोलपत्र माथी कारवाही गर्न सकिने कानूनी आधार नदेखिएको ।
- तोकिएको Format मा सम्झौता नगरिएको, सम्झौतामा उल्लेख गर्नुपर्ने भनी सार्वजनिक खरिद ऐन तथा नियमावलीमा तोकिएका बिषयहरु सम्झौतामा उल्लेख भएको पाइएन । सम्झौतामा १८० दिनमा सप्लाई गर्ने भनिएतापनि ९ महिना वितिसक्दा पनि Machine प्राप्त भै नसकेको । सम्झौता अवधी पश्चात हर्जाना सहित म्याद थप भएको हो वा होइन वा म्याद थप भयो भएन, म्याद थप गर्नु पर्नाका प्रयाप्त कारण एवं आधारहरु छ छैन संलग्न फाइलबाट नखुलेको ।
- एक मात्र कम्पनी हो होईन भन्ने सम्वन्धमा Atomic Energy Regulatory Board of India (AERB), International Atomic Energy Agency (IAEA), लगायत अन्य संबन्धित निकाय, विज्ञ सँग राय परामर्श लिन सकिने स्थिति बुझिंदा त्यती सम्मको प्रयास पनि अस्पताल प्रशासनले गरेको पाइएन । नेपालमा पनि Medical Equipment Regulatory Board गठन गर्न सम्वन्धीत निकायको ध्यान जानु पर्ने देखिन्छ ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०७४।०२।१६ मा मात्र रु. ९१ करोड सम्मको इक्युपमेन्ट खरिद गर्न उक्त आ.व.मा बजेट निकासाको सुनिश्चितता गरेर हतार हतारमा कुनै पुर्व खरिद योजना वेगर प्रशस्त गृह कार्य विना नै बजेट फ्रिज नगर्ने उद्देश्य मात्र राखी कुशलतापुर्वक खरिद व्यवस्थापन संचालन नगरी सामान खरिद भएको देखियो । आ.व.को अन्तिम समयमा पर्याप्त अध्ययन तथा गृहकार्य नै नगरी ठुलो रकम बजेट उपलब्ध गराउने अर्थ तथा स्वास्थ्य मन्त्रालयको पनि कमजोरी रहेको देखिन्छ ।
- Tomotherapy नै चाहिने वा सो भन्दा कम स्तरको अन्य उपकरण/मेशिन भए पनि हुने भन्ने प्राविधिक पुष्ट्याई र प्रयाप्त आधार पनि देखिदैन ।
- ५ बर्षको Warranty Period पछिको CMC/AMC Cost वापत बार्षिक २ करोड रुपैंया अस्पतालले Bidder लाई उपलब्ध गराउने सम्झौतामा उल्लेख छ । त्यति ठुलो रकम एक

मेशिन संचालन गर्न मात्र खर्च गर्नु पर्दा सो का लागि अस्पताल प्रशासनले Proper Financial Plan पनि गरेको देखिदैन । तसर्थ संचालनमा रहेको कोवाल्ट ६० बाट एकै पटक अत्याधुनिक प्रविधिमा जानुको औचित्य, कारण आधार समेत पर्याप्त देखिदैन ।

- बोलपत्रको Price Schedule मा टिपेक्स समेत प्रयोग भएको देखिन्छ ।
- माथि उल्लेखित कैफियतको आधारमा यसमा सम्वन्धीत निकायवाट विस्तृत छानविन हुनुपर्ने देखिन्छ ।

**(ग) Genetic Lab (Real Time PCR) खरिद ठेक्का नं. NAMS/SQ/073/74-42**

Document अनुसारको Technical Specification अधिकतम मात्रामा मिलेको भनी JHS Analytic Traders को बोलपत्र स्विकृत भएकोमा अधिकतम मिलेको भन्ने जस्ता अमूर्त शब्दावली मुल्याङ्कन Report मा प्रयोग भएको।

**(घ) Infusion Pump खरिद ठेक्का नं. NAMS/NCB/073/74/39-4**

Pump खरिदका लागि प्रतिगोटा रु. ११९,६००।– लागत अनुमान तयार गरिएकोमा न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताको कवोल अंक प्रति गोटा रु. ५८,६७२।– मात्र उल्लेख भएको देखिदा लागत अनुमान हचुवाको भरमा तयार गरेको देखिन्छ ।

**(ङ) Contract No- NAMS/NCB/EQ/073/74/39 Package 2 : ICU Patient Monitor with Invasive Lines को खरिद सम्वन्धमा ः**

मिति २०७३।०९।१३ मा लागत अनुमान समिति गठन गरी मिति २०७३।१०।१२ मा समितिले रु. १२ लाखको लागत अनुमान पठाएको पत्रमा कुनै स्पष्ट आधार नदेखिएको । बोलपत्र दर्ता खुलुवा मुचुल्कामा १२ थान उल्लेख भएतापनि १३ थान बोलपत्रको तुलनात्मक चार्ट तयार भएको । पेश भएका सबै बोलपत्रमा कबोल अंक सबै भन्दा बढी हुने बोलपत्रदाताको रु. ८ लाख र न्यूनतम अंक कबोल गर्ने बोलपत्रदाताको रु. २ लाख भएको देखिन्छ । बायोमेडिकल इन्जिनियरको अनुसार विश्वमा प्राप्त हुने सबै भन्दा राम्रो कम्पनीको उच्च गुणस्तरको उक्त उपकरणको मूल्य समेत प्रति ईकाइ ५ लाख भन्दा बढी नरहेको भन्ने भनाई समेतका आधारमा उक्त उपकरणको लागत अनुमान तयार गर्दा अस्वभाविक अनुमानित मूल्य कायम गरेको देखिदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५(क) को उपनियम (१) बमोजिम सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि ऐनको दफा ४ बमोजिमको स्पेसिफिकेशन, योजना, नक्सा, डिजाइन, बिशेष आवश्यकता वा अन्य विवरण तयार गराउनुपर्नेछ भन्ने व्यवस्था रहेको छ । सोही नियमको उपनियम (२) मा उपनियम (१) बमोजिम तयार भएको

विवरण नियम (१४) बमोजिमको अधिकारीबाट स्वीकृत हुनुपर्नेछ भन्ने उल्लेख भएकोले सो व्यवस्थाप्रति ध्यानाकर्षण गराउन उपयुक्त हुने देखिन्छ ।

**(च) Contract No- NAMS/NCB/074/75/04 : Hospital General Chemical को खरिद सम्वन्धमा :**

मिति २०७४।०५।३० मा स्वीकृत भएको लागत अनुमान रु. ४४,२९,१४२।८३ (मू.अ. कर बाहेक ) रहेको बोलपत्रको मूल्यांकन पश्चात् छनौट भएको बोलपत्रदाता Shrestha Scientific Traders ले गरेको कबोल रकम रु. १९,३८,७३० ।– (उन्नाईस लाख अठ्तीस हजार सात सय तीस रुपैंया मात्र) लिने गरी आशयको सूचना दिने सम्बन्धमा मिति २०७४।०८।२९ मा निर्णय भएको जसमा उक्त कबोल अंक लागत अनुमानको ५६.२२% कम भएको देखिन्छ । त्यस्तै, लागत अनुमान भर्दा पेश गर्ने फर्मले पहिले लेखेको लागत अनुमानमा केरमेट गरी थपघट गरेको देखिन्छ ।

- बोलपत्रको Comparative Chart हेर्दा ६ वटा बोलपत्रदाता मध्ये कतिपय बोलपत्रदाताले कम मूल्य पर्ने बस्तुमा अस्वभाविक बढी र बढी मूल्य पर्ने बस्तुमा अस्वभाविक कम अंक कबोल गरेको देखिंदा बोलपत्रदाताहरु आपसमा मिलेमतो गरेर बोलपत्र पेश गरेको हुन सक्ने अवस्था देखिन्छ ।
- सामान Delivery भैसकेपछि PDI Test गरी प्रतिवेदन बुझाउनुपर्नेमा सो कार्य नगरिएको । खरिद इकाईले सम्झौता पश्चात् सबै कागजात स्टोर शाखामा बुझाउने तथा बाँकी काम लेखा र स्टोरको भन्ने देखिएकोले काममा एकरुपता नदेखिएको । सम्झौतापछि PDI Test सम्मको जिम्मेवारीमा खरिद इकाई पन्छिएको अवस्था देख्न सकिन्छ । सार्वजनिक खरिद नियमावलीको नियम १४९ बमोजिम गरिनुपर्ने खरिद कारवाहीको अभिलेखीकरणको काममा एकरुपता नदेखिएको ।

**(छ) Contract No- NAMS/NCB/074/75/04 : Computer Printer and Accessories खरिद**

मिति २०७४।०८।२८ मा मूल्यांकन समितिबाट दिइएको प्रतिवेदनमा लागत अनुमान रु. ४३,१२,१४१।– (मू.अ. कर बाहेक ) रहेको बोलपत्रको मूल्यांकन पश्चात् छनौट भएको बोलपत्रदाता Kathmandu Enterprises ले गरेको कबोल रकम रु. १५,१८,८९० ।– (पन्ध्र लाख अठार हजार आठ सय नब्बे रुपैंया) को अंक लागत अनुमान भन्दा ६४.७७% हुनुका साथै सारभूत रुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३(ढ१) बमोजिम कबोल अंकको ५% ले हुन आउने धरौटी तथा १५% भन्दा घटी कबोल गरे बापतको अंक समेत घटाई जम्मा रु. रु. ११,४९,१५९।४३ (एघार लाख उनान्पचास हजार एक सय उनान्साठी रुपैयाँ त्रिचालिस पैसा) मा बोलपत्र स्वीकृतिका लागि सिफारिश गरिएको देखिन्छ । यसबाट

बोलपत्रदाताहरुले अस्वभाविक कम अंक कबोल गर्ने अवस्था आउनुमा लागत अनुमान प्रभावकारी छ वा छैन भन्ने प्रश्न उब्जाएको छ ।

## ६. मानव अङ्ग प्रत्यारोपण केन्द्र, भक्तपुर

**(क) उजुरीको बिषय :**

सार्वजनिक खरिद अनुगमन कार्यालयमा मिति २०७४।०५।२७ मा मानव अंग प्रत्यारोपण केन्द्र भक्तपुरले आव्हान गरेको UPS तथा Battery खरिद सम्बन्धी बोलपत्रका सम्बन्धमा आधिकारिक Authorized Agent होइन भन्ने बिषयमा परेको उजुरी निवेदन तथा तत् पश्चात् सार्वजनिक खरिद अनुगमन कार्यालयबाट गरिएको पत्राचारबाट कागजात माग गरिएको र सो सम्बन्धमा थप अनुगमन समेत गरिएको ।

माथि उल्लेखित उजुरीको सम्बन्धमा Lowest Evaluated Bidder को Manufacturing Company ले Authorized Agent नियुक्त नभएको हुँदा उक्त Bid Responsive होईन भन्ने उजुरीमा अस्पतालले Manufacturing कम्पनीमा सोधेको र सम्बन्धित कम्पनीले Authorized Agent हो भनी लेखी आएपछि मात्र सिलबन्दी दरभाउपत्र स्वीकृत गरेको देखिदा Responsive Lowest Evaluated Bid नै स्वीकार भएकोले केही गर्नु पर्ने देखिएन ।

**(ख) CT Scan Machine खरिद IFB No: HOTC/ICB/B/73/74/01:-**

३ वटा फर्मले Bid पेश गरेको Technically ३ वटा फर्म नै Sound and Fit भनी उल्लेख भएको लागत अनुमान रु १६,२०,००,०००।– स्वीकृत भएको Hospitech Enterprises को बोलपत्र स्वीकृत भएको ।

**फाइल अध्ययनबाट देखिएका त्रुटीहरु**

P.P.M.O बाट स्वीकृत Standard Bidding Document पूर्ण रुपमा प्रयोग नभएको ।

- लागत अनुमान खरिद ईकाईबाट तर्जुमा हुनु पर्नेमा आ.प्र. शाखाले ल.ई स्वीकृतको उठान गरी स्वीकृत भएको ।
- सम्झौताको स्वीकृत Format प्रयोग नभएको ।
- लागत अनुमान तयार गर्दा Comprehensive Maintenance Cost को अनुमान नभएको ।
- प्रि-विड मिटिङ्गको व्यवस्था बोलपत्र आह्वानमा नगरिएको ।

- Standard Bidding Document को Technical specification खण्डमा warranty/guaranty period २ बर्ष पछिको CMC cost पनि Bidder ले सिलबन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्छ भन्ने उल्लेख भएकोमा सबै Bidder ले बोलपत्र साथ पेश नगरेको ।
- २०७४।२।२८ मा प्राविधिक समितिले सो को आधारमा बोलपत्र स्वीकृति गर्न नमिल्ने सुझाव दिएको ।
- सो व्यहोरा स्वास्थ्य तथा जनसंख्या मंत्रालयमा पेश गरिएको ।
- मन्त्रालयले उक्त बोलपत्रहरु रद्द गरी पूनः बोलपत्र आव्हान गर्ने प्रक्रियामा जानु पर्नेमा सबै Bidder बाट बोलपत्र खोली प्राविधिक पक्षको मूल्यांकन गरि सकेपछि CMC Cost माग गरी पूनः बोलपत्र मूल्यांकन गरी हस्पिटेक ईन्टरप्राइजेजको भ्याट वाहेक रु.१३,३०,४४,७८०।– को बोलपत्र स्वीकृत गरेको ।
- CMC Cost सहितको मूल्यांकन हेर्दा East West concern को सबभन्दा घटी रु.१७,६३,०८,१८।४० हुन आउँछ ।

**CMC सहितको कबोल अंक निम्नानुसार उल्लेख भएको देखिन्छ :**

1) East West concern : १७,६३,०८,११८।४०
2) हस्पिटेक ईन्टरप्राईजेज : १८,४४,६४,४४३।–
3) Global Meditec International : २६,२३,१३,८७६।८०

यसमा सार्वजनिक निकायले राखेको शर्त विपरित भै आएको बोलपत्र स्वीकृत भएको देखिन्छ । परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल थापाथलीमा 16 Slice को CT Machine रु. ३,१७,२९,८००।– मा सन्तोषजनक रुपमा खरिद कार्य सम्पन्न गरिसकेको देखिंदा सो अस्पतालको लागि सोही स्तरको CT ले काम गर्ने हो होइन भन्ने सम्बन्धमा विस्तृत विश्लेषण सहित आवश्यकता पहिचान भएको देखिएन । लाभ –लागत विश्लेषण, विमारीको संख्यालाई प्रदान गर्न सकिने सेवा, अस्पताललाई प्राप्त हुने आम्दानी समेत विचार गरी उक्त CT Machine खरिद गर्न उपयूक्त छ भनी उच्च व्यवस्थापनबाट औचित्यपूर्ण खरिद योजना बनेको देखिएन ।

## ७. परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल

परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालमा गरिएको सार्वजनिक खरिद सम्बन्धी अनुगमनबाट देखिएको व्यहोराहरु तपसिलमा उल्लेख गरिएको छ :

**अध्ययन गरिएको फाइल :**

**(क) 16 slice CT Machine, ठेक्का नं. IFB No.74/743**

स्वीकृत ल.ई. :- ३,३०,००,०००।- (भ्याट सहित)

Capital Enterprises को Machine cost ३,१७,२९,५००।- र साइट कन्स्ट्रक्सन ३३,९५,०००।- भ्याट सहितको कबोल अंक भएको बोल पत्र स्वीकृत गरिएको ।

<u>देखिएका त्रुटिहरु :</u>

- भ्याट बाहेकको दररेटमा ल.ई. स्वीकृत तथा बोल पत्र मूल्याङ्कन हुनु पर्नेमा सो नभएको ।
- Machine को Warranty २ बर्षको हुनु पर्ने Bidding document मा उल्लेख भएको र त्यसपछी ३ बर्षको Service Warranty हुनु पर्नेमा सम्झौता गर्दा ३ बर्षको मात्र Warranty उल्लेख भएको ।
- Bidding document मा कम्तिमा ५ बर्षको लागि Warranty अवधि पछि Machine लाई आवश्यक पर्ने Parts तथा एसेसोरिजहरुको लिष्ट र बर्तमान मूल्य सूची Price List पनि पेश गर्नु पर्ने र सो कुराले बोलपत्रको मूल्याङ्कनमा भने असर नगर्ने शर्त राख्न उपयुक्त हुनेमा अस्पताल प्रशासन यसमा चुकेको देखिन्छ ।

कार्यालय सामानहरु छपाईका र अन्य ईलेक्ट्रिक इलेक्ट्रोनिक सामानहरुको Bill of Quantity मा भए सम्मको Specification size, तौल, Color आदि पनि उल्लेख गरि ठेक्का व्यवस्थापन गर्न सुझाव प्रस्तुत गरिएको छ । आर्थिक रुपमा जुन फर्मको जुन सामान घटी कवोल गरिएको छ सो घटी कवोल गर्नेहरुसंग संम्झौता गरी सामान खरिद भएको देखिंदा वोलपत्र प्रकाशन गदा नै Bidding Document मा आंशिक रुपमा पनि वोलपत्र स्वीकार गर्ने सम्वन्धी आवश्यक उपयुक्त शर्त राख्न र सोही शर्त वमोजिम खरिद प्रक्रिया सम्पादन गर्ने सुझाव प्रस्तुत गरिएको छ । समग्रतामा खरिद कार्य रीतपूर्वक नै भएको देखिन्छ ।

## ८. खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय, मुगु

### (ख) समग्र खरिद प्रकृयाको अवस्थाः

उक्त कार्यालयको समग्र खरिद प्रकृयाको बारेमा सम्बन्धित पदाधिकारीको छलफल तथा कागजपत्र अध्ययन गर्दा निम्नानुसारको अवस्था रहेको देखिन्छ ।

**<u>१. खरिद इकाईः</u>** सव ईन्जिनियर संयोजकत्वमा खरिद इकाई गठन गरिएको र खरिद इकाईमा रहने पदाधिकारीहरुले कुनै किसिमको खरिदको तालिम लिएको पाईएन । खरिद सम्बन्धी कागजपत्रहरु खरिद इकाईको स्वामित्वमा राखिएको देखिन्छ ।

**२. <u>सूची दर्ता</u>:** सूची दर्ताको लागि राष्ट्रिय स्तरको पत्रिकामा १५ दिनको समयावधी दिई सूचना प्रकाशन गरिएको र सोझै खरिद गर्दा त्यस्तो सूचीबाट गर्ने गरिएको ।

**<u>३. खरिद योजना:</u>** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा वार्षिक दश लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नु पर्नेछ भन्ने व्यवस्था बमोजिम खरिद योजना तयार गरी विभागबाट स्विकृत गराइएको । यसरी तयार गरिएको खरिद योजना कार्य प्रगती अनुसार अद्यावधिक गरिएको भने पाइएन ।

**<u>४. लागत अनुमान:</u>** निर्माण कार्यको लागत अनुमान तयार गर्दा विभागको नर्म्स तथा बाँके जिल्लाको दररेटलाई आधार मान्ने गरिएको जानकारी प्राप्त भएको । जिल्लामा सामानहरु प्राप्त नहुने हुँदा बाँके जिल्लाको दररेटमा ढुवानी खर्च थप गरी लागत अनुमान तयार गर्ने गरिएको कुरा कार्यालयका पदाधिकारीहरुसंगको छलफलबाट जानकारी प्राप्त भएको।

**<u>५. बोलपत्र सम्बन्धी कागजात:</u>** सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ को उपदफा (३)(ख) मा *"सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजात (स्टयाण्डर्ड विडिङ्ग डकुमेन्ट), नमूना पूर्व योग्यता सम्बन्धी कागजात (स्टयाण्डर्ड प्रिक्वालिफिकेशन डकुमेन्ट), नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्टयाण्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) मा सामान्यतया सारभूतरुपमा फरक नपर्ने गरी आवश्यकता अनुसार पूर्व योग्यता सम्बन्धी कागजात, बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता सम्बन्धी कागजात तयार गर्ने"* भन्ने प्रवधान रहेकोमा अनुगमनको क्रममा बिस्तृत रुपमा हेरिएको GI Pipe & GI Fittings Supply (ठेक्का नं. ०१/०७४/७५, प्याकेज १) को बोलपत्र आह्वान गर्दा यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात बमोजिम तयार नगरी बोलपत्र आह्वानको सूचना, स्पेसिफिकेसन र Price Schedule मात्र राखेर बोलपत्र आह्वान गरिएको । उक्त बोलपत्रमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०७४ को प्रावधान बमोजिम बोलपत्र सम्बन्धी कागजातमा खुलाउनुपर्ने भनि उल्लेख भएका धेरै कुराहरु तथा बोलपत्र सम्बन्धी कागजातले समेट्नुपर्ने धेरै बिषयहरु उक्त बोलपत्र सम्बन्धी कागजातमा नसमेटिएको ।

सोही ठेक्काको प्याकेज २ मा भने सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तयार पारिएको बोलपत्र कागजात प्रयोग भएको पाइयो । यी तथ्यहरुलाई हेर्दा बोलपत्र सम्वन्धी कागजात तयार गर्ने क्रममा सम्वन्धीत पदाधिकारीहरुले आवश्यक ध्यान नपुर्याएको देखिन्छ ।

**६. मुल्याङ्कन समितिः** बोलपत्र मुल्याङ्कनको लागि कार्यालय प्रमुखको नेतृत्वमा बैठक बसी Comparative Chart मात्र तयार गरि मुल्याङ्कन गरिएको ।उक्त बैठकमा सवैभन्दा कम रकम कवोल गर्ने वोलपत्रदाताको बोलपत्र स्विकृत गर्ने निर्णय गरिएको।

**७. बोलपत्र मुल्याङ्कनको प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली २०६४ नियम ६६ बमोजिम बोलपत्र मुल्याङ्कनको प्रतिवेदन तयार गर्ने गरिएको पाइएन । कार्यालय प्रमुखको नेतृत्वमा बैठक बसी सवैभन्दा कम रकम कवोल गर्ने वोलपत्रदाताको बोलपत्र स्विकृत गर्ने निर्णय गरिएको।

**८. कालो सूचीः** बोलपत्र मुल्याङ्कनको क्रममा कालो सूचीमा परे नपरेको सम्बन्धमा यस कार्यालयको वेभ साईट हेर्ने नगरिएको छलफलको क्रममा जानकारी प्राप्त भयो ।

**(ख) GI Pipe & GI Fittings Supply (ठेक्का नं. ०१/०७४/७५, प्याकेज १) सम्वन्धमा**

खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय, मुगुको GI Pipe & GI Fittings Supply (ठेक्का नं. ०१/०७४/७५, प्याकेज १) का लागि भ्याट सहित रु. २१,१२,१०५।६० को लागत अनुमान स्वीकृत गरी मिति २०७४।०९।१६ मा सद्भाव राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरी बोलपत्र आह्वान गरिएको । उक्त सूचना बमोजिम पेश भएका बोलपत्रहरु मिति २०७४।१०।१७ गते खोलिएको । पेश भएका ३ वटा बोलपत्र मध्ये सबैभन्दा कम (१.४०%) कबोल बोलपत्रदाता श्री सुमन ट्रेड एण्ड सप्लायर्स नेपालगञ्ज बाँकेको रु. २०,८२,५८८.८७ (VAT सहित) को बोलपत्र छनौट भई मिति २०७४।१०।२६ मा खरिद सम्झौता भएको ।

**बोलपत्र सम्बन्धी विवरणहरु**

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय, मुगु |
| | ठेक्का नं. ०१/०७४/७५, प्याकेज १ |
| खरिद कार्यको संक्षिप्त विवरण | GI Pipe & GI Fittings Supply |
| लागत अनुमान (मु.अ. कर समेत) | २१,१२,१०५।६० |
| खरिद विधि | National Competitive Bidding |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७४।०९।१६ |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | सद्भाव राष्ट्रिय दैनिक |
| बोलपत्र आह्वान भएको website | प्रयोग नगरिएको |
| बिक्री भएका बोलपत्र संख्या | ३ वटा |
| दाखिला भएका बोलपत्र संख्या | ३ वटा, सबै Hard Copy |
| बोलपत्र फिर्ता संख्या | छैन |

| | |
|---|---|
| बोलपत्र खोलेको मिति | २०७४।१०।१७ |
| आशयको सूचना | २०७४।१०।१९, पत्र मार्फत |
| खरिद सम्झौताको मिति | २०७४।१०।२६ |
| पुनरावलोकनको लागि निवेदन पेश भए/नभएको | नभएको |
| खरिद सम्झौता रकम (मु.अ. कर समेत) | २०,८२,५८८।८७ |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | -१.४० % |
| बोलपत्रदाताको नाम | श्री सुमन ट्रेड एण्ड सप्लायर्स नेपालगञ्ज बाँके |
| समान Supply गर्नुपर्ने अवधी | २०७४।१२।३० सम्म |

उक्त बोलपत्र सम्बन्धमा बोलपत्र सम्बन्धी कागजात, खरिद सम्झौता तथा बोलपत्र मुल्याङ्कन प्रतिवेदन अध्ययन गर्दा निम्न कमि कमजोरिहरु देखिन्छ ।

- राष्ट्रिय स्तरको बोलपत्र आब्हानको सूचना प्रकाशन गरिएको पत्रिका देशका अधिकाशं स्थानमा पुग्ने पत्रिका हो/होइन एकिन नगरिएको।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ को उपदफा (२) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३७ मा सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नुपर्ने कुराहरु उल्लेख गरिएको छ । सोही कुराहरुलाई समेटेर सार्वजनिक खरिद अनुगमन कार्यालयबाट नमूना बोलपत्र कागजात तयार गरि सार्वजनिक गरिएको भएता पनी खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय, मुगुले GI Pipe & GI Fittings Supply (ठेक्का नं. ०१/०७४/७५, प्याकेज १) का लागि तयार गरेको बोलपत्र सम्वन्धी कागजात सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र कागजात बमोजिम नभएको पाइयो । उक्त कागजतामा बोलपत्र आह्वानको सूचना, सामानको स्पेसिफिकेसन र Price Schedule मात्र रहेको पाइयो ।
- सार्वजनिक खरिद नियमावली २०६४ नियम ६६ बमोजिम बोलपत्र मुल्याङ्कनको प्रतिवेदन तयार गर्ने गरिएको पाइएन । कार्यालय प्रमुखको नेतृत्वमा बैठक बसी सवैभन्दा कम रकम कवोल गर्ने वोलपत्रदाताको बोलपत्र स्विकृत गर्ने निर्णय गरिएको। नियम ६० बमोजिम बोलपत्रको पुर्णताको परिक्षण गरेको कागजात नभेटिएको ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र छनौट भएको सात दिन भित्र सार्वजनिक निकायले सम्बन्धित बोलपत्रदातालाई निजको बोलपत्र स्विकृत गर्ने आशयको सूचना दिनु पर्ने र त्यसरी छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना, र रकमको जानकारी अन्य बोलपत्रदातालाई समेत दिनु पर्ने ब्यवस्था रहेको । सोही दफाको

उपदफा (३) मा आशयको सूचना दिएको सात दिनको अवधी भित्र कुनै बोलपत्रदाताले दफा ४७ बमोजिम निवेदन नगरेमा मात्र निजको बोलपत्र स्विकृत गरी निजलाई १५ दिन भित्र खरिद सम्झौता गर्नका लागि कार्य सम्पादन जमानत दाखिला गर्न सूचना दिनु पर्ने ब्यवस्था छ। तर खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय, मुगुले श्री सुमन ट्रेड एण्ड सप्लायर्सलाई मिति २०७४।१०।१९ मा आशयपत्र सम्वन्धमा बिषय मा लेखेको पत्रमा तपाइको बोलपत्र स्विकृत गरिएको छ, पत्रको मितिले ७ दिन भित्र सम्झौता गर्न आउनु हुन भन्ने ब्यहोरा उल्लेख रहेको । यो व्यहोरा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) विपरित रहेको । यो प्रावधानले अन्य बोलपत्रदाताहरुको दफा ४७ बमोजिम पुनरावलोकनका लागि निवेदन दिन सक्ने अधिकार हनन् भएको ।साथै स्विकृत भएको बोलपत्रदाताले कार्य सम्पादन जमानत दाखिला गर्न १५ दिनको समयावधी पाउनेमा ७ दिन मात्र दिइएको ।

- खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय, मुगु र श्री सुमन ट्रेड एण्ड सप्लायर्स बिच भएको खरिद सम्झौतामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २० को उपनियम (२) बमोजिम खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने भनि तोकिएका शर्तहरु उल्लेख भएको पाइएन । मिति २०७४।१०।२६ मा सम्झौता सम्वन्धमा बिषयमा श्री सुमन ट्रेड एण्ड सप्लायर्सलाई पत्र लेखिएको र सोही पत्रलाई नै सम्झौता मानिएको । सम्झौता भनिएको उक्त काजगातमा बोलपत्रदाताको हस्ताक्षर र छाप समेत नरहेको । जसले गर्दा बोलपत्रदातालाई कार्य प्रति जिम्मेबार बनाउन नसकिने अवस्था देखिनुको साथै भविश्यमा करार सम्वन्धी द्विपक्षीय विवाद देखिएमा समाधान गर्ने कुनै भरपर्दो आधार नरहने स्थिती वनेको।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३७ बमोजिम खरिद सम्झौता सम्पन्न भएको तीन दिन भित्र खरिद सम्झौताको सूचना सार्वजनिक गर्नुपर्नेमा सो बमोजिम गरेको पाइएन ।

### ९. नारायणगढ मुग्लिन सडक आयोजना

प्रस्तुत विषयमा नारायणगढ मुग्लिङ्ग सडक योजना दातृ संस्था विश्व बैंकको ऋण सहयोगमा नेपाल भारत क्षेत्रिय व्यापार तथा यातायात आयोजना अन्तर्गत संचालित आयोजना रहेको र उक्त आयोजनाको जम्मा ३ वटा प्याकेजमा निमार्ण कार्य भइरहेको रहेको, सो निमार्ण सम्बन्धि सम्झौता शुरुमा २४ महिना भित्र सम्पन्न गर्ने गरी भएको भएता पनि लामो समय सम्म निमार्ण कार्य पुरा हुन नसकेको, काममा धेरै विलम्ब भई सर्वसाधारणले समेत निकै कष्ट भोगी रहेको भन्ने जस्ता जन गुनासो

व्यापक रुपमा पत्र-पत्रिकामा समेत आईरहेकोले अनुगमन गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेको छ।

(१) सडक विभाग वैदेशिक महाशाखा अन्तर्गतका Project Co-ordination Unit ले नै खरिद इकाइको रुपमा खरिद सम्बन्धि प्रक्रिया संचालन गर्ने गरेको देखिएको ।

(२) World Bank दातृ संस्था (खर्च बेहोर्ने) भएको हुँदा World Bank को Procurement Guide Line समेत अपनाई ICB Bidding मार्फत ठेक्का बन्दोबस्त भएको र कामको रेखदेख गर्न Supervision Consultant समेत नियुक्त भएको ।

(३) २४ महिना भित्र कार्य पूरा गर्ने गरी सम्झौता सम्पन्न भएता पनि भूकम्प नाकाबन्दीको कारण इन्धन संकटले समेत कार्य पूरा गर्न समयमा नसकिएको र गाडी संचालनमा अबरोध नगरी काम गर्नु पर्ने शर्त समेतको आधारमा सम्झौता भई सकेपछि पनि गाडी संचालन हुँदा काम गर्न नसकिएको भन्ने जस्ता आधारमा ३ पटक सम्म म्याद थप भै सकेको र अब चौथो चरणको म्याद थपको प्रक्रियामा रहेको ।

(४) १५ प्रतिशतको सीमा भित्र रही भेरिएशन आदेश समेत जारी भएको ।

(५) खरिद ऐन नियम बमोजिमका सबै प्रक्रिया पूरा गरेको बुझिएता पनि म्याद थप सम्बन्धि फाईल तत्काल उपलब्ध हुँन नसक्दा सो पक्षको भने विश्लेषण गर्न नसकिएको ।

(६) काममा ढिलाई हुनुको प्रमुख कारण यातायातका साधन संचालन संगै काटिङ्ग समेतको काम गरी बाटो फराकिलो बनाउनु पर्ने भएकोले शुरुमा कार्य प्रगतिमा तिब्रता दिन नसकिएको र पछिल्ला समयमा जिल्ला प्रशासनको समेत सहयोग लिई विहान १० देखि ४ बजे सम्म बाटो बन्द गरी काममा तिब्रता दिदा हाल ७७ प्रतिशत काम पूरा भएको देखिन्छ । यद्यपी यातायातका साधन रोक्नु चाहीं सम्झौता विपरित समेत भएको देखिंदा आयोजना संचालन Modality मा नै गम्भिर त्रुटि भएको पाईयो ।

### १०. जलउत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं. १४, रुपन्देही

जलउत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं. १४, रुपन्देहीको कार्यक्षेत्र रुपन्देही, नवलपरासी र पाल्पा जिल्ला रहको छ । जलउत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं.१४, रुपन्देहीबाट हुने बिभिन्न कामहरु जलउत्पन्न प्रकोप व्यवस्थापन बिभाग मार्फत स्वीकृत बार्षिक कार्यक्रमहरु बमोजिम हुने गरेको देखियो । उक्त डिभिजनबाट हुने कामहरु जलश्रोत ऐन, २०४९, जलश्रोत नियमावली, २०५०, सिचाई नियमावली, २०५६, सिंचाई नीति २०७०, जलउत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ र सिंचाई तथा जलउत्पन्न प्रकोप सम्बन्धी उपभोक्ता संस्था मार्फत निर्माण

कार्य संचालन गर्ने/गराउने कार्यविधि, २०६९ लगायत सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुने देखिन्छ ।

**फाइल नं.१**

| | |
|---|---|
| कार्यालयको नाम | : जलउत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं. १४ |
| ठेगाना | : भैरहवा, रुपन्देही । |
| कार्यक्षेत्र | : रुपन्देही, नवलपरासी र पाल्पा जिल्ला |
| योजनाको नाम | : अरुण खोला बाढी नियन्त्रण |
| आ.ब. | : ०७३/७४ |
| खरिद बिधि | : उपभोक्ता समिति मार्फत |
| लगत इस्टिमेट रकम | : रु. ३,४१,४९,०००।- (तीन करोड एकचालीस लाख उन्चास हजार मात्र (ओभरहेड, कन्टिन्जेन्सी र मूल्य अभिवृद्धि कर समेत) |

खरिद कार्यको अवस्था : सम्पन्न

**अनुगमनको क्रममा देखिएका कमी कमजोरी**

१. आ.ब.०७३/७४ मा अरुण खोला बाढी नियन्त्रण योजना को लागि बजेट व्यवस्था भएकोमा रु ३,४१,४९०००।- (तीन करोड एकचालीस लाख उन्चास हजार मात्र (ओभरहेड, कन्टिन्जेन्सी र मूल्य अभिवृद्धि कर समेत) को लगत इस्टिमेट स्वीकृत भएकोमा उक्त रकमलाई सात वटा उपभोक्ता समिति गठन गरि काम गरेको देखिन्छ । सम्बन्धित कार्यालयबाट प्राप्त जानकारी अनुसार यस्तै प्रकृतिको काम गर्दा अघिल्लो आ.ब. मा बोलपत्र आहवान गरिएकोमा बोलपत्र दर्ता नभएको कारण जल उत्पन्न प्रकोप व्यवस्थापन विभागबाट स्वीकृती लिएर सात अलग अलग लगत इस्टिमेट तयार गरि उपभोक्ता समिति मार्फत काम गरेको भन्ने जानकारी पाइयो । यस आधारमा सार्वजनिक खरिद ऐनको मूल मान्यता प्रतिस्पर्धा हुने खरिद विधि प्रयोग गरेको देखिएन ।

२. सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए अनुसार सार्वजनिक निकायले बार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आ.ब. को अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा नै बार्षिक खरिद योजना बनाई काम अगाडि बढाउनु पर्ने व्यवस्था विपरित खरिद योजना बिना खरिद कार्य गरिएको । साथै उक्त कार्यालयको बार्षिक बजेट हेर्दा सार्वजनिक खरिदको गुरुयोजना समेत बनाउनु पर्ने देखिएको । तसर्थ बार्षिक खरिद योजना र खरिद गुरुयोजना दुवै नबनाई खरिद कार्य गरिएको ।

३. जनसहभागिता हुने काममा जलउत्पन्न प्रकोप व्यवस्थापन नीति,२०७२ मा प्रकोप प्रभावित उपभोक्ता समूहले कार्यविधिमा तोके अनुसारको जनसहभागीता वापतको अंश व्यहोर्नु पर्नेछ भन्ने व्यवस्था छ भने सिंचाई तथा जलउत्पन्न प्रकोप सम्बन्धी उपभोक्ता संस्था मार्फत निर्माण कार्य संचालन गर्ने/गराउने कार्यविधि, २०६९ मा उपभोक्ता समिति मार्फत गरिने काममा कुल लागत अनुमान रकममा मूल्य अभिवृद्धि करको रकम, ओभरहेड रकम, साधारण कन्टिन्जेन्सीको रकम, वीमा वापतको रकम तथा उपभोक्ताले व्यहोर्नुपर्ने अंश वापतको रकम समावेश हुनु पर्नेछ भन्ने व्यवस्था छ । यस आधारमा उपभोक्ता समितिले कति रकम व्यहोर्ने भन्ने बारेमा कानुनी प्रस्टता नभएको भए पनि करिब तीन प्रतिशत को हाराहारीमा उपभोक्ता समितिले व्यहोर्ने गरि लगत इस्टिमेट गरेको देखिएको । यस आधारमा उपभोक्ता समितिले कति प्रतिशत रकम व्यहोर्नु पर्ने हो सो बारेमा कानुनी प्रस्टता हुनु पर्ने देखियो ।

४. जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग र अन्तर्गतका निकायहरुबाट हुने कामको लागि मुख्य रुपमा जनसहभागीता हुने काममा जलउत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ र सिंचाई तथा जलउत्पन्न प्रकोप सम्बन्धी उपभोक्ता संस्था मार्फत निर्माण कार्य संचालन गर्ने/गराउन कार्यविधि, २०६९ कार्यान्वयनमा रहेको देखियो । नीतिले लक्ष्य पुरा गर्न नीति बमोजिमको कार्यविधि बनाएर काम गर्नु पर्नेमा कार्यविधिलाई समसामयिक बनाएको देखिएन । यसर्थ नीतिले राखेका उद्देश्य अनुसार काममा सामाञ्जस्यता ल्याउन कार्यविधिलाई परिमार्जन गर्नु पर्ने देखिन्छ।

५. सार्वजनिक खरिद ऐन, २०६३ मा व्यवस्था भएका बिभिन्न खरिद विधिहरु मध्ये उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई गरिने खरिद बिधि पनि एक हो । जल उत्पन्न प्रकोप व्यववस्थापन कार्यालय, रुपन्देहीले उपभोक्ता समिति संग सम्झौता गरि काम गर्दा रकम भुक्तानी गर्दा एक प्रतिशत धरौटी रकम कट्टा गर्ने गरेको देखिन्छ । धरौटी रकम कति प्रतिशत कट्टा गर्ने तथा उक्त धरौटीको रकम कति समयपछि फिर्ता गर्ने हो भन्ने हो भन्ने बारेमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा कुनै व्यवस्था छैन। साथै सम्बन्धित निकायबाट बनाइएको कार्यविधिमा समेत कति प्रतिशत धरौटी राख्ने भन्ने बारेमा तोकिएको देखिदैन । तसर्थ सार्वजनिक खरिद ऐन, २०६३ एउटा खरिद विधिको रुपमा रहेको उपभोक्ता समिति मार्फत सरकारको धेरै रकम खर्च समेत हुने गरेको देखिदा धरौटी कट्टा र फिर्ता सम्बन्धमा सार्वजनिक खरिद नियमावलीमा नै प्रस्ट व्यवस्था गरिदिनु पर्ने देखिन्छ ।

६. जलउत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धि कामको लागि उपभोक्ता समिति मार्फत काम गर्दा कार्यालयमा उपभोक्ता समिति दर्ता गर्ने गरेको देखिन्छ । तर यसरी उपभोक्ता समिति दर्ता गर्दा सिंचाई नियमावली,२०५६ अनुसार दर्ता गरेको देखियो । जलउत्पन्न प्रकोप सम्बन्धी उपभोक्ता संस्था मार्फत निर्माण कार्य संचालन गर्ने/गराउने कार्यविधि, २०६९ मा उपभोक्ता समिति दर्ता

गर्ने सम्बन्धि व्यवस्था रहेको र सो व्यवस्था अनुसार उपभोक्ता समिति दर्ता हुनु पर्ने देखिन्छ । सिंचाई नियमावली, २०५६ मा व्यवस्था भएको उपभोक्ता समिति दर्ताको प्रयोजन सिंचाई सम्बन्धि कामको लागि दर्ता गर्ने मात्र रहेको र अन्य प्रयोजनको लागि दर्ता गर्ने सम्बन्धि व्यवस्था नरहेको । जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ ले "जल उत्पन्न प्रकोप" भन्नाले वाढी, पहिरो, डुवान, पटान, हिम पहिरो आदि कारणले उत्पन्न हुने प्रकोपलाई सम्झनु पर्दछ भनी परिभाषित गरेको देखिन्छ । भने "जल उत्पन्न प्रकोप प्रभावित उपभोक्ता समूह" भन्नाले बाढी, पहिरो, नदी कटान तथा जल उत्पन्न प्रकोपबाट प्रभावित उक्त क्षेत्रमा बसोबास गर्ने समूह/समुदायलाई सम्झनु पर्दछ र सो शब्दले प्रकोप प्रभावित उपभोक्ता समूह समेतलाई जनाउँछ । यस आधारमा जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धि कामको लागि उपभोक्ता समिति गठन गर्दा सिंचाई नियमावलीमा व्यवस्था भए बमोजिमको उपभोक्ता समिति गठन गर्नु कानुन सम्मत देखिएन ।

७. उपभोक्ता समितिले करिब तीन प्रतिशत रकम व्यहोर्ने गरि लगत इसिटमेट गरिएकोमा उपभोक्ता समितिले गरेको कामको डोर हाजिरी फाराम लगायत अन्य कुने प्रमाणित कागजात पेश गरेको देखिएन । कार्यालयले रकम भुक्तानी गर्दा लगत इसिटमेट गरिएकोमा उल्लेख गरिएको रकम मध्ये कार्यालयले व्यहोर्ने भनि तोकिएको रकम भुक्तानी गरेको देखिन्छ । उपभोक्ता समितिले गरेको कामको पनि प्रमाणित हुने कागजात राखु पर्ने आवश्यकता देखिएको ।

**११. जिल्ला जनस्वास्थ्य कार्यालय रुपन्देही**

**अनुगमन अध्ययन गरिएको खरिद सम्वन्धी फाइलको संक्षिप्त विवरण**

**फाइल नं. १**

| | |
|---|---|
| कार्यालयको नाम | : जिल्ला जनस्वास्थ्य कार्यालय, रुपन्देही |
| ठेगाना | : सिद्धार्थनगर, रुपन्देही |
| आ.व. | : २०७३/७४ |
| खरिदको नाम | : औषधी आपूर्ति |
| खरिद विधि | : Sealed Quotation |
| सूचना प्रकाशन | : २०७३।६।२१ |
| लागत अनुमान | : रु ३८०२४२७। (भ्याट बाहेक) |
| वोलपत्र विक्री | : ११ |
| वोलपत्र दर्ता | : ७ |
| खरिद कार्यको अवस्था | : सम्पन्न |

**फाइल अध्ययन गर्दा देखिएका कमी कमजोरीहरु :**

- प्याकेजमा मूल्यांकन नगरी आइटमवाइज मूल्यांकन गरी कम मूल्य भएको औषधी सम्वन्धीत वोलपत्रदाताहरुमार्फत खरिद गरिएको देखिन्छ ।
- एकै आर्थिक वर्षमा रु १ करोड भन्दा वढी मूल्यको औषधी सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरिएको देखिन्छ ।
- स्टाण्डर्ड विड डकुमेन्टको प्रयोग भएको छैन ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७) ३ (ले व्यवस्था गरे वमोजिम औपचारिक रुपमा खरिद इकाई गठन भएको देखिएन ।
- मूल्यांकन समितिको गठन भएको भएपनि सो समितिको प्रतिवेदन तयार भएको देखिंदैन भने वोलपत्र मूल्यांकनको परिणाम टिप्पणी निर्णयमा मात्र लेखिएको देखिन्छ ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा नियमावली, २०६४ को नियम ८ वमोजिम बनाउनुपर्ने वार्षिक खरिद योजना बन्न नसकेको देखिन्छ ।

**फाइल नं. २**

| | |
|---|---|
| खरिदको नाम | : फर्निचर खरिद (दराज, कुर्सी, टेवुल आदि) |
| आ.व. | : २०७३/०७४ |
| सूचना प्रकाशन मिति | : २०७३।१२।१६ बुटवल टुडे |
| खरिद विधि | : Sealed Quotation |
| लागत अनुमान | : रु ७६०६१६। |
| वोलपत्र विक्री | : ४ |
| वोलपत्र दर्ता | : ३ |
| खरिद कार्यको अवस्था | : सम्पन्न |

**फाइल अध्ययन गर्दा देखिएका केही कमी कमजोरीहरु :**

- प्याकेजमा मूल्यांकन नगरी आइटमवाइज मूल्यांकन गरी कम मूल्य भएको फर्निचरहरु सम्वन्धीत ३ वटै प्राप्त वोलपत्रदाताहरुमार्फत खरिद गरिएको देखिन्छ ।
- मूल्यांकन प्रतिवेदन वनाइएको छैन । कम मूल्य भएको आइटमहरुलाई छनौट गर्ने निर्णय मात्र लेखिएको छ।

➢ सिलवन्दी दरभाउपत्रमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको स्टाण्डर्ड नमूना वोलपत्रको प्रयोग भएको छैन ।

**निष्कर्ष :**

जिल्ला जनस्वास्थ्य कार्यालय रुपन्देहीले खरिद कार्यमा सार्वजनिक खरिद ऐन तथा नियमको पालनामा प्रयासहरु गरेको भएपनि खरिद प्रक्रियामा त्रुटीहरु गरेको कुरा अनुगमन पश्चात प्राप्त सूचना तथा तथ्यांकले देखाउँछ । Cost estimate prepare गरी सो को आधिकारिक स्वीकृत भई सोही अनुरुप खरिद कार्य अघि वढाएको, वोलपत्र आह्वानको सूचना प्रकाशन गरी वोलपत्रदाताहरुबाट प्रस्ताव संकलन गरी मूल्यांकनमा लगिएको विषयहरु कानूनसम्मत नै देखिए पनि मूल्यांकन प्रक्रियामा कमी कमजोरीहरु रहेको देखिन्छ । वोलपत्रको मूल्यांकन गर्दा सम्पुर्ण प्याकेजमा गर्नुपर्ने भएपनि प्राप्त प्रस्तावहरुको आइटमवाइज मूल्यांकन गरी सोही अनुसार मूल्यांकन गरी खरिद गरेको पाइयो । खरिद इकाइ गठन नहुनु तथा स्टाण्डर्ड वोलपत्रको प्रयोग नगर्नु जस्ता कमजोरीहरु पनि देखिन्छ ।

## १२. जिल्ला समन्वय समितिको कार्यालय रुपन्देही

### अनुगमन अध्ययन गरिएको खरिद सम्वन्धी फाइलको संक्षिप्त विवरण

**फाइल नं. १**

| | |
|---|---|
| कार्यालयको नाम | : जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देही |
| ठेगाना | : सिद्धार्थनगर, रुपन्देही |
| अनुगमन खरिदको नाम | : चरेगें मोटरेवल पक्की पुल निर्माण |
| ठेक्का नं. | : 46/LRBP/RUP-DDC/071-72 |
| खरिद गरिएको आ.व. | : २०७२/०७३ |
| खरिद विधि | : NCB Works |
| लागत अनुमान | : रु २,९५,१३,११४।५८।- (भ्याटबाहेक) |
| सूचना प्रकाशन मिति | : २०७२।२।२७, समाचारपत्र दैनिक |
| बोलपत्र दर्ता | : ८ (आठ) (२ वटा हार्डकपी र ६ वटा इविड) |
| बोलपत्र फिर्ता | : १ (एक) |
| बोलपत्र जमानत | : रु ८,३४,०००।- |

उल्लेखित चरेगें मोटरेवल पक्की पुल निर्माण कार्यका लागि वोलपत्र जिविसबाट रु ३००० मा खरिद गर्न सकिने तथा नेपाल राष्ट्र बैंक सिद्धार्थनगर रुपन्देहीमा जम्मा गरेको रकमको स्क्यान्ड भौचरसहित सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइटको विद्युतीय माध्यमबाट पनि डाउनलोड र अपलोड गर्न सकिने भनी उल्लेख गरिएको पाइन्छ । वोलपत्रको भ्यालिडटि पिरियड ९० दिनको र विड सेक्युरिटी पिरियड १२० दिनको रहने वोलपत्र आव्हान सूचनामा खुलाईएको छ । वोलपत्र दर्ताको अन्तिम मिति २०७२।०३।२५ दिनको १२ वजे अघि र वोलपत्र खोल्ने मिति २०७२।०३।२५ दिनको १२ वजे पछि भनी सूचनामा उल्लेख गरिएकोमा वोलपत्र दिनको १ वजे खोलिएको मुचुल्काबाट देखिन्छ । ८ वटा वोलपत्रहरु दर्ता हुन आएकोमा एउटा वोलपत्र फिर्ता भएको र जम्मा ७ वटा वोलपत्रहरु मूल्यांकनमा लगिएको देखिन्छ । रु २,९५,१३,११४।५८।- (भ्याटबाहेक) लागत अनुमान तयार गरी तत्कालिन जिल्ला विकास समितिले समाचारपत्र दैनिकमा राष्ट्रियस्तरको वोलपत्र आव्हान गरेको देखिन्छ भने यसमा रु २०२७६६३५।८५।- (भ्याटबाहेक) कवोल भएको वोलपत्र श्री वाइ पी जयवुद्ध जेभी छनौट भई सो निर्माण कम्पनीले निर्माण कार्य सम्पन्न गरेको देखिन्छ ।

**फाइल अध्ययन गर्दा देखिएका केही कमी कमजोरीहरु :**

- लागत अनुमानभन्दा ३१.३ प्रतिशत घटीमा वोलपत्रदाताले कवोल गरेको देखिन्छ । यसले गर्दा लागत अनुमान तयार गर्दा विस्तृत अध्ययन नभएको देखिन्छ । वजार विश्लेषणको अभाव देखिन्छ ।
- वोलपत्र परीक्षण गर्दा सार्वजनिक खरिद ऐन २०४३ को दफा २३ वमोजिम तथा नियमावलीको नियम ६० वमोजिम वोलपत्रदाताको कानूनी योग्यता, अधिकारप्राप्त प्रतिनिधि वा एजेन्टको अख्तियारनामा, जेभी सम्भौता लागयतका परीक्षण प्रतिवेदन तयार भएको देखिएन ।
- पुल निर्माणको ड्रइङ्ग डिजाइन अनुसार निर्माण कार्य गराउँदा लागत अनुमानको Quantity फरक पर्न गएको भनी ३.०२ (बढी) प्रतिशतले भेरिएसन आदेश जारी गरी निर्माण कार्य अघि वढाएको देखिन्छ । न्यूनत्तम कवोल अंक भएको वोलपत्रलाई मात्रै प्राविधिक मूल्यांकनमा लगिएको र सोही वोलपत्र प्राविधिक मूल्यांकनमा समेत उत्तिर्ण भएकोले अन्य वोलपत्रहरुको प्राविधिक मूल्यांकनमा नलगिएको ।
- सार्वजनिक खरिद नियमावलीको नियम ६१ (५) अनुसार वोलपत्रको प्राविधिक, व्यापारिक र आर्थिक पक्षको मूल्यांकन गर्नुपर्नेछ भनी उल्लेख भएवमाजिम प्राप्त भएका वोलपत्रहरुको व्यापारिक मूल्यांकन भएको देखिंदैन ।
- सार्वजनिक खरिद नियमावलीको नियम ५९ को उपनियम ४ वमोजिम मुचुल्कामा खुलाउनुपर्ने कुराहरु सवै नखुलाईएको जस्तोः विडरको ठेगाना, लेटर अफ विडमा हस्ताक्षर भए नभएको आदि ।
- सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ को उपदफा ८ बमोजिम न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रको मूल्याङ्कनको आधार र तरिका समेत खुल्ने गरी मूल्याङ्कन प्रतिवेदन तयार गरी

सार्वजनिक निकाय समक्ष पेश गर्नु पर्ने भएपनि त्यस्तो नगरी तुलनात्मक चार्ट तयार गरी सामान्य मूल्यांकन प्रतिवेदन तयार नगरी ऐ ऐनको दफा ७ वमोजिम वोलपत्र परीक्षणको आधारमा न्यूनत्तम मूल्यांकित (सवैभन्दा कम कवोल) र सारभूतरुपमा प्रभावग्राही आवेदक भनी निर्णय गरी निर्णय प्रतिमात्र पेश गरेको देखिन्छ ।

- सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको NCB डकुमेन्ट (स्टाण्डर्ड विड डकुमेण्ट) को प्रयोग नभएको ।

**फाइल नं. २**

| | |
|---|---|
| अनुगमन खरिदको नाम | : ठुटेपिपल हाटीफर्सीटिकर सडक कालोपत्रे |
| आ.व. | : २०७३/०७४ |
| ठेक्का नं. | : 4D/ DDC/073-74 |
| खरिद विधि | : NCB Works |
| लागत अनुमान | : रु २१,९८,८१६।८२ (भ्याटबाहेक) |
| सूचना प्रकाशन मिति | : २०७३।०८।२७, |
| बोलपत्र दर्ता | : १६ |
| बोलपत्र दस्तुर | : रु १०००।- |
| Bid Security | : रु ६२,५००।- |

**फाइल अध्ययन गर्दा देखिएका कमजोरीहरु :**

- डाइभर्सन ठुटीपिपल सडक कालोपत्रे) ठेक्का नं .३।२०७३।२०७४ ( ठुटीपिपल हार्टिफर्सीटिकर सडक कालोपत्रे) ठेक्का नं .४।२०७३।२०७४ (को निर्माण कार्यलाई टुक्रयाई खरिद गरिएको देखिन्छ। यि दुवैको लागत अनुमान रकम वारावर हुनुका साथै एउटै निर्माण कम्पनीले अर्को एक सहित जम्मा ३ वटा निर्माण कार्य प्राप्त गरेको देखिन्छ । साथै उक्त निर्माण कम्पनीले निर्माण कार्य मिति २०७४।१।३० मा सक्नुपर्ने सम्झौता भएको भएतापनि मिक्सचर र हेभी मेसिनको अभावमा समयमा कार्य सम्पन्न गर्न नसकेको भनी मिति २०७४।३।२० सम्म समयावधि थप गर्ने निर्णय भएको पाइन्छ जुन नियमसंगत देखिंदैन ।
- मूल्यांकन समितिको गठन भएको भएपनि सो समितिको प्रतिवेदन तयार भएको देखिदैन भने वोलपत्र मूल्यांकनको परिणाम टिप्पणी निर्णयमा मात्र लेखिएको देखिन्छ ।

**निष्कर्ष :**

जिल्ला विकास समिति, रुपन्देहीले खरिद प्रक्रियामा खरिद कानून नियमको आंशिक रुपमा मात्र परिपालना गरेको कुरा खरिद अनुगमन र खरिद सम्वन्धी फाइलहरु अध्ययनबाट पाइन्छ । निर्माण कार्यमा गरिएको भेरिएसन, लागत अनुमानको कमजोर तयारी, वोलपत्र मूल्यांकनमा कम ध्यान दिइएको देखिनु जस्ता प्रमुख कमजोरीहरु रहेको देखिन्छ । त्यस्तै सडक निर्माण कार्यमा अनावश्यक Slicing गरी खरिद गर्दा निर्माण कार्यमा मितव्ययिता र गुणस्तरीयता हुन नसक्ने जस्ता समस्याका साथै समयमा निर्माण कार्य सम्पन्न नभई म्याद थप जस्ता समस्या रहेको पाइन्छ । खरिद कार्यको लागि आवश्यक विवरणहरु खुलाई सूचना प्रकाशन गरिएको, वोलपत्र खोल्दा मुचुल्का तयार गरि मूल्यांकन समितिमार्फत वोलपत्र मूल्यांकन गरिएको जस्ता सकारात्मक पक्ष पनि अनुगमन अध्ययनबाट देखिन्छ । त्यस्तै वार्षिक खरिद योजना वन्नु, खरिद इकाई गठन हुनु, मूल्यांकनमा तुलनात्मक चार्ट वनाई कवोल अंकहरुको विश्लेषण गरी वोलपत्रको मूल्यांकन गर्नु जस्ता सवल पक्षहरु कार्यालयको खरिद प्रक्रियामा रहेको देखिन्छ ।

## १३. जिल्ला समन्वय समिति, महोत्तरी

**अध्ययन गरिएको फाइल : झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम (ब.उ.शि.नं. ३६५८०९३) २०७३/७४)**

जि.वि.स. महोत्तरी र उपभोक्ता समिति बीचको समुदायमा आधारित झोलुङ्गे पुल निर्माण (कोचिला बाबा खोला झोलुङ्गे पुल निर्माण उप समिति)

**कार्यालयबाट भएको निर्णय र लागत अनुमान**

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत कोचिला बाबा झोलुङ्गे पुल निर्माण कार्यका लागि मिति २०७१।०९।१८ गते को खरिद इकाइको निर्णय अनुसार तथा कोचिला बाबा झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति र जि.वि.स. महोत्तरीबीच मिति २०६७।०७।१४ मा भएको सम्झौताको निरन्तरताको रुपमा कार्यक्रम अगाडि बढाएको देखिन्छ । मिति २०७१।०१।१६ भएको सम्झौतालाई मिति २०७३।०१।१६ सम्म पुनः म्याद थप भएकोमा गै.स.स. को सेवा शुल्क तालिका बमोजिम अग्रिम भुक्तानी (सर्भे, डिजाइन) अनुमानित लागत तथा लागत अनुमान तयार गरी ३०% भुक्तानीका लागि पेश हुने भनी मिति २०७२।११।२१ म कार्य प्रत्यायोजन विवरण नयाँ निर्माण र बृहत तालिका अनुसार निर्णय गर्ने मिति २०७३।०१।१६ मा भनी टिप्पणी सदर भएको देखिन्छ । जसमा गै.स.स. को कुल पारिश्रमिक रु. ११,९८,७११।३४ बाट ३०% (रु. ३,५९,६१३।-) का लागि निर्णय गरिएको देखिन्छ ।

**सम्झौतामा भएका मुख्य-मूख्य व्यवस्थाहरु**

- महोत्तरी जिल्लास्थित रातो खोलाको कोचिला बाबा पुल/घाटमा झोलुङ्गे पुल निर्माण गर्ने कार्यका लागि मिति २०७२।१२।२९ मा सम्झौता सम्पन्न भएको उक्त कार्यको लागि रु. ७१,२१,३०१।५३ लागत अनुमान राखेको देखिन्छ । यसको स्रोतको रुपमा जि.वि.स., गा.वि.स., केन्द्रको अनुदान (SWAP) को गरी विभाजन गरिएको देखिन्छ । साथै, उयर्पुक्त निकायहरुबाट प्राप्त हुने सामग्रीहरुको विवरण समेत उल्लेख गरिएको छ ।
- झोलुङ्गे पुलबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवार संख्या ४५२ र जनसंख्या २७१२ उल्लेख गरिएको ।
- चालु आ.व. मा रु. २३,४४,०००।- (तेईस लाख चौवालिस हजार मात्र) बजेट विनियोजन भएको तथा थप बजेट आएमा यसै बर्ष र बजेट नआएमा आगामी आ.व.मा कार्य सम्पन्न गर्ने भनी सम्झौतामा उल्लेख भएको देखिन्छ ।
- मिति २०७०।११।२३ मा ११ सदस्यीय उपभोक्ता समिति गठन भएको देखिन्छ भने उक्त झोलुङ्गे पुलको मर्मत संभारको लागि पुलको निर्माण पश्चात् झोलुङ्गे पुल मर्मत समिति (BMC) गठन गरिने र सोही समितिले मर्मत संभारको जिम्मेवारी लिने निर्णय भएको देखिन्छ ।
- झोलुङ्गे पुलमा प्राविधिक तथा सामाजिक सहयोगका लागि जिल्ला विकास समितिले गैर सरकारी संस्थालाई कार्य प्रत्यायोजन गर्ने र सोही गैर सरकारी संस्थाले उपभोक्ता समितिलाई आवश्यक प्राविधिक तथा सामाजिक सहयोग प्रदान गर्नेछ र सो को अनुगमन तथा निरीक्षण जिल्ला विकास समितिले गर्नेछ भन्ने उल्लेख भएको तथा ट्रेल बृज सर्पोट युनिट/हेल्भेटास नेपालले आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने भन्ने सम्झौतामा उल्लेख गरिएको ।
- झोलुङ्गे पुल आयोजनाको निर्माण कार्य सम्पन्न गर्दा कुल लागत क्षमता भन्दा बढी हुन जाने देखिएमा प्रचलित नियमानुसार लागत इष्टिमेट संशोधन गरी स्वीकृत गरिनेछ र सोही अनुसार अनुदान र उपभोक्ता समितिको योगदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिने/दिनेछौं भनी प्रतिबद्धता समेत गरिएको देखिन्छ ।
- झोलुङ्गे पुल आयोजनाको निर्माण कार्य सम्झौता मिति २०७२।१२।२९ मा कोचिला बाबा झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिसंग भएको देखिन्छ ।

### गैर सरकारी संस्था चेतना विकास केन्द्र बीच भएको कार्य प्रत्यायोजन सम्झौता

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत चेतना विकास केन्द्र र जिल्ला विकास समिति बीच छुट्टै सम्झौता भएको देखिन्छ । मिति २०६७।०७।१४ मा भएको सम्झौताको निरन्तरताको रुपमा यस केन्द्रसंग सम्झौता नवीकरण गरेको देखिन्छ । उक्त कार्य प्रत्यायोजन सम्झौतामा उल्लेख भए अनुसार कुनैं निश्चित पुललाई मात्र सहयोग गर्ने नभई यसले सहयोगको समग्र ढाँचामा जोड दिने कुरा उल्लेख गरेको छ । जि.वि.स.को तर्फबाट गैर सरकारी संस्थाले उल्लेखित समुदायलाई सामाजिक तथा प्राविधिक सहयोग प्रदान गर्ने बिषय उल्लेख गरिएको छ ।

- चेतना विकास केन्द्र र जिल्ला विकास समिति बीच भएको कार्य प्रतयायोजन सम्झौतामा उल्लेखित नयाँ निर्माण र बृहत मर्मत कार्यको कार्ययोजनामा विभिन्न ५ वटा झोलुङ्गे पुलमध्ये क्र.सं .५ मा रहेको रातो खोला नदीमा झोलुङ्गे पुल) लम्बाई ८१.४०मी (.को निर्माण कार्यका लागि कोचिला बाबा झोलुङ्गे पुल शीर्षकमा पारिश्रमिक एकाई दर ६ %र गैरसरकारी संस्थाको पारिश्रमिक रु .३,६६,०२९।३७ उल्लेख गरेको देखिन्छ । साथै, सम्झौता रकमको अतिरिक्त यातायातका साधनहरुबाट भ्रमण गरिंदाको यथार्थ खर्च जिल्ला विकास समितिले गैरसरकारी संस्थालाई भुक्तानी दिने भनी नोट गरिएको समेत देखिन्छ ।
- चेतना विकास केन्द्रसंग भएको मिति २०६७।०७।१४ को सम्झौता बमोजिम ६ वटा पुलहरुको सर्वे, डिजाइन तथा लागत अनुमान तयार गर्न र समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग उपलब्ध गराउन मिति २०७१।०१।१६ मा पत्राचार भएको देखिन्छ जसको समयावधि ३ बर्षको रहेको र मिति २०७३।०७।१४ मा पुनः ३ बर्षको म्याद थप भएको भन्ने मिति २०७३।०१।१६ मा सदर भएको टिप्पणी आदेशमा उल्लेख गरिएको छ । यस बमोजिम हेर्दा गैरसरकारी संस्थाको सेवा शुल्कको तालिका बमोजिम अग्रिम भुक्तानी ३० %हुने गरी कुल पारिश्रमिक रकम रु .११,९८,७११।३४ बाट रु. ३,५९,६१३।- भुक्तानीका लागि स्वीकृत भएको पाइन्छ ।
- झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिले सार्वजनिक लेखापरीक्षण गराएको समेत प्राप्त कागजातमा देख्न सकिन्छ ।
- चेतना विकास केन्द्रले मिति २०७४।०३।१९ मा झोलुङ्गे पुल निर्माण सम्पन्न भए पश्चात् अन्तिम भुक्तानीका लागि माग गरेको देखिन्छ ।

### फाइल अध्ययनबाट देखिएका कमीकमजोरी तथा सम्बन्धित निकायले गर्नुपर्ने सुधारहरु

सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा उपभोक्ता समिति मार्फत काम गराउन सकिने व्यवस्था रहेको छ । ऐनको दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपनामा अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्धेश्य नैं रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधी पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिनेछ भन्ने उल्लेख छ ।

त्यस्तै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा भएको पाँचौं संशोधनमा एक करोड रुपैयाँसम्मको निर्माण कार्य वा सो सम्बन्धी काम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था गरिएको छ जसमा लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ भन्ने उल्लेख छ ।

सार्वजनिक खरिद नियमावलीको नियम ९७ को उपनियम ८ मा व्यवस्था भए जस्तै सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सम्बन्धित कामको लागि प्राविधिक सहयोग

उपलब्ध गराउन नसक्ने भएमा सो कामको लागि आवश्यक प्राविधिक जनशक्ति सो समिति वा समुदाय आँफैले करारमा नियुक्त गर्न सक्नेछ । त्यसरी नियुक्त गरिएको प्राविधिकलाई दिनुपर्ने पारिश्रमिक सार्वजनिक निकायले कट्टा गरेको कन्टिन्जेन्सीबाट भुक्तानी गर्नुपर्नेछ । तर त्यस्तो पारिश्रमिक लागत अनुमानको ३ प्रतिशतभन्दा बढी हुनेछैन भन्ने व्यवस्था भएकोमा पारिश्रमिक एकाई दर ६% राखिएको देखिन्छ जुन् कानुनसम्मत देखिंदैन ।

गैर सरकारी संस्थाबाट सामाजिक तथा प्राविधिक सहयोग प्राप्त गर्ने प्रयोजनका लागि सम्झौता गरिएको एकल संस्था चेतना विकास केन्द्रसंग भएको मिति २०६७।०७।१४ को सम्झौता बमोजिम समयावधि ३ बर्षको रहेको र मिति २०७३।०७।१४ मा पुनः ३ बर्षको म्याद थप भएको भन्ने मिति २०७३।०१।१६ मा सदर भएको टिप्पणी आदेशमा उल्लेख देखिएबाट यसबाट प्राविधिक सहयोग लिने नाममा पुनः सोही संस्थासँग ३ बर्षको लागि म्याद थप गरिनुले प्रतिस्पर्धालाई खुम्च्याएको प्रष्ट देखिन्छ ।

**१४. जिल्ला जनस्वास्थ्य कार्यालय, जनकपुर**

**अनुगमन अध्ययन गरिएको खरिद सम्वन्धी फाइलको संक्षिप्त विवरण**

| | |
|---|---|
| कार्यालयको नाम | : जिल्ला जनस्वास्थ्य कार्यालय, धनुषा |
| ठेगाना | : जनकपुर, धनुषा |
| अनुगमन खरिदको नाम | : अति आवश्यक ओषधी तथा सर्जिकल समान खरिद |
| सूचना नं. | : १/०७३।७४ |
| आ.व. | : २०७३/०७४ |
| खरिद विधि | : NCB Goods |
| लागत अनुमान | : रु ४२,७०,१०० (भ्याटबाहेक) |
| सूचना प्रकाशन मिति | : २०७३।६।१९ गोरखापत्र |
| बोलपत्र विक्री | : ८ वटा |
| बोलपत्र दर्ता | : ४ वटा |
| Bid Security | : २.५ प्रतिशत |
| सम्झौता रकम | : रु २२३९३२६।- (भ्याटबाहेक) |

**फाइल अध्ययन गर्दा देखिएका केही कमी कमजोरीहरु :**

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५३)१ (अनुसार धरौटी रकम उल्लेख गर्दा रकम अंक नै खुलाउनुपर्नेमा धरौटी माग गर्दा २.५ प्रतिशत माग गरेको देखिन्छ ।
- सार्वजनिक खरिद सम्वन्धी दुविधा उत्पन्न भएमा सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयसँग राय परामर्श माग गर्नुपर्नेमा जिल्ला जनस्वास्थ्य कार्यालयले सरकारी वकिल कार्यालयसँग राय माग गरेको देखियो । यद्यपि जिल्ला सरकारी वकिल कार्यालयबाट राय प्राप्त भएको देखिएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ को उपनियम) १ (र) २ (बमोजिम सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी तोकिएका सम्पुर्ण कागजातहरु व्यवस्थित राख्नुपर्ने प्रावधान अनुरुप खरिदसँग सम्वन्धीत फाइलहरु एकीकृत गरी खरिद इकाइमा नराखिएको ।
- सार्वजनिक खरिद नियमावलीको नियम ५९ को उपनियम ४ वमोजिम मुचुल्कामा खुलाउनुपर्ने कुराहरु सवै नखुलाईएको जस्तोः विडरको ठेगाना, लेटर अफ विडमा हस्ताक्षर भए नभएको आदि ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५६ वमोजिम वोलपत्र कागजात विक्री र दर्ताको अभिलेख) रजिष्टार (छुट्टाछुट्टै राख्नुपर्ने भएपनि सो अनुसार नराखिएको ।
- लागत अनुमान भन्दा झण्डै आधा रकममा सामान आपूर्ति भएको देखिंदा लागत अनुमान वास्तविक वन्न नसकेको देखिन्छ ।
- मूल्यांकन समितिले विस्तृत मूल्यांकन प्रतिवेदन तयार गरेको पाइएन ।

**निष्कर्ष**

जिल्ला जनस्वास्थ्य कार्यालय, धनुषाले सार्वजनिक खरिद कार्यमा खरिद कानूनको आशिंक रुपमा मात्र परिपालना गरेको देखिन्छ । खरिद इकाइ मौखिक रुपमा मात्र गठन हुनु, खरिद योजना नवनाइनु तथा वोलपत्र मूल्यांकन समितिको मूल्यांकन प्रतिवेदन नहुनु जस्ता खरिद कानूनको आधारभूत पक्षहरुको समेत परिपालना नभएको देखिन्छ भने खरिद सम्वन्धी राय माग गर्ने निकाय समेत थाहा नहुनुले सार्वजनिक खरिद सम्वन्धी ज्ञानको अभाव प्रष्ट देखिन्छ । लागत अनुमान तयार गरी स्वीकृत गराउनु, सूचनामा मूलभूत कुराहरु खुलाउनु जस्ता केही कुराहरु कानून पालनाका सकारात्मक पक्ष देखिए पनि कार्यालयमा खरिद सम्वन्धमा क्षमता अभिवृद्धिमा जोड दिनुपर्ने आवश्यकता देखिन्छ ।

## १५. जलेश्वर नगरपालिका कार्यालय, महोत्तरी

**अध्ययन गरिएको फाइल : Supply and Installation of Solar Street Light (JALESHWOR MUN/073/74/01)**

**कार्यालयबाट भएको निर्णय, लागत अनुमान र अन्य बिषय**

आर्थिक बर्ष ०७३/०७४ का लागि नेपाल सरकार वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रबाट प्राप्त अनुदानबाट जलेश्वर नगरपालिकाका विभिन्न स्थानमा जनसहभागितामा आधारित सौर्य उर्जा सडक बत्ती

जडान गर्नका लागि मिति २०७४।०१।१३ मा अभियान राष्ट्रिय दैनिकमा Supply and Installation of Solar Street Light (JALESHWOR MUN/073/74/01) सूचना प्रकाशन भएको देखिन्छ । ७० वटा पोलमा सौर्य सडक बत्ती खरिद तथा जडानको लागि मूल्य अभिवृद्धि कर समेत गरी ७९,७९,३००।- रहेको देखिन्छ । e-Biddng को लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np गर्ने र हार्ड e-Biddng गर्ने बोलपत्रदाताले बोलपत्र दर्ता गर्ने अन्तिम मिति देखि ५ दिनभित्र हार्ड कपि उक्त कार्यालयमा बुझाउनु पर्ने उल्लेख गरिएको छ ।

बोलपत्र दर्ता पुस्तिकामा आठ वटा बोलपत्र बिक्री भएको देखिन्छ भने ३ वटा बोलपत्र हार्ड कपि र २ वटा e-Biddng मार्फत दर्ता भएको देखिन्छ । मिति २०७४।०२।१२ गते प्रतिनिधिहरुको रोहवरमा बोलपत्रहरु खोलिएको तथा नेटवर्क र प्राविधिक त्रुटीका कारण e-Biddng भएको बोलपत्रहरु डाउनलोड हुन नसकेको कारण पुनः मिति २०७४।०२।१४ गते दोश्रो पटक बैठक बसी बोलपत्र खोलेको देखिन्छ ।

मिति २०७४।०२।१९ गते बोलपत्र मूल्यांकन समितिको बैठक बसी बोलपत्रको अध्ययन पश्चात् प्राविधिक रुपमा सारभूत रुपमा प्रभावग्राही बोलपत्र मूल्याँकन गर्न जिल्ला समन्वय समितिका उर्जा तथा जलवायु परिवर्तन अधिकृतलाई जिम्मेवारी प्रदान गरिएको देखिन्छ ।

**बोलपत्र मूल्यांकनको पक्ष र सम्झौताका व्यवस्थाहरु**

बोलपत्र मूल्यांकनको बिषयमा हेर्दा J.B. ENTERPRISES को Technical Evaluation गर्दा Not Complaint र Minor Incomplaint उल्लेख गरिएता पनि त्यसको अन्तिम पेजमा Incomplaint Bidder has provided all the required documents and proposed product by the bidder meets the requirements. Thickness and diameter of street light poles purposed by the bidder should be verified at the time of installation. Bidder is technically qualified for installation of the project भन्ने उल्लेख गरिएको देखिन्छ । तर Comparative Chart मा Not Complaint र Non Responsive लेखिएको र तल Footnote मा भने Evaluation of only Technical Paremeters भन्ने उल्लेख गरिएकोले Evaluation मा केही अस्पष्टता र द्धविधा रहेको तथा एउटै बिषयमा फरक फरक उल्लेख गरेको देखिन्छ ।

मु.अ.कर समेत लागत अनुमान रु. ७९,७९,३००।- भएको उक्त सौर्य सडक बत्ती Supply and Installation का लागि जलेश्वर नगरपालिका कार्यालय र Topsun Energy Pvt. Ltd. बीच मिति २०७४।०३।१८ मा रु. ५२,८८,८५०।- मा सम्झौता भएको देखिन्छ जुन् लागत अनुमानभन्दा ३३% कम हुन्छ । सो सम्झौता पश्चात् वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रबाट प्राप्त अनुदानको अंशमध्ये

६०% रकम रु. ३१,७३,३१०।- निकासाका लागि जलेश्वर नगरपालिकाबाट मिति २०७४।०३।२५ मा वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रसंग पत्राचार भएको देखिन्छ ।

सम्झौता सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तयार भएको Format अनुसार नभएको । साथै सम्झौतामा उल्लेख गर्नुपर्ने मुख्य-मुख्य बिषयहरु नखुलाईएको । कार्यसम्पन्न गनुपर्ने अवधि कहिलेसम्म हो सो समेत उल्लेख नभएको ।

- सम्झौता गर्ने फर्मबाट July 06, 2017 मा म्याद थप गर्नका लागि निवेदन दिएको देखिन्छ जसमा निम्न समस्याहरु देखाइएको छ :

  १. सम्झौता सम्पन्न गर्न अत्यन्तै छोटो समय दिइएको तथा केही सामानहरुको खरिद गर्न समय नभएको,

  २. लगातारको बर्षाका कारण खाल्डो खन्ने काम समस्यायुक्त भएकोले समयमै काम सम्पन्न गर्न नसकिने भनी ३० दिनको म्याद थपको माग गरेको देखिन्छ ।

- कार्यालयबाट उपर्युक्त बमोजिम ३० दिनको म्याद थप गरेको देखिन्छ । सो म्याद थप गर्ने कारण र अवस्था उपयुक्त थियो वा थिएन सो सम्बन्धमा कुनैं आधार स्पष्ट गरेको भने देखिदैन ।

**फाइल अध्ययनबाट देखिएका कमीकमजोरी तथा सम्बन्धित निकायले गर्नुपर्ने सुधारहरु**

कार्यालयबाट गरिने खरिद कार्यमा एकरुपता तथा समन्वयको अभाव देखिएको तथा हाल कतिपय खरिदका काम शाखा/शाखाबाट छुट्टाछुट्टै भएको देखिएकोले खरिद कार्यको खास जिम्मेवारी वहन गर्ने र उत्तरदायी बन्ने गरेको पाइएन । यसका लागि, सार्वजनिक खरिद ऐनको दफा ७ को उपदफा ३ मा व्यवस्था भए बमोजिम खरिद शाखा बनाई काम गर्नुंपर्ने देखिन्छ ।

कर्मचारी बीचको समन्वयको अभावका कारण अभिलेख व्यवस्थापन समेत राम्रो देखिदैन । सार्वजनिक खरिद नियमावलीको नियम १४९ बमोजिम गरिनुपर्ने खरिद कारवाहीको अभिलेखीकरणको काममा एकरुपता कायम गर्नुपर्ने ।

## १६. शहरी विकास तथा भवन डिभिजन कार्यालय, गोरखा

**फाइल नं. १ Construction of Office Building for District Forest Office Tanahu (Contract No: MOUD/Gorkha/NCB/Works/073/074-03)**

**क) बोलपत्र सम्बन्धमा कार्यालयबाट भएको निर्णय :**

उक्त निर्माण कार्यका लागि जिल्ला आयोजना कार्यान्वयन इकाईका लेखापाल तथा इन्जिनियरले संयुक्त रुपमा मिति २०७४।०१।०५ मा लगत इष्टिमेट स्वीकृत हुन तयार गरिएका Site Plan, Abstract of Cost, Detailed Estimate, Rate Analysis र सम्बन्धित जिल्लाको दररेट स्वीकृतिका लागि

पेश गरेको देखिन्छ । उक्त निर्माण कार्यका लागि रु. ३,३३,९०,३०९।१२ लागत अनुमान रहेको देखिन्छ ।

**ख) बोलपत्र मूल्यांकन र स्वीकृति**

तीनवटा बोलपत्र दर्ता भएकोमा बोलपत्र पेश गर्ने बोलपत्रदातामध्ये एउटाले केरमेट गरी अंक थपघट गरेको भनी बोलपत्र मुचुल्कामा उल्लेख गरेको देखिन्छ । त्यस्तै, अर्को बोलपत्रदाताले BOQ मा भरेका अंक र अक्षरलाई काटी थपघट तथा केरमेट गरेको र उक्त बोलपत्रदाताद्धारा उल्लेख गरेको दररेटमा ११.५०% कम दररेटमा कार्य गर्न मञ्जुर भएको उल्लेख छ । तीनवटै बोलपत्रदाताले न्यूनतम क्रमशः -८.६२%, -१०.०४% र -१८.९५% गरी कम अंक कबोल गरेको देखिन्छ । सबैभन्दा कम अंक -१८.९५% अंक कबोल गर्ने बोलपत्रदाता Himdung &Thokar/C.M J.V ले रु. २,७०,६३,२९६।०३ कबोल गरेको देखिन्छ । मिति २०७४।०१।०८ बसेको मूल्यांकन समितिको तेश्रो बैठकबाट न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेका कारण -१८.९५% अंक कबोल गर्ने बोलपत्रदाता Himdung &Thokar/C.M J.V को बोलपत्र स्वीकृतिका लागि सिफारिश गर्ने निर्णय गरेको देखिन्छ ।

**(ग) सम्झौता विवरण**

बोलपत्र स्वीकृतिका लागि मिति २०७४।०२।२९ आशयको सूचना दिएको तथा मिति २०७४।०३।१९ मा सम्झौता भएको देखिन्छ । मूल्य अभिवृद्धि कर सहित रु. ३,०५,८१,५२४।५१ (तीन करोड पाँच लाख एकासी हजार पाँच सय चौबिस रुपैंया एकाउन्न पैसा) मा सम्झौता भएको देखिन्छ ।

**(घ) फाइल अध्ययनबाट देखिएका कमीकमजोरी तथा सम्बन्धित निकायले गर्नुपर्ने सुधारहरु**

- सार्वजनिक खरिद ऐनको दफा १३ को उपदफा) २ (को खण्ड) ढ१ (बमोजिम बोलपत्रदाताले लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा कम अंक कबोल गरेमा कबोल अंकको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबोल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबोल गरेको छ सो को पचास प्रतिशतले हुन आउने रकम कबोल अंकको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत राख्नुपर्ने व्यवस्था भएकोमा -१८.९५% अंक कबोल गर्ने बोलपत्रदातको बोलपत्र स्वीकृत गर्दा सो सम्बन्धी निर्णय तथा जिकीर गरेको कुनै कागजात नदेखिएको ।
- सार्वजनिक खरिद नियमावलीको नियम १४७ बमोजिम मूल्यांकन समिति गठन गरी समितिले मूल्यांकन प्रतिवेदन दिएकोमा प्रतिवेदन एकीकृत नभई छुट्टाछुट्टै रुपमा राखिएको देखिन्छ ।

**फाइल नं. २ -ठेक्का नं. DUDBC/Gorkha/NCB/071/72-05**

खरिद कागजातको अनुगमन अध्ययन गर्दा देखिएका मुख्य त्रुटि कमजोरीहरु यसप्रकार रहेको छ :

- सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमूना वोलपत्र कागजातको पूर्ण प्रयोग भएको देखिंदैन ।
- वोलपत्रको मूल्यांकन (प्राविधिक तथा आर्थिक) का आधार र सो को आधारमा विस्तृत मूल्यांकन तयार गरिएको देखिएन ।
- टिप्पणी निर्णयमा मूल्य समायोजनको व्यवस्था गरेको भएपनि वोलपत्र कागजातमा सो को प्रावधान राखेको पाइदैन । मूल्य समायोजनको प्रस्ताव तथा सम्झौता नहुँदा काम सम्पन्न भइसकेपछि भुक्तानीमा मूल्य समायोजन सम्वन्धी व्यवस्था कार्यान्वयन नभएको अवस्था रहेको पाइन्छ ।
- भवनको मोहडा परिवर्तन गर्ने सरोकारवालाको मागका आधारमा लागत अनुमान संशोधन भएको र सो हुँदा लागत रकम बढेको देखिन्छ ।
- खरिद कानून विपरित कार्य सम्पन्न म्याद ३ पटक गरी १ वर्ष जति बढाइएको देखिन्छ ।

## १७. जिल्ला वन कार्यालय, तनहुँ

### फाइल नं. १ : राशन खरिद ठेक्का नं. १/०७४/७५ खण्ड (क) र १/०७४/७५ खण्ड (ख)

### क) बोलपत्र सम्बन्धमा कार्यालयबाट भएको निर्णय :

राशन खरिद ठेक्का नं. १/०७४/७५ खण्ड (क) र १/०७४/७५ खण्ड (ख) लागि मिति २०७४।०८।२९ गते सिलबन्दी बोलपत्र प्रकाशन गरिएको देखिन्छ । २०७४ साल माघ १ देखि २०७५ साल पौष मसान्तसम्म १ बर्षको लागि कार्यालय र मातहतका सेक्टर तथा इलाका वन कार्यालयका कर्मचारीहरुका लागि राशनको बन्दोबस्त गर्ने प्रयोजनका लागि गरिएको खरिद सम्बन्धी बोलपत्रमा खण्ड (क) अन्तर्गत सहायक वन अधिकृत, शाखा अधिकृत, लेखापाल, नायव सुब्बा, रेञ्जर, फरेष्टर, वन रक्षकहरु समेत र (ख) अन्तर्गत सशस्त्र वन रक्षक तर्फका लागि गरी जम्मा ७१ जना कर्मचारीको लागि राशन खरिद गर्ने सूचना प्रकाशन गरेको देखिन्छ जसमा ३ वटा बोलपत्र बिक्री भएकोमा २ वटाले मात्र बोलपत्र फाराम दाखिला गरेको देखिन्छ ।

### ख) बोलपत्र मूल्यांकन र स्वीकृति

बोलपत्र पेश गर्ने बोलपत्रदातामध्ये न्यूनतम कबोल गरेको बोलपत्र स्वीकृति भएको देखिन्छ । खण्ड (क) अन्तर्गत शिखर कन्स्ट्रक्सन एण्ड सप्लायर्स गोरखाले ६५ जनाको लागि पेश गरेको बोलपत्रमा उल्लेखित प्रतिकर्मचारी/प्रतिदिन रु. ११८।६० दरले बार्षिक रु. २८,१३,७८५।- (अट्ठाईस लाख तेह्र हजार सात सय पचासी मात्र) सबैभन्दा घटी भएको र उक्त अंक बार्षिक स्वीकृत अनुमान रु.

३१,३९,०५४।७५ भनदा रु. ३,२५,२६९।७५ अर्थात् १०.३६% ले घटी भएकोले स्वीकृत गर्ने भनिएको देखिन्छ । त्यस्तै, खण्ड (ख) अन्तर्गत सोही बोलपत्रदाताले पेश गरेको ६ जवान सशस्त्र वन रक्षकका लागि पेश गरेको बोलपत्रमा उल्लेखित प्रतिकर्मचारी /प्रतिदिन रु. १५७।५० का दरले बार्षिक रु. ३,४४,९२५।- (तीन लाख चौवालिस हजार नौ सय पच्चीस मात्र) सबैभन्दा घटी देखिन आएको तथा उक्त कबोल अंक स्वीकृत बार्षिक लागत अनुमान रु. ४,४२,२४८।६० (चार लाख बयालिस हजार दुई सय अठ्चालिस रुपैंया साठी पैसा) भन्दा रु. ९७,३२३.६०।- अर्थात् २२% कम भएकोले न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेका भनी उक्त बोलपत्रहरु स्वीकृत गर्नका लागि मिति २०७४।१०।०५ मा मूल्यांकन समितिले सिफारिश गरेको देखिन्छ । सोही बमोजिम मिति २०७४।१०।०५ मा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिएको देखिन्छ।

### (ग) सम्झौतामा भएका मूख्य- मूख्य व्यवस्थाहरु

मिति २०७४।१०।२९ मा भएको सम्झौतामा खण्ड (क) अन्तर्गत प्रतिकर्मचारी/प्रतिदिन रु. ११८।६० दरले बार्षिक रु. २८,१३,७८५।- (अट्ठाईस लाख तेह्र हजार सात सय पचासी मात्र) को मू.अ.कर समेत जम्मा रु. ३१,७९,५७७।०५ (एकतीस लाख उनान्असी हजार पाँच सय सतहत्तर रुपैंया पाँच पैसा) र खण्ड (ख) अन्तर्गत प्रतिकर्मचारी /प्रतिदिन रु. १५७।५० का दरले बार्षिक रु. ३,४४,९२५।- ९तीन लाख चौवालिस हजार नौ सय पच्चीस मात्र) को मू.अ.कर समेत जम्मा रु. ३,८९,७६५।२५ (तीन लाख उनानब्बे हजार सात सय पैंसट्ठी रुपैंया पच्चीस पैसा) मा सम्झौता भएको देखिन्छ ।

- राशन बिल रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर र ५ प्रतिशत धरौटी बापत बिलबाट कट्टी गरी बाँकी रकम भुक्तानी दिईने उल्लेख छ ।
- राशन समयमा नखुवाएमा १५ दिनसम्म दैनिक रु. १००।- र थप १५ दिन दैनिक रु. ३००।- हर्जाना लिई कार्यालयले राशन खुवाउन लगाउने र सो समयसम्म पनि सप्लायर्सले राशन नखुवाएमा कार्यालयले ठेक्का रद्ध गरी पुनः ठेक्का लगाउने र सो अवस्थामा सम्झौता गर्दा पेश भएको जमानत रकम जफत हुने र पुनः ठेक्का लगाउँदा सकार रकम साविक भन्दा बढी भएमा सो बढी हुन आएको फरक रकम उक्त सप्लायर्सबाट असुल गरिने उल्लेख छ ।

### (घ) फाइल अध्ययनबाट देखिएका कमीकमजोरी तथा सम्बन्धित निकायले गर्नुपर्ने सुधारहरु

- राशन खरिद सम्बन्धी बोलपत्रका दुवै खण्ड (क) र (ख) मा न्यूनतम अंक कबोल गर्ने एउटै बोलपत्रदाता भएको र लागत अनुमानभन्दा क्रमशः १०.३६% र २२% कम अंक कबोल गरेको देखिन्छ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (४) मा भएको व्यवस्था बमोजिम लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अंक कबोल गरेमा कबोल अंकको पाँच प्रतिशत र लागत

अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबोल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबोल गरेको छ सो को पचास प्रतिशतले हुन आउने रकम कबोल अंकको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नुपर्नेमा कार्यालयबाट सो सम्बन्धी कुनैं कार्यवाही गरेको देखिएन।

**फाइल नं. २ -सोझै खरिद (मोटरसाइकल खरिद)**

**उपर्युक्त बिषयको फाइल अध्ययनबाट निम्नानुसारको अवस्था बिश्लेषण गर्न सकिन्छ :**

- आपूर्ति समितिबाट मिति २०७४।०९।१९ मा पेश गरिएको र निर्णय भएको टिप्पणीलाई आधार बनाएर हेर्दा तीनवटा फर्मसंग प्रस्ताव माग गरिएको र GORKHALI MOTORS PVT.LTD. ले पेश गरेको CB HORNET 160 Motorcycle को बिक्री मूल्य रु. २,६५,९००।- (मू.अ.कर सहित) सबैभन्दा कम मूल्य भएको र सारभूत रुपमा प्रभावग्राही देखिएकोले उक्त मोटरसाइकल खरिद गर्ने निर्णय गरेको देखिन्छ ।
- आर्थिक बर्ष २०७४/०७५ को प्रस्तावित कार्यक्रममा सवारी साधन मोटरसाइकल २ वटा खरिदका लागि रु. ५,५०,०००।- बजेटको व्यवस्था भएको देखिन्छ । तर मोटरसाइकल भने एउटा मात्र खरिद गरिएको र अर्को मोटरसाइकल समेत खरिद गरिने कुरा जिल्ला वन कार्यालयका कर्मचारीले छलफलको क्रममा उल्लेख गरेको आधारमा हेर्दा उल्लेखित बजेट रकमलाई टुक्काई उही सामान दुई पटक खरिद गर्ने आशय देखिन्छ ।

**फाइल अध्ययनबाट देखिएका कमीकमजोरी तथा सम्बन्धित निकायले गर्नुपर्ने सुधारहरु :**

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ र नियमावलीको नियम ८५ को उपनियम (१ख) मा भएको व्यवस्था बमोजिम एक आर्थिक बर्षमा एकै पटक वा पटक-पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था रहेकोमा सो को पालना गरिनुपर्ने ।
- त्यस्तै, नियम ८६ को उपनियम (१ग) बमोजिम स्पेशिफिकेशन अनुसार गरिनुपर्नेमा कार्यालयले त्यस्तो कुनैं स्पेशिफिकेशन तयार नगरी मेकानिकल इन्जिनियरले दिएको विवरणको आधारमा मात्र बजारमा गई सोझै खरिद गरेको देखिएको ।

## १८. शिक्षा विकास तथा समन्वय इकाई, तनहुँ

**गाडी खरिदऊ (S4+4WD BS4, 7\8 Seats)**

उपर्युक्त बिषयको फाइल अध्ययनबाट निम्नानुसारको अवस्था बिश्लेषण गर्न सकिन्छ :

**क) बोलपत्र सम्बन्धमा कार्यालयबाट भएको निर्णय :**

सवारी साधन खरिदको लागि आ.व.२०७३/०७४ मा रु. ३८,०००,०००।- व्यवस्था भएकोले सो सवारी साधन खरिद गर्ने प्रयोजनका लागि मिति २०७३।०९।१२ मा कार्यालयको तर्फबाट सडक विभाग यान्त्रिक कार्यालयमा स्पेशिफिकेशन तयारीका लागि पत्राचार गरेको देखिन्छ । त्यस्तै, मिति

२०७३।०९।२२ मा शिक्षा मन्त्रालयमा पत्राचार गरी विनियोजित भएको रकम अपुग हुने भएकोले थप रकम रु. ११,००,०००।- माग गरेको देखिन्छ । पत्रमा Scorpio S4+4WD BS4 (7\8 Seats) गाडी खरिदका लागि रकम माग गरेको देखिन्छ । तत्पश्चात् मिति २०७३।१०।२६ मा हेभी इक्यूपमेण्ट डिभिजन पोखराका मेकानिकल इन्जिनियरद्धारा पेश गरिएको लागत मूल्य सम्बन्धी पत्रमा अनुमानित रकम रु. ५०,००,०००।- पर्ने भनी उल्लेख गरिएको देखिन्छ ।

मिति २०७३।११।०९ गते राजधानी राष्ट्रिय दैनिकमा बोलपत्रको सूचना प्रकाशन गरिएको देखिन्छ जसमा एउटा मात्र बोलपत्र बिक्री तथा दर्ता भएको देखिन्छ ।

### ख) बोलपत्र मूल्यांकन र स्वीकृति

बोलपत्र पेश गर्ने बोलपत्रदाता बतास ब्रदर्श प्रा.लि. पोखराले रु. ४९,००,०००।- कबोल गरेको देखिन्छ । मिति २०७३।१२।१० गते गठन गरिएको मूल्यांकन समितिले पेश गरेको प्रतिवेदनमा मूल्य अभिवृद्धि कर बाहेक रु. ४३,३६,२८३।१९ (त्रिचालिस लाख छत्तीस हजार दुई सय त्रियासी रुपैंया उन्नाईस पैसा) बोलपत्रदाताले कबोल गरेको भनी उल्लेख गरेको देखिन्छ । कार्यालयको Technical Specification गाडी खरिदका लागि रकम माग गरेको देखिन्छ । तत्पश्चात् मिति २०७३।१०।२६ मा हेभी इक्यूपमेण्ट डिभिजन पोखराका मेकानिकल इन्जिनियरद्धारा पेश गरिएको लागत मूल्य सम्बन्धी पत्रमा अनुमानित रकम रु. ५०,००,०००।- पर्ने भनी उल्लेख गरिएको देखिन्छ ।

मिति २०७३।११।०९ गते राजधानी राष्ट्रिय दैनिकमा बोलपत्रको सूचना प्रकाशन गरिएको देखिन्छ जसमा एउटा मात्र बोलपत्र बिक्री तथा दर्ता भएको देखिन्छ ।

भन्दा तात्विक भिन्नता नदेखिएको कारण बोलपत्र स्वीकृत गर्ने आशयको प्राविधिक पक्षको मूल्यांकनमा उल्लेख गरिएको छ । मूल्यांकन समितिको पुनः मिति २०७३।१२।११ गते बसेको बैठकबाट उक्त बोलपत्र सारभूत रुपमा प्रभावग्राही रहेकोले स्वीकृत गर्नका लागि सिफारिश गरेको देखिन्छ । सोही निर्णयमा अपुग रकम रु. ११,००,०००।- को उपलब्धताको सुनिश्चितता के कसरी गर्ने हो सो बिषयमा पनि उल्लेख गरेको देखिन्छ ।

### (ग) सम्झौतामा भएका मूख्य- मूख्य व्यवस्थाहरु

मिति २०७३।१२।११ मा भएको सम्झौतामा मूल्य अभिवृद्धि कर बाहेक रु. ४३,३६,२८३।१९ (त्रिचालिस लाख छत्तीस हजार दुई सय त्रियासी रुपैंया उन्नाईस पैसा) मा सम्झौता भएको देखिन्छ जसमा बोलपत्रदाताले पाउने खुद भुक्तानी अंकमा बोलपत्र स्वीकृत रकमको नियमानुसार लाग्ने ५ प्रतिशत धरौटी र १.५ प्रतिशत अग्रिम आयकर  बापत बिलबाट कट्टी गरी बाँकी रकम भुक्तानी दिईने उल्लेख छ ।

**(घ) फाइल अध्ययनबाट देखिएका कमीकमजोरी तथा सम्बन्धित निकायले गर्नुपर्ने सुधारहरु**

- स्पेशिफिकेशन स्वीकृत गर्दा कार्यालय प्रमूखले टिप्पणी वा आधिकारिक निर्णयबाट गर्नुपर्नेमा एकैपटक Bid Document संगै स्वीकृत गरेको देखिन्छ ।
- सार्वजनिक खरिद नियमावलीको नियम ११ बमोजिम मालसामानको लागत अनुमान तयारी गर्नुपर्नेमा सो कार्य गरेको नदेखिएको ।
- बजेटको पूर्ण सुनिश्चितता नगरिकन पहिले नैं सडक विभाग यान्त्रिक कार्यालयमा स्पेशिफिकेशन तयारीका लागि पत्राचार गरेको देखिन्छ । त्यस्तै, सवारी साधन के किन्ने भन्ने सम्बन्धमा स्पेशिफिकेशन तयारी तथा निर्णय नै नभएको तर सडक विभाग यान्त्रिक कार्यालयलाई लेखिएको पत्रमा Scorpio भनेर किटानी गरिनु सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ को उपदफा (३) बमोजिम देखिंदैन ।
- सार्वजनिक खरिद नियमावलीको नियम १४७ बमोजिम मूल्यांकन समिति गठन गरी मूल्यांकन प्रतिवेदन छुट्टै तयार गरी पेश गर्नुपर्नेमा सो नगरी माइन्यूटमा नैं गरेको । साथै, सो प्रतिवेदन समेत अपूर्ण रहेको देखिन्छ ।
- सार्वजनिक खरिद नियमावलीको नियम १६ बमोजिम खरिद इकाई वा शाखा तोक्न सकिने अवस्थामा कार्यालय प्रमूख जिल्ला शिक्षा अधिकारी स्वयं नैं दुवै समितिमा बसी काम गरेको । खरिद इकाईमा रहेका सदस्य तथा मूल्यांकन समितिका सदस्यहरु एउटै रही काम गरेको देखिंदा खरिद कार्य तथा बोलपत्र मूल्यांकनमा प्रभावकारिता तथा पारदर्शिता कायम गर्न नसकिने ।

सम्झौता गर्दा बोलपत्र कागजातको Format मा गर्नुपर्नेमा नेपाली कागजमा गरिएको तथा सम्झौतामा राखिनुपर्ने सम्पूर्ण विवरणहरु समेत उल्लेख नभएको।

## १९. जनकपुर उपमहानगरपालिका, एकीकृत शहरी विकास आयोजना

### (१) पृष्ठभूमि

उच्च अदालत जनकपुर (रिट शाखा) को प.स.८०।०७४-wo-००६४, च.नं.३६१५, मिति २०७४।८।१० को पत्र अनुसार जनकपुर उपमहानगरपालिकामा संचालित एकीकृत शहरी विकास आयोजना ( Integrated Urban development Project) निर्माण कार्यको प्रगती सम्बन्धमा उच्च अदालत जनकपुरमा परेको रिट सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई समेत बिपक्षी बनाई दायर भएको रिटमा जनकपुर उपमहानगरपालिका र ZIEC/ SHARMA JV बीच भएको सम्झौता अनुसार भइरहेको निर्माण कार्यको नियमित निरीक्षण गरि आवश्यक निर्देशन दिन तथा भइरहेको प्रगती विवरण प्रत्येक महिना पेश गर्न निर्देशन भए बमोजिम सो सम्बन्धमा स्थलगत अनुगमन गरी

प्रतिवेदन पेश गर्न कार्यालबाट अनुगमन टोली खटाइएकोमा अनुगमनका क्रममा पेश भएका कागजातहरु, भइरहेको कामको स्थलगत निरीक्षण, आयोजना प्रमुख श्री गंगा प्रसाद यादव, परामर्शदाताका टिम लिडर श्री अरुण कुमार मिश्र लगायतका पदाधिकारी, निर्माण व्यवसायीको प्रतिनिधि, उक्त आयोजनाको दातृ निकाय एसियाली विकास बैंकका पदाधिकारी संग भएको छलफल, एसियाली विकास बैंक बाट जारी भएको Aide Memoire समेतको आधारमा यो अनुगमन प्रतिवेदन तयार गरिएको छ ।

**(२) आयोजनाको संक्षिप्त परिचयः**

दातृ निकाय एसियाली विकास बैंकको एकिकृत सहरी विकास आयोजना अन्तर्गत जनकपुर उपमहानगरपालिकाको एकिकृत सहरी विकास गर्ने उद्देश्यले जनकपुर उपमहानगरपालिका भित्र यो आयोजना संचालनमा आएको । उक्त आयोजना अन्तरगत मुख्य रुपमा नगरपालिकाको पुर्वाधार विकास, सामुदायिक विकास तथा लैंगिक तथा समावेशी विकास आदी रहेका छन् । उक्त आयोजना अन्तरगत नगरपालिका भित्रको सडक निर्माण तथा स्तरउन्नति र ढल/पानी निकास संरचना निर्माणको लागि ZIEC/SHARMA JV संग मिति २०१५ डिसेम्बर २३ मा रु. ९८,८१,५६,६३८।१३ (रु. अन्ठानब्बे करोड एकासी लाख छपन्न हजार छ सय अठतीस र पैसा तेह्) खरिद सम्झौता भएको । उक्त आयोजनाको निर्माण अवधी २ बर्ष कायम गरिएको र उक्त ठेक्काको अवधी २०१८ फेबवरी २१ रहेको देखिन्छ ।यस आयोजनाको आयोजना प्रमुखको रुपमा सहरी विकास तथा भवन डिभिजन कार्यालय, जनकपुरका कार्यालय प्रमख श्री गंगा प्रसाद यादव र डिजाइन तथा सुपरभिजनको लागि Soil test (p) Limited in Joint venture with Welink Consultants(p) Ltd., Aviyan Consulting (p) Ltd in association with Beam Consultants (p) Ltd. नियुक्त भई काम गरिरहेको ।

**(३) आयोजनाको हालसम्मको प्रगतिको अवस्थाः**

परामर्दाताले पेश गरेको अन्तिम प्रगती प्रतिवेदन अनुसार ५२.१६ प्रतिशत मात्र भौतिक प्रगति भएको देखिन्छ । लगभग ९२% समयावधी समाप्त हुँदा जम्मा ५२.१६% मात्र काम सम्पन्न हुनुले कामको प्रगति खराव देखिन्छ । ठेकेदार कम्पनीले तोकिएकै समयमा निर्माण सम्पन्न गर्ने गरी ३ अक्टोबर २०१७ मा Revised Work Schedule पेश गरेको देखिन्छ तर कामको प्रगति हेर्दा निर्धारित समयमा उक्त निर्माण कार्य सम्पन्न हुन सक्ने देखिदैन ।

**(४) अपेक्षित प्रगति नहुनुका मुलभुत कारणहरुः**

कुनै पनि आयोजनाको प्रभावकारी रुपमा संचालन गर्न यसका सरोकारवाला सवै पक्षहरुले आ-आफ्नो भुमिका प्रभावकारी रुपमा सम्पादन गर्नु जरुरी हुन्छ ।यस आयोजनाको लक्ष्य अनुसार प्रगति हाँसिल नहुनुमा कुनै एक पक्ष मात्र जिम्मेवार नभई आयोजना संग सरोकार राख्ने आयोजना प्रमुख,

परामर्शदाता, ठेकेदार कम्पनी, टेलिफोन, विद्युत जस्ता उपयोगि बस्तु तथा सेवा प्रदायक निकायहरु, स्थानिय निकायहरु लगायत सवै पक्ष कुनै न कुनै रुपमा जिम्मेवार रहेको देखिन्छ । विभिन्न पक्षहरुबाट भएका कमजोरिहरुलाई संक्षिप्त रुपमा उल्लेख गरिएको छ ।

**(क) आयोजन कार्यालय तथा आयोजना प्रमुखः**

आयोजनालाई प्रभावकारी रुपमा संचालन गराउने र तथा खरिद सम्झौताका शर्त बमोजिम काम निर्धारित समयमा गुणस्तरिय निर्माण कार्य गराउने मुख्य जिम्मेवार सम्बन्धित आयोजना कार्यान्वयन ईकाइ र आयोजना प्रमुखकै रहन्छ । यस आयोजनामा शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत डिभिजन प्रमुख, धनुषाका कार्यालय प्रमुखलाई नै आयोजना प्रमुख बनाइएको छ । उक्त डिभिजन कार्यालयको धनुषा जिल्ला सहित तीन वटा जिल्ला कार्य क्षेत्र रहेको छ र उक्त कार्यालयको आफैमा अत्याधिक कार्यवोझ रहेको कारणले यस आयोजनालाई आवश्यक पर्ने पर्याप्त समय तथा प्रयास प्रदान गर्न सक्ने अवस्था देखिदैन । डिभिजन कार्यालयको नियमित कामको चाप रहेको अवस्थामा आयोजनाको काम समेत थप हुदा आयोजना प्रमुखको हैसियतले सम्पन्न गर्नु पर्ने केन्द्र, दातृ निकाय, निर्माण पक्ष बीच हुनु पर्ने समन्वय, निर्देशन तथा अनुगमनको काम समयमा र अपेक्षित स्तरमा हुन नसकेको वा पर्याप्त हुन नसकेको अवस्था देखिन्छ । ठेकेदार कम्पनीले ठेक्का विलको रकम भुक्तानी समयमा नहुने, पेश भएको IPC को भुक्तानी भुक्तानी पाउन बाँकी रहेको छलफलको क्रममा उल्लेख गरेको सन्दर्भमा विल बमोजिमको रकम समयमा भुक्तानी समेतको समस्या रहेको देखिन्छ जसको नकरात्मक प्रभाव कामको प्रगतिमा समेत पर्ने हुन्छ । उक्त आयोजनाको निर्माण स्थलको ठूलो हिस्सामा स्थानिय जनताबाट अवरोध भएको, स्थानिय बासिन्दाबाट निर्माण भएका भौतिक संरचना समयमा नभत्काएका, Right of Way स्पष्ट नभएको, टेलिफोन, विजुली, खानेपानी जस्ता उपयोगी बस्तु तथा सेवा प्रदान गर्ने निकायहरुले आफ्ना संरचना सार्ने काम नगर्दा आदि जस्ता कारणहरु आयोजनामा ढिलाईको प्रमुख कारण भएको देखिन्छ । आयोजना कार्यालयको प्रमखु जिम्मेवारी ठेकेदारलाई निर्माण स्थल समयमा उपलव्ध गराउने र काम गर्ने बातावरण उपलव्ध गराउने रहेकोमा उपरोक्त बमोजिमको अवरोध हटाउन तथा विभिन्न निकायहरु विच उचित समन्वय गर्न पर्याप्त पहल र तदारुपता हुन सकेको देखिएन ।

**(ख) Consultant (परामर्शदाता):**

यस आयोजनाको डिजाइन तथा सुपरभिजनको काम Soil test (p) Limited in Joint venture with Welink Consultants(p) Ltd., Aviyan Consulting (p) Ltd. in association with Beam Consultants(p) Ltd. ले गर्दै आएको । उक्त परामर्शदाताले नै डी.पि.आर. तयार गरेको हुँदा स्थानिय स्तरमा रहेका समस्याहरुसंग पहिलेनै परिचित रहेकोले निर्माण कार्यको

कार्यान्वयनको सिलसिलामा उक्त अनुभव समेतका आधारमा प्रभावकारीतामा वृद्धि गर्नु पर्नेमा सो किसिमको भुमिका देखिएन । टेलिकम, नेपाल विद्युत प्राधिकरण लगायतका निकायरुले गर्नुपर्ने कामको लागि PS मा रकम राखिएको र सम्बन्धित निकायले गरेको खर्चको आधारमा रकम भुक्तानी भएको । ती निकायहरुले गर्नुपर्ने कामको स्पष्ट विवरण नहुँदा ठेकेदार कम्पनीले जहाँ काम गर्न शुरु गर्यो तहाँको टेलिफोन तथा विद्युतका तार पोल हटाउन अनुरोध गर्ने गरिएको । डी.पि.आर. मा नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण लगायतका निकायहरुले गर्नुपर्ने कामको स्पष्ट रुपमा उल्लेख नभएकोले पनि ती निकायहरुले गर्नुपर्ने काम समयमा हुन नसकेको देखिन्छ । डी.पि.आर. तयार गर्दा नै आयोजना कार्यानवयनमा ल्याउदा आउन सक्ने स्थानीय परिस्थतीको राम्रो संग विश्लेष्ण हुन सकेको भए त्यस्ता अवरोधहरुलाई हटाउन उचित कदम चाल्नु पर्ने थियो ।साथै गुणस्तरको विषयमा पनि विभिन्न समयमा स्थानिय बासिन्दाले आवाज उठाएको र सो कारणले पनि निर्माण कार्य प्रभावित भएको जानकारी हुन आएकोले गुणस्तरको सुनिश्चितता सहित सरोकारवाला पक्षलाई आश्वास्त पार्ने गरी प्रभावकारी रुपमा जिम्मेवारी निर्वाह गर्न नसकेको छलफलको क्रममा जानकारी हुन आएको ।

**ग) ठेकेदार कम्पनीः**

यस आयोजनाको लागि निर्माण कम्पनी ZIEC/SHARMA JV संग ठेक्का सम्झौता भएकोमा उक्त निर्माण कार्यमा General Items बाहेक सम्झौता रकमको ९५.६६% निर्माण कार्य गर्न परामर्शदाता, आयोजना कार्यान्वयन ईकाइ कार्यालय, आयोजना समन्वय कार्यालयको समेतको सिफारिसमा दातृ निकाय एसियाली विकास बैंकको नो अव्जेक्सन पत्रका आधारमा रमण कन्स्ट्रक्सन, धनुषा लाई सव-कन्ट्रयाक्टर नियुक्त गरेको देखिन्छ । उक्त खरिद सम्झौताको GCC 4.4 मा सम्पूर्ण निर्माण कार्य सव-कन्ट्रयाक्टर मार्फत गर्न नसकिने समेत उल्लेख भएको सन्दर्भमा लगभग सवै काम सव-कन्ट्रयाक्टर गराईनु सार्वजनिक खरिदको मर्म अनुकुल नभएको । काम सव-कन्ट्रयाक्टर मार्फत गराउनु पर्ने र सव-कन्ट्रयाक्टर प्रत्यक्ष रुपमा जिम्मेवार नहुने हुँदा अन्तिम जिम्मेवारी मुख्य ठेकेदारकै भएता पनि सम्पुर्ण काम सव-कन्ट्रयाक्टरलाई जिम्मा लगाउदा त्यसको नकरात्मक प्रभाव कार्यान्वयनमा पर्ने देखिन्छ । ठेकेदार कम्पनीलाई निर्माण कार्यमा ढिला भएको, प्रगति नपुगेको, निर्माण कार्य रोकिएको भनि परामर्शदाताले बारम्बार पत्र लेखेको देखिन्छ तर सो सम्बन्धमा ठेकेदार कम्पनीबाट २ पटक Work Schedule Revise भएको देखिन्छ । मिति ३ अक्टोबर २०१७ मा पेश गरेको Revised Work Schedule अनुसार निर्धारित समयावधी २०१८ फेबवरी २१ मा निर्माण कार्य सम्पन्त्र गर्ने लक्ष्य राखिएको भएता पनि कामको प्रगति हेर्दा निर्धारित समयमा उक्त निर्माण कार्य सम्पन्न हुन सक्ने देखिदैन ।

**(घ) अन्य पक्षहरु**

आयोजना ढिलाई हुनुको एक प्रमुख कारण स्थानिय रुपमा देखा पर्ने अवरोधहरु खासगरी Right of Way Clear नहुँदा र टेलिफोन, विजुलीका तार र पोल नसार्दा निर्माण कार्य अवरोध भएको देखिन्छ । स्थलगत रुपमा हेर्दा ठेकेदार कम्पनीले विच विचमा विवाद भएको ठाँउलाई छोड्दै निर्माण कार्य गरेको देखिन्छ । ती उपयोगिताका बस्तु तथा सेवा प्रदान गर्ने निकायहरु पनि सार्वजनिक निकायनै भएको र पोल तार सार्नको लागि आयोजनाले रकम उपलव्ध गराईरहेको सन्दर्भमा ती निकायहरु पनि सार्वजनिक रुपमा जिम्मेवार हुनुपर्नेमा सो भएको देखिएन । त्यसको लागि स्थानिय प्रशासन, स्थानिय निकाय समेतको संलग्नतामा समन्वयात्म ढंगबाट काम गर्नु पर्नेमा सो किसिमले काम हुन नसक्दा समग्र निर्माण कार्यमा प्रतिकुल असर परेको देखिन्छ ।स्तलगत रुपमा हेर्दा पनि धेरै ढाँउमा पोल बाटोको विचमा रहेको, टेलिफोनको क्याविनेट विच बाटोमा रहेको स्पष्ट रुपमा देख्न सकिन्छ ।

हाल निर्माण कार्य संचालनमा रहेको ठाँउमा २३ ठाँउमा विभिन्न किसिमका अवरोधहरु पहिचान गरिएको देखिन्छ । लगभग ३.५ कि.मि. क्षेत्रमा निर्माण कार्य प्रारम्भनै नभएको र त्यस क्षेत्रमा हुन सक्ने अवरोध वा त्यस क्षत्रमा Site Clear गर्न गर्नुपर्ने कामको समेत स्पष्ट विवरण तयार गरी Site Clear गर्न अहिले सम्म खास पहल भएको देखिएन । यसबाट आगामि दिनमा पनि विभिन्न किसिमका अवरोधहरुको सामना गर्नुपर्ने अनुमान गर्न सकिन्छ ।

**(४) निष्कर्षः**

जनकपुर उपमहानगरपालिका भित्र विभिन्न भौतिक पूर्वाधार निर्माणको लागि मिति २०१५ डिसेम्बर २३ मा मिति २०१८ फेबवरी २१ सम्म निर्माण सम्पन्न गर्न खरिद सम्झौता भएकोमा निर्माण अवधिको लगभग ९२% समयावधि समाप्त हुँदा जम्मा ५२.१६% मात्र प्रगति भएको देखिन्छ जसले आयोजनाको प्रगति निरासाजनक रहेको स्पष्ट संकेत गर्दछ ।आयोजनाको प्रगति नहुनुमा कुनै एक कारण र एक पक्ष मात्र जिम्मेवार नभई बहु कारण र बहु पक्ष जिम्मेवार रहेको अनुगमनको क्रममा देखिएको । आयोजना ढिलाई हुनुको प्रमुख कारणहरुमा निर्माण स्थलको तयारी नभई ठेक्का आह्वान हुनु, स्थानियस्तरमा देखिएका अवरोधहरु समाधान गर्न समन्वयात्मक रुपमा सार्थक पहल नहुनु, नेपाल टेलिकम, विद्युत प्राधिकरण संग समन्वयात्मक ढंगबाट कार्य हुन नसकेको, निर्माण कार्य गर्न आवश्यक पर्ने वातावरण तयार गर्न आयोजना कार्यान्वयन ईकाइबाट अपेक्षित पहल हुन नसकेको, परामर्शदाताले डि.पि.आर. तयारी गुणस्तरको सुनिश्चितता तथा सामाजिक समस्या समाधान लगायतका विषयमा खेल्नु पर्ने भुमिका नखेलेको, ६ ठाँउमा घर टहरा नभत्काउन अन्तरिम आदेश आएको, सबै काम सव-कन्ट्रयाक्टरलाई जिम्मा लागाएको आदि जस्ता कारणहरु रहेका छन् । ठेकेदार कम्पनीले तोकिएकै समयमा निर्माण सम्पन्न गर्ने गरी ३ अक्टोबर २०१७ मा Revised Work Schedule पेश

गरेको देखिन्छ तर कामको प्रगति हेर्दा निर्धारित समयमा उक्त निर्माण कार्य सम्पन्न हुन सक्ने देखिदैन । स्थलगत रुपमा हेर्दा र परामर्शदाता संग छलफल गर्दा हाल ठेकेदार कम्पनी राम्रो संग Mobilize भएको देखिएकोले आयोजनासंग सरोकार राख्ने सवै पक्षले आ-आफ्ना कमजोरी सुधार तथा हाल स्थानिय निकायमा जनप्रतिनिधिहरु समेत निर्वाचित भई सकेकोले जनप्रतिनिधिहरुको पहलमा स्थानियस्तरमा देखिएका समस्था समाधान हुन सकेमा प्रगतिमा सुधार हुने देखिन्छ ।

अनुसूची ४

# सार्वजनिक खरिद सम्वन्धी गुनासोको अनुगमन सम्वन्धी विवरण

## १. नेपाल राष्ट्र बैंक

### (१) पृष्ठभूमीः

नेपाल राष्ट्रबैंकबाट मिति २०७३।९।१९ गते आह्वान भएको एयर कन्डिसनर खरिद तथा जडान कार्यको लागि आह्वान भएको बोलपत्र सम्बन्धमा मुकेश महर्जनले यस कार्यालयमा पेश गरेको निवेदन सम्बन्धमा सम्बन्धित निकायबाट कागजपत्र माग गरी निवेदकले पेश गरेको गुनासो तथा उक्त खरिदका विविध बिषयमा अध्ययन गरी प्रतिवेदन तयार गरिएको छ ।

### (२) निवेदकले उठाएका प्रमुख विषयहरुः

(क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ को उपदफा (३) मा उल्लेख भएको "*उपदफा (१) र (२) बमोजिम विवरण तयार गर्दा मालसामान, निर्माण कार्य वा सेवाको विशेषताहरु स्पष्ट रुपमा बुझिने गरी उल्लेख गर्ने अर्को कुनै उपाय नभएको अवस्थामा बाहेक कुनै खास ब्राण्ड, ट्रेडमार्क, नाम, पेटेण्ट, डिजाइन, प्रकार, उत्पत्ति वा उत्पादकको नाम उल्लेख गर्न सकिने छैन ।*" विपरित निश्चित ब्रान्ड उल्लेख गरेको ।

(ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३८ बमोजिम सार्वजनिक निकायले खरिद कारबाहीमा बोलपत्रदातालाई निजको राष्ट्रियताको आधारमा भेदभाव गर्नु हुँदैन भन्ने व्यवस्थाको प्रतिकुल बोलपत्र आह्नन भएको ।

### (३) सम्बन्धित सार्वजनिक निकायको भनाईः

नेपाल राष्ट्र बैंक खरिद नियमावली २०७१ को मर्म अनुरुप नै गुणस्तरिय HVAC System खरिद गर्ने उद्देश्यबाट गरिएको । यो खरिद कार्यमा जापनिज वा कोरियन उत्पत्ति रहेको HVAC System भनी उल्लेख गर्दा यसबाट कुनै एक निश्चित ब्रान्डको एयर कन्डिसनरलाई मात्र सहयोग नपुगेको र यस्तो उत्पत्ति भएका घटिमा पनि ५ वटा कम्पनीका एयर कन्डिसनरहरु बजारमा उपलव्ध भएका ।

### (४) अध्ययनबाट देखिएको व्यहोराः

(क) एयर कन्डिसनर खरिद तथा जडान कार्यको लागि रु. ९९,६५,६८४.७० को लागत अनुमान स्वीकृत भई मिति २०७३।९।१९ मा बोलपत्र आह्वान भएको र निर्धारित मिति सम्म ५ बटा बोलपत्र दाखिला भएका ।बोलपत्र मुल्यांकन प्रतिवेदन अनुसार दाखिला भएका बोलपत्र मध्ये

एउटा बोलपत्र मात्र सारभुतरुपमा प्रभावग्राही भएका र सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाता श्री Airtech Industries Pvt. Ltd. संग रु. ८८,०९,८८६.८० लागत अनुमान भन्दा ११.५९% घटिमा बोलपत्र स्वीकृत भएको।

(ख) बोलपत्रदाको सहभागिता र निजहरुले कबोल गरेको विवरण निम्नानुसार रहेको छ ।

<u>बोलपत्रदाताको सहभागिता</u>

| सि.नं. | बोलपत्रदाता | कबोल रकम | कैफियत |
|---|---|---|---|
| १ | Alpha Enterprises Pvt. Ltd. | बोलपत्र मुल्यांकन प्रतिवेदनमा उल्लेख नभएको । | बोलपत्र जमानतको मान्य अवधि कम भएको र कर चुक्ता प्रमाणपत्र नभएको भनि पूर्णताको परिक्षणमा असफल भएको । |
| २ | Triveni Byapar Co.Pvt. Ltd. | बोलपत्र मुल्यांकन प्रतिवेदनमा उल्लेख नभएको । | अख्तियारीपत्र, आधिकारिक दस्तखत तथा सामान आपूर्तिको आधिकारिकताको पत्र संलग्न नभएको भनि पूर्णताको परिक्षणमा असफल भएको । |
| ३ | Airtech Industries Pvt. Ltd. | ८८,०९,८८६.८० | छनौट भएको । |
| ४ | Key Concepts Nepal Pvt. Ltd. | बोलपत्र मुल्यांकन प्रतिवेदनमा उल्लेख नभएको । | बोलपत्रमा उल्लेख गरिएको ब्रान्डको Origin बैंकले तोके बमोजिम भएको नदेखिएकोले उक्त बोलपत्र प्राविधिक मूल्यांकनमा असफल भएको |
| ५ | Himal Refigeration and Electrical Industries Pvt. Ltd. | बोलपत्र मुल्यांकन प्रतिवेदनमा उल्लेख नभएको । | दक्ष जनशक्तिहरुको योग्यताको प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश नगरेको देखिएको हुँदा मुल्यांकनमा असफल भएको । |

(ग) बोलपत्र सम्बन्धी कागजातको BOQ र Specification मा MAKE: Mitsubishi Electric/Daikin/Panasonic/Hitachi/LG or equivalent Japanese or Korean Origin HVSC System only भनि उल्लेख गरेको ।

(घ) उक्त बोलपत्र सम्बन्धमा मिति २०७३।१०।१० मा Pre Bid Meeting बसेको मिटिङमा उठेका विषयहरुमा संशोधन आवश्यक परेकोले मिति २०७३।१०।१३ मा बोलपत्र सम्बन्धी कागजातमा संशोधन जारी गरिएको तर निवेदकले उठाएको ब्रान्डको नाम तोकिएको विषयमा कुनै पनि संशोधन जारी नगरिएको ।बोलपत्र संशोधनको लागि जारी भएको सूचनामा आर्थिक प्रस्तावको BOQ र Specification मा MAKE: Mitsubishi Electric/Daikin/Panasonic/Hitachi/LG or equivalent Japanese or Korean Origin HVSC System only भन्ने व्यवस्था रहेकोमा उक्त कारणले प्रतिस्पर्धा सिमित हुने नदेखिएको हुँदा उक्त व्यवस्था यथावत राख्ने भन्ने निर्णय उल्लेख भएको ।

(ङ) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ को उपदफा (३) मा "*उपदफा (१) र (२) बमोजिम विवरण तयार गर्दा मालसामान, निर्माण कार्य वा सेवाको विशेषताहरु स्पष्ट रुपमा बुझिने गरी उल्लेख गर्ने अर्को कुनै उपाय नभएको अवस्थामा बाहेक कुनै खास ब्राण्ड, ट्रेडमार्क, नाम, पेटेण्ट, डिजाइन, प्रकार, उत्पत्ति वा उत्पादकको नाम उल्लेख गर्न सकिने छैन ।*

*तर त्यसरी उल्लेख नगरी नहुने अवस्थामा कुनै खास ब्राण्ड, ट्रेडमार्क, नाम, पेटेण्ट, डिजाइन, प्रकार, उत्पत्ति वा उत्पादकको नाम उल्लेख गरी "सो सरह" भन्ने शब्दहरु उल्लेख गर्न सकिनेछ ।*" व्यवस्था भएता पनि यस कार्यालयमा प्राप्त भएका कुनै पनि कागजातमा त्यसरी उल्लेख नगरी नहुने अवस्था किन पर्यो भन्ने उल्लेख नभएको ।

(च) बोलपत्र सम्बन्धी कागजातमा Mitsubishi Electric/Daikin/Panasonic/Hitachi/LG or equivalent Japanese or Korean Origin HVSC System only भन्ने उल्लेख गरी जापानी र कोरियन ब्रान्डलाई मात्र लिनेगरी सीमित गरिएको कानून बमोजिम नदेखिएको साथै बोलपत्रमा समहभागि एक बोलपत्रदाता श्री Key Concepts Nepal Pvt. Ltd., Jhochhe, Kathmandu ले पेश गरेको बोलपत्रमा उल्लेख गरिएको ब्रान्डको Origin बैंकले तोकेबमोजिम भएको नदेखिएकोले उक्त बोलपत्र प्राविधिक मूल्यांकनमा असफल भएको हुँदा व्यापारिक, आर्थिक मुल्यांकनमा समावेश गर्नु नपर्ने Origin कै कारण असफल समेत भएको देखिएको । निजले कुन Origin को सामान प्रस्ताव गरेको बोलपत्र सम्बन्धी कागजातमा उल्लेख नभएको ।

(छ) सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ को उपदफा (३)(ख) मा "*सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजात (स्टयाण्डर्ड विडिङ्ग डकुमेन्ट), नमूना पूर्व योग्यता सम्बन्धी कागजात (स्टयाण्डर्ड प्रिक्वालिफिकेशन डकुमेन्ट), नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्टयाण्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) मा सामान्यतया सारभूतरुपमा फरक नपर्ने गरी आवश्यकता अनुसार पूर्व योग्यता सम्बन्धी कागजात, बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता सम्बन्धी कागजात तयार गर्ने*" भन्ने प्रावधान रहेकोमा बोलपत्र आह्वान गर्दा यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात बमोजिम तयार नगरी आफ्नै किसिमले शर्तहरु राखि बोलपत्र सम्बन्धी कागजात तयार गरि बोलपत्र आह्वान गरिएको । यस किसिमले बोलपत्र सम्बन्धी कागजात तयार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ प्रावधान बमोजिम बोलपत्र सम्बन्धी कागजातमा खुलाउनुपर्ने भनि उल्लेख भएका कुराहरु तथा यस कायालयले नमुना बोलपत्र सम्बन्धि कागजात मार्फत बोलपत्र सम्बन्धी कागजातमा समेट्नुपर्ने भनि उल्लेख गरिएका विषयहरु, बोलपत्रदाताको योग्यता निर्धारणका आधारहरु लगायतका नमुना बोलपत्र सम्बन्धी कागजात मार्फत सार्बजनिक खरिद सम्बन्धमा लिएका नीतिहरु कागजातमा नसमेटिने । यस किसिमको बोलपत्र सम्बन्धी

कागजात सार्वजनिक खरिदको लागि जोखिमयुक्त कागजात हुने देखिन्छ । यस किसिमले खरिद प्रकृया गर्दा एक त सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना प्रभावकारी रुपमा नहुने भने अर्को तर्फ खरिद प्रकृयाहरु लामो समय अवरुद्ध हुने, बारबार रद्द हुने आदि जोखिम रहने देखिन्छ ।

(ज) रु. ६० लाख भन्दा बढीको सार्वजनिक खरिदमा अनिवार्य रुपमा e-Bidding गर्नुपर्ने नेपाल सरकारको नीतिगत निर्णय भएकोमा उक्त बोलपत्रमा e-Bidding गर्नु पर्नेमा गरेको देखिएन ।

(झ) बोलपत्र सम्बन्धी कागजातको बोलपत्रका शर्तहरुको बोलपत्र मुल्याङ्कनको बुदा नं. ५.६ मा बोलपत्रको परीक्षण तथा मुल्याङ्कनको सिलसिलामा प्रष्ट हुनको लागि बैंकले बोलपत्रदातासंग आवश्यक जानकारी माग गर्न सक्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको तर बोलपत्र मुल्याङ्कन प्रतिवेदन अनुसार Himal Refigerating and Electrical Industries Pvt. Ltd. ले दक्ष जनशक्तिको योग्यताको प्रमाणपत्रको प्रतिलिपि बोलपत्रकासाथ पेश गरेको नदेखिएको भनी बोलपत्र मूल्याङ्कनमा असफल भएको उल्लेख गरेको देखिएकोले बोलपत्र कागजातमा उल्लेखित शर्त बमोजिम योग्यता प्रमामणित गर्ने कागजात बोलपत्रदाताबाट माग गरि बोलपत्र मुल्यांकन प्रकृया अगाडि बढाउनुपर्नेमा उक्त कारणले बोलपत्र ग्राह्य नमानिनु विवेकपूर्ण देखिएन ।

(ञ) खरिद सम्झौता गर्दा पनि यस कार्यालयले तयार गरेका खरिद सम्झौताका शर्त बमोजिम गर्नु पर्नेमा सो समेत गरेको देखिएन ।

**(५) निश्कर्षः**

नेपाल राष्ट्रबैंकबाट मिति २०७३।९।१९ गते आह्वान भएको एयर कन्डिसनर खरिद तथा जडान कार्यको लागि आह्वान भएको बोलपत्र सम्बन्धमा मुकेश महर्जनले यस कार्यालयमा पेश गरेको निवेदन सम्बन्धमा सम्बन्धित निकायबाट कागजपत्र माग गरी निवेदकले पेश गरेको गुनासो तथा उक्त खरिदका विविध बिषयमा अध्ययन गर्दा निम्नानुसारको निश्कर्षमा पुगियो ।

(क) निश्चित ब्रान्डको नाम उल्लेख गरि सो सरह उल्लेख गरिएकोमा निश्चित ब्रान्डको नाम नतोकि नहुनुको कारण उल्लेख नभएको । साथै निश्चित देशको सामान मात्र ग्राह्य हुने भनि सीमित गरिनु सार्वजनिक खरिद कानूनको मनसाय विपरित भएको ।

(ख) यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात तथा नमुना बोलपत्र सम्बन्धी कागजातका आधारमा बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता सम्बन्धी कागजात तयार गर्नुपर्नेमा सो गरेको देखिएन ।

(ग) रु. ६० लाख भन्दा बढीको सार्वजनिक खरिदमा अनिवार्य रुपमा e-Bidding गर्नुपर्ने नेपाल सरकारको नीतिगत निर्णय भएकोमा उक्त बोलपत्रमा e-Bidding गर्नु पर्नेमा गरेको देखिएन ।

(घ) बोलपत्रदाताले केही जानकारी प्रदान गरेको र सो जानकारी प्रमाणित गर्ने कागजपत्रहरु बोलपत्रदातासंग माग गरेर बोलपत्र मुल्यांकन गर्न सकिने अवस्थामा पनि जानकारी माग नगरी सामान्य कारणबाट बोलपत्र ग्राह्य नगरिनु विवेकपूर्ण देखिएन ।

## २. विशेष आर्थिक क्षेत्र विकास समिति, काठमाण्डौ

### १. पृष्ठभूमीः

१.१. विशेष आर्थिक क्षेत्र विकास समिति, काठमाण्डौबाट मिति २०७३/१२/२९ गते सिमरा (बारा जिल्ला) सेज क्षेत्र भित्रको निर्माण कार्यको लागि आह्वान भएको ठेक्का न. MOI / SEZDC /WORKS / 41–073/ 74 (Construction of Internal roads and land Development Works Inside Garment Processing Zone of Simara SEZ, Simara, Districr Bara) बोलपत्र सम्बन्धमा धुलिखेल निर्माण सेवा प्रा.लि.तथा रुपेश कन्स्ट्रक्सन, नयाँ बानेश्वर, काठमाणडौले यस कार्यालयमा पेश गरेको गुनासो निवेदन सम्बन्धमा सम्बन्धित निकायबाट कागजपत्र माग गरी तथा स्थलगत रुपमा गएर अनुगमन गरिएको । अनुगनको सिलसिलामा कागजपत्र अध्ययनका साथै कार्यकारी निर्देशक डा. चन्डिका प्रसाद भट्ट लगायतका पदाधिकारीहरु संग छलफल समेत गरी सो समेतका आधारमा गुनासोको विषय तथा उक्त खरिदका विविधको अनुगमन गरि यो प्रतिवेदन तयार गरिएको छ ।

### २. निवेदकले उठाएका प्रमुख विषयहरुः

२.१. निवेदक श्री रुपेश कन्स्ट्रक्सन, नयाँ बानेश्वर, काठमाणडौ र धुलिखेल निर्माण सेवा प्रा.लि. ले क्रमस मिति २०७३/१/१९ र २०७३/१/२२ मा पेश गरेको गुनासो निवेदनमा गुनासोकर्ता निर्माण व्यवसायिबाट निम्नानुसारको व्यहोरा सहितको गुनासो निवेदन दर्ता भएको ।

२.२. सार्वजनिक खरिद नियमावली २०६४ को चौथो संशोधन २०७३ को नियम ३१ङ को व्यवस्था बमोजिम दुई करोड रूपैयाँभन्दा बढी र एक अरब रूपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्यको खरिदमा ऐनको दफा १५ को अवस्थामा बाहेक राष्ट्रियस्तरको खुला बोलपत्रको माध्यमद्वारा स्वदेशी बोलपत्रदाताहरू बीच मात्र प्रतिस्पर्धा गराई खरिद गर्नु पर्ने व्यवस्था भएकोमा उक्त ठेक्काको लागत अनुमान १ अर्व भन्दा बढी भएता पनि उक्त प्रावधान बमोजिम बोलपत्र आह्रान गरिएको । सार्वजनिक खरिद ऐन र नियमावलीको अनुसूची एक बमोजिम लागत अनुमानमा मुल्य समायोजन कन्टिन्जेन्सी बापत १० प्रतिशत, फिजिकल कन्टिन्जेन्सी बापत १० प्रतिशत र मूल्य अभिवृद्धि कर रकम समेत थप गरी लागत अनुमान

कायम गर्नु पर्ने छ उल्लेख भएको र सो बमोजिम उक्त ठेक्काको लागत अनुमान रु.१ अर्व १५ करोड हुन आउने देखिन्छ र सार्वजनिक खरिद नियमावली २०६४ को चौथो संशोधन २०७३ को नियम ३१ङ को व्यवस्था बमोजिम १ अर्व देखि ५ अर्व सम्मको बोलपत्रदमा बिदेशि बोलपत्रदाता पनि सहभागि हुन सक्ने गरी बोलपत्र आह्वान गर्नुपर्ने थियो ।

२.३. लागत अनुमानमा सार्वजनिक खरिद नियमावलीको अनुसूचि १ बमोजिम मूल्य समायोजन कन्टिन्जेन्सी बापत १० प्रतिशत र फिजिकल कन्टिन्जेन्सी बापत १० प्रतिशत रकम समावेश नगरी कायम भएको रकम लाई लागत अनुमान मानेर सार्वजनिक खरिद नियमावली २०६४ को चौथो संशोधन २०७३ को नियम ३१ङ बमोजिम स्वदेशी बोलपत्रदाता मात्र सहभागि हुनेगरी बोलपत्र आह्वान गरिएको छ । यस्तो अवस्थामा ऐन र कानून विपरित गर्ने सार्वजनिक निकायले गरेको कार्य केहि सिमित ठेकेदारको हकहितमा प्रतिस्पर्धाबाट हामी जस्ता योग्य निर्माण कम्पनीलाई बाहिर राख्ने भएको छ । उक्त निर्माण कार्य शर्मा/कान्छाराम/अमर जे.भि. लाई दिने मनसायबाट प्रोभिजनहरु राखि अरु प्रतिस्पर्धीहरुलाई सहभागि नहुने गरी गरेको देखिन्छ ।

२.४. उक्त ठेक्कामा निर्धारण गरिएको योग्यता सार्वजनिक खरिद अनुगमन कार्यालयको Standard Bidding Document मा भएको प्रावधानको प्रतिकुल रहेको छ ।

**३. सम्बन्धित सार्वजनिक निकायको भनाईः**

३.१.गुनासोकर्ताको निवेदन दर्ता भए पश्चात यस कार्यलयको च.नं. १३८०, मिति २०७४/१/२६ को पत्रबाट गुनासो सम्बन्धमा उक्त निकायको धारणा र आधारहरु माग गरिएकोमा सो सम्बन्धमा निम्नानुसारको विवरण सहितको पत्र प्राप्त भएको ।

(क) मूल्य समायोजन १०% र फिजिकल कन्टिजेन्सी १०% लाई पनि लागत इष्टिमेटमा समावेश गर्नुपर्नेछ भन्ने सन्दर्भमा उक्त मुल्य समायोजन र फिजिकल कन्टिजेन्सी कार्यालयको आन्तरिक बजेट ब्यवस्थापनको लागि मात्र भएको ब्यहोरा सार्वजनिक खरिद ऐनको अनुसूची-१ को नोटमा उल्लेख भए अनुसार सो बाहेकको कन्टिन्जेन्सी र भ्याट मात्र समावेश गरी बोलपत्रको लागत अनुमान सार्वजनिक खरिद ऐन र नियमावलीको नियम १० को उपनियम (७) को अनुसूची १ अनुसार नै तयार गरिएको । सो गर्दा कुल लागत अनुमान रु. १ अर्व भन्दा कम भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१(ङ) अनुसार नै बोलपत्र आव्हान गरिएको ।

(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(च) अनुसार ऐनको दफा १५ बमोजिम अन्तराष्ट्रिय स्तरको बोलपत्रमा मात्र विदेशी कम्पनी संग जे.भी. गर्न सकिने प्रावधान रहेको । प्रकाशित बोलपत्र नियम ३१(ङ) अन्तर्गत पर्ने भएकोले स्वदेशी कम्पनी बीच मात्र प्रतिस्पर्धा

हुने गरी खरिद प्रक्रिया अघि बढाइएको । निवेदकले Bidding Document को Evolution and Qualification Criteria को Clause 2.4.2, B मा Asphalt Concrete को अनुभव १० बर्ष सम्म गरेको कार्यको अनुभव जोडेर पुग्ने प्रावधान हुनुपर्छ भन्ने भनाई गलत देखिन्छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको Standard Bidding Document मा भए अनुसार उक्त कार्यको करिव ८०% ले हुने परिमाण, विगत १० बर्षको अवधिमा कुनै एक कम्पनी बाट एक वा दुई प्याकेजको कार्य अनुभव जोडेर निकाल्ने गरि Criteria बनाइएको । उक्त अनुभव १ (एक) प्याकेजको परिमाणबाट मात्र माग गर्दा कामको परिमाण ज्यादै ठुलो भई प्रतिस्पर्धा सिमित हुन सक्ने बिषयलाई मध्यनजर गरी सो को सट्टामा बढी प्रतिस्पर्धा गराउन २(दुइ) वटा प्याकेज सम्मको कार्य अनुभव जोड्न मिल्ने गरि राखिएको ।

(ग) निर्माण व्यवसायीले उठाएको सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(४) प्रतिकुल हुने गरि बोलपत्रलाई सिमित गर्न खोजिएको भन्ने बिषयमा यस समितिले Standard Bidding Document तथा सार्वजनिक खरिद ऐन अनुसार नै Qualification Criteria बनाईएको । प्रतिस्पर्धालाई सिमित हुने गरी कुनै पनि प्रवधान नराखिएको । नेपाल सरकारको नीति अनुसार P1 प्रोजेक्ट अन्तर्गतको यस निर्माण कार्यलाई लक्षित समय २(दुइ) बर्ष भित्रमा गार्मेन्ट प्रोसेसिङ्ग जोनको मुख्य मुख्य कार्यहरु सम्पन्न गरि संचालनमा ल्याउने गरि कार्य अघि बढाईएको । सो उदेश्य हासिल गर्न सक्षम र योग्य निर्माण ब्यवसायी बिच स्वस्थ प्रतिस्पर्धा होस भन्ने धारणा राखि बोलपत्र तयार गरिएको ।

(घ) दुई वटा कार्य अनुभव जोडी बोलपत्रमा सहभागी हुन पाउने गरी बोलपत्र प्रकाशन भएको भन्ने सम्वन्धमा यस समितिले Bid Document Clause 2.4.2, Specific Construction Experience (a) Contracts of Similar Size and Nature मा बोलपत्र माग भएको कार्यको ल.ई. भ्याट बाहेकको करिव ८०% रकमको कम्तिमा १ (एक) वा २ (दुई) वटा Similar size and Nature को कार्यानुभवको माग गर्नुपर्ने ब्यवस्था भए बमोजिम अधिकतम निर्माण व्यवसायीको सहभागिता रहि प्रतिस्पर्धा होस् भन्ने मनसायले एक वटा मात्र रु. ६८ करोड बराबरको कार्यानुभव माग गरिएको । यस बिषयमा मिति २०७४।०१।१९ गते निर्माण व्यवसायीको उपस्थितीमा बसेको Pre-Bid meeting मा समेत सम्बोधन भैसकेको ।

(ङ) निवेदक श्री रुपेश कन्सट्रक्सन, बानेश्वर - १०, काठमाण्डौ, Pre-Bid meeting मा समेत उपस्थित नभएको । सो फर्मबाट मिति २०७४।१।२५ गते राति १०:३० बजे e-mail बाट र २०७४।०१।२८ गते ३:१५ बजे, मिति २०७४।०१।१९ को मिति राखि अनियमितता छानविन गरी प्रतिस्पर्धामा सहभागी हुन पाउँ भनी निवेदन पेश भएको । सो को जवाफ यस कार्यालयबाट सोही दिन च.नं. ६४५, मिति २०७४।०१।२८ को पत्र, Bid Document लाई

आधार मानी नियमानुसार बोलपत्रको प्रकृया अगाडि बढाइएको र यसमा निर्माण व्यवसायीहरुको मिलेमतो रहेको भन्ने बिषयमा कार्यालय अनभिज्ञ रहेको । साथै यस बिषयमा कार्यालयको ध्यानाकर्षण भएको छ । बोलपत्रदाताले आपसमा बोलपत्र मिलेमतो गरि दाखिला गरेको देखिएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ (ङ) र दफा २६ को उपदफा (६) अनुसार हुने व्यहोरा समेत अनुरोध गरिन्छ ।

**४. अध्ययनबाट देखिएको व्यहोराः**

**४.१. बोलपत्रको संक्षिप्त विवरणः** सिमरा विशेष आर्थिक क्षेत्रको ब्लक A मा गर्मेन्ट प्रोसेसिङ जोन निर्माण कार्यको लागि रु. ९८ लाख ५९ हजारको लागत अनुमान तयार गरी २०७३/१२/२९ मा बोलपत्र आह्वान भएको । उक्त बोलपत्रमा ७ वटा बोलपत्रदाता सहभागि भएका र मिति २०७४/५/२७ मा निर्माण व्यवसायि शर्मा/अमर/कान्छाराम जे.भि. संग रु. ९५,०७,३८,२५७.७० मा खरिद सम्झौता भएको देखिन्छ । उक्त खरिद सम्बन्धमा संक्षिप्त विवरण निम्नानुसार रहेको छ ।

<u>**बोलपत्र सम्बन्धी विवरणहरु**</u>

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | विशेष आर्थिक क्षेत्र विकास समिति |
| | ०८/०६५/०६६ |
| निर्माण कार्यको संक्षिप्त विवरण | सिमरा विशेष आर्थिक क्षेत्रको ब्लक A मा गर्मेन्ट प्रोसेसिङ जोन निर्माण कार्य |
| लागत अनुमान (मु क र.अ. कन्टेन्जेन्सी समेत) | ८४,९९,६२,७२३.२५ |
| लागत अनुमान (कन्टेन्जेन्सी बाहेक) | ९८,५९,५६,७५८.९७ |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (NCB) पूर्व योग्यता निर्धारण गरी, एक चरण दुई खाम प्रणाली |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र कागजातका विशेष प्रावधान | स्वदेशी बोलपत्रदातामात्र सहभागि हुन पाउने । |
| बोलपत्र आह्वान मिति | २०७३/१२/२९ |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | अभियान राष्ट्रिष दैनिक |
| बिक्री भएका बोलपत्र संख्या | ९ वटा |
| दाखिला भएका बोलपत्र संख्या | ७ वटा |

| | |
|---|---|
| बोलपत्र फिर्ता संख्या | छैन |
| प्राविधिक बोलपत्र मुल्यांकनमा सारभुतरुपमा प्रभावग्राही रुपमा ग्राह्य बोलपत्र संख्या | ४ वटा |
| खरिद सम्झौताको मिति | २०७४/५/२७ |
| पुनरावलोकनको लागि निवेदन पेश भए/नभएको | नपरेको |
| खरिद सम्झौता रकम | ९५,०७,३८,२५७.७० (मु.अ.क. समेत) |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दाघटि (-) वा बढि (+) | -१.०१% |
| ठेकेदारको नाम | शर्मा/अमर/कान्छाराम जे.भि. |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | १८ महिना |

## ४.२. लागत अनुमानः

उक्त निर्माण कार्यको लागि सन् २००९ मा मेह कन्सल्टेन्टबाट बिस्तृत इन्जिनियरिङ्ग डिजाईन भएको र प्राप्त विवरण अनुसार समग्र निर्माण कार्यको लागि ४ वटा प्याकेज निर्धारण गरिएको देखिन्छ । बिस्तृत इन्जिनियरिङ्ग डिजाईन अनुसारको अध्यावधिक लागत अनुमान अनुमान निम्नानुसार रहेको छ ।

| S.N. | PKG1- Construction of Road, Drain, Sewerage system and Land Development | PKG2- Construction of electrical and Telecommunications works, Waste Water treatment Plant and Water Supply System Works | PKG3- Construction of Administrative Building and Other Building | PKG4- Helipad, Health Club, Recreational Centre, Guest House, Miscellaneous Works |
|---|---|---|---|---|
| Total Cost | 99,74,73,104.78 | 56,98,69,598.59 | 34,38,80,069.99 | 29,50,00,000.00 |
| Physical Contingencies @10% | 9,97,47,310.48 | 5,69,86,959.86 | 3,43,88,007.00 | 2,95,00,000.00 |
| Price Adjustment Contingencies @10% | 9,97,47,310.48 | 5,69,86,959.86 | 3,43,88,007.00 | 2,95,00,000.00 |
| Total | 1,19,69,67,726.00 | 68,38,43,518.30 | 41,26,56,084.00 | 35,40,00,000.00 |

उक्त प्याकेजहरु मध्ये यो ठेक्का प्याकेज १ संग सम्बन्धित रहेको र लागत अनुमानको टिप्पणि आदेशमा बिस्तृत इन्जिनियरिङ्ग डिजाईमा Drain र Culvert को Design मा सामान्य परिवर्तन गरि बोलपत्र आह्वान भएको उल्लेख भएको । उक्त ठेक्काको स्वीकृत लागत अनुमान निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| Cost of PKG1- Construction of Road, Drain, Sewerage system and Land Development | 84,99,62,723.25 |
| Physical Contingencies @10% | 11,04,95,154.02 |
| Price Adjustment Contingencies @10% | 2,54,98,881.70 |
| **Total** | 98,59,56,758.97 |

बिस्तृत इन्जिनियरिङ्ग डिजाईन तयार गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूचि १ मा उल्लेख भए बमोजिम ५% कन्टिन्जेन्सी, १०% फिजिकल कन्टिन्जेन्सी, १०% मुल्य समायोजन कन्टिन्जेन्सी र मु.अ.क. समेत समावेश गरी लागत अनुमान तयार गरिएकोमा बोलपत्र आह्वानको लागि लागत अनुमान स्वीकृत गर्दा ३% कन्टिन्जेन्सी र मु.अ.क. रकम समावेश गरी लागत अनुमान तयार गरिएको छ । लागत अनुमान स्वीकृतिको टिप्पणीमा ३% मात्रै कन्टिन्जेन्सी राखिनु र १०% फिजिकल कन्टिन्जेन्सी, १०% मुल्य समायोजन कन्टिन्जेन्सी नराखिनुको कारण उल्लेख नभएको । उक्त बोलपत्रमा मूल्य समायोजन भुक्तानी गर्ने व्यवस्था भने रहेको देखिन्छ ।

**४.३. कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात अनुसार बोलपत्रदाताको Similar Size and Nature को योग्यता** माग गर्दा प्रस्तावित निर्माण कार्यको रकमको सामान्यतया ८०% माग गर्नुपर्ने व्यवस्था रहेको र सार्वजनिक खरिद नियमावली २०६४ को चौथो संशोधन २०७३ को नियम ३१ङ बमोजिम रु. १ अर्व सम्मको लागत अनुमान भएको बोलपत्रमा स्वदेशी बोलपत्रदाता मात्र सहभागि हुनेगरी बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था भएकोमा स्वदेशी निर्माण व्यवसायिहरुको क्षमताको एकिकृत तथ्यांक नभएता पनि विगतमा यस कार्यालयबाट भएको अनुगमन, बोलपत्रदाताको सहभागिता र प्रतिस्पर्धाको आवस्था तथा यस कार्यालयलाई प्राप्त हुने गुनासो समेतका आधारमा १ अर्व हाराहरीको बोलपत्रको उपरोक्त Similar Size and Nature को योग्यता पुरा गरी बोलपत्रमा सहभागि हुन सक्ने बोलपत्रदातको संख्या अत्यान्तै सीमित रहेको देखिन्छ । सार्वजनिक खरिद नियमावली २०६४ को चौंथो संशोधनको लगभग २० महिनाको अनुभवमा १ (एक) अर्व भन्दा बढीको लागत अनुमान तयार गरी बोलपत्र आह्वान गर्दा विदेशी बोलपत्रदाता पनि सहभागि हुन सक्ने हुँदा त्यसालाई रोक्न उपरोक्त बमवजिमको १ (एक) अर्वको सिलिङ भित्र पर्ने गरी सकसम्म ठूलो प्याकेज निर्माण गरी बोलपत्र आह्वान गर्ने प्रवृत्ति देखा परेको छ । यस बोलपत्रमा पनि ३% मात्रै कन्टिन्जेन्सी राखिनु, १०% फिजिकल कन्टिन्जेन्सी र १०% मुल्य समायोजन कन्टिन्जेन्सी

नराखिनु, सबै बोलपत्रदाताको कबोल अंक लागत अनुमानको हाराहारीमा हुनु, खरिद सम्झौता पनि लागत अनुमानकै हाराहारीमा नै हुनु आदि जस्ता तथ्यले यस बोलपत्रमा पनि सोही किसिमको उद्देश्यका साथ लागत अनुमान तयार गरी बोलपत्र आह्वान भएको भन्ने तर्फ इंगित गर्दछ ।

### ४.४. बोलपत्रदाताको योग्यता निर्धारणः

यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात अनुसार बोलपत्रदाताको ४.२.२ (b) Construction Experience in Key Activities को योग्यता माग गर्दा Production Rate माग गर्नु पर्नेमा सो बमोजिम माग नगरी Asphalt Concrete Works:- 8500 Cum पुरा गर्नुपर्ने गरी निर्धारण गरिएको साथै उक्त योग्यताको गणना कुनै एउटा बोलपत्रदाताले अधिकतम दुई ठेक्कामा गरेको हुनु पर्ने गरी "(Note: The production rate shall be calculated from maximum two numbers of contracts executed by a single firm) " उल्लेख गरेको देखिन्छ जुन यस कार्यालयबाट जारी भएको नमुना बोलपत्र सम्बन्धी कागजातको प्रतिकुल रहेको छ ।

### ४.५. बोलपत्रदाताको सहभागिता र प्रतिस्पर्धाको अवस्थाः

उक्त बोलपत्रमा ९ वटा बोलपत्र विक्रि भएका र ७ वटा बोलपत्र दाखिला भएको देखिन्छ । दाखिला भएका ७ बोलपत्र मध्ये ४ वटा बोलपत्र मात्र प्राविधिक प्रस्तावको मुल्यांकनमा सारभुत रुपमा प्रभावग्राही भएको मूल्यांकन प्रतिवेदनबाट देखिन्छ । दाखिला भएका बोलपत्रको मुल्यांकनको नतिजा, कबोल अंक लगायतका विवरणहरु निम्नानुसार रहेको छ । बोलपत्रदाताले कबोल गरेको रकम हेर्दा सवै बोलपत्रदाताको कबोल अंक लागत अनुमानकै हाराहरीमा रहेको देखिन्छ । गुनासोकर्ता रुपेश कन्स्ट्रकस्नले बोलपत्र दाखिला हुनु भन्दा अगाडिनै "*यो काम शर्मा/कान्छाराम/अमर जे.भि. लाई दिने मनसायबाट सोही बमोजिमका प्रोभिजनहरु राखिएको*" भनि गुनासो निवेदनमा उल्लेख हुनु र सोही बोलपत्रदाताको लागत अनुमानकै हाराहारीमा बोलपत्र स्वीकृति गर्नु आकस्मिक संयोजन मात्र नभई सुनियोजित र योजनाबद्ध कार्यको परिणाम भएको सहजै अनुमान गर्न सकिन्छ ।

**बोलपत्रदाताको सहभागिता र प्रतिस्पर्धाको अवस्था**

| सि.नं. | बोलपत्रदाताको नाम | बोलपत्र मुल्यांकनको नतिजा | कबोल अंक (लागत अनुमान रु. ८४,९९,६२,७२३) | कबोल अंक र लागत अनुमानको तुलान (+बढी/-घटी) |
|---|---|---|---|---|
| १ | रमण/कुमार/गजुरमुखी जे.भि. | कार्यालयबाट विक्रि भएको प्राविधिक प्रस्ताव पेश नभएकवले पूर्णतामा असफल भएको | | |

| | | | | |
|---|---|---|---|---|
| २ | श्रेष्ठ/एपेक्स जे.भि. | Financial Resources, Personnel र Equipment को योग्यता पुरा नगरेकोले प्राविधिक बोलपत्रमा असफल भएको । | | |
| ३ | लामा/डाँफे जे.भि. | Contracts of Similar Size and Nature, Construction Experience in Key Activities र Personnel को योग्यता पुरा नगरेकोले प्राविधिक प्रस्तावमा असफल भएको | | |
| ४ | स्वच्छन्द/आशिस जे.भि. | सारभुत रुपमा प्रभावग्राही | ८४,८९,४८,८०० | -०.१२% |
| ५ | कालिका कन्स्ट्रक्सन प्रा.लि. | सारभुत रुपमा प्रभावग्राही | ८४,८०,०६,१५० | -०.२३% |
| ६ | तुन्दी कन्स्ट्रक्सन प्रा.लि. | सारभुत रुपमा प्रभावग्राही | ८६,९४,१२,००० | +२.२९% |
| ७ | शर्मा/अमर/कान्छाराम जे.भि. | न्यून मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकोले खरिद सम्झौताको लागि छनौट भएको | ८४,१३,६१,२९० | -१.०१% |

## ४.६.बोलपत्रदाताको कबोल अंकको तुलनात्मक विवरणः

प्राविधिक प्रस्तावमा सफल भएका ४ बोलपत्रदाता मध्ये ३ वटा बोलपत्रदाताहरुले अधिकांश एकाई दरमा कबोल गरेको रकम एउटै रहेको छ । उक्त बोलपत्रमा Provisional Sum बाहेक ११५ वटा आईटम रहेकामा तीन वटा बोलपत्रदाताहरु श्री कालिका कन्स्ट्रक्सन प्रा.लि., तुन्दी कन्स्ट्रक्सन प्रा.लि.र शर्मा/अमर/कान्छाराम जे.भि. ले १०५ वटा आईटमा वरावर रकम कबोल गरेको देखिन्छ भने ८ वटा आईटममा दुई बोलपत्रदाताले समान रकम कबोल गरेको देखिन्छ । लागत अनुमान संग सवै बोलपत्रदाताको रकम तुलना गरेर हेर्दा चारै वटा बोलपत्रदाताको समान किसिमको प्रवृत्ति रहेको देखिन्छ। बोलपत्रदाताको कबोल अंकको प्रवृत्ति हेर्दा Cover Bidding भएको सहजै अनुमान गर्न सकिन्छ । उदाहरणको लागि केही आईटममा लागत अनुमानको एकाई दर र बोलपत्रदाताहरुको कबोल गरेको रकमको प्रवृत्ति निम्नानुसारको रहेको छ ।

**<u>बोलपत्रदाताले कबोल गरेको एकाई दरको प्रवृत्ति</u>**

| S.N. | Item No | Engineer's Estimate | Bidder 1 | Bidder 2 | Bidder 3 | Bidder 4 |
|---|---|---|---|---|---|---|
| 1 | 2.01 | 215,838.90 | 300,000.00 | 300,000.00 | 300,000.00 | 200,000.00 |
| 2 | 2.06 | 34,500.00 | 150,000.00 | 150,000.00 | 150,000.00 | 50,000.00 |
| 3 | 3.02 | 3759.97 | 3,700.00 | 3,700.00 | 3,700.00 | 3,200.00 |
| 4 | 3.03 | 3,759.97 | 4,200.00 | 4,200.00 | 4,200.00 | 3,500.00 |
| 5 | 3.04 | 141.54 | 100.00 | 100.00 | 100.00 | 90.00 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 6 | 3.06 | 92.70 | 100.00 | 100.00 | 100.00 | 90.00 |
| 7 | 3.07 | 4,109.65 | 3,500.00 | 3,500.00 | 3,500.00 | 4,000.00 |
| 8 | 4.01 | 389.70 | 300.00 | 300.00 | 300.00 | 400.00 |
| 9 | 5.02 | 354.78 | 450.00 | 450.00 | 450.00 | 450.00 |
| 10 | 5.03 | 4867.89 | 3500 | 3500 | 3500 | 2800 |
| 11 | 5.05 | 9,753.22 | 11,000.00 | 11,000.00 | 11,000.00 | 10,500.00 |
| 12 | 5.06 | 11463.93 | 13500 | 13500 | 13500 | 12500 |
| 13 | 5.07 | 12,228.08 | 15,500.00 | 15,500.00 | 15,500.00 | 14,500.00 |
| 14 | 5.08 | 297.09 | 300 | 300 | 300 | 500 |
| 15 | 5.09 | 802.76 | 800 | 800 | 800 | 900 |
| 16 | 5.10 | 2,232.73 | 2,500.00 | 2,500.00 | 2,500.00 | 3,000.00 |
| 17 | 5.12 | 1841.58 | 2500 | 2500 | 2500 | 3000 |
| 18 | 5.13 | 12,965.81 | 15,000.00 | 15,000.00 | 15,000.00 | 13,000.00 |
| 19 | 5.14 | 9254.12 | 10000 | 10000 | 10000 | 12000 |
| 20 | 5.15 | 862.52 | 500 | 500 | 500 | 1000 |
| 21 | 5.16 | 932.88 | 800 | 800 | 800 | 1200 |
| 22 | 6.01 | 5,667.00 | 6,000.00 | 6,000.00 | 6,000.00 | 5,000.00 |
| 23 | 6.02 | 3864 | 4000 | 4000 | 4000 | 3500 |
| 24 | 6.03 | 3350 | 3500 | 3500 | 3500 | 3300 |
| 25 | 6.04 | 540 | 1000 | 1000 | 1000 | 850 |
| 26 | 6.05 | 1700 | 2500 | 2500 | 2500 | 2250 |
| 27 | 6.06 | 9735.13 | 10000 | 10000 | 10000 | 9300 |
| 28 | 6.07 | 7481.52 | 8000 | 8000 | 8000 | 7400 |
| 29 | 6.08 | 3273.19 | 3500 | 3500 | 3500 | 3150 |
| 30 | 6.09 | 5,594.15 | 6,000.00 | 6,000.00 | 6,000.00 | 5,450.00 |
| 31 | 6.10 | 4330.83 | 5000 | 5000 | 5000 | 4400 |
| 32 | 6.11 | 2678.79 | 3000 | 3000 | 3000 | 2700 |
| 33 | 6.12 | 2435.98 | 3000 | 3000 | 3000 | 2700 |
| 34 | 6.13 | 5455.31 | 6000 | 6000 | 6000 | 5300 |
| 35 | 6.14 | 3273.19 | 3500 | 3500 | 3500 | 3100 |
| 36 | 6.15 | 9321.60 | 10000 | 10000 | 10000 | 9200 |
| 37 | 6.16 | 5244 | 5500 | 5500 | 5500 | 4500 |
| 38 | 6.17 | 7875.00 | 8,000.00 | 8,000.00 | 8,000.00 | 7,200.00 |
| 39 | 6.18 | 6750 | 7000 | 7000 | 7000 | 6300 |
| 40 | 6.19 | 6750 | 7000 | 7000 | 7000 | 6200 |
| 41 | 6.20 | 6000 | 6500 | 6500 | 6500 | 5800 |
| 42 | 6.21 | 900 | 1500 | 1500 | 15000 | 1200 |
| 43 | 6.22 | 51926 | 75000 | 75000 | 75000 | 65000 |
| 44 | 6.23 | 18000 | 20000 | 20000 | 20000 | 18000 |
| 45 | 6.24 | 34924 | 40000 | 40000 | 40000 | 35000 |
| 46 | 6.25 | 9000 | 10000 | 10000 | 10000 | 8000 |
| 47 | 6.26 | 2000 | 2500 | 2500 | 2500 | 2100 |
| 48 | 6.27 | 6413 | 7000 | 7000 | 7000 | 6100 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 49 | 6.28 | 2039 | 2500 | 2500 | 2500 | 2100 |
| 50 | 6.29 | 88,476.00 | 100,000.00 | 100,000.00 | 100,000.00, | 80,000.00 |
| 51 | 6.30 | 4000 | 5000 | 5000 | 5000 | 10000 |
| 52 | 6.31 | 168.42 | 200 | 200 | 200 | 300 |
| 53 | 6.32 | 121.09 | 150 | 150 | 150 | 300 |
| 54 | 6.33 | 101.05 | 150 | 150 | 150 | 300 |
| 55 | 6.34 | 102.42 | 150 | 150 | 150 | 200 |
| 56 | 6.35 | 171.42 | 200 | 200 | 200 | 350 |
| 57 | 6.36 | 1545.77 | 2000 | 2000 | 2000 | 1200 |
| 58 | 6.37 | 1111.36 | 1500 | 1500 | 1500 | 1700 |
| 59 | 6.38 | 927.46 | 1200 | 1200 | 1200 | 1500 |
| 60 | 6.39 | 843.96 | 1200 | 1200 | 1200 | 1500 |
| 61 | 6.40 | 1680.01 | 2000 | 2000 | 2000 | 2500 |
| 62 | 6.41 | 1680.01 | 2000 | 2000 | 2000 | 2500 |
| 63 | 6.42 | 1207.87 | 1500 | 1500 | 1500 | 1800 |
| 64 | 6.43 | 1008 | 1500 | 1500 | 1500 | 1800 |
| 65 | 6.44 | 840 | 1000 | 1000 | 1000 | 1200 |
| 66 | 6.45 | 603.93 | 1000 | 1000 | 1000 | 1200 |
| 67 | 6.46 | 504 | 1000 | 1000 | 1000 | 1200 |
| 68 | 6.47 | 1680.01 | 2000 | 2000 | 2000 | 2500 |
| 69 | 6.48 | 1207.87 | 1500 | 1500 | 1500 | 1800 |
| 70 | 6.49 | 1680.01 | 2000 | 2000 | 2000 | 2400 |
| 71 | 6.50 | 1207.87 | 1500 | 1500 | 1500 | 1800 |
| 72 | 6.51 | 1207.87 | 1500 | 1500 | 1500 | 1800 |
| 73 | 6.52 | 1008 | 1200 | 1200 | 1200 | 1400 |
| 74 | 6.53 | 1008 | 1200 | 1200 | 1200 | 1400 |
| 75 | 6.54 | 1008 | 1200 | 1200 | 1200 | 1400 |
| 76 | 6.55 | 504 | 1000 | 1000 | 1000 | 1200 |
| 77 | 6.56 | 1515.91 | 2000 | 2000 | 2000 | 2300 |
| 78 | 6.57 | 2526.51 | 3000 | 3000 | 3000 | 3400 |
| 79 | 6.58 | 1816.48 | 2000 | 2000 | 2000 | 2400 |
| 80 | 6.59 | 1515.91 | 2000 | 2000 | 2000 | 2200 |
| 81 | 6.60 | 978.80 | 1000 | 1000 | 1000 | 1300 |
| 82 | 6.61 | 699.79 | 1000 | 1000 | 1000 | 1200 |
| 83 | 6.62 | 503.70 | 1000 | 1000 | 1000 | 1200 |
| 84 | 6.63 | 460.33 | 1000 | 1000 | 1000 | 1200 |
| 85 | 6.64 | 2410.21 | 3000 | 3000 | 3000 | 3500 |
| 86 | 6.65 | 10000 | 12000 | 12000 | 12000 | 15000 |
| 87 | 7.01 | 14400 | 35000 | 35000 | 35000 | 15000 |
| 88 | 7.02 | 1375 | 2000 | 2000 | 2000 | 1500 |
| 89 | 7.03 | 2400 | 1600 | 1600 | 1600 | 1700 |
| 90 | 7.04 | 75,000.00 | 100,000.00 | 100,000.00 | 100,000.00, | 80,000.00 |
| 91 | 7.05 | 440 | 500 | 500 | 500 | 250 |
| 92 | 7.06 | 3910 | 4500 | 4500 | 4500 | 4000 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 93 | 7.07 | 1430 | 1500 | 1500 | 1500 | 1300 |
| 94 | 7.08 | 1100 | 1000 | 1000 | 1000 | 1100 |
| 95 | 7.09 | 660 | 1000 | 1000 | 1000 | 800 |
| 96 | 7.10 | 470 | 800 | 800 | 800 | 600 |
| 97 | 7.11 | 470 | 800 | 800 | 800 | 800 |
| 98 | 7.12 | 4800 | 5500 | 5500 | 5500 | 4500 |
| 99 | 7.13 | 4800 | 5500 | 5500 | 5500 | 4500 |
| 100 | 7.14 | 4800 | 5500 | 5500 | 5500 | 4500 |

## ५. निश्कर्षः

विशेष आर्थिक क्षेत्र विकास समिति, काठमाण्डौबाट मिति २०७३/१२/२९ गते आह्वान भएको सिमरा सेज क्षेत्र भित्रको निर्माण कार्यको लागि आह्वान भएको बोलपत्र सम्बन्धमा धुलिखेल निर्माण सेवा प्रा.लि.तथा रुपेश कन्स्ट्रक्सन, नयाँ बानेश्वर, काठमाणडौले यस कार्यालयमा पेश गरेको गुनासो निवेदन सम्बन्धमा कागजपत्र अध्ययन गर्दा गुनासोकर्ताले उठाउका बिषय सम्बन्धमा निम्न निष्कर्षमा पुगियो।

५.१. सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूचि १ मा उल्लेख भए बमोजिम १०% फिजिकल कन्टिन्जेन्सी र १०% मुल्य समायोजन कन्टिन्जेन्सी लागत अनुमान तयार गर्नुपर्नेमा सो बमोजिम लागत अनुमान तयारी नगरी सार्वजनिक खरिद नियमावली २०६४ को चौथो संशोधन २०७३ को नियम ३१ङ बमोजिमको सिलिङ भित्र पारेर बोलपत्र आह्वान गरेको देखिन्छ ।

५.२. यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात अनुसार Construction Experience in Key Activities को योग्यता माग गर्दा Production Rate माग गर्नु पर्नेमा सो बमोजिम माग गर्नुपर्नेमा सो बमोजिम माग नगरिएको ।

५.३. बोलपत्रदाताहरुको सहभागिता र निजहरुले कबोल गरेको रकमको प्रवृत्ति, गुनासोकर्ता रुपेश कन्स्ट्रकस्नले बोलपत्र आह्वावानकै समयमा निश्चित फर्म/कम्पनीलाई काम दिने उद्देश्य सम्बन्धमा दावी गरे बमोजिम सोही फर्म/कम्पनीको बोलपत्र स्वीकृत हुनु, लागत अनुमानकै हाराहारीमा बोलपत्र स्वीकृति हुनु आदि कुराले उक्त खरिद सार्वजनिक खरिदको मर्म बमोजिम नरहेको सहजै अनुमान गर्न सकिन्छ । बित्तिय अनुशासनका अन्य आयामहरुका सम्बन्धमा सम्बन्धित निकायबाट थप अध्ययन आवश्यक देखिएको ।

## ३. त्रिभुवन विश्वबिद्यालय किर्तिपुर काठमाँडौं ।

### (क) पृष्ठभूमी

त्रिभुवन विश्वबिद्यालय किर्तिपुर काठमाँडौंबाट मिति २०७४।१।१४ मा आह्वान भएको ठेक्का नं 073/74-ICT/01 को Installation of Tribhuwan University Internet, Intranet, wireless Networking सम्वन्धी बोलपत्रमा बोलपत्र दाखिला गर्ने निर्धारित मिति २०७४।२।१४ सम्म जम्मा २ वटा मात्र बोलपत्रदाताले बोलपत्र दर्ता गरेको देखिन्छ । उक्त बोलपत्र सम्वन्धमा निवेदक निर्माण ब्यावसायी Green IT solution Pvt.Ltd. Kathmandu र Astral Computer Nepal Pvt. Ltd. ज्ञानेश्वर काठमाँडौंको तर्फबाट यस कार्यालयमा गुनासो प्राप्त भएको र प्राप्त गुनासोको सम्वन्धमा माग गरिएका कागजात/विवरण अध्ययन गरी सोको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

### (ख) उजुरी/निवेदकले उठाएको संक्षिप्त ब्यहोरा

उक्त टेन्डरको सम्वन्धमा गुनासोकर्ताले निम्न बिषय उठाएको देखिन्छ ।

- ठेक्का नं 073/74-ICT/01 को Instalation of Tribhuwan University Internet, Intranet, wireless Networking सम्वन्धी बोलपत्रका सम्वन्धमा श्री Green IT solution Pvt.Ltd. Kathmandu र Astral Computer Nepal Pvt.Ltd. ज्ञानेश्वर काठमाँडौंबाट बोलपत्र बुझाउने र खोलिने समय प्रष्ट संग उल्लेख भएकोमा सो अनुसार निर्धारित समयमै बोलपत्र नखोलि हालसम्म समेत यथावत नै राखिएको । बोलपत्र नखोलेको सम्वन्धमा कारणसहित खुलाईदिन भनि मिति २०७४।२।१६ मा निवेदन समेत दिईएकोमा सोको जवाफ समेत प्राप्त नभएको । उक्त शिलवन्दी बोलपत्र फिर्ता लिनहुन भनी फोन गरिएकोमा फिर्ता नलिएको।
- उक्त बोलपत्र सम्वन्धी सूचनाको नं ९ मा All rules and regulation shall be according to public procurement act,2063( amendment 2073) and public procurement rules,2064 (amendment 2073) उल्लेख भएको साथै T.U. बाट खरिद गरी प्राप्त गरेको सम्पूर्ण बोलपत्र डकुमेन्ट PPMO Standard Bidding Document नै भएको हुदा सूचना प्रकाशित भए अनुसार तोकिएको सार्वजनिक खरिद ऐन र नियमअनुसार बोलपत्र खोलि नियमानुसार खरिद प्रक्रिया अवलम्वन गर्न आवश्यक निर्देशन दिनुहुन भनि गुनासो निवेदन प्राप्त भएको ।

### (ग) सम्वन्धीत सार्वजनिक निकायको भनाई

उपरोक्त गुनासो सम्वन्धमा सम्वन्धीत कार्यालयसंग कागजपत्र झिकाउने तथा सो सम्वन्धमा निजको धारणा तथा प्रमाणित गर्ने आधारहरु माग गरिएको र अनुगमन टोली बिश्वबिद्यालयमै गई अनुगमन गर्दा प्राप्त धारणा/आधार/स्पष्टीकरणको संक्षिप्त ब्यहोरा ।

- त्रि.वि. आर्थिक ब्यवस्थापन तथा खरिद सम्वन्धी नियम २०५०(संशोधन २०७३) को नियम ५२ झ उपनियम २ बमोजिम कम्तीमा ३(तीन) को संख्यामा बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएमा मात्र स्वीकृतीको प्रकृया अगाडि बढाउन सकिनेछ भन्ने प्रावधान रहेको तर २ वटा मात्र बोलपत्र दर्ता हुन आएकोले त्रि वि नियमानुसार स्वीकृतिको प्रकृया अगाडि बढाउने यथेष्ट आधार नभएको र गोरखापत्रमा मिति २०७४।०१।१४ गते प्रकाशित बोलपत्र आह्वानको सूचनाको क्र सं १० बुदाँको आधारमा बोलपत्रहरु नखोल्ने र पुनः टेन्डर आह्वान गरि प्रक्रिया अगाडि बढाउने भनि निर्णय भएको भनि जानकारी प्राप्त भएको । उक्त आह्वान भएको बोलपत्र हाल सम्म समेत केही नगरी यथावतै राखेको कुरा अनुगमनबाट देखियो ।

**(घ) गुनासोको अध्ययनबाट देखिएको ब्यहोरा**

उजुरी पत्रमा उठाएका बिषयहरु र यसै प्रतिवेदन साथ संलग्न प्रमाण तथा कागजातहरुलाई अध्ययन गर्दा निम्नानुसारको विवरण पाईयो ।

- त्रिभुवन विश्वबिद्यालय किर्तिपुर काठमाँडौंबाट Installation of Tribhuwan University Internet, Intranet, wireless Networking सम्वन्धी कार्यका लागि मिति २०७४।१।१४ मा बोलपत्र आह्वान भएको ।
- बोलपत्र दाखिला गर्ने मिति २०७४।२।१४ गते सम्म तोकिएको र निर्धारित मिति सम्म जम्मा २ वटा मात्र बोलपत्रदाताले बोलपत्र दर्ता गरेको देखिन्छ ।
- उक्त निर्धारित मितिमा दाखिला भएका २ वटा बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नभएको कारण हालसम्म समेत नखोली यथावत नै राखिराखेको पुन टेन्डर गर्ने भनि निर्णय भएको ।
- उक्त बोलपत्र सम्वन्धमा Green IT solution Pvt. Ltd. Kathmandu र Astral Computer Nepal Pvt. Ltd. ज्ञानेश्वर काठमाँडौंबाट बोलपत्र बुझाउने र खोलिने समय प्रष्ट संग उल्लेख भएकोमा सो अनुसार निर्धारित समयमै बोलपत्र नखोलि हालसम्म समेत यथावत नै राखिएकोमा बोलपत्र नखोलेको सम्वन्धमा कारणसहित खुलाईदिन भनि मिति २०७४।२।१६ मा निवेदन समेत दिईएको र सोको जवाफ समेत उपलब्ध नगराएको ।
- हाल उक्त बोलपत्र सम्वन्धमा प्राप्त कागजात तथा राय विवरण र सम्वन्धीत निकायमा स्थलगत अनुगमन गर्दा समेत उक्त बोलपत्रउपर खरिद प्रक्रिया अगाडि नबढेको देखिन्छ । बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समयमा परेको जम्मा २ वटा मात्र बोलपत्र सारभूत रुपमा प्रभावग्राही नभएको भनी पुन टेन्डर आह्वान गर्ने भनी निर्णय भएको तर हालसम्म परेका बोलपत्रहरु नखोलिएको तथा फिर्ता नगरेको र पुन टेन्डर समेत आह्वान नगरेको ।

- उक्त शिलवन्दी बोलपत्र फिर्ता लिनहुन भनी त्रिभुवन विश्वविद्यालय किर्तिपुर काठमाँडौंबाट फोन गरिएकोमा फिर्ता नलिएको। उक्त बोलपत्र सम्वन्धी सूचनाको नं ९ मा All rules and regulation shall be according to public procurement act, 2063( amendment 2073) and public procurement rules,2064 (amendment 2073) उल्लेख भएकोमा त्रि.वि. आर्थिक ब्यवस्थापन तथा खरिद सम्वन्धी नियम २०५०(संशोधन २०७३) को नियम ५२ झ उपनियम २ बमोजिम कम्तीमा ३(तीन) को संख्यामा बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएमा मात्र स्वीकृतीको प्रकृया अगाडि बढाउन सकिनेछ भन्ने प्रावधान रहेकोले सार्वजिनक खरिद ऐन तथा नियमावलीमा भएको ब्यवस्था र त्रि.वि. आर्थिक ब्यवस्थापन तथा खरिद सम्वन्धी नियम २०५०(संशोधन २०७३) को नियम ५२ झ उपनियम २ मा भएको ब्यवस्था बाँझिएको ।
- तर २ वटा मात्र बोलपत्र दर्ता हुन आएकोले त्रि वि नियमानुसार स्वीकृतिको प्रकृया अगाडि बढाउने यथेष्ट आधार नभएको र गोरखापत्रमा मिति २०७४।०१।१४ गते प्रकाशित बोलपत्र आह्वानको सूचनाको क्र सं १० बुदाँको आधारमा बोलपत्रहरु नखोल्ने र पुनः टेन्डर आह्वान गरि प्रक्रिया अगाडि बढाउने भनि निर्णय भएको देखिएको ।
- सार्वजनिक खरिद ऐन २०६३ को दफा ७५ मा भएको ब्यवस्था अनुसार ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड २ का सार्वजनिक निकायको खरिद सम्वन्धी कानूनी ब्यवस्था यस ऐन अनुकूल नभएमा वा बाँझिएमा खरिद सम्वन्धी त्यस्तो कानूनी ब्यवस्था स्वत अमान्य भएको मानिनेछ भनी उल्लेख भएकोले उक्त बोलपत्रका सम्वन्धमा सार्वजनिक खरिद ऐन २०६३ मा भएको ब्यवस्था र त्रि.वि. आर्थिक ब्यवस्थापन तथा खरिद सम्वन्धी नियम २०५०(संशोधन २०७३) को नियम ५२ झ उपनियम २ बमोजिम बाँझिएकोले सार्वजनिक खरिद ऐन अनुसार नै हुनु पर्ने देखिन्छ ।

**निष्कर्षः**

त्रिभुवन विश्वविद्यालय किर्तिपुर काठमाँडौंबाट मिति २०७४।१।१४ मा आह्वान भएको ठेक्का नं 073/74-ICT/01 को Installation of Tribhuwan University Internet, Intranet, wireless Networking सम्वन्धी बोलपत्रका सम्वन्धमा निवेदक निर्माण ब्यावसायी Green IT solution Pvt.Ltd. Kathmandu र Astral Computer Nepal Pvt.Ltd. ज्ञानेश्वर काठमाँडौंको तर्फबाट प्राप्त भएको गुनासो सम्वन्धमा माग गरिएका कागजात/विवरण तथा सो सम्वन्धमा स्थलगत अनुगमनमा खटिई खरिद कार्यमा संलग्न सम्वन्धीत पदाधिकारीहरु संग छलफल तथा सो खरिद संग सम्वन्धीत कागजपत्र अध्ययनबाट निम्न निष्कर्षमा पुगियो ।

- त्रि.वि. आर्थिक ब्यवस्थापन तथा खरिद सम्वन्धी नियम २०५० (संशोधन २०७३) को नियम ५२(झ) मा उल्लेख भएको ब्यवस्था बमोवजिम दाखिला भएका २ (दुई) थान बोलपत्र नखोली

पुनः बोलपत्र आव्हान गर्ने निर्णय भएको सन्दर्भमा उक्त निर्णय सार्वजनिक खरिद ऐन,२०६३ को दफा २६ को उपदफा (२) अनुकूल नभएको । निर्धारित समयमा दाखिला भएका बोलपत्रहरु समयमा खोल्नु पर्नेमा नखोलिएको विषय कानून सम्मत देखिएन ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७५ मा भएको ब्यवस्था अनुसार ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड २ का सार्वजनिक निकायको खरिद सम्वन्धी कानूनी ब्यवस्था यस ऐन अनुकूल नभएमा वा बाँझिएमा खरिद सम्वन्धी त्यस्तो कानूनी ब्यवस्था स्वत अमान्य भएको मानिनेछ भनी उल्लेख भएकोले उक्त बोलपत्रका सम्वन्धमा सार्वजनिक खरिद ऐन २०६३ मा भएको ब्यवस्था र त्रि.वि. आर्थिक ब्यवस्थापन तथा खरिद सम्वन्धी नियम २०५०(संशोधन २०७३) को नियम ५२(झ) उपनियम २ बमोजिम बाँझिएकोले सार्वजनिक खरिद ऐन अनुसार नै हुनु पर्नेमा सो नभएको ।

## ४. जिल्ला समन्वय समितिको कार्यालय, कञ्चनपुर

### (क) पृष्ठभूमी

जिल्ला समन्वय समितिको कार्यालय कञ्चनपुरबाट भारतिय राजदुताबास सहयोगमा पशुपति शिक्षा मन्दिर रतनपुर बेलौरीको भवन निर्माणका लागि आह्वान भएको ठेक्का नं ODCC/KAN/EOI/55/2073/74 को बोलपत्र सम्वन्धमा निवेदक निर्माण ब्यावसायीहरु मित्र/निरज जे भी, शनिदेव/बालीचन्द्र जे भी, बिकोई नेश्नल जे भी र उच्चकोटी निर्माण सेवाको तर्फबाट यस कार्यालयमा गुनासो प्राप्त भएको र प्राप्त गुनासोको सम्वन्धमा माग गरिएका कागजात/विवरणहरु अध्ययन गरी सोको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

### (ख) उजुरी/निवेदकले उठाएको संक्षिप्त ब्यहोरा

जिल्ला समन्वय समितिको कार्यालय कञ्चनपुरबाट भारतिय राजदुताबास सहयोगमा पशुपति शिक्षा मन्दिर रतनपुर बेलौरीको भवन निर्माणका लागि आह्वान भएको ठेक्का नं ODCC/KAN/EOI/55/2073/74 को बोलपत्र सम्वन्धमा सबै भन्दा घटी कबोल अंक मित्र/निरज जे.भी. यस पछि शनिदेव/बालीचन्द्र जे.भी. त्यस पछि बिकोई नेश्नल जे.भी. त्यस पछि उच्चकोटी निर्माण सेवा रहेकोमा प्रष्ट संग BOQ अंकमा स्पष्ट भरी पेश गरेको ब्यहोरा जानकारी गराउनका साथै उक्त निर्माण कार्यको आशय पत्र प्रकाशित गरेकोले सोको बारेमा बुझ्न खोज्दा लिखित निवेदन लिई हामीले स्थानीय बिकास अधिकारीलाई भेंटी गुनासो निवेदन दर्ताको लागि दिंदा दर्ता गर्न नमानी गैर जिम्वेवारी ढंगले जवाफ पठाईएकोले उक्त प्रक्रियाको छानवीन गरिपाँउ भनी उल्लेख गरिएको । साथै निरज/मित्र जे.भी. ले उक्त बोलपत्र कै सम्वन्धमा BOQ मा रहेको स्काफ फोलडिङको आईटममा रु ५५।- दररेट रहेको र उक्त ठाँउमा कार्यालयले ० (शुन्य) थप गरि रु ५५०।-

बनाई आर्थिक चलखेल गरि मेरो टेन्डरलाई बढी बनाई बाई/आर/पन्त जे.भी. को नाउमा टेन्डर सदर गराउन आशय पत्रको सूचना समेत प्रकाशित गरिएकोले छानविन गरिपाउँ भनि समेत २०७४।७।१३ को पत्रमार्फत गुनासो निवेदन सोही मिति मै दर्ता भएको ।

**(ग) सम्वन्धीत सार्वजनिक निकायको भनाई**

उपरोक्त गुनासो सम्वन्धमा सम्वन्धीत कार्यालयसंग कागजपत्र झिकाउने तथा सो सम्वन्धमा निजको धारणा तथा प्रमाणित गर्ने आधारहरु माग गरिएकोमा उक्त कार्यालयबाट प्राप्त धारणा/आधार/स्पष्टीकरणको संक्षिप्त ब्यहोरा निम्नानुसार रहेको छ :

(१) उक्त गुनासोको सम्वन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको च.नं. ५६१, मिति २०७४।६।३१ को पत्रबाट उक्त ठेक्का सम्वन्धमा आवश्यक प्रमाण तथा कागजात माग सम्वन्धमा पत्राचार गरिएकोले यस कार्यालयको च.नं. ४६५, मिति २०७४।७।६ र च.नं. ४६८, मिति २०७४।७।८ को पत्र मार्फत आवश्यक कागजात पठाईएको । उक्त पत्र मार्फत गुनासोको सम्वन्धमा आबश्यक विवरण नपुग भएको भन्ने सार्वजनिक खरिद अनुगमन कार्यालयको च.नं. ८४७, मिति २०७४।७।२६ पत्रानुसार पुनः पत्र प्राप्त भएको जसमा बोलपत्रमा ० (शुन्य) थप गरिएको बिषयका सम्वन्धमा स्वतन्त्र छानविन गरी स्पष्ट धारणा सहितको प्रतिवेदन पेश गरी खरिद अनुगमन तथा गुनासो ब्यवस्थापन कार्यमा सहयोग गरिदनहुन भनी पत्राचार भएको ।

(२) जिल्ला समन्वय समिति कञ्चनपुरबाट उक्त बोलपत्रमा सम्वन्धमा मिति २०७४।७।२८ गते स्वतन्त्र छानविन समिति गठन गरेको । उक्त समितिमा बोलपत्रमा कुनैपनि बोलपत्र प्रक्रियामा संलग्न नभएका जिल्ला समन्वय समितिको कार्यालयमा उपप्रमुखको संयोजकत्वमा कोष तथा लेखा नियन्त्रक कार्यालय कञ्चनपुरका अधिकृत प्रतिनिधि, सरकारी वकील कार्यालयका अधिकृत प्रतिनिधि सदरमुकाम स्थित नगरपालिकाका ईन्जिनियर र जिल्ला समन्वय समितिका सदस्य समेत रहेको स्वतन्त्र छानवीन समिति गठन समेत भएको । छानविन समितिले मिति २०७४।८।३ मा जिल्ला समन्वय समिति प्रमुखज्यूसंग उक्त बोलपत्र रद्द गर्ने तथा आगामी दिनमा दुबै पक्षले पूर्ण सावधानी पूर्वक आ-आफ्नो जिम्वेवारी निर्वाह गर्न सुझाव दिने निर्णय दिएको । निवेदकलाई उक्त गुनासोको सम्वन्धमा समितिको बैठकमा तथ्य प्रमाण भए पेश गर्न पत्राचार समेत गरिएकोमा निवेदकले कुनै पनि तथ्य र प्रमाण समेत पेश नगरेको । बोलपत्रको दररेटमा अंक र अक्षरमा दररेट उल्लेख गर्नुपर्नेमा अंकमा मात्र उल्लेख गरेको तथा बोलपत्र खोल्ने समितिले मुचुल्कामा दररेट उल्लेख नगरेको अवस्थामा बोलपत्रको दररेटमा थप भए नभएको कुरा एकिन गर्न नसकिएको भन्ने ब्यहोरा आफ्नो प्रतिवेदनमा उल्लेख

गरेको हुँदा सोही ब्यहोरा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी गराउने निर्णय भएको । उक्त बोलपत्रमा छानवीन गर्न गठित समितिको निर्णयानुसार बोलपत्र रद्द गरिएको ।

(३) उक्त बोलपत्रका सम्वन्धमा जिल्ला समन्वय समितिको कार्यालय महेन्द्रनगर कञ्चनपुरले जारी भएको आशय पत्रका सम्वन्धमा मिति २०७४।८।६ को सूचना मार्फत उक्त बोलपत्रका सम्पूर्ण खरिद कारवाहि रद्द गर्ने निर्णय भएको सूचना समेत प्रकाशित भएको । साथै उक्त कार्यको जानकारी यस कार्यालयको च.नं. ५५९, मिति २०७४।८।६ को पत्रानुसार सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्राचार गरिएको ।

**(घ) गुनासोको अध्ययनबाट देखिएको ब्यहोरा**

उजुरी पत्रमा उठाएका बिषयहरु र यस संग आवद्द कागजातहरुलाई अध्ययन गर्दा निम्नानुसारको विवरण पाईयो ।

**बोलपत्रको संक्षिप्त बिवरण**

| | |
|---|---|
| बिवरण/ठेक्का नं | पशुपति शिक्षा मन्दिर बेलौरीको भवन निर्माण ठेक्का नं ODCC/KAN/EOI/55/2073-074 |
| लागत अनुमान (मु अ क र कन्टेनजेन्सी समेत) | ३,१४,३३,९९५।०५ |
| खरिद बिधि | NCB |
| खरिद सम्झोता बिधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७४।३।११ |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | प्राप्त नभएको |
| बिक्री भएको बोलपत्र संख्या | उल्लेख नभएको |
| दाखिला भएको बोलपत्र संख्या | ५ |
| बोलपत्र परीक्षणमा सफल बोलपत्र संख्या | ५ |
| बोलपत्र मूल्याङ्कनमा सारभूत रुपमा प्रभावग्राही बोलपत्र संख्या | ५ |
| आशय पत्र जारी मिति | २०७४।६।२७ |

**बोलपत्रदाताहरुको कबोल रकमको बिवरण**

| सि नं | आयोजनाको नाम | बोलपत्रदाताहरुको नाम | Bid price (without ps and VAT) | % Above(+) or Below (-) the estimate Amount |
|---|---|---|---|---|
| १ | पशुपति शिक्षा मन्दिर बेलौरीको | उच्चकोटी निर्माण सेवा | 3,05,66,726.57 | -2.76 |

| | | | | |
|---|---|---|---|---|
| २ | भवन निर्माण | बिकोई नेश्नल जे भी | 3,17,07,132.95 | 0.89 |
| ३ | ठेक्का नं ODCC/KAN/EOI/55/2073-074 | शनिदेव/बालीचन्द्र जे.भी. | 3,05,44,338.88 | -2.83 |
| ४ | | मित्र/निरज जे.भी. | 3,76,23,657.88 | 19.52 |
| ५ | | बाई/आर/पन्त जे.भी. | 3,04,27,312.51 | -3.29 |

(१) बोलपत्र मूल्याङ्कन समितिको मिति २०७४।६।२३ को निर्णयानुसार निर्णय नं २ मा उक्त ठेक्कामा Y.R Pant J/V ले पेश गरेको बोलपत्रमा कार्यालयले तयार गरेको लागत अनुमान भन्दा -3.29 प्रतिशत कम रकम बोलकबोल गरी प्रथम न्यूनतम् मूल्याङकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको रुपमा पर्न सफल भएकोले निजलाई छनौट गर्न भनि मूल्याङ्कन समितिको निर्णय भएको।

(२) उक्त बोलपत्रको सम्वन्धमा निरज/मित्र जे.भी. ले उक्त बोलपत्रका सम्वन्धमा BOQ मा रहेको स्काफ फोलडिङको आईटममा रु ५५।- दररेट रहेको र उक्त ठाँउमा कार्यालयले ० (शुन्य) थप गरि रु ५५०।- बनाई आर्थिक चलखेल गरि मेरो टेन्डरलाई बढी बनाई बाई/आर/पन्त जे.भी. को नाउमा टेन्डर सदर गराउन आशय पत्रको सूचना समेत प्रकाशित गरिएकोले छानविन गरिपाँउ भनि समेत मिति २०७४।७।१३ को पत्रमार्फत यस कार्यालयमा गुनासो निवेदन दर्ता गरेको । उल्लेखित काममा जम्मा परिमाण २९७७७ भएकोमा प्रति काम बापत उच्चकोटीले रु ७०।-, बिकोई/नेश्नलले रु ४०।-, शनिदेव/बालीचन्द्र जे.भी. ले रु ६५।-, Y.R Pant J/V ले रु ६५।- र निरज/मित्र जे.भी. ले रु ५५०।- रकम उल्लेख गरेको कारण उक्त प्रति ईकाई काममा गुनासोकर्ताले उठाएको बिषयका सम्वन्धमा मूल्यको अन्तर ठूलो देखिन्छ ।

(३) जिल्ला समन्वय समितिको कार्यालय कञ्चनपुरको मिति २०७४।८।५ मा बसेको बैठकमा उक्त ठेक्का सम्वन्धमा उठेको बिवाद समाधानार्थ मिति २०७४।७।२८ गतेको बैठकबाट गठित छानविन समितिले दिएको प्रतिवेदनलाई आधारमानी उक्त खरिद कारवाही बदर गरि नियमानुसार पुनःबोलपत्र आह्वान गर्न कार्यालयलाई जिम्वेवारी दिने निर्णय भएको । सोही अनुसार नै मिति २०७४।८।६ को सूचना अनुसार उक्त बोलपत्र सम्वन्धी सम्पूर्ण खरिद कारवाहि रद्द गर्ने निर्णय समेत भएको ।

(४) जिल्ला समन्वय समितिको कार्यालय कञ्चनपुरको च.नं. ५८५, मिति २०७४।९।९ को पत्रानुसार जिल्ला समन्वय समितिको बैठकले उक्त बोलपत्रका सम्वन्धमा परेको गुनासो उपर सार्वजनिक खरिद ऐनको कुन दफा र नियमावली २०६४ को कुन नियमको आधारमा छानवीन कारवाही अगाडि बढाईएको हो भनी यस कार्यालयलाई नै जवाफ माग भएकोले

अनुगमन गर्ने कार्याक्षेत्रलाई समेत संकुचित बनाईएको तथा कानूनी आधारलाई समेत चुनौती दिएको देखिन्छ ।

(५) दररेटमा ० (शुन्य) थप गरेको सम्वन्धमा निबेदकहरुले मागदाबी र उठान नै नगरेको बिषय सार्वजनिक खरिद अनुगमन कार्यालयको च.नं. ८४७, मिति २०७४।७।२६ को पत्रमार्फत कसरि उठान हुन गएको भन्ने सम्वन्धमा यस कार्यालयमा मिति २०७४।७।१३ गते, ८३३ दर्ता नम्वर कायम गरेको निरज/मित्र जे.भी. ले सो बिषयका सम्वन्धमा स्पष्ट गुनासो निवेदन पुन: दर्ता गराएको छ । सो निवेदनका आधारमा बास्तविक सत्य तथ्य बुझ्न पत्राचार भएको।

(६) जिल्ला समन्वय समिति कञ्चनपुरको मिति २०७४।८।५ को बैठक निर्णानुसार उक्त बोलपत्र रद्द गर्ने सम्वन्धमा निर्णय भएको तर सार्वजनिक खरिद ऐनको दफा २६ अनुसार समेत नभएको देखिदा उक्त बिषयमा गुनासोकर्ताले उठाएको बिषयका सम्वन्धमा समेत कार्यालयले सम्वोधन नगरेको देखिन्छ जुन कुरा ठेक्कामा उत्पन्न बिवादको उचित समाधान नगरी ठेक्का रद्द गर्नु कानून सम्मत देखिदैन । साथै उक्त बिषयमा समेत उल्टै सार्वजनिक खरिद अनुगमन कार्यालय माथी प्रश्न गरि खरिद कार्वाहीको कानूनी कारवाही अनुशरण गरेको देखिदैन ।

(७) उक्त खरिदमा परेको गुनासोको सम्वन्धमा बिभिन्न समयमा गरिएका पत्राचारका बिषय समेतलाई ईङगित गर्दै जिल्ला समन्वय समितिले सार्वजनिक खरिद ऐनको दफा ६५(२) अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयको कार्यक्षेत्र भित्र नपर्ने जस्ता बिषय उल्लेख गरेको तर गुनासोलाई सम्वोधन गर्न तथा खरिद प्रक्रियाको आबश्यक स्वच्छताको लागि त्यस कार्यालयबाट उक्त खरिद संग सम्वन्धीत कारवाहि गरेको ।

(८) जननिर्वाचित प्रतिनिधिहरुको संस्था जिल्ला समन्वय समितिको बैठकले गरेको निर्णयको सम्वन्धमा समेत सार्वजनिक खरिद अनुगमन कार्यालयले कानूनी परिक्षण र बैधता जाँच गर्न खोजेको तथा उक्त कार्यमा छानवीन गर्ने अधिकार र जिम्वेवारी समेत नभएको आशयको जवाफ माग गरिएको सन्दर्भमा प्राप्त गुनासोको सन्दर्भमा खरिद ऐनको दफा ६५ ले दिएको अधिकार प्रयोग गरी गरेको स्पष्ट हुदा हुदै अधिकारलाई कुण्ठित गर्दै सरोकारवाला गुनासोकर्ताले उठाएका बिषयका सम्वन्धमा कानूनी जवाफ नदिई केवल समिति गठन गर्ने, सो समितिले दिएको निर्णयका आधारमा बोलपत्र सम्वन्धी सम्पूर्ण प्रक्रियाहरु रद्द गरेको साथै खरिद ऐनको दफा २६ अनुसार बोलपत्र रद्द गर्ने वा खरिद कार्वाहि अस्वीकृत गर्ने निर्णय कानून अनुसार नभएको देखिदा गुनासोकर्ताले उठाएको बिषयका सम्वन्धमा उचित निर्णयका लागि सम्वन्धीत निकायबाट आवश्यक छानवीन हुनु पर्ने देखिन्छ ।

(९) मिति २०७४।३।११ मा आह्वान भएको बोलपत्र लामो समय मूल्याङ्कनमै रहनु, बोलपत्रदाताले बोलपत्र खोल्ने मुचुल्का तयार गर्दा बोल अंक अंकमा मात्र लेखिएको तर मुचुल्कामा दररेट उल्लेख नभएको अवस्थामा अंक दररेटमा अगाडि वा पछाडी सहजै अंक थपघट गर्न सक्ने अवस्था रहेको, बोलपत्रदाता स्वयंमले नै मेरो बोलपत्रमा कबोल दररेटमा '0' (शुन्य) थप गरेको भनी गुनासो दर्ता गरेको, बोलपत्रमा बिवाद उत्पन्न भयो भनी बिवादको समाधान नगरी आसयपत्र जारी भैसकेको ठेक्का बिना आधार रद्द गरेको, उक्त Item को लागत अनुमान र अन्य बोलपत्रदाताहरुले बोल कबोल गरेको रकम समेतका आधारमा पेश भैसकेको बोलपत्रमा '0' (शुन्य) थप हुन सक्ने जोखिम बढी रहेकोले सो बिषयमा संवन्धित निकायवाट थप छानविन र अनुसन्धान गरी कानून बमोजिम कारवाही प्रकृया अगाडि बढाउन आवश्यक देखिएको ।

**(ङ) निष्कर्षः**

जिल्ला समन्वय समितिको कार्यालय कञ्चनपुरबाट भारतिय राजदुताबास सहयोगमा पशुपति शिक्षा मन्दिर रतनपुर बेलौरीको भवन निर्माणका लागि मिति २०७४।३।११ मा आह्वान भएको ठेक्का नं ODCC/KAN/EOI/55/2073/74 को बोलपत्र सम्वन्धमा निवेदक निर्माण ब्यावसायीहरु मित्र/निरज जे भी, शनिदेव/बालीचन्द्र जे भी, बिकोई नेश्नल जे भी र उच्चकोटी निर्माण सेवाको तर्फबाट यस कार्यालयमा गुनासो प्राप्त भएको र प्राप्त गुनासोको सम्वन्धमा सम्वन्धीत निकायबाट उपलब्ध गराईएको कागजात र विवरणका आधारमा निम्न निष्कर्षमा पुगियो ।

(१) पेश भैसकेको बोलपत्रमा थपघट भएको भन्ने बिषय सार्वजनिक खरिदको सम्वन्धमा ज्यादै सम्बेदनशिल बिषय भएकोले त्यस्ता प्रबृत्तिरहरुलाई निरुत्साहन गरी सार्वजनिक खरिदलाई स्वच्छ, प्रतिस्पर्धि र प्रभावकारी बनाउन सो प्रकृतिका गुनासोको बिस्तृत अध्ययन आवश्यक देखिन्छ ।

(२) गुनासोकर्ताले उठाए बमोजिम कबोल अक रु ५५।- को पछाडी '0' (शुन्य) थप गरिएको भन्ने बिषयमा बोलपत्रको समग्र अवस्था बिश्लेषण गर्दा सो किसिमको अवस्था रहन सक्ने जोखिम बिधमान रहेकोले सो सम्वन्धमा सम्वन्धीत निकायबाट थप अनुसन्धान/ छानवीन गरि कानून बमोजिम कारवाही प्रकृया अगाडि बढाउन आवश्यक देखिएको ।

(३) ठेक्कामा बिवाद उत्पन्न भयो भनेर सो बिवादको उचित समाधान नगरी ठेक्का रद्द गर्नु कानून सम्मत देखिएन ।

## ५. त्रिभुवन बिश्व बिद्यालय, इञ्जिनियरिङ अध्यन संस्थान अन्तर्गत सञ्चालित थापाथली क्याम्पस

### (क) पृष्ठभूमी

त्रिभुवन बिश्व बिद्यालय, इञ्जिनियरिङ अध्यन संस्थान अन्तर्गत सञ्चालित थापाथली क्याम्पसले Universal Testing machine (UTM) खरिदका लागि बोलपत्र आब्हान गरी गरेको खरिद कारवाहीमा अनियमितता तथा सार्वजनिक खरिद ऐन तथा नियमावली बिपरित Qualification Criteria राखी अनियमितता गरेको भन्ने बिषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल काठमान्डौमा परेको उजुरीको सम्बन्धमा आयोगको मिति २०७४/०९/०६ प.स. ५ शिक्षा ३-२६०/०७४/७५, च.न.५-६९४ बाट यस कार्यालयमा प्रेषित गुनासो लगायतका बिषयमा अध्ययन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

**(ख) उजुरी/निवेदकले उठाएको संक्षिप्त ब्यहोरा**

थापाथली क्याम्पसबाट Universal Testing machine (UTM) खरिदका प्रथम पटक मिति.........मा बोलपत्र आब्हान गरी म्याद समेत थप भएको, उक्त बोलपत्र रद्द गरेर पुःन मिति २०७४/०७/०८ मा दोश्रो पटक बोलपत्र आब्हान गरेको, बोलपत्र सम्बन्धी कागजातमा Qualification Criteria हरु सार्वजनिक खरिद ऐन, नियम, कानुन बिपरित हुने गरी राखी सिमित फर्म, कम्पनीका लागि अनुकुल हुने गरी राखेकोले खरिद कारवाहीमा संलग्न पदाधिकारीहरु माथी छानविन गरि पाउ भनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दिएको उजुरी कारवाहीका लागि यस कार्यालयमा प्रेषित भएको ।

**(ग) सम्वन्धीत सार्वजनिक निकायको भनाई**

उपरोक्त गुनासो सम्वन्धमा सम्वन्धीत कार्यालयसंग कागजपत्र झिकाउने तथा सो सम्वन्धमा यस कार्यालयबाट मिति २०७४/९/११,च.नं. ११५० को पत्र मार्फत कार्यालयको धारणा तथा प्रमाणित गर्ने आधारहरु माग गरिएकोमा उक्त कार्यालयबाट प्राप्त धारणा/आधार/स्पष्टीकरणको संक्षिप्त ब्यहोरा।

- Universal Testing machine (UTM) खरिदका लागि मिति २०७३/१२/०३ गते गोरखापत्र राष्ट्रिय दैनिकमा सुचना प्रकाशन गरी बोलपत्र आब्हान भएकोमा ४ वटा फर्मले बोलपत्र पेश गरेको, उक्त बोलपत्रहरुको मुल्यांकनका लागि मिति २०७४/०१/०५ मा गठित मुल्यांकन समितिमा पठाइएकोमा उक्त समितिले २०७४/०१/१३ मा अस्वस्थ प्रतिष्पर्धाबाट बोलपत्रहरु पेश भएको ठहर गरी त्रिभुवन बिश्व बिद्यालय आर्थिक ब्यबस्थापन तथा खरिद सम्बन्धी नियम २०५० को दफा २५ को (झ) मा ब्यबस्था भए बमोजिम बोलपत्र अस्वीकृत गर्ने वा खरिद कारवाही रद्द गर्नको लागि उपदफा २ बमोजिम सम्पुर्ण बोलपत्रहरु रद्द गर्ने निर्णय सहितको प्रतिवेदन प्राप्त भएको र सोही आधारमा मिति २०७४/०१/२७ मा सुचना प्रकाशन गरी साविकमा भए गरेको खरिद कारवाही रद्द गरी पुःन १५ दिनको समय दिई बोलपत्र आब्हान गरिएको ।

- दोश्रो पटक प्रकाशित सुचना बमोजिम ३ वटा बोलपत्रहरु प्राप्त हुन आएको । बोलपत्रहरु मुल्यांकनको क्रममा मुल्यांकन समितिले कानुन बिज्ञको राय सहित बोलपत्रहरु प्रतिष्पर्धि रहेको भन्ने अवस्था नरहेको साथै बोलपत्र सम्बन्धी कागजातको प्रकरण ५,९ र १४ मा भएको ब्यबस्था अनुकुल नरहेको यस अलावा ऐनको प्रकरण नं. १२.१ मा बिना कुनै जानकारी प्रस्ताव स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार क्याम्पसलाई भएको साथै सार्वजनिक खरिद ऐनको दफा २६ बमोजिम पेश हुन आएका बोलपत्रहरु अस्विकृत गरी बोलपत्र रद्द गर्न उपयुक्त देखिएको प्रतिवेदन प्राप्त भएकाले मिति २०७४/०४/०९ को निर्णय बमोजिम बोलपत्रहरु रद्द गरी मिति २०७४//०४/१२ मा सो को जानकारी सबै बोलपत्रदाताहरु समेतलाई दिएको ।
- Universal Testing machine (UTM) अति आवश्यक भएको तर पटक पटक बोलपत्र आब्हान गर्दा समेत रित पुर्वकको बोलपत्र प्राप्त हुन नआएको र मिति २०७४/०७/०८ मा गोरखापत्र दैनिकमा सुचना प्रकाशन गरी बोलपत्र बिक्री भइरहेकामा बोलपत्रमा केही कुरा अस्पष्ट देखिन आएको भनि जानकारी हुन आएकाले सानातिना कारणले बोलपत्र पुनः रद्द नहोस भनी सो कुरा प्राविधिक बिशेषज्ञ मार्फत बोलपत्र दाखिला गर्ने अन्तिम मिति भन्दा सात दिन अगावै प्रष्ट पारी ७ दिनको समायवधि समेत थप गरी बोलपत्र फाराम खरिद गरिसकेका बोलपत्रदाताहरु समेतलाई नयाँ बोलपत्र फाराम उपलब्ध गराइएको र ३ वटा बोलपत्रदाताहरुले बोलपत्र समेत पेश गरेको। यसरी पेश हुन आएका बोलपत्रहरु पत्रको मिति २०७४/१०/०२ सम्म मुल्यांकनको चरणमा रहेको र कुनै पनि गुनासो प्राप्त नभएको ।
- क्याम्पसको बोलपत्र सम्बन्धी कागजातमा रहेका अष्पस्टताहरुलाई स्पष्ट गर र अपुग भएका कुराहरुलाई संबोधन गर्न मात्र बोलपत्र सम्बन्धी कागजातमा संसोधन गरिएको हुँदा यसमा खरिद प्रकृयामा संलग्न कोही कसैको गलत मनसाय नरहेको ।

## (घ) गुनासोको अध्ययनबाट देखिएको ब्यहोरा

गुनासोपत्रमा उठाएका बिषयहरु र यस संग आवद्द कागजातहरुलाई अध्ययन गर्दा निम्नानुसारको विवरण पाईयो ।

- Universal Testing machine (UTM) खरिदका लागि मिति २०७३/१२/०३ गते गोरखापत्र राष्ट्रिय दैनिकमा थापाथली क्याम्पस बाट प्रकाशित Supplying and Installation of UTM CIN:-IOE/TC/073/74-UTM-01 कार्यको बोलपत्र आब्हान सम्बन्धी सुचनामा लागत अनुमान रु. ३०,५३,०९७।- रहेको, बोलपत्र सम्बन्धी कागजातको दस्तुर बापत रु १,०००।- र बोलपत्र सुरक्षण बापत कबोल अंकको २.५ प्रतिशत नगद धरौटी वा ९० दिन म्याद भएको बैंक जमानत माग भएको देखिन्छ ।

- मेशिन खरिदका लागि आब्हान भएको सुचना बमोजिम पर्न आएका बोलपत्रहरू बोलपत्रदाता प्रतिनिधिहरु समेतको रोहवरमा खोलिएको तथा रमेश कार्की, राज कुमार चौलागाइ र इन्द्र नारायण यादव सदस्य रहेको मुल्यांकन बिशेषज्ञ समिति गठन गरिएको ब्यहोरा बोलपत्र खोलिएको मुचुल्कामा उल्लेख भएको छ तर यस्तो मुचुल्कामा बोलपत्र खोलिएको मिति, बोलपत्रदाताहरुको प्रतिनिधि तथा कार्यालयका प्रतिनिधि कसैको पनि नाम र उपस्थिति समेतको हस्ताक्षर उल्लेख भएको दैखिदैन ।मुल्यांकन बिशेषज्ञ समिति गठन भएको जानकारी सहितको जानकारी क्याम्पसको पेश हुन आएको मिति २०७४/०१/०७ प.स. प्र.शा.च.न. ११५३ को क्याम्पस प्रमुख ईश्वरचन्द्र बानियाँको हस्ताक्षर भएको पत्र समेतमा उल्लेख भएको देखिन्छ ।
- मिति २०७४/०१/१४ मा मुल्यांकन समितिका सदस्य रमेश कार्कीले प्राविधिक मुल्यांकन प्रतिवेदन पेश गरेको देखिन्छ ।बोलपत्र पेश गर्ने Total Scientific Surveying Technology Traders , Him Shikhar Bio medicals, M.N. International तथा Map Entrepreneurs मध्ये M.N. International ले पेश गरेको बोलपत्र प्राबिधिक रुपमा सक्षम रहेको भनि प्रतिवेदन गरेको पाइयो ।
- मिति २०७४/०१/२६ गते क्याम्पस प्रमुख लगातयका पदाधिकारीहरु उपस्थित रहेको बैठकले प्राविधिक मुल्यांकन समितिले दिएको प्राविधिक प्रतिवेदनमा श्री टोटल साइन्टिफिक सर्भेइङ टेक्नोलोजि ट्रेडर्स, कुपण्डोल को बोलपत्र काटेर केरमेट गरी पेश गरिएको, श्री म्याप इन्टरप्रेनर्स प्रा.ली. थापागाउँ, काठमान्डौको प्रस्तावमा आर्थिक तथा प्राविधिक प्रस्ताव एकसाथ पेश भएको ब्यहोरा उल्लेख गर्दै बोलपत्र अस्वस्थ प्रतिष्पर्धाबाट दाखिला भएको हुँदा त्रि.वि आ.ब्य.तथा खरिद सम्बन्धी नियम २०५० को दफा ५२ झ को उपदफा २ बमोजिम सम्पुर्ण बोलपत्रहरु रद्द गरी पुःन १५ दिने म्याद दिइ बोलपत्र गर्ने निर्णय गरेको देखिन्छ ।
- मिति २०७४/०१/२७ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा सुचना प्रकाशन गरी UTM खरिद तथा जडानको लागि साबिकको बोलपत्र रद्द गरी १५ दिनको म्याद दिइ पुःन बोलपत्र आब्हान गरेको देखिन्छ ।
- २०७४/०२/१० गते क्या.प्र. श्री ईश्वरचन्द्र बानियाँको अध्यक्षतामा बसेको बैठकमा दोश्रो पटकको सुचना बमोजिम पर्न आएका ३ वटा बोलपत्रहरु बोलपत्रदाताहरुको प्रतिनिधि सहित खोली मुल्यांकनका लागि समितिमा पठाउने निर्णय गरेको, मुल्यांकन समितिले पेश हुन आएका बोलपत्रहरु मध्ये M.N. International, Map Entrepreneurs को बोलपत्र Technically Qualified र H.G. ENT. P.L. को बोलपत्र Technically Disqualified भन्ने प्रतिवेदन सहितको सिफारिश गरेको साथै Technically Qualified दुवै बोलपत्रहरुको बिस्तृत प्राविधिक मुल्यांकन समेत Qualified भनी उल्लेख गरेको ।

- २०७४/०२/३० गते क्या.प्र. श्री ईश्वरचन्द्र बानियाँको अध्यक्षतामा बसेको बैठकमा UTM खरिदका लागि पर्न आएका बोलपत्रहरु मध्ये २ वटा मात्र बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएकाले खरिद कारवाही अगाडि बढाउन मिल्ने वा नमिल्ने के हो भनि त्रिभुवन बिश्व बिद्यालय, सामान्य प्रशासन महाशाखामा रायका लागि पठाउने निर्णय गरेको र सो सम्बन्धमा रजिष्ट्रारको कार्यालयबाट सार्वजनिक खरिद ऐन,२०६३ को दफा २६ को उपदफा २ बमोजिम केही बोलपत्रहरु वा एउटा मात्र बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्वीकृत गर्न वा पुनः बोलपत्र आह्वान गर्न नसकिने ब्यहोराको राय प्राप्त भएको देखिन्छ ।
- मिति २०७४/०२/३० गते क्या.प्र. श्री ईश्वरचन्द्र बानियाँको अध्यक्षतामा बसेको बैठकमा UTM खरिदका लागि पर्न आएका बोलपत्रहरु मध्ये २ वटा सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरुको आर्थिक प्रस्ताव खोल्ने निर्णय गरेको देखिन्छ । मिति २०७४/०३/०७ का दिन उक्त बोलपत्रहरुको आर्थिक प्रस्ताव खोलिएको तथा मुल्यांकनका लागि रेवन्त कुमार रावत संयोजक रहेको ४ सदस्यिय मुल्यांकन समिति गठन गरेको, मिति २०७४/०४/०३ मा सो मुल्यांकन समितिले आर्थिक प्रस्ताव अध्ययन पश्चात कानुन बिज्ञ, तथा अन्य बिज्ञहरुसंग राय सल्लाह सहित प्राविधिक रुपमा सफल बोलपत्रहरुलाई प्रतिष्पर्धि रहेको भनि मान्न नसकिने, बोलपत्र सम्बन्धि कागजातको प्रकरण ५,९,१४ का बाध्यात्मक ब्यबस्थाहरुलाई अन्यथा परिभाषा गर्न नसकिने अवश्था रहेको साथै ऐ. १२.१ मा बिना कुनै जानकारी प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार थापाथली क्याम्पसलाई रहेको, सार्वजनिक खरिद ऐनको दफा २३ को उपदफा २ को खण्ड ख र घ को अवस्था बिद्यमान रहेको देखिएकोले सम्पुर्ण बोलपत्रहरु अस्वीकृत गरी खरिद कारवाही रद्द गर्न उपयुक्त हुने सिफारिश सहितको प्रतिवेदन पेश गरेको र मिति २०७४/०४/०९ गते क्या. प्र. श्री ईश्वरचन्द्र बानियाँको अध्यक्षतामा बसेको बैठकले खरिद कारवाही रद्द गरी सोको जानकारी पत्र मार्फत प्राविधिक रुपमा सफल बोलपत्रदाताहरुलाई दिएको देखिन्छ ।
- मिति २०७४/०७/०८ को गोरखापत्र राष्ट्रिय दैनिकमा सुचना प्रकाशन गरी UTM मेशिन लगायतको खरिदका लागि पुनः बोलपत्र आब्हान भएको, मिति २०७४/०८/०८ मा सुचना प्रकाशन गरी बोलपत्र खरिद र पेश गर्न सक्ने म्याद थप गरेको देखिन्छ ।
- मिति २०७४/०९/१३ मा मुल्यांकन समितिको तर्फबाट बोलपत्र प्रक्रियमा सहभागी ३ वटा फर्महरु M.N. International, H.G. ENT. P.L., Map Entrepreneurs प्राविधिक रुपमा सफल रहेको भन्ने प्रतिवेदन पेश गरेको पाइयो ।
- पछिल्लो पटक थापाथली क्याम्पसका प्रशासन प्रमुख श्री गणेश प्रसाद आचार्यले दिएको जानकारी अनुसार प्राविधिक रुपमा सफल बोलपत्रहरुको आर्थिक प्रस्ताव निम्न बमोजिम रहेको

तथा सबै भन्दा न्युन कबोल गर्ने H.G. ENT. Pvt. Ltd. संग खरिद सम्झौता भई मालसमान समेत आपुर्ती भैसकेको अवस्था रहेको छ ।

**निम्न**

| सि.न. | प्रस्तावदाता फर्मको नाम | कबोल अंक(मु.अ.क. सहित) | कैफियत |
|---|---|---|---|
| १ | H.G. ENT. Pvt. Ltd. | २८,७५,०००।०० | न्युनतम मुल्यांकित |
| २ | M.N. International | ३४,२०,७६३।०० | |
| ३ | Map Entrepreneurs | ४१,५८,४००।०० | |

**निष्कर्षः**

- मिति २०७४/०१/१४ मा मुल्याङकन समितिले बोलपत्र प्रक्रियमा सहभागी ४ वटा फर्महरु मध्ये M.N. International ले पेश गरेको बोलपत्र प्राविधिक रुपमा सफल रहेको मुल्याङकन प्रतिवेदन पेश गरेकोमा मिति २०७४/०१/२६ गते क्याम्पस प्रमुख लगातयका पदाधिकारीहरु उपस्थित रहेको बैठकले प्राविधिक मुल्याङकन समितिले दिएको प्राविधिक प्रतिवेदनमा श्री टोटल साइन्टिफिक सर्भेइङ टेक्नोलोजि ट्रेडर्स, कुपण्डोलको बोलपत्र काटेर केरमेट गरी पेश गरिएको, श्री म्याप इन्टरप्रेनर्स प्रा.ली. थापागाउँ, काठमान्डौको प्रस्तावमा आर्थिक तथा प्राविधिक प्रस्ताव एकसाथ पेश भएको ब्यहोरा उल्लेख गर्दै बोलपत्र अस्वस्थ प्रतिष्पर्धाबाट दाखिला भएको हुँदा त्रि.वि आ. ब्य. तथा खरिद सम्बन्धी नियम २०५० को दफा ५२ झ को उपदफा २ बमोजिम सम्पुर्ण बोलपत्रहरु रद्द गरी पुःन १५ दिने म्याद दिइ बोलपत्र आब्हान गर्ने निर्णय गरेको देखिन्छ ।यसरी बोलपत्र प्रक्रिया ४ वटा फर्महरु सहभागी भएकोमा एउटा मात्र फर्म प्राविधिक रुपमा सफल भएको कारणले बोलपत्र रद्द गरी पुनः बोलपत्र आब्हान गर्नु नियम संगत देखिदैन।
- क्यामपसले गरेको खरिद कारवाहीको अध्ययन गर्दा बोलपत्र एक चरण दुइ खाम पद्दतीमा आधारित रहेको देखिन्छ मालसामान खरिदमा उक्त प्रक्रियाको अबलम्बन गर्नुको आधार उल्लेख नभएको ।
- दोश्रो पटक सुचना प्रकाशन गरी गरिएको खरिद कारवाहीको प्राविधिक परिक्षणमा सफल देखिएका २ वटा बोलपत्रहरुको आर्थिक प्रस्ताव खोली प्रस्तावदाता फर्महरुले प्रस्ताव गरेको आर्थिक पक्षको सम्बन्धमा कुनै पनि कुरा उल्लेख नगरी मुल्यांकन समितिले आर्थिक प्रस्ताव अध्ययन पश्चात कानुन बिज्ञ, तथा अन्य बिज्ञहरुसंग राय सल्लाह सहित प्राविधिक रुपमा सफल बोलपत्रहरुलाई प्रतिष्पर्धि रहेको भनि मान्न नसकिने, बोलपत्र सम्बन्धि कागजातको प्रकरण ५,९,१४ का बाध्यात्मक ब्यबस्थाहरुलाई अन्यथा परिभाषा गर्न नसकिने अवश्था रहेको साथै

ऐ. १२.१ मा बिना कुनै जानकारी प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार थापाथली क्याम्पसलाई रहेको, सार्वजनिक खरिद ऐनको दफा २३ को उपदफा २ को खण्ड ख र घ को अवस्था बिद्यमान रहेको देखिएकोले सम्पुर्ण बोलपत्रहरु अस्वीकृत गरी खरिद कारवाही रद्द गर्न उपयुक्त हुने सिफारिश सहितको प्रतिवेदन पेश गरेको र मिति २०७४/०४/०९ गते क्या.प्र. श्री ईश्वरचन्द्र बानियाँको अध्यक्षतामा बसेको बैठकले खरिद कारवाही रद्द गरी सो को जानकारी पत्र मार्फत प्राविधिक रुपमा सफल बोलपत्रदाताहरुलाई दिएको देखिन्छ । यसरी प्राविधिक रुपमा सफल देखिएका बोलपत्रहरु सारभुत रुपमा प्रभावग्राही हुन वा होइनन एकिन नगरी खरिद कारवाही रद्द गर्नु कार्यालयमा कुनै जानकारी प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकारको विवेकपुर्ण प्रयोग हो भनेर मान्न सकिने आधार देखिँदैन ।

गुनासोकर्तालेे अख्तियार दुरुपयोग अनुसन्धान आयोग मार्फत गरेको खरिद ऐनको आफुखुशी ब्याख्या गरेको भन्ने सम्बन्धमा गुनासोको सम्बन्धमा क्याम्पसले आफ्नो आवश्यकता मुताविक हुने गरि खरिद कारवाहीको बिधि र प्रक्रिया अबलम्बन नगरेको नै देखिन्छ । सार्वजनिक खरिद ऐन,२०६३ को दफा २६ मा स्पष्ट रुपमा बोलपत्र रद्द हुने अवस्था उल्लेख भएकोमा उक्त बोलपत्र ऐनको कुन दफाको आधारमा भएको स्पष्ट नभएको साथै पटक पटक बोलपत्र आब्हान गर्ने, म्याद थप गर्ने तथा खरिद कारवाही रद्द गर्ने जस्ता कार्यले खरिद कारवाहिको निष्षक्षतामा नै सरोकारवालाहरुमा आशंका उब्जिनु स्वाभाविकै हुन जान्छ । तसर्थ क्याम्पसले गर्ने जुनसुकै खरिद कारवाहिमा पनि तथ्यपरक खरिद योजना, आवश्यकताको यथार्तपरक आंकलन तथा खरिद बिधि तथा प्रक्रियामा स्पष्टता हुनु अनिवार्य रहन्छ ।

### ६. मादी नगरपालिका, संखुवासभा

### (क) पृष्ठभूमीः

मादी नगरपालिका, संखुवासभाबाट सडक निर्माण कार्यको लागि मिति २०७४।९।२६ मा आह्वान भएको ठेक्का नं MM/W/NCB/01/074/075 बोलपत्र सम्बन्धमा निर्माण व्यवसायि महासंघ, अनामनगर, काठमाण्डौ तथा आशिष निर्माण सेवा, त्रियुगा, उदयपुरको तर्फबाट यस कार्यालयमा गुनासो प्राप्त भएको र प्राप्त गुनासोको सम्वन्धमा सम्बन्धित नगरपालीकाबाट कागजपत्रहरु माग गरिएको र प्राप्त कागजातहरुको आधारमा यो गुनासो सम्बन्धी प्रतिवेदन तयार गरिएको छ ।

### (ख) उजुरी/निवेदकले उठाएको संक्षिप्त ब्यहोरा

उक्त बोलपत्र सम्वन्धमा गुनासोकर्ताले दर्ता गरेको गुनासो निवेदनमा निम्नानुसारका विषयहरु उल्लेख भएको देखिन्छ ।

(१) उक्त बोलपत्रमा माग गरिएको बोलपत्रदाताको योग्यता निर्धारण गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको नमुना बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित प्रावधानको प्रतिकुल हुनेगरी तयार गरेको र सो बमोजिम निर्धारण गरेको योग्यता हेर्दा कुनै खास निर्माण व्यवसायीलाई मध्यनजर गरी बनाईएको हुन सक्ने आशंका रहेको ।

(२) सो निर्माण कार्यको लागि आवश्यक मेसिन औजार सार्वजनिक खरिद ऐन अनुसार भाडामा वा लिजमा लिएको पनि मान्य हुने भएता पनि मेसिन औजार आफ्नै हुनुपर्ने गरी योग्यता निर्धारण भएको ।

**(ग) सम्बन्धित सार्वजनिक निकायको भनाईः**

उपरोक्त गुनासो सम्वन्धमा सम्वन्धीत निकायसंग गुनासोकर्ताले उठाएका विषय सम्बन्धमा धारणा र सोका आधारहरु उपलव्ध गराउन बारम्बार ताकेता भएकोमा ४ पटकको पत्राचार पश्चात सो बोलपत्र सम्बन्धी कागजात प्राप्त भएको तर गुनासोकर्ताले उठाएका विषय सम्बन्धमा कुनै धारणा र आधारहरु प्राप्त नभएको ।

**(घ) गुनासोको अध्ययनबाट देखिएको ब्यहोराः**

(१) मादी नगरपालिका, संखुवासभाबाट सडक निर्माण कार्यको लागि रु. २५,२१,९३,३८९।१३ को लागत अनुमान तयार गरी मिति २०७४/९/२६ मा ठेक्का नं MM/W/NCB/01/074/075 को बोलपत्र आह्वान गरेको । निर्धारित मिति सम्म ५ वटा बोलपत्र दाखिला भएकोमा एउटा मात्र बोलपत्रदाता प्राविधिक प्रस्तावको मुल्यांकनमा सफल भएको । प्राविधिक प्रस्ताव मुल्यांकनमा सफल भएको बोलपत्रदाता श्री बज्रगुरु कन्स्ट्रक्सन कम्पनी प्रा.ली. को आर्थिक प्रस्ताव खोलिएको र उक्त बोलपत्रदाताको बोलपत्र आर्थिक प्रस्तावको मुल्यांकनमा समेत सारभुतरुपमा प्रभावग्राही रुपमा प्रभावग्राही भएकोले खरिद सम्झौताको लागि छनौट भएको र मिति २०७५/१/१६ मा रु. २०,२१,०८,५०४.०० (मु.अ.क. समेत) मा खरिद सम्झौता भएको देखिन्छ ।

**(२) बोलपत्र सम्बन्धी विवरणः**

उक्त बोलपत्रको संक्षिप्त बिवरण निम्नानुसारको रहेको छ ।

**बोलपत्र सम्बन्धी विवरणहरु**

| | |
|---|---|
| सार्वजनिक निकाय र ठेक्का नं. | मादी नगरपालिका संखुवासभा |
| | ठेक्का नं. MM/W/NCB/01/074-75 |
| निर्माण कार्यको संक्षिप्त विवरण | राम मन्दिर अखरबोट सडक निर्माण कार्य । |
| लागत अनुमान (मु क र.अ.कन्टेन्जेन्सी समेत) | २५,२१,९३,३८९।१३ |

| | |
|---|---|
| लागत अनुमान (मु.अ.क. र कन्टेन्जेन्सी बाहेक) | २१,८३,२५,३३६।- |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (NCB) |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७४।०९।२६ |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | नयाँ पत्रिका दैनिक |
| बिक्री भएका बोलपत्र संख्या | मुल्यांकन प्रतिवेदनमा उल्लेख नभएको । |
| दाखिला भएका बोलपत्र संख्या | ५ वटा |
| बोलपत्र फिर्ता संख्या | छैन |
| सारभुतरुपमा प्रभावग्राही ग्राह्य बोलपत्र संख्या र सूचना मिति | १ (मिति २०७५/१/५) |
| खरिद सम्झौताको मिति | २०७५/१/१६ |
| काम सम्पन्न गर्ने समायावधि | २ बर्ष |
| पुनरावलोकनको लागि निवेदन पेश भए नभएको | नभएको |
| खरिद सम्झौता रकम | १७,९६,२२,१२७।५० |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | -१७.७२ % |
| निर्माण व्यवसायीको नाम | बज्रगुरु कन्सट्रक्सन कम्पनी प्रा.ली. काठमाँडौं । |

### (३) बोलपत्रदाताको योग्यता निर्धारणः

यस सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरेको एक चरण दुई खाम प्रणालीको नमुना बोलपत्र सम्बन्धी कागजातको आधारमा बोलपत्र सम्बन्धी कागजात तयार गरेको र बोलपत्रदाताको योग्यता (Qualification Criteria) निर्धारणमा निम्नानुसारको व्यहोरा अध्ययनबाट देखिएको छ ।

(क) Standard Bidding Document(SBD) मा उल्लेख भएको फर्मुला अनुसार उक्त ठेक्काको Average Annual Construction Turnover रु. १६ करोड ३० लाख (लगभग) माग गर्नु पर्नमा सो भन्दा ५६% बढी रु २५ करोड माग भएको देखिएको जुन SBD को प्रतिकूल रहेको ।

(ख) SBD को प्रावधान बमोजिम Contracts of Similar Size and nature को योग्यता Joint Venture(JV) मा बोलपत्र दाखिला गर्ने बोलपत्रदाता मध्ये कुनै एक बोलपत्रदाताले वा सबै बोलपत्रदाताले संयुक्त रुपमा पुरा गरेमा हुने तर JV का सबै Partner ले अनिवार्य रुपमा अनुभवको योग्यता आवश्यक पर्ने ब्यवस्था नरहेकोमा उक्त बोलपत्रमा प्रत्येक Partner ले कम्तिमा २५% योग्यता पुरा गरेको हुनुपर्ने भनि योग्यता निर्धारण गरिएको छ जुन SBD (Standard Bidding Document) मा रहेको प्रावधानको प्रतिकुल रहेको छ।

(ग) Contracts of Similar Size and nature को अनुभव माग गर्दा सामान्यतया प्रस्तावित कामको ८०% माग गर्नुपर्नेमा लगभग ९६% माग गरिएको छ ।

(घ) SBD अनुसार Construction Experience in Key activities को योग्यता माग गर्दा Production rate माग गर्नुपर्नेमा सो बमोजिम माग नगरी Surface dressing works(DBST) of area 45000 Sqm in FY 2074 उल्लेख गरेको ।

(ङ) SBD (Standard Bidding Document) अनुसार Construction Experience in Key activities को योग्यता माग गर्दा विगत १० बर्षको योग्यता गणना हुने ब्यवस्था रहेकोमा उक्त ठेक्कामा २०७४ सालमा नै ४५०० बर्ग मिटरको DBST गरेको हुनुपर्ने भनि योग्यता निर्धारण गरिएको छ जुन SBD (Standard Bidding Document) को प्रतिकुल साथै औचित्यपूर्ण पनि छैन ।

(च) Construction Experience in Key activities को योग्यता माग गर्दा Surface dressing works (DBST) नै गरेको हुनुपर्ने भनि योग्यता निर्धारण गरेको देखियो जसबाट Asphalt concrete जस्तो सो भन्दा अझै उच्च प्रविधियुक्त विधिलाई गणना नहुने गरी योग्यता निर्धारण भएको।

**Personnel Requirements**

| SL No. | Position | Total Work Experience(in years) | Experience in Similar Work (in years) |
|---|---|---|---|
| 1 | Contract Manager(Master Degree in Transportation engineer) | 7 | 5 |
| 2 | Engineer(Bachelor Degree in Civil Engineering) | 5 | 3 |
| 3 | Engineer(Bachelor Degree in Civil Engineering) | 5 | 3 |
| 4 | Sub Engineer(Intermediate in Civil Engineer) | 4 | 2 |
| 5 | Sub Engineer(Intermediate in Civil Engineer) | 4 | 2 |
| 6 | Sub Engineer(Intermediate in Civil Engineer) | 4 | 2 |

(छ) कामको प्रकृति र र योग्यता गणनाको लागि माग गरिएको जनशक्ति बिचमा तार्किक सम्वन्ध नदेखिएको । उक्त ठेक्कामा जनशक्तिको योग्यता माग गर्दा Contract Manager Master Degree in transportation हुनु पर्ने, दुई जना ईन्जिनियर माग गरिएकोमा सो माग औचित्यपूर्ण नदेखिएको।

(ज) मेसिन औजारको योग्यता माग गर्दा Excavator र Vibratory Roller, Air composer, Tipper जस्ता मेसिन २ बर्ष भन्दा पुरानो नहुने, सम्वन्धीत बोलपत्रदाताको आफ्नै नाममा हुनुपर्ने जस्ता अनुचित र अस्वभाविक

**Equipment Requirements**

| Sl. No. | Equipment Type Characteristics | Minimum number required |
|---|---|---|
| 1 | Excavator(PC 200 equivalent or greator ) no More than 2 years old , should be owned on the name of contractor themselves | 4 |
| 2 | Vibratory Roller( no More than 2 years old) should be owned on the name of contractor themselves | 2 |
| 3 | Pneumatic Roller , should be owned on the name of contractor themselves | 1 |
| 4 | Grader , should be owned on the name of contractor themselves | 1 |
| 5 | Bitumen distributor , should be owned on the name of contractor themselves | 1 |
| 6 | Chips Spreader , should be owned on the name of contractor themselves | 1 |
| 7 | Air Compressor (no More than 2 years old) , should be owned on the name of contractor themselves | 2 |
| 8 | Tripper (no More than 2 years old) , should be owned on the name of contractor themselves | 5 |
| 9 | Tracktor (no More than 2 years old) | 4 |
| 10 | Water Tanker , should be owned on the name of contractor themselves | 1 |
| 11 | Crusher Plant ( primary ) with minimum Jaw Size 12"*20" | 1 |
| 12 | Crusher Plant ( Secondary ) with minimum Jaw Size 36"*6" | 1 |
| 13 | Generator ( 82.5 KVA) (no More than 2 years old) | 2 |
| 14 | Transformer 200 KVA | 1 |

किसिमका शर्तहरु राखेको देखिन्छ । सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली २०६४ बमोजिम मेसिन औजारहरु भाडामा समेत लिन सक्ने ब्यवस्था भएकोमा सोको प्रतिकूल हुनेगरि योग्यता निर्धारण गरिएको । चालु हालतको मेशिन औजार माग गर्नुपर्नेमा २ बर्ष भन्दा पुरानो हुन नहुने भनि योग्यता निर्धारण गरिनु औचित्यपूर्ण देखिएन ।

(झ) Crusher Plant (primary), Crusher Plant(secondary) Generator, Transformer जस्ता Equipment हुनुपर्ने गरि योग्यता निर्धारण गरिएको छ । सो किसिमका Equipment आफैं संग हुनुपर्ने भनि योग्यता निर्धारण गरिनु औचित्यपूर्ण नदेखिएको ।

(ञ) Bill of Quantity को Provisional sum को Item no. 4 मा "Support for establishment of crusher plant and quarry with minimum jaw 36"*6" within the distance of 5 km from the construction site as instructed by engineer if needed." भनि ५० लाख रुपैंया राखिएको । बोलपत्रदाताको योग्यताको आधारमा Crusher Plant आवश्यक भनि निर्धारण गरिएको देखिन्छ। निर्माण ब्यावसायीले Crusher Plant स्थापना गर्न सहयोग गर्ने सार्वजनिक निकायले रकम भुक्तानी गर्नु तर्कसंगत देखिदैन । साथै नगरपालिकाका पदाधिकारीको छलफलमा उक्त Crusher Plant निर्माण ब्यावसायीले नयाँ किनेर Plant स्थापना गर्ने र कार्य समाप्त भए पश्चात नगरपालिकालाई हस्तान्तरण गर्ने हो भन्ने मौखिक जानकारी प्राप्त भएको तर बोलपत्र सम्वन्धी कागजातमा सो किसिमको प्रावधान नभएको ।

(ट) बोलपत्र आह्वानको सूचनामा "The site visit is compulsory to all bidders and should submit the site visit certificate in electronic scanned copy (PDF fromat) during bid submission approved by the employer, which is provided through the Madi Municipality on the basis of bidders site visit report and application." उल्लेख गरेको तर बोलपत्र सम्बन्धी कागजातमा सो किसिमको प्रावधान नराखिएको । सोही प्रावधानका आधारमा ३ वटा बोलपत्रदातालाई पूर्णताको परीषणबाट हटाईएको देखिन्छ । बोलपत्र सम्बन्धी कागजातको instruction to Bidder 6.2 मा " The Invitation for Bids (IFB) issued by the Employer is not part of the Bidding Document." उल्लेख भएकोमा एक त सूचनामा Site Visit Certificate पेश नभएमा बोलपत्र Nonresponsive हुन्छ भनेर नभनिएको अर्को तर्फ बोलपत्र सम्बन्धी कागजातमा उल्लेख नभएको प्रावधानका आधारमा बोलपत्र Nonresponsive गरिनु कानून सम्मत देखिएन।

**(४) बोलपत्रदाताको सहभागिताको अवस्थाः**

विक्रि भएको बोलपत्रको संख्या बोलपत्र मूल्यांकन प्रतिवेदनमा उल्लेख नभएको । उक्त बोलपत्रमा जम्मा ५ वटा बोलपत्र दाखिला भएका । सवै बोलपत्र e-Bid मार्फत दाखिला भएका र बोलपत्र दाखिलाको अन्तिम मिति र समय २०७४/१०/१८ दिनको १२:००

रहेकोमा उक्त दिनको ११:१८ देखि ११:५८ सम्ममा गुनासोकर्ता बोलपत्रदाता श्री आशिष/गजुरमुखी/आशिर्वाद जे.भि. बाहेक सबै बोलपत्रदाताले बोलपत्र संशोधन गरेको देखिन्छ।

**(५) बोलपत्र मूल्यांकनको नतिजाः**

दाखिला भएका बोलपत्र मध्ये आशिष/गजुरमुखी/आशिर्वाद जे.भि. को Banking Instrument, Verification नभएको कारण Non-responsive भएको देखिन्छ भने बोलपत्रदाताहरु कान्छाराम कन्स्ट्रक्सन कम्पनी प्रा.लि., याकथुमहाङ/विरुवा जे.भि. र स्वच्छन्द निर्माण सेवा प्रा.लि. पूर्णताको परिक्षणमा असफल भएको देखिन्छ । पूर्णताको परिक्षणमा असफल भएका सबै बोलपत्रदाताहरु Site Visit Certificate पेश नभएको कारण असफल गरेको देखिन्छ । उक्त बोलपत्रमा सहभागी बोलपत्रदाताहरुको कबोल अंक निम्नानुसार रहेको देखिन्छ ।

**बोलपत्रदाताको कबोल अंक**

| सि.नं. | बोलपत्रदाताहरुको नाम ठेगाना | कबोल अंक | कबोल रकम लागत अनुमान रकम () भन्दा % घटी (-) वा बढी (+) | कैफियत |
|---|---|---|---|---|
| १ | कान्छाराम कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | 23,37,85,863.70 | +07.08% | |
| २ | याकथुमहाङ/विरुवा जे.भि. | 21,04,38,760.17 | -03.61% | |
| ३ | श्री बज्रगुरु कन्स्ट्रक्सन कम्पनी प्रा.ली. | 17,96,22,127.00 | -17.73 % | खरिद सम्झौताको लागि छनौट भएको। |
| ४ | स्वच्छन्द निर्माण सेवा प्रा.लि. | 22,75,95,861.94 | +04.25% | |
| ५ | आशिष/गजुरमुखी/आशिर्वाद जे.भि. | 19,28,92,594.00 | -11.65% | |

**(६) बोलपत्र मूल्यांकन समितिः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ बमोजिम गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक खरिद गर्नु परेमा संघीय सार्वजनिक खरिद ऐन बमोजिम गर्नु पर्नेछ र ऐनको अधीनमा रही गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्नेछ भन्ने व्यवस्था भएको र उक्त नगरपालिकाले सो बमोजिम नियमावली तयार गरेको नदेखिएको र सवै प्रकृया सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम नै गरेको देखिन्छ । उक्त बोलपत्रको मुल्यांकनको लागि निम्नानुसारको मूल्यांकन समिति गठन भई बोलपत्र मूल्यांकन प्रकृया अगाडि बढाएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिम सार्वजनिक निकायका प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत (सम्भव भएसम्म प्राविधिक कर्मचारी) को अध्यक्षतामा मूल्यांकन समिति गठन गर्नुपर्ने व्यवस्था भएको

र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (१) मा गाँउपालिका तथा नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक प्रमुख प्रशासकीय अधिकृत रहेनेछ र सोही दफाको उपदफा (२) (ट) मा प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अकारमा सार्वजनिक खरिद योजना तयार गरी खरिद सम्बन्धी कार्य गर्ने, गराउने जिम्मेवारी रहेको देखिन्छ ।

**बोलपत्र मुल्यांकन समिति**

| | |
|---|---|
| नगर प्रमुख, श्री बिदुर कुमार लिंथेप | अध्यक्ष |
| नगर उप- प्रमुख, श्री उर्मिला नेपाल सुवेदी | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, श्री प्रकास मगर | सदस्य |
| लेखापाल, श्री हर्क बहादुर मगर | सदस्य |
| ईन्जिनियर, श्री राम रञ्जन राई | सदस्य |
| वडा अध्यक्ष, श्री पाशाङ सेर्पा | सदस्य |
| खरिदार, श्री गणेश प्रसाद दाहाल | सदस्य |
| अ. सव ईन्जिनियर, श्री खाम्साङ भेटे | सदस्य |

**(ङ) निष्कर्षः .**

मादी नगरपालिका, संखुवासभाबाट सडक निर्माण कार्यको लागि मिति २०७४।९।२६ मा आह्वान भएको ठेक्का नं MM/W/NCB/01/074/075 बोलपत्र सम्बन्धमा निर्माण व्यवसायि महासंघ, अनामनगर, काठमाण्डौ तथा आशिष निर्माण सेवा, त्रियुगा, उदयपुरको तर्फबाट यस कार्यालयमा गुनासो सम्वन्धमा सो सम्बन्धमा सम्बन्धित नगरपालीकाबाट कागजपत्रहरु अध्ययन गर्दा निम्न निष्कर्षमा पुगियो ।

(१) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३)(ख) मा सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजात तयार गर्दा यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजातमा सारभुतरुपमा प्रभावग्राही रुपमा फरक नपर्ने गरी तयार गर्नुपर्ने प्रावधान भएकोमा बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताको योग्यता जस्तै Average Annual Construction Turnover Contracts of Similar Size and nature Construction Experience in Key activities, Manpower and Equipment आदिको योग्यता निर्धारण गर्दा बोलपत्र सम्बन्धी कागजातको प्रावधानको प्रतिकुल र अस्वभाविक किसिमले योग्यता निर्धारण गरेको ।

(२) बोलपत्र सम्बधी कागजातमा उल्लेख गरेका बोलपत्रदाताको योग्यता लगायतका प्रावधान, बोलपत्र दाखिला संख्या, बोलपत्रमा भएको संशोधन र त्यसको प्रवृत्ति, बोलपत्रमा सफल भएका बोलपत्र संख्या आदि तथ्य ले उक्त खरिद सार्वजनिक खरिद ऐनको मर्म बमोजिम नभएको र वित्तिय अनुशासनको अन्य आयामहरुमा सम्बन्धित निकायबाट थप अध्ययन आवश्यक रहेको।

## ७. काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना

### (क) पृष्ठभूमीः

नेपाली सेना काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाबाट मिति २०७४।०८।०५ मा सडक निर्माणको लागि आह्वान भएको बोलपत्र KTFT/NCB/Work/2074/075-8 सम्बन्धमा शर्मा/प्रेरा/लोहोनी एण्ड ब्रदर्श जे.भि. ले स्पष्ट पारिदिनुहुन भनि यस कार्यालयमा निवेदन पेश गरेको सो सम्बन्धमा सम्बन्धित निकायबाट कागजपत्र र विवरण प्राप्त गरी तथा सम्बन्धित पदाधिकारीहरुसंग छलफल समेतका आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

### (ख) निवेदनको संक्षिप्त व्यहोराः

उक्त बोलपत्रमा निवेदक जे.भि.ले समेत बोलपत्र दाखिला गरेको र निजको बोलपत्र सारभुतरुपमा प्रभावग्राही नभएको भनि सम्बन्धित सार्वजनिक निकायले दिएको जवाफ सम्बन्धमा निवेदकले निम्नानुसारको व्यहोराको निवेदन दर्ता गरेको ।

*"आयोजनाले दावी गरे बमोजिम BOQ मा संशोधन भएको तर बोलपत्रदाताले संशोधन पूर्वकै BOQ मा दररेट भरी पेश गरेको अवस्थामा सो BOQ लाई मान्यता दिन नसकिने भनि लेखि आएको हुँदा सो सम्बन्धमा सत्य तथ्य खुलाईदिनुहुन विनम्र अनुरोध छ ।"*

### (ग) सम्वन्धीत सार्वजनिक निकायको भनाईः

निवेदनकर्ताले उठाएको विषयमा सम्बन्धित सार्वजनिक निकाय नेपाली सेना काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना संग निवेदकले उठाएका विषय सम्बन्धमा धारणा माग गर्दा निम्नानुसारको व्यहोरा सहितको पत्र प्राप्त भयो ।

प्राप्त प्रत्र अनुसार "प्राविधक परीक्षणमा सफल भएका बोलपत्र थान ५ को मिति २०७४/१०/१८ गते आर्थिक प्रस्ताव खोलुवा गर्दा शर्मा/प्रेरा/लोहोनी एण्ड ब्रदर्श जे.भि. ललितपुरले आयोजनाको कार्यालयबाट मिति २०७४/८/१३ र मिति २०७४/०८/२९ गतेको संशोधन सूचना बमोजिमको BOQ मा दररेट नभरी संशोधन पूर्वकै BOQ मा दररेट भरी BOQ को सि.नं. 1. C. को हकमा मात्र Modification in Financial Bid भनि पत्र पेश गरेकोले मुल्यांकन गर्न असहज भएको र त्यस सार्वजनिक खरिद अनुगमन कार्यालयमा राय

सुझाव माग गरिएको । यस कार्यालयको च.नं.१४५२, मिति २०७४/११/०९ गतेको पत्रबाट "BOQ मा संशोधन भएको तर बोलपत्रदाताले संशोधन पूर्वकै BoQ मा दररेट भरी पेश गरेको अवस्थामा सो BOQ लाई मान्यता दिन नसकिने" भनि जवाफ प्राप्त भएबाट सोही जवाफलाई आधार मानि शर्मा/प्रेरा/लोहोनी एण्ड ब्रदर्श जे.भि. को बोलपत्रलाई आर्थिक मुल्यांकनमा समावेश नगरिएको ।" व्यहोरा प्राप्त भयो ।

**(घ) अध्ययनबाट देखिएको व्यहोरा:**

उक्त बोलपत्र सम्बन्धमा निवेदकले पेश गरेको निवेदन, संम्बन्धित निकायको धारणा, बोलपत्र मुल्यांकन प्रतिवेदन तथा सम्बन्धित पदाधिकारीको क्षलफलबाट निम्नानुसारको व्यहोरा देखिन्छ।

(१) नेपाली सेना काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाबाट मिति २०७४/०८/०५ मा सडक निर्माणको लागि लागत अनुमान ६८९३१८३०५।२७ रहेको ठे.नं. KTFT/NCB/Work/2074/075-8 को बोलपत्र आह्वान भएको र निर्धारित समयावधिसम्म ५ वटा बोलपत्र दाखिला भएका र दाखिला भएका बोलपत्र मध्ये प्राविधिक मुल्यांकनमा ५ बोलपत्र सफल भई मिति २०७४।१०।१८ मा आर्थिक बोलपत्र खोलिएको । आर्थिक बोलपत्रमा सहभागि भएका बोलपत्रदाता, ती बोलपत्रदाताले पेश गरेको कबोल अंक र मुल्यांकन प्रतिवेदनको निश्कर्ष निम्नानुसार रहेको छ ।

**<u>बोलपत्रदाताहरुले कबोल गरेको रकम</u>**

| सि.नं. | बोलपत्रदाताको नाम | कबोल रकम | कैफियत |
|---|---|---|---|
| १. | आशिष/डि.एस. जे.भि. | ६३,४२,२४,०३२.४१ | |
| २. | कालिका/बानिया जे.भि. | ६५,३६,८५,९१२।२९ | |
| ३. | कोशी एण्ड न्यौपाने/पप्पु जे.भि. | ६८,५४,८३,४५२।५३ | |
| ४. | शर्मा/प्रेरा/लोहोनी एण्ड ब्रदर्श जे.भि. | उल्लेख नभएको | मुल्यांकनमा सारभुतरुपमा प्रभावग्राही नभएको |
| ५. | रमण/शैलुङ जे.भि. | ६३,६५,७८,३३३।३४ | |

(२) दाखिला भएका बोलपत्र मध्ये न्यून मुल्यांकित सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाता श्री आशिष/डि.एस. जे.भि. लाई मिति २०७४।११।११ मा आसयपत्रको सुचना दिईएको ।

(३) बोलपत्र मुल्यांकनको क्रममा मिति २०७३।१०।२४ को पत्र मार्फत उक्त बोलपत्र लगायतका अन्य बोलपत्रको सम्बन्धमा यस कार्यालयमा राय माग भएको र माग गरिएको राय र यस कार्यालयबाट प्रदान गरिएको राय निम्नानुसार रहेको छ ।

**राय मागको संक्षिप्त व्यहोराः**

- बोलपत्रदाताले पेश गरेको बोलपत्रहरुको आर्थिक प्रस्ताव खोलुवा गर्ने क्रममा Package No.6 को हकमा दुवै (पुरानो र संशोधित) BOQ मा फरक फरक दर उल्लेख गरी Additional BOQ को रुपमा संशोधित BOQ सहित पेश गरेको निवेदन समेत Upload गरेकोमा उपरोक्त दुई BOQ मध्ये कुन BOQ लाई मूल्याङ्कनमा समावेश गर्ने वा दुवैलाई समावेश गर्ने ?
- Package No.7 को हकमा पुरानै BOQ मा दर उल्लेख गरी Upload गरेको सो सम्बन्धमा उपरोक्त पुरानै Upload लाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने?
- Package No.8 को हकमा नयाँ BOQ मा संशोधन गरिएका Item हरुको दररेटको बारेमा Modification in Financial Bid भन्ने पत्र समावेश गरी दररेट पेश गरेकोले उक्त BOQ लाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने?

**प्रदान गरिएको राय परामर्शको व्यहोरा**

(क) संशोधन गरिए बमोजिमको BoQ मा दररेट भरेर पेश भएको अवस्थामा उक्त BoQ लाई मान्यता दिई बोलपत्र मूल्याङ्कनमा समावेश गर्ने ।

(ख) BoQ मा संशोधन भएको तर बोलपत्रदाताले संशोधन पूर्वकै BoQ मा दररेट भरी पेश गरेको अवस्थामा सो BoQ लाई मान्यता दिन नसकिने ।

(ग) बोलपत्र कागजातमा संशोधन सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ तथा बोलपत्र सम्बन्धी कागजात ITB 24.1 मा स्पष्ट व्यवस्था भएकोले थप राय आवश्यक नदेखिएको ।

(घ) यस कार्यालयबाट जारी गरिएको विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ को दफा ३५ बमोजिम २ करोड भन्दा बढीको निर्माण कार्यको खरिदमा विद्युतीय माध्यमको मात्र प्रयोग गर्नुपर्ने व्यवस्था भएको सो व्यवस्था कार्यान्वयन भएको नदेखिएको साथै विद्युतीय माध्यमद्धारा खरिदमा गरिने BOQ मा संशोधन गर्दा संशोधीत BOQ PDF को रुपमा Upload नगरी Online Template मार्फत गर्नुपर्नेमा सो गरेको नदेखिएकोले ध्यानाकर्षण गराइएको ।”

(४) मिति २०७४।०८।०५ मा आह्वान भएको उक्त बोलपत्रको बोलपत्र सम्बन्धी कागजातमा निम्न मितिहरुमा निम्नानुसारको संशोधन भएको देखिन्छ ।

## बोलपत्र सम्बन्धी कागजातमा भएको संशोधन

| सि.नं. | संशोधन नं. | संशोधन मिति | संशोधनको संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| १ | पहिलो संशोधन | २०७४।०८।१३ | बोलपत्र सम्बन्धी कागजातका विभिन्न प्रावधानहरुमा विभिन्न संशोधन गरिएको भनि सुचना जारी गरिएको र संशोधन सहितको पुरा बोलपत्र सम्बन्धी कागजात e-Bid मा राखिएको । उक्त संशोधनमा अन्य विषयको अतिरिक्त BoQ मा सामान्य संशोधन गरिएको देखिन्छ । BoQ मा गरिएको संशोधनको प्रमुख विषयहरु निम्नानुसार रहेका छन् ।<br>• सि.नं. १ मा कामको विवरणमा Soil/Sand/Gravel/Boulder मात्र उल्लेख भएकोमा संशोधन गरि "Earthwork in Excavation including Setting Out, Removal of Tree roots and stumps , clearance of site along the alignment all complete as per DoR Specification (905) Soil/Sand/Gravel/Boulder" कायम गरिएको ।<br>• बोलपत्र आह्वान हुँदा Provisional Sum Item मा कामको विवरणमा Soil/Sand/Gravel/Boulder, परिमाणमा १४,७५,६८१.९, एकाई दर २५०.७ र जम्मा रकममा ३६,९९,५३,४४६.०६ उल्लेख भएकोमा उक्त उक्त Item PS नभएर बोलपत्रदाताले कबोल गर्ने Item भएको हुँदा त्यसलाई संशोधन गरी कामको विवरणमा Earthwork in Excavation including Setting Out, Removal of Tree roots and stumps , clearance of site along the alignment all complete as per DoR Specification (905) उल्लेख गरिएको र एकाई दरमा बोलपदातालाई कबोल गर्न सक्ने गरि व्यवस्था गरिएको ।<br>• बोलपत्र आह्वान हुँदाको बखत Provision sum Contingency Price Adjustment र Physical Contingency लाई पनि बोलपत्रदाताले कबोल गर्नसक्ने गरी प्रावधान राखिएकोमा संशोधन मार्फत Provision sum लाई रु ४ करोड कायम गरिएको र |

| | | | |
|---|---|---|---|
| | | | अन्य हटाईएको । |
| २ | दोश्रो संशोधन | २०७४।०८।२९ | BOQ मा पुन संशोधन गरिएको । संशोधन गरिएका प्रमुख विषयहरुः<br>• BOQ को Item A1 को कामको विवरणमा " Disposal/Stock piling of extra excavated material up to 1.0 km lead" थप गरिएको ।<br>• पहिलेको BoQ को कामको विवरणको अधिकांश Item हरु मा or as directed by the Engineer भएकोमा संशोधनमार्फत हटाईएको ।<br>• BOQ को Item G-Insurance मा परिमाण (Quantity) मा २१००००० उल्लेख भएकोमा संशोधन गरि १ कायम गरिएको । |
| २ | तेश्रो संशोधन | २०७४।०९।४ | बोलपत्रको सूचनामा एक बोलपत्रदाताले एउटा मात्र बोलपत्रमा भाग लिन सक्नेछ भन्ने प्रावधान संशोधनबाट हटाईएको । |

बोलपत्र आह्वानको अवस्थामा उल्लेख गरिएको BoQ र त्यसमा गरिएको संशोधन अध्ययन गर्दा निम्न विवरणहरु देखिन्छ ।

(क) e-Bid मार्फत बनाईएको BOQ मा PS Item No. 1 मा Earthwork in Excavation including Setting Out, Removal of Tree roots and stumps , clearance of site along the alignment, Disposal/Stock piling of extra excavated material up to 1.0 km lead all complete as per DoR Specification (905) Soil/Sand/Gravel/Boulder र Construction Works को Item No. 1 मा Formation of road Embankment including compaction in Layers not Exceeding 150 mm for soil, 450 mm for rock layer compacted depth lead up to 2.15km including extra material stock piles as directed by engineer all complete as per DoR Specification 2073, Soil/Sand/Gravel/Boulder हुनुपर्नेमा Soil/Sand/Gravel/ Boulder मात्र उल्लेख भएको जसले कामको स्पष्ट विवरण नखुलाउने र सो विवरणका आधारमा मात्र बोलपत्रदाताले रकम कबोल गर्न सक्ने अवस्था देखिदैन ।

(ख) e-Bid मार्फत BOQ बनाउदा 1,475,681.90 cum परिमाण रहेको Earthwork in Excavation including Setting Out, Removal of Tree roots and stumps, clearance of site along the alignment, Disposal/Stock piling of extra excavated material up to 1.0 km lead all complete as per DoR Specification (905) कामको विवरण गल्तिको कारणले बोलपत्रदाताले कबोल गर्नुपर्ने Item पनि PS Item मा हुन गएको

जसको कारण उक्त Item मा बोलपत्रदाताले कबोल गर्न नसक्ने अवस्था, BoQ को Item नं A21. मा रु. ४ करोडको PS Item मा सार्वजनिक निकायले नै रकम उल्लेख गर्नुपर्नेमा बोलपत्रदाताले कबोल गर्न सक्नेगरी General Item जसरी राखिएको, Insurance Item मा परिणाम १ हुनुपर्नेमा २१००००० उल्लेख भएको साथै Contingency, Price Adjustment र Physical Contingency जस्ता लागत अनुमानमा मात्र समावेश हुनुपर्ने Item हरु पनि BoQ मा रहेको र ती Item मा पनि बोलपत्रदाताले रकम कबोल गर्न सकिने व्यवस्था रहेको ।

(ग) उपरोक्त बमोजिमका BoQ मा रहेका गल्ती सुधार गर्न दुई पटक बोलपत्र सम्वन्धी कागजातमा संशोधन गरिएको तर e-GP प्रणाली अनुसार BoQ मा कुनै संशोधन गर्नु परेमा Online Template मार्फत नै संशोधन गर्नुपर्ने प्रावधान रहेकोमा बोलपत्रको BoQ मा संशोधन गर्दा Online Template मा कुनै संशोधन नगरी संशोधन गरिएको BoQ PDF को रुपमा Upload गरेको देखिन्छ, जसको कारण e-GP System मा संशोधन पूर्वको BoQ रहन गएको देखिन्छ ।

(५) निवेदनकर्ता बोलपत्रदाता श्री शर्मा/प्रेरा/लोहोनी एण्ड ब्रदर्श जे.भि.ले बोलपत्र दाखिला गर्दा e-GP System मा रहेको BoQ भरेर बोलपत्र दाखिला गरेको देखिन्छ । Online BoQ मा दररेट भर्दा सार्वजनिक निकायको गल्तिको कारण PS Item No. 1 बोलपत्रदाताले कबोल गर्नुपर्ने Item रहेता पनि कबोल गर्न नसकेको कारण बोलपत्र संशोधन पत्र मार्फत उक्त Item मा संशोधन मार्फत आफ्नो दररेट कायम गरेको देखिन्छ भने संशोधन पत्रमा Online BoQ मा उक्त Item को कामको विवरणमा रहेको अपुरो विवरणको सट्टा पछिल्लो संशोधन मार्फत पूर्ण विवरण उल्लेख गरिएको छ । बोलपत्रदाताले कबोल गर्नु नपर्ने PS लगायतका Item पनि Online BoQ बोलपत्रदाताले कबोल गर्नुपर्ने गरि उल्लेख भएकोले संशोधन पत्रमा कबोल रकम Provisional Sum, Contingency, Price Adjustment र Physical Contingency बाहेकको रहेको उल्लेख गरेको देखिन्छ ।बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा पछिल्लो संशोधन भन्दा Online BoQ रहेका फरक विषयलाई संशोधन पत्र मात्र सुधार गर्न खोजेको देखिन्छ तर संशोधन पत्रले उल्लेख गरेका बाहेकका Item हरुको कामको विवरणमा संशोधन भएकोमा सो विषयमा संशोधन पत्रमा कुनै कुरा उल्लेख नभएको । बोलपत्रदाले पेश गरेको बोलपत्रमा संशोधन पत्रमा उल्लेख भएको विवरणले बोलपत्रदाता बोलपत्रमा गरिएको पछिल्लो संशोधनको बारेमा पूर्ण जानकार रहेको देखिन्छ ।

(६) यस बोलपत्रको समग्र प्रकृयालाई विश्लेषण गर्दा सार्वजनिक निकाय र बोलपत्रदाताको निम्न कमजोरीहरु देखिन्छन ।

(क) आयोजना कार्यालयले e-GP मा BoQ तयार गर्दा गल्तिहरु गरेको र ती गल्तीलाई सुधार गर्न बोलपत्र सम्बन्धी कागजातमा संशोधन गर्दा खासगरी BoQ मा संशोधन गर्दा निर्धारण गरिएको Online मा नै संशोधन गर्नुपर्नेमा सो बमोजिम नगरेको कारण यी सवै समस्या सृजना भएको देखिन्छ । निर्धारित विधि बमोजिम संशोधन नहुँदा बोलपत्रदाताले Online मा BoQ तयार गर्दा संशोधन पुर्वको BoQ तयार गर्नुपर्ने अवस्था आएको देखिन्छ ।आयोजना कार्यालयले बोलपत्र मुल्यांकन गर्दा बोलपत्र सम्बन्धी कागजात तयारी र यसमा गरिएको संशोधनको क्रममा गरेको गल्ति समेतलाई मध्यनजर गरि निज बोलपत्रदाताले Online BoQ मा भरेको विवरण र बोलपत्रमा गरिएको संशोधन पत्रमा उल्लेखित विवरणहरु समेतका आधारमा अन्य बोलपत्रदाताहरु संग Equal footing मा राखेर कबोल रकम तुलना गर्न सकिने अवस्था रहे/नरहेको विषयमा विश्लेषण समेत गरेको देखिएन ।

(ख) निवेदक बोलपत्रदाताले बोलपत्रमा पेश गरेको संशोधनलाई अध्ययन गर्दा बोलपत्रदाता आयोजनाले बोलपत्र सम्बन्धी कागजातमा गरेको सवै संशोधनको बारेमा जानकार रहेको देखिन्छ र सोही बमोजिम Online मा रहेको संशोधन पूर्वको BoQ मा रहेका संशोधन भएका विषयलाई संशोधन पत्रमा उल्लेख गरेको देखिन्छ । विगतमा प्रचलनमा रहेका सवै e-Bidding System मा BoQ मा हुने संशोधन पनि PDF Upload गरेर गरिने व्यवस्था प्रचलनमा रहेकोमा हाल संचालनमा रहेको e-GP System मा BoQ मा संशोधन Online मार्फत नै गर्नुपर्ने नयाँ System रहेको र बोलपत्रदाता तथा सार्वजनिक निकाय दुवैमा अन्यौल्ता रहेको र दुवै पक्ष सिक्ने क्रममा रहेको सन्दर्भमा निज बोलपत्रदाताले बोलपत्र कागजातमा गरिएको संशोधन अनुसार e-GP System मा रहेको BoQ मा सो किसिमको नपाएको अवस्थामा आयोजना कार्यालयसंग सो किसिमको जानकारी गराएर बोलपत्र दाखिला गर्ने उपयुक्त विधि जानकारी माग गरी बोलपत्र दाखिला गरेको अवस्थामा यस किसिमको अन्यौल्ता पक्कै पनि आउने थिएन तर बोलपत्रदाताले सो किसिमको विषयमा कुनै लिखित रुपमा जानकारी माग गरेको अवस्था देखिएन ।बोलपत्र सम्बन्धी कागजातमा हुनसक्ने यस किसिमका अस्पष्टतालाई हटाउनकै लागि बोलपत्र सम्बन्धी कागजातमा Pre-bid Meeting, Clarification of Bidding Document लगायत प्रावधान बोलपत्र सम्बन्धी कागजातमा राख्ने गरिएको । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को

उपदफा (६) बमोजिमको निर्णयमा चित्त नबुझेमा बोलपत्रदातालाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४८ बमोजिम सार्वजनिक खरिद पुनरावलोकन समिति समक्ष निवेदन दिने स्पष्ट कानूनी व्यवस्था भएता पनि सो वमोजिम पुनरावलोकन समितिमा निवेदन समेत दिएको देखिएन ।

(७) उक्त बोलपत्र लागतयका बोलपत्रका सम्बन्धमा राय माग गर्दा यस कार्यालयले प्रदान गरेको "*यस कार्यालयबाट जारी गरिएको विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ को दफा ३५ बमोजिम २ करोड भन्दा बढीको निर्माण कार्यको खरिदमा विद्युतीय माध्यमको मात्र प्रयोग गर्नुपर्ने व्यवस्था भएको सो व्यवस्था कार्यान्वियन भएको नदेखिएको साथै विद्युतीय माध्यमद्धारा खरिदमा गरिने BOQ मा संशोधन गर्दा संशोधीत BOQ PDF को रुपमा Upload नगरी Online Template मार्फत गर्नुपर्नेमा सो गरेको नदेखिएकोले ध्यानाकर्षण गराइएको ।*" राय सम्बन्धमा कुनै किसिमको सम्बोधन भएको देखिएन ।

**(ङ) निष्कर्षः**

नेपाली सेना काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाबाट मिति २०७४/०८/०५ मा सडक निर्माणको लागि आह्वान भएको बोलपत्र KTFT/NCB/Work/2074/075-8 को सम्बन्धमा शर्मा/प्रेरा/लोहोनी एण्ड ब्रदर्श जे.भि. ले स्पष्ट पारिदिनुहुन भनि यस कार्यालयमा निवेदन पेश गरेको सो सम्बन्धमा सम्बन्धित निकायबाट प्राप्त कागजपत्र र विवरणको विश्लेषण तथा सम्बन्धित पदाधिकारीहरुसंग छलफल समेतका आधारमा निम्न निष्कर्षमा पुगियो ।

(१) आयोजना कार्यालयले e-GP BoQ मा संशोधन गर्दा प्रणालीमा निर्धारण गरिएको व्यवस्था बमोजिम Online रुपमामा नै संशोधन नगरेको कारण यी सवै समस्या सृजना भएको देखिन्छ जसका कारण बोलपत्रदाताले Online मा BoQ तयार गर्दा संशोधित BoQ अनुसार तयार गर्न नसकेको अवस्था आएको देखिन्छ । आयोजना कार्यालयबाट भएको गल्ति जानकारी भैसकेको अवस्थामा निज बोलपत्रदाताले Online BoQ मा भरेको विवरण र बोलपत्रमा गरिएको संशोधन पत्रमा उल्लेखित विवरणहरु समेतका आधारमा उक्त बोलपत्रलाई मान्यनता दिन सकिने/नसकिने विषयमा विश्लेषण समेत गरेको देखिएन ।

(२) निवेदक बोलपत्रदाताले बोलपत्रमा पेश गरेको संशोधनलाई अध्ययन गर्दा बोलपत्रदाता आयोजनाले बोलपत्र सम्बन्धी कागजातमा गरेको सवै संशोधनको बारेमा जानकार रहेको देखिन्छ । निज बोलपत्रदाताले बोलपत्र कागजातमा गरिएको संशोधन अनुसार e-GP System मा रहेको BoQ मा सो किसिमको नपाएको अवस्थामा आयोजना कार्यालयसंग लिखित रुपमा जानकारी माग गरी प्राप्त सुझाब अनुसार बोलपत्र दाखिला गर्नुपर्नेमा सो

गरेको देखिएन ।साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को उपदफा (६) बमोजिमको निर्णयमा चित्त नबुझेमा बोलपत्रदातालाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४८ बमोजिम सार्वजनिक खरिद पुनरावलोकन समिति समक्ष निवेदन दिने स्पष्ट कानूनी व्यवस्था भएता पनि सो वमोजिम पुनरावलोकन समितिमा निवेदन समेत दिएको देखिएन ।

(३) २ करोड भन्दा बढीको खरिद गर्दा अनिवार्य रुपमा विद्युतीय खरिद प्रणाली मात्रको प्रयोग गर्नुपर्ने व्यवस्था तथा BOQ मा संशोधन गर्दा संशोधीत BOQ PDF को रुपमा Upload नगरी Online Template मार्फत गर्नुपर्नेमा सो गरेको नदेखिएकोले ध्यानाकर्षण गराइएको।" राय सम्बन्धमा कुनै किसिमको सम्बोधन भएको देखिएन ।

अनुसूची ५

# क्षमता विकास र तालिम सम्वन्धी विवरण

## १. तालिमको बिषय : सार्जजनिक खरिद क्षमता बिकास सम्बन्धि ३ दिने तालिम

| क्र. सं. | सञ्चालन अवधी | | सञ्चालन स्थान | सहभागी संख्या जना | सहभागीहरु |
|---|---|---|---|---|---|
| | मिति देखी | मिति सम्म | | | |
| १ | २०७४ भाद्र २६ | २०७४ भाद्र २८ | विराटनगर | २४ | जिल्ला स्थित कार्यालयका कर्मचारीहरु |
| २ | २०७४ कार्तिक २२ | २०७४ कार्तिक २४ | कार्यालय हल | ३३ | केन्द्र स्थित बिभिन्न सार्वजनिक निकायका कर्मचारीहरु |
| ३ | २०७४ कार्तिक २८ | २०७४ कार्तिक ३० | कार्यालय हल | ४० | केन्द्र स्थित बिभिन्न सार्वजनिक निकायका कर्मचारीहरु |
| ४ | २०७४ पुस २३ | २०७४ पुस २५ | धादिङ्ग | ३५ | जिल्ला स्थित कार्यालयका कर्मचारीहरु |
| ५ | २०७४ चैत्र १३ | २०७४ चैत्र १५ | धनगढी | ६१ | जिल्ला स्थित कार्यालयका कर्मचारीहरु |
| ६ | २०७४ वैशाख १७ | २०७४ वैशाख १९ | सर्लाही | ६८ | जिल्ला स्थित कार्यालयका कर्मचारीहरु |
| ७ | २०७४ जेठ १६ | २०७४ जेठ १८ | स्याङ्जा | ६१ | जिल्ला स्थित कार्यालयका कर्मचारीहरु |
| ८ | २०७४ असार १३ | २०७४ असार १५ | तनहुँ | ३९ | जिल्ला स्थित कार्यालयका कर्मचारीहरु |
| ९ | २०७४ असार २० | २०७४ असार २२ | पर्वत | ३९ | जिल्ला स्थित कार्यालयका कर्मचारीहरु |

२. आर्थिक बर्ष २०७४/०७५ को दोस्रो चौमासिकमा सार्वजनिक खरिद अनुगमन कार्याल्यका १५ जना कर्मचारीहरुलाई क्षमता विकास अन्तर्गत साना सवारी Driving सम्बन्धी प्रशिक्षणमा सहभागी गराउने गर्ने लक्ष्य रहेकोमा सम्पन्न भएको ।

अनुसूची ६

# राय परामर्श सम्बन्धी विवरण

मितिः २०७४/०४/०६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

दुग्ध विकास संस्थान, लैनचौर, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

स्कीम मिल्क पाउडर आपूर्तिकर्ता M/S Arian Laban Naghshe Jahan Co., Iran बाट उत्पादित धुलो दूध उक्त प्रिन्सीपलको सेल्स पार्टनर फरिदावाद, हरियाणा भारत स्थित को M/S Shasen Foods Pvt.Ltd. मार्फत पैठारी गरि संस्थानको सो धुलो दूध प्राप्त गरेपछि गुणस्तर जाँच परिक्षण पश्चात प्रतित पत्रबाट भुक्तानी हुने गरि निज M/S Shasen Foods Pvt.Ltd. मार्फत आयात गर्न संस्थान र M/S Arian Laban Naghshe Jahan Co., Iran बीच भएको खरिद सम्झौता संशोधन गर्न सक्ने व्यवस्था नभएको हुनाले सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

बोलपत्र माग गर्दाको अवस्थामा तयार गरिएको बोलपत्र कागजात र त्यसका शर्तहरु Supplier कम्पनीसँग भएको सम्झौता तथा सम्झौताका शर्तहरु समेतको विपरित नहुने गरी सम्झौता अनुसार नै कार्यान्वयन गर्नुपर्ने हुँदा सो सम्बन्धमा सार्वजनिक निकायले नै यकिन गर्नु उपयुक्त हुने।

मितिः २०७४/०४/०९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

नेपाली सेना, प्राप्ती महाशाखा, सैनिक सामग्री प्राप्ती निर्देशनालय, सम्भाररथी विभाग, जङ्गी अड्डा ।

**राय माग गरिएको बिषय :**

नेपाली सेना, प्राप्ती महाशाखा, सैनिक सामग्री प्राप्ती निर्देशनालय, सम्भाररथी विभाग, जङ्गी अड्डाबाट माग गरिएको उक्त विवरण सम्बन्धमा भारतीय राजदुतावासका 07 July, 2017 का पत्रसाथ संलग्न Goverment of India, Ministry of Commerce & Industry, Department of Commerce को पत्रमा M/S PEC Limited, India को सम्बन्धमा उल्लेख गरेको विवरण प्राप्त हुन आएको हुँदा उक्त कम्पनीसँग G to G प्रकृयाबाट खरिद गर्न कानून सम्मत् हुने वा नहुने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३।११।२५ को निर्णय अनुसार सुरक्षा वा प्रतिरक्षा सामग्री आपूर्ति सम्बन्धी कार्यविधि, २०६४ को दफा १६ बमोजिम गर्न खोजिएको खरिद सरकारबाट सरकारले (G to G प्रकृयाबाट टर्न की आधारमा) सोझै खरिद गर्न स्वीकृति दिएको देखिंदा सरकारबाट सरकारले खरिद गर्ने पक्षलाई दृष्टिगत गरी सार्वजनिक निकायले नै यकिन गर्न उपयुक्त हुने ।

मितिः २०७४/०४/१०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

कृषि विभाग, मत्स्य विकास केन्द्र, पिप्ले हेटौंडा ५, मकवानपुर ।

**राय माग गरिएको बिषय :**

यस कार्यमा संलग्न सम्बन्धित प्राविधिकहरुसँग परामर्श लिंदा बोरिगं सम्पन्न भएपछि इष्टिमेट र सम्पन्नताको आधारमा भुक्तानी दिन सकिने अन्यथा पाइलट होल र लगिग रिपोटको आधारमा मात्र भुक्तानी दिन मिल्ने भनि फरक फरक राय प्राप्त भएकोले भुक्तानीमा द्विविधा भएका हुनाले सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

बोलपत्र कागजात तथा खरिद सम्झौता बमोजिम तहाँ केन्द्रबाटै निर्णय हुन ।

मितिः २०७४/०४/१०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

केन्द्रीय तरकारी बीउ उत्पादन केन्द्र, खुमलटार, ललितपुर ।

**राय माग गरिएको बिषय :**

केन्द्रीय तरकारी बीउ उत्पादन केन्द्र, खुमलटार, ललितपुरको प.सं.०७४।७५, च.नं. १०, मिति २०७४।०४।०२ पत्रानुसार यस कार्यालयको कार्यक्रम बमोजिम तरकारी उत्पादनका लागि हाइटेक ग्रीनहाउस निर्माण कार्यको टेण्डर आव्हान भई माली निर्माण सेवासँग कार्य सम्झौता भएकोमा उक्त ठेकेदारको कारणले ठेक्का रद्द गर्नुपर्ने अवस्था आएकोमा ऐनको दफा ५९ आकर्षित भएको देखियो तर के कसरी पत्राचार गर्ने र रकम असुली, ऐनको दफा ५९ उपदफा ३ (ख) आकर्षित हुने वा नहुने र थप कारवाहीको प्रकृया के हुने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ तथा खरिद सम्झौता बमोजिम गर्नुहुन साथै ऐन नियमावलीमा स्पष्ट भएको विषयमा त्यहीबाट कार्यान्वयन गर्नुहुन ।

मितिः २०७४/०४/१५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

व्यवस्थापिका संसद सचिवालय, संसद भवन, सिंहदरबार ।

**राय माग गरिएको बिषय :**

फ्रिफेब भवन निर्माण गर्ने सम्बन्धमा सचिवालयले तयार गरेको Bid Document को Section 3 का 4.2.2 a) मा रहेको Prefab Building Construction सम्बन्धी योग्यता राखेकोमा केही निर्माण व्यवसायीले Building Construction नै राख्नु पर्ने भन्ने माग गरेको हुँदा उक्त योग्यतामा राख्न मिल्ने वा नमिल्ने साथै सचिवालयले निर्माण गर्न लागेको समिति सभाकक्ष (फ्रिफेब भवन) को Bid Document मा नेपाल निर्माण व्यवसायी महासंघले सचिवालयका नाममा दिएको निवेदनका सम्बन्धमा सचिवालयले तयार गरेका Section 3 का 4.2.2 (b) को Construction Experience in Key Activities मा उल्लेख भएको BOQ Item मा करिब ८० प्रतिशत हुन आउने परिणाम मात्र कायम गर्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

फ्रिफेब भवन Prefab Building Construction संरचनात्मक, यान्त्रिक र प्रविधिको दृष्टिले अन्य भवन निर्माणको कार्य भन्दा विलकुल अलग हो, होइन त्यसको ठोस आधार समेत यकिन गरेर मात्र बोलपत्रदाताको विशिष्टिकृत योग्यता आवश्यक पर्ने नपर्ने र कति माग गर्ने भन्ने कुरा यकिन गर्न उपयुक्त हुन्छ ।

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावना र ऐनको दफा १०(३) ले विशेष गरेर खरिद प्रकृयामा प्रतिस्पर्धा र समान अवसरको श्रृजना तथा बोलपत्र कागजातमा योग्यताका आधार उल्लेख गर्दा कुनै खासलाई मात्र भाग लिन सक्ने गरी लक्षित गर्ने वा भाग लिन नसकिने गरी विभेद गर्न नहुने स्पष्ट उल्लेख भएको हुँदा Construction Experience in Key Activities मा Pre-fab wall, Tubular Truss र CGI Sheet Proofing को quantity नै define गरी माग गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमूना बोलपत्र कागजात र ऐनको भावना विपरित हुने, नहुने तर्फ पनि सार्वजनिक निकायले ठोस आधार सहित यकिन गर्न उपयूक्त हुने ।

मितिः २०७४/०४/१९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सहरी विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाई, बबरमहल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बोलपत्रसाथ प्राप्त कागजातका आधारमा कुनै पनि बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि रहेको नदेखिएकोले बोलपत्रदाता बाहेक अन्यले दिएको उजुरी उपर कुनै कारवाही गर्नुपर्ने वा नपर्ने, Equipment र Manpower का सम्बन्धमा साना तिना भिन्नता मान्न सकिने वा नसकिने साथै प्राविधिक बोलपत्र मूल्याङ्कनमा चित्त नबुझेमा बोलपत्रदाताले आर्थिक बोलपत्र खोल्न आव्हान गरी दिएको सूचनाको अवधि भित्र मात्र वा आशय पत्र प्रकाशन भए पछि सो को अवधि भित्र मात्र वा दुवै अवधिमा उजुरी दिन पाउँछ ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

१. खरिद कारवाहीको निर्णय पुनरावलोकन सम्बन्धमा कस-कसले र कहिले निवदन दिन सक्ने भन्ने सम्बन्धमा  सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को उपदफा (१) मा स्पष्ट व्यवस्था भएकोले थप राय प्रदान गर्न आवश्यक नदेखिएको ।

२. बोलपत्रको मूल्याङ्कन गर्दा कस्तो भिन्नतालाई सानातिना भिन्नता मान्ने भन्ने सम्बन्धमा सानातिना भिन्नताको विषय प्रत्येक बोलपत्र सापेक्ष हुने हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनालाई निर्णयको सैद्धान्तिक मार्गदर्शनको रुपमा लिई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (२) र (३) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (६) मा व्यवस्था भए बमोजिम मूल्याङ्कन समिति तथा निर्णयकर्ताबाट विवेकपुर्ण हुनुपर्ने ।

मितिः २०७४/०४/१९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

अस्पतालसँग गरिएको सम्झैता बमोजिमको भा.रु. ३१,५०,०००।०० र स्थानीय आपूर्तिकर्ताको आफ्नै नाममा प्रतीतपत्र खोल्दा Arthroscopy System, (HD) को भा.रु. १८,४४,०१०।०० मा कम्पनीले आपूर्ति गरेको भए तापनि शल्यक्रियामा प्रयोग हुने उपकरण भएका कारण स्वास्थ्य

मन्त्रालयबाट भन्सार कार्यालयको नाममा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट गर्न पत्राचार समेत भएकोमा यसबाट अस्पताललाई १ प्रतिशत अर्थात भा.रु. ३१,५००।०० आर्थिक दायित्व लाग्नेमा स्थानीय आपूर्तिकर्ता आफैले प्रतीतपत्र खोली आयात गरेको हुँदा यसरी अस्पताललाई आर्थिक दायित्व परेको छैन भने स्थानीय आपूर्तिकर्ता आफैले पूरा राजस्व भुक्तानी गरी सामान आयात भएकोमा अस्पतालसँग गरिएको सम्झौता बमोजिमको भा.रु. ३१,५००।०० को बाँकी ४० प्रतिशत रकम निर्माण कम्पनीको नाममा भुक्तानी दिने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सामान आपूर्ति र भुक्तानीको पक्ष सम्झौतामा उल्लेखित प्रावधान र शर्त अनुसार कार्यान्वयन गर्ने विषय भएको हुँदा सा अनुसार सार्वजनिक निकायले नै ठोस आधार सहित यकिन गर्ने तथा देहायका विषयहरुमा कार्यालयको ध्यानाकर्षण समेत गराइएको छ ।

(१) Arthroscopy Unit खरिदका लागि बोलपत्र आव्हान भई २०७१।१०।२३ मा नै प्रस्ताव प्राप्त भएको तर Bid Validity Period भित्र निर्णय प्रकृया नटुङ्गिाई ६ महिना पछि मात्र आशय पत्र जारी गरी सम्झौता गरेको देखियो ।

(२) २०७२ श्रावण २५ गते The Medical Solution (P) Ltd. सँग गरेको सम्झौतालाई दृष्टिगत गर्दा २०७२ कार्तिक मसान्त भित्र नै सामान आपूर्ति भइ सक्नुपर्नेमा एक वर्ष भन्दा बढी अवधि सम्म सामान आपूर्ति ढिलाई हुँदा पनि कार्यालयको तर्फबाट कुनै ठोस कुनै कारवाही भएको नदेखिएको।

(३) सामान आपूर्तिको लागि मिति २०७२।०४।२५ गते The Medical Solution (P) Ltd. सँग भएको सम्झौताको प्रकृया पुरा नहुँदै सम्झौताको १७ महिना पछि फेरि त्यही विषयमा खरिद ऐन/नियमको प्रावधान विपरीत मिति २०७३।०९।२८ नयाँ सम्झौता गरी शर्त विपरीत कार्यहरु गरेको देखियो । नयाँ सम्झौता कुन प्रकृयाबाट भयो यकिन नभएको ।

(४) मिति २०७२।०४।२५ गते भएको सम्झौता अनुसार सामान आपूर्ति भएको नदेखिएको र सम्झौता समेत बिचैमा त्यतिकै प्रकृया विहीन अवस्थामा रहेको देखिएकोले सो सम्झौता अनुसार भुक्तानी भएको ६० प्रतिशत रकम समेत अशुल उपर गर्नुपर्ने अवस्था देखिन आएको सन्दर्भमा बाँकी ४० प्रतिशत भुक्तानी गर्ने भन्ने प्रश्न उठने हुदैन ।

(५) मिति २०७२।०४।२५ गते त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल र The Medical Solution (P) Ltd. बीच भएको सम्झौतामा Arthroscopy Unit आपूर्तिका लागि भा.रु. ३१,५००।०० मा सम्झौता भएकोमा आपूर्तिकर्ताले कसरी भा.रु. १८,४४,०१०।०० मा आपूर्ति गरेको हो यस पक्ष बारे यर्थाथ वस्तुस्थितिको अध्ययन गर्न समेत जरुरी देखिएको ।

मितिः २०७४/०४/२२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

नेपाली सेना, नेपाल क्याभल्री, नारायणहिटी व्यारेक ।

**राय माग गरिएको बिषय :**

बोलपत्र तयार गर्दा यस क्याभल्रीले दानाघाँस खरिद कार्यको लागि तयार भएको लागत अनुमान रकमको पचास प्रतिशत रकम Bid Data Sheet को दफा नं. ५.१ मा उल्लेख नगरी बोलपत्र तयार गर्ने र बोलपत्रदाताको विगत ३ वर्षको कारोबार मध्ये एक वर्षको सबैभन्दा राम्रो कारोबारको न्यूनतम् रकम उल्लेख गर्न बोलपत्रदातालाई निर्देशन दिई सो रकम लागत अनुमानको पचास प्रतिशत भए/नभएको बोलपत्र मूल्याङ्कनको क्रममा मूल्याङ्कन गर्ने अथवा सो बाक्यको अन्य कुनै आशय हो भन्ने सम्बन्धमा द्विविधा पर्न गई बोलपत्र तयार गर्न कठिनाई भएको हुँदा सो सम्बन्धमा राय माग गरिएको।

**राय परामर्श :**

राशनमा Annual Turnover आवश्यक परी माग गर्नुपर्दा नमूना बोलपत्र कागजातको Bid data sheet को दफा नं. ५.१ मा विगत ३ वर्षको कारोबार मध्ये १ वर्षको सबैभन्दा राम्रो कारोबार रकम लागत अनुमानको न्यूनतम पचास प्रतिशत भन्ने तोकिएको हुँदा कार्यालयले आवश्यक्ता अनुसार सो भन्दा बढी पनि तोक्न सक्ने स्थिति भएकोले सो को आधारमा लागत अनुमानको रकम यकिन नहुने भएकोले यसमा समस्या नदेखिएको ।

मितिः २०७४/०४/३२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

जिल्ला प्राविधिक कार्यालय, काभ्रेपलाञ्चोक ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ बमोजिम गठित दररेट निर्धारण समितिबाट जिल्ला दररेट निर्धारण गर्ने व्यवस्था भएको साथै हालै जारी भएको स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४(क) ९ को उपदफा २१ मा गाउँपालिका वा नगरपालिका क्षेत्र भित्र संचालन हुने कार्यक्रमहरुमा स्थान विशेषको आधारमा लागत कायम हुने गरी निर्माण सामाग्री तथा ज्यालाको दररेट निर्धारण गर्ने व्यवस्था भएको कारण द्विविधा उत्पन्न भएको हुँदा सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ दफा ६६ मा "स्थानीय तहको सार्वजनिक खरिद प्रकृया सम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ" भन्ने व्यवस्था समेत भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ बमोजिम गठित दररेट निर्धारण समितिले जिल्ला दररेट निर्धारण गर्ने विषयमा कुनै किसिमको द्विविधा नरहेको ।

मितिः २०७४/०५/०६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

नेपाल विद्युत प्राधिकरण, प्रधान कार्यालय दरबारमार्ग, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद नियमावली, २०६४ (पाचौं संशोधन, २०७३।११।२६) को नियम ३१च अनुसार ऐनको दफा १५ बमोजिम पाँच अर्ब रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य सम्बन्धी अन्तराष्ट्रिय स्तरको बोलपत्रमा नेपाली बोलपत्रदाता पनि संयुक्त उपक्रम गरी सहभागी हुनुपर्ने देखिन्छ, तर PPMO को SBD (ICB) को प्रावधान BDS-ITB 4.1 (a) माथिको दायरामा रहेको अन्तराष्ट्रिय स्तरको बोलपत्रमा ITB 4.1 (a) " In the case of JV:" को हकमा मात्र लागु हुने देखिएकोले International (Foreign) एकल Bidder सहभागी हुन मिल्ने वा नमिल्ने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

Standard Bidding Document (ICB, Single Stage Two Envelope) को ITB 4.1 (a) तथा BDS को 4.1(a) मा उल्लेख गरिएको विषय सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१.च बमोजिमको व्यवस्था कार्यान्वयनको लागि गरिएकोले थप स्पष्ट गर्न आवश्यक नदेखिएको ।

मितिः २०७४/०५/१५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

वाणिज्य विभाग, बबरमहल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

वाणिज्य विभाग, बबरमहल, काठमाडौंको प.सं.०७४।७५, च.नं.८१, मिति २०७४।०५।०६ पत्रानुसार यस विभागले चालु आ.व. ०७४।७५ मा खरिद गर्न लागेको मसलन्द कार्यालय सामान

तथा छपाइका सामानहरु खरिद गर्ने शिलसिलामा शिलबन्दी दरभाउपत्र माग गरि दर्ता हुन आएका ८ (आठ) वटा फारमहरु प्रतिनिधिहरुको रोहवरमा खोलिएकोमा ती मध्ये पि फोर सप्लायर्स नामक फर्मले पेश गरेको BOQ को आइटमवाइज दररेटमा अंक मात्र उल्लेख गरेको तर अक्षरमा उल्लेख नगरेकोले सो फर्मलाई मूल्याङ्कन प्रकृयामा समावेश नगराउनुहुन भनी शिलबन्दी दरभाउपत्र पेश गर्ने अर्को फर्म यूनिभर्सल ट्रेड एण्ड सप्लायर्सले निवेदन समेत दिएको अवस्थामा त्यसरी अक्षरमा दररेट उल्लेख नगर्ने फर्मलाई मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने वा नसकिने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (९) मा बोलपत्रदाताले बोलपत्रमा उल्लेख गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ भन्ने उल्लेख भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को आशय बोलपत्रदाताले बोलपत्रमा अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्ने देखिएको साथै प्रस्तुत बोलपत्र सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ अनुसार आचरण विपरीत कुनै किसिमको मिलोमतो भए नभएको एकिन गर्न समेत उपयुक्त हुने।

मितिः २०७४/०६/२४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, पर्सा ।

**राय माग गरिएको बिषय :**

Bidding Document को ITB Clause 12 बमोजिम र Section 4 मा उपलब्ध गराईएको Letter of Bid उल्लेख भए बमोजिम बोलपत्रदाताले आफ्नो Letterhead मा Letter of Bid पेश नगरी Sample Bid Form नै भरी पेश गरेको बोलपत्रलाई मान्यता दिन सकिने वा नसकिने तथा Sample Bid Form लाई मान्यता दिन सकिने भएको अवस्थामा उक्त Bid Form मा कुन कामका लागि बोलपत्र पेश गरेको हो नखुलेको, कति रकममा बोलपत्र कबोल गरेको हो नखुलेको, बोलपत्रको मान्य कति हो नखुलेको, बोलपत्रमा Discount छ छैन नखुलाएकोलाई मान्यता दिन मिल्ने वा नमिल्ने? सो सम्बन्धमा राय माग गरिएको।

**राय परामर्श :**

बोलपत्रदाताले आफ्नो Letterhead मा Letter of Bid छुट्टै पेश नगरी बोलपत्र कागजातमा रहेको Letter of Bid मा बोलपत्रदाताले दस्तखत र फर्मको छापलाई BOQ Form मा दररेट भरी बोलपत्र

पेश गरेको अवस्थामा फर्मको छाप र दस्तखत Verification गरी सम्बन्धित बोलपत्रदाता भएको अवस्थामा त्यस्ता बोलपत्रदाताको बोलपत्रलाई मूल्याङ्कन गर्न नमिल्ने भन्न नसकिने ।

मितिः २०७४/०६/२४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

उद्योग विकाश शाखा, खलंगा जाजरकोट ।

**राय माग गरिएको बिषय :**

बोलपत्रदाताहरु खड्का निर्माण सेवा, चिसापानी ०३, बाँके र मल्ल कन्स्ट्रक्सन, नारायन न.पा. ०२, दैलेखको आर्थिक प्रस्ताव मूल्याङ्कन गर्दा :- १) मल्ल कन्स्ट्रक्सन, नारायन न.पा. २, दैलेखले यस अघि प्राविधिक प्रस्तावमा छुट प्रस्ताव पेश गरेको तर आर्थिक प्रस्तवमा उक्त छुट प्रस्ताव समावेश नगरेको हुँदा छुट प्रस्तावलाई आर्थिक प्रस्ताव मसल्याङ्कन गर्दा समावेश गर्ने वा नगर्ने ? २) खड्का निर्माण सेवा, चिसापानी ०३, बाँकेले यस अघि प्राविधिक प्रस्ताव पेश गरेको BOQ को पाना नं.२ को दररेट र हाल आर्थिक प्रस्तावमा पेश गरेको BOQ पाना नं.२ को दररेट फरक परेको हुनाले आर्थिक प्रस्तावमा पेश गरेको पानालाई समावेश गर्ने कि प्राविधिक प्रस्तावमा पेश गरेको पानालाई समावेश गर्ने ? ३) खड्का निर्माण सेवा, चिसापानी ०३, बाँकेले ई-विड मार्फत पेश गरेको BOQ को पाना नं.१३ मा सहि छाप नगरेको र बाँकी पाना नं. १४, १५, १६ र १७ पानाहरुमा छाप र प्रतिनिधिको हस्ताक्षर स्क्यान गरि पेश गरेको हुँदा उक्त पानाहरुलाई आर्थिक मूल्याङ्कनमा समावेश गर्ने कि नगर्ने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

आर्थिक प्रस्ताव र प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही हुने र प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव खोली मूल्याङ्कन गर्ने प्रकृया समेत सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) मा प्रकृयागत रुपमा उल्लेख भएकै छ । कुन कागजात सम्बन्धित र कुन कागजात असम्बन्धित भन्ने विषयमा यस कार्यालयबाट मिति २०७४।०३।१३ मा राय प्रदान भैसकेको छ । खड्का निर्माण सेवाले पेश गरेको प्रस्तावको आइटम नं. ८, १० मा केरमेट भई दस्तखत नभएको आइटम नं. २३ मा ८००० मा ० (शुन्य) थप गरे जस्तो बनाई Eight लाई Eighty गरे जस्तो देखिने तर सहिछाप र मुचुल्कामा उल्लेख भएको नदेखिंदा यस सम्बन्धमा छानवीन गर्ने तथा मुचुल्कामा दस्तखत गर्नेहरु सबैलाई सूचना दिई दस्तखत र कागजात Verification गरी मिलोमतो भए नभएको यकिन गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३, २४ र २५ बमोजिम गर्न उपयुक्त हुने ।

मितिः २०७४/०६/२५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

नापी विभाग, मिनभवन, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

(१) प्याकेज नं.३ का लागि दर्ता भएका ४ वटा बोलपत्रहरु मध्ये बोलपत्रदाता नेयोटेरिक नेपाल प्रा.लि.को बोलपत्रमा बोलपत्र सम्बन्धी कागजात (Bidding Documents) को Bid Submission form को Discount offer मा N/A उल्लेख गरी सहिछाप गरेको साथै आफ्नो फर्मको Letter Head मा तयार गरेको Bid Submission form मा समेत N/A उल्लेख गरी सहिछाप गरेको तर बोलपत्र साथ संलग्न छुट्टै Discount Letter मा रु. २,२१,३०५।५०।- छुट दिने प्रस्ताव गरेको अवस्थामा उक्त छुटलाई गणना गर्ने वा नगर्ने ?

(२) प्याकेज नं. ६ का लागि दर्ता भएका ९ वटा बोलपत्रहरु मध्ये बोलपत्रदाता स्टार अफिस इन्टरनेशनलले बोलपत्र सम्बन्धी कागजात (Bidding Documents) को मूल्यसूचि (Price Schedule For Goods) मा रु. ८३,६८,७८०।- कबुल अंक उल्लेख गरेको तर Bid Submission form मा केही नभरी सहिछाप गरेको तथा छुट्टै तयार गरेको Bid Submission form मा कबुल अंक भरेतापनि सहिछाप नगरेको अवस्थामा उक्त कबुल अंकलाई मान्यता दिई मूल्याङ्कनमा समावेश गर्ने वा मान्यता नदिएर मूल्याङ्कनमा समावेश नगर्ने ? सो सम्बन्धमा द्विविधा पर्न गएकोले राय माग गरिएको ।

**राय परामर्श :**

बोलपत्रदाताले पेश गरेको बोलपत्रको Bid Submission Form र Letter Head मा समेत Discount Offer N/A उल्लेख गरेको देखिएकोले निम्न विषयलाई दृष्टिगत गरी सार्वजनिक निकायले नै एकिन गर्न उपयुक्त हुने ।

(१) Discount Letter समावेश गरेको सम्बन्धमा बोलपत्र कागजातमा सो बारे उल्लेख गरेको नगरेको।

(२) शिलबन्दी बोलपत्र फाराम खोलेको मुचुल्कामा नेयोटेरिक नेपाल प्रा.लि. ले पेश गरेको बोलपत्रको हकमा Discount सम्बन्धमा पहिला छैन उल्लेख गरी पछि केरमेट गरी छुट उल्लेख गरेको जस्तो देखिएको तर केरमेटमा दस्तखत गरेको नदेखिएकोले यस सम्बन्धमा के भएको हो आन्तरिक छानवीन गरी पहिला सो विषयमा एकिन गरेर मात्र निर्णय गर्न उपयुक्त हुने ।

(३) मिति २०७४।५।०८ मा बोलपत्र खोल्दा मुचुल्कामा दस्तखत गरेका सबैलाई उपस्थितिको सूचना दिई ति सबै उपस्थिति जनाउनेहरुबाट उक्त विषयमा (मुचुल्कामा केरमेट गरी Discount उल्लेख गरेको) Re-confirm गराई सो लाई आधार बनाउने ।

मितिः २०७४/०६/२९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

यस अस्पतालबाट सार्वजनिक सूचना प्रकाशन गरी Syringe Pump को दरभाउपत्र आव्हान गरिएको थियो । उक्त दरभाउपत्रमा MES International ले डोर डेलिभरीबाट आपूर्ति गर्न प्रति Syringe Pump को रु. ७७,१४०।०० का दरले १० थानको रु. ७,७१,४००।०० कबोल गरेको तर भ्याट बाहेक वा भ्याट सहित भनी यकिन हुन नसकेकोले अस्पष्ट भएको विषयमा कबोल रकममा संशोधन नहुने गरी भ्याट सहित वा भ्याट बाहेकको रकम भनी आपूर्तिकर्ताबाट लिखित जानकारी माग गर्न सकिने वा नसकिने ? सो सम्बन्धमा द्विविधा पर्न गएकोले राय माग गरिएको ।

**राय परामर्श :**

१. बोलपत्रदाताले मूल्य अभिवृद्धि कर लगायत सम्पूर्ण खर्चहरु सहित कुल मूल्य प्रस्तावित गर्नुपर्ने हुँदा प्रस्तावित मूल्यमा मूल्य अभिवृद्धि कर समावेश हुने ।

२. सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र कागजात प्रयोग भएको नदेखिएकोले त्यस तर्फ पनि सार्वजनिक निकायको ध्यानाकर्षण गराइएको छ ।

मितिः २०७४/०६/२९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, बैतडी ।

**राय माग गरिएको बिषय :**

शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, बैतडीको च.नं.१५२, मिति २०७४।०६।०४ को पत्रानुसार खाम्पाचे निर्माण सेवा प्रा.लि. सार्वजनिक खरिद ऐन, २०६३ को २७(३) बमोजिम १५ दिने अवधि भित्र सम्झौता गर्नको लागि आए पनि सो अवधिमा उक्त कम्पनी कालो सूचीमा रहेको र उक्त फर्मले १५ दिनको अवधि सम्म पनी कालो सूचीबाट हटेको प्रमाण पुर्याइ सम्झौता गर्न नियम ६३(२) बमोजिम योग्य नभएकोमा उक्त अवधि पश्चात खरिद ऐनकै

२७(६) बमोजिम पुनः अर्को प्रभावग्राही बोलपत्रदाताहरुको नाममा बोलपत्र आशय निकालिएको सम्बन्धमा फेरी पहिलो हुने बोलपत्रदाता कानुन बमोजिम योग्य भई कालो सूचीबाट हटिसकेको कारण सोही बोलपत्रदाता खाम्पाचे निर्माण सेवा प्रा.लि. सँग सम्झौता गर्नुपर्ने वा सो बोलपत्रदातालाई २७(३) बमोजिम दिएको समय समाप्त भइसकेको र आशय पत्र समेत दिइसकेको दोश्रो हुने बोलत्रपदातालाई सम्झौता गर्न आउने पत्र प्रेषित गरी खरिद सम्झौता गर्नुपर्ने द्विविधा भएकोले राय माग गरिएको ।

**राय परामर्श :**

श्री खाम्पाचे निर्माण सेवा प्रा.लि.लाई मिति २०७४।०३।२८ मा यस कार्यालयबाट कालो सूचीमा राखिएको र श्री सम्मानित सर्वोच्च अदालतको मिति २०७४।०४।०६ का आदेश अनुसार कालो सूचीमा राख्ने निर्णय तत्कालको लागि यथास्थितिमा राख्ने गरी स्थगत गर्ने अन्तरिम आदेश जारी भएपछि उक्त कम्पनी कालो सूचीमा रहने विषय हाल स्थगन भएकोले यस कार्यालयबाट कालो सूचीमा राखेको निर्णय र सर्वोच्च अदालतको कालो सूचीमा राख्ने कार्य स्थगन गर्ने अन्तरिम आदेश बमोजिम गर्न उपयुक्त हुने ।

मितिः २०७४/०७/०६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

अख्तियार दरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२ अनुसार ठूला र जटिल भनी निर्धारण गरेको निर्माण कार्य अन्तर्गत के कस्ता कार्यलाई समावेश गरिएको छ र माटो पुर्ने जस्तो कार्यलाई जटिल कार्यको रुपमा परिभाषित गरेको छ वा छैन ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

यस कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२ को उपदफा (१) अनुसार हालसम्म ठूला र जटिल निर्माण कार्य भनि तोकि नसकेको तर सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ को उपनियम (४) अनुसार दुई करोड रुपैंया सम्मको लागत अनुमान भएको विद्युत गृह, टर्वाइन, पुल, सुरुङमार्ग, रेलमार्ग, रज्जुमार्ग, केवलकारमार्ग, बहुतले भवन वा सडक मार्ग जस्ता निर्माण कार्यलाई जटिल वा विशेष प्रकृतिको कार्यको रुपमा सैद्धान्तिक आधार तोकिएको ।

सार्वजनिक खरिद ऐन, २०६३ अनुसार ठूला र जटिल निर्माण कार्य भनि तोक्ने अधिकार सार्वजनिक खरिद अनुगमन कार्यालयलाई मात्र दिएको देखिएको र प्रस्तुत सन्दर्भमा माटो पुर्ने प्रकृतिको निर्माण कार्यलाई जटिल निर्माण कार्यको रुपमा उल्लेख गर्न सकिने कुनै प्रसंगिक आधार नदेखिएको ।

मितिः २०७४/०७/२२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, कास्की ।

**राय माग गरिएको बिषय :**

१) सार्वजनिक खरीद ऐन, २०६३ र पोखरा विश्वविद्यालय खरीद नियमावली २०७२ (संशोधन सहित) नियम ३१ ख मा कम्तिमा कति वटा उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताले सूचि दर्ताको लागि निवेदन दिएमा उक्त शिलबन्दि निवेदन खोली खरीद कारवाही अगाडि बढाउन सकिन्छ ?

२) उत्पादक वा अधिकृत विक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) विधिबाट खरीद गर्ने कार्यविधिक २०७४ को दफा १२ बमोजिम कार्यालयमा दर्ता भएका उत्पादक कम्पनी वा त्यसको अधिकृत/आधिकारीक बिक्रेताले पेश गरेको स्पेशिफिकेशन, गुणस्तर, मुल्य र सुविधा सहितको (क्याटलग वा ब्रोसर) हेरी समान स्पेशिफिकेशन र गुणस्तर भएका उत्पादक कम्पनी वा त्यसको अधिकृत/आधिकारीक बिक्रेताहरुको मूल्याङ्कन गरी सुचि तयार गर्नको लागि सार्वजनिक खरिद ऐन, २०६३ ले व्यवस्था गरे अनुसारको मूल्याङ्कन समितिबाट नै मूल्याङ्कन गर्न सकिने वा नसकिने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सवारी साधन खरिदको लागि उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) विधिबाट हुने खरिदमा उत्पादक कम्पनी वा त्यसको आधिकारीक विक्रेताको कतिवटा प्रस्ताव प्राप्त हुनुपर्छ भन्ने विषय प्रष्ट उल्लेख भइनसकेको अवस्थामा प्रतिस्पर्धालाई सुनिश्चित हुने गरी एकिन गर्न उपयुक्त हुने ।

मितिः २०७४/०७/२७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

नरदेवी आयुर्वेद चिकित्सालय, नरदेवी काठमाडौं ।

**राय माग गरिएको बिषय :**

कार्यालय प्रमुखबाट सम्झौताको लागि बोलाउने निर्णय भइ सकेको अवस्थामा सम्झौताको लागि ती दरभाउपत्रहरुलाई बोलाउने सन्दर्भमा एउटा फर्म मु.अ. करमा दर्ता भएको र चारवटा फर्मको मु.अ. करमा दर्ता नभै प्यान दर्ता मात्र भएको कारणले मु.अ. कर नलाग्ने आयुर्वेदिक औषधि खरिद गर्नको लागि सम्झौताको कारवाही अगाडि बढाउन सकिन्छ कि सकिदैन ? सो सम्बन्धमा राय माग गरिएको।

**राय परामर्श :**

संलग्न कागजात अनुसार शिलबन्दी दरभाउपत्र मिति २०७४।०७।०६ मा स्वीकृत नै गरिसकेको देखिएकोले यसमा थप राय उल्लेख गर्नुपर्ने आवश्यक नदेखिएको मूल्य अभिवृद्धि कर सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ को उपनियम २ को (ख) लाई दृष्टिगत गरी थप जानकारीको लागि आन्तरिक राजस्व विभागमा सम्पर्क राख्न उपयुक्त हुने ।

मितिः २०७४/०७/२७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

राष्ट्रिय विधि-विज्ञान प्रयोगशाला, खुमलटार, ललितपुर ।

**राय माग गरिएको बिषय :**

श्री रानी सति ट्रेडिङ्ग कन्सर्नले उपलब्ध गरेको बोलपत्र अनुसारको सामाग्रीहरु प्रयोगशालाको लागि आवश्यक भएको Quantifiler Trio Kit को लागि Compatible नरहेको तथा उक्त बोलपत्रदाता नै सो कामको लागि Authorized agent नभएको भन्ने आशयको जानकारी उत्पादक कम्पनीको तर्फबाट प्राप्त भएको अवस्थामा कम कबोल अंक भएको उक्त बोलपत्र अस्वीकृत गरि रु. ३१,२५,२८९।- ले बढी कबोल अंक (जुन स्वीकृत लागत अनुमान भित्रै रहेको) भएको बोलपत्र स्वीकृत गर्न मिल्छ कि मिल्दैन ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) र (३) दफा २५ को उपदफा (२) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (६) लाई समेत दृष्टिगत गरी सार्वजनिक निकायले नै निर्णय गर्न उपयुक्त हुने ।

मितिः २०७४/०८/०७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

झिमरुक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मच्छी, प्यूठान ।

**राय माग गरिएको बिषय :**

दरभाउपत्रदाताले मिति २०७४।५।२५ गते कबोल अंकको रकम भन्दा बढी रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको र विविध कारणले गर्दा कुनै पनि फर्मको दरभाउपत्र स्वीकृत हुन नसकेको, सोही कामको लागि मिति २०७४।०६।२९ गते दोश्रो पटक प्रकाशित शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना अनुसार पर्न आएको एक मात्र शिलबन्दी दरभाउपत्रमा तोकिएको धरौटी रकम दरभाउपत्र दाखिला/दर्ता गर्ने अवधिको बैंक जम्मा भौचर वा बैंक ग्यारेन्टी कुनै पनि समावेश नगरी उक्त दरभाउपत्रदाताले प्रथम पटक प्रकाशित सूचना अनुसार धरौटी वापत रकम जम्मा गरेको बैंक भौचरको प्रतिलिपि समावेश गरेको कारण उक्त भौचरलाई आधार मानि अन्य नियम पुगेमा बोलपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

शिलबन्दी दरभाउपत्रका लागि कार्यालयले बैंक जमानत वापत माग गरेको रकम बैंक जमानत वा सोही प्रयोजनका लागि कार्यालयले तोकेको धरौटी खातामा जम्मा गरेकोभौचर पेश गरेको हो, होइन एकिन गरी प्रकृयामा जान उपयुक्त हुने।

मितिः २०७४/०८/०७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

नापी विभाग, मिनभवन, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

प्याकेज नं. ३ का लागि दर्ता भएका ४ वटा बोलपत्रहरु मध्ये बोलपत्रदाता नेयोटेरिक नेपाल प्रा.लि.को बोलपत्रमा बोलपत्र सम्बन्धी कागजात (Bidding Documents) को Bid Submission form को Discount offer मा N/A उल्लेख गरी सहिछाप गरेको साथै आफ्नो फर्मको Letter Head मा तयार गरेको Bid Submission form मा समेत N/A उल्लेख गरी सहिछाप गरेको तर बोलपत्र साथ संलग्न छुट्टै Discount Letter मा रु. २,२१,३०५।५० छुट दिने प्रस्ताव गरेको । सो कुरा बोलपत्र खोलेको समयमा उपस्थित सबै बोलपत्रदाता प्रतिनिधिहरुलाई जानकारी गराउनुका साथै मुचुल्कामा समेत उल्लेख गरिएको । यस अवस्थामा उक्त छुटलाई गणना गर्ने वा नगर्ने ? सो सम्बन्धमा द्धिविधा पर्न गएकोले राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा २ को (ख) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (६) मा उल्लेखित व्यवस्थालाई दृष्टिगत गरी सार्वजनिक निकायले नै यस सम्बन्धी निर्णय गर्न उपयुक्त हुने ।

मितिः २०७४/०८/११

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, नक्साल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

अन्तराष्ट्रिय स्तरको बोलपत्र (ICB) आव्हान गरी झिकिएका सामानहरु अन्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचर काठमाडौंमा प्राप्त भएको हुँदा उक्त खरिद सम्झौता तथा बोलपत्र सम्बन्धी कागजातमा भएका उल्लेखित प्रावधानका बावजुत आपूर्तिकर्तालि नेपाल भित्र दायित्व सिर्जना हुने सम्पूर्ण कर तथा महसुल खरिदकर्ताले नै बहान गर्नुपर्ने भनि अडान लिएको हुँदा नियमानुसार को कसले भन्सार तिर्नुपर्ने हो ? यदि आपूर्तिकर्ताले नै उक्त महसुल तिर्नुपर्ने हो भने उक्त अवस्थामा आपूर्तिकर्ताले भन्सार नतिर्ने अडान लिएमा के कस्तो कानुनी प्रकृयाबाट अगाडि बढाउन सकिन्छ ? सो सम्बन्धमा द्विविधा पर्न गएकोले राय माग गरिएको ।

**राय परामर्श :**

प्रस्तुत विषय सम्झौता भई सम्झौता कार्यान्वयनको चरणमा देखिएकोले बोलपत्र कागजात र सम्झौतामा उल्लेखित प्रावधानलाई दृष्टिगत गरी सार्वजनिक निकायले नै एकिन गर्न उपयुक्त हुने ।

मितिः २०७४/०८/१२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सिद्धार्थनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिद्धार्थनगर, रुपन्देही ।

**राय माग गरिएको बिषय :**

"Detailed Plan Development/Design of Gate and Park of Siddharthanagar Muncipality" कार्यको लागि 30 October 2017 मा Expression of Interest को सूचना जारी गरिएकोमा Detail TOR with EOI Template को Hard Copy छ वटा परामर्शदाताले यस कार्यालयमा निवेदन पेश गरी बुझि लिएको र सोही अनुसार प्रस्ताव दर्ता हुन आएको तर एउटा फर्मले निवेदन पेश गरी बुझी नलगेको Detail TOR with EOI Templete प्रस्ताव पेश हुन आएको हुँदा निज परामर्शदाताको प्रस्तावलाई मूल्याङ्कनमा समावेश गर्न सकिने वा नसकिने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

Expression of Interest (EOI) को कागजपत्र सार्वजनिक निकायबाट वा विद्युतीय माध्यमबाट निशुल्क प्राप्त गर्न सकिने हुँदा तहाँ कार्यालयबाटै जारी गरिएको EOI हो/होइन एकिन गरि तहाँ कार्यालयबाटै जारी गरिएको भए मान्यता दिने ।

मितिः २०७४/०८/१४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

पशु क्वारेन्टाईन कार्यालय, वीरगंज ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐनः २०६३ र नियमावली २०६४ को नियम ६० को उपनियम ग र घ अनुसार निज बोलपत्रदाताहरुले अधुरा कागजात पेश गरेको कारणले उक्त बोलपत्रलाई eligible मान्ने कि नमान्ने द्धिविधा भएको साथै यस कार्यालयबाट जारी गरिएको bid document को instruction to bidder को सि.नं. २१ मा sealing and marking of bids को २१.१ b(iii) अनुसार नभएको अवस्थामा उक्त बोलपत्रहरुलाई eligible मान्ने कि नमान्ने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ५९ को उपनियम (४) (छ) मा बोलपत्र खोल्दा मुचुल्कामा बोलपत्र फारम (letter of Bid) मा सहिछाप र दस्तखत भए नभएको उल्लेख गर्नुपर्ने व्यवस्थाबाट बोलपत्रदाताले letter of Bid अनिवार्य रुपमा पेश गर्नुपर्नेमा द्धिविधा नदेखिने साथै यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजातमा विद्युतीय माध्मबाट बोलपत्र दाखिला गर्दा पनि letter of Bid पेश गर्नुपर्ने स्पष्ट रुपमा उल्लेख भएकोले थप राय प्रदान गर्न आवश्यक नदेखिने ।

मितिः २०७४/०८/१४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, स्वयम्भु, हलचोक, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

Standard Bidding Document को नमूना अनुरुप योग्यता निर्धारण गरेको । पूर्वको बैठक (Pre-bid Meeting) मा बोलपत्रदाताहरुले गरेका गुनासा अनुसार कार्यालय संशोधन र स्पष्टता गरेको । सो संशोधन पश्चात समेत गुनासाहरु प्राप्त भएकोले कार्यालय तर्फबाट संशोधन गरिएको ।

मूल्याङ्कनको क्रममा पत्र पत्रीकामा संशोधन गैर कानूनी भन्ने गुनासाहरु प्राप्त भएको हुनाले सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजातमा बोलपत्र पेश गर्ने अवधि भित्रै कुनै संशोधन गर्नु परेमा संशोधन गर्न सक्ने तर सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (३) अनुसार यसरी संशोधन गरेको विषय वा स्पष्ट गर्न वा संशोधन गर्न राष्ट्रिय स्तरको बोलपत्रको हकमा बोलपत्र पेश गर्ने अवधि भित्रै राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा प्रकाशन पनि गर्नुपर्ने व्यवस्था समेत भएको हुँदा उक्त कानूनी व्यवस्थालाई समेत दृष्टिगत गरी निर्णय गर्न उपयुक्त हुने ।

मितिः २०७४/०८/२४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

भूमिसुधार तथा व्यवस्थापन विभाग, आन्तरिक प्रशासन शाखा, बबरमहल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

मेकानिकल इन्जिनियरबाट तयार पारिएको स्पेशिफिकेशन स्वीकृत गरी राष्ट्रिय स्तरको बोलपत्र आव्हान गरे पश्चात एक मात्र बोलपत्र पेश हुन आएकोमा मूल्याङ्कन समितिबाट प्रतिस्पर्धा सिमित हुन गई बोलपत्र रद्द गर्ने सिफारिस भएको र मूल्याङ्कन समितिको सदस्यले प्रतिस्पर्धा सिमित भए, नभएको यकिन हुन साथै स्पेशिफिकेशनको आधारमा प्रतिस्पर्धा सिमित हुन गए, नगएको मापन पर्ने आधिकारीक आधार प्रमाण यकिन गर्न द्विविधा भएको हुनाले सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा (४) को उपदफा (४), १० को उपदफा (३) र (४), सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (४) मा भएको व्यवस्था समेतलाई विश्लेषण गरी तहाँ विभागबाटै निर्णय हुन उपयुक्त हुने ।

मितिः २०७४/०९/११

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

धनकुटा नगर कार्यपालिका, उद्योग विकास शाखा, धनकुटा ।

**राय माग गरिएको बिषय :**

विद्युतीय खरिद प्रणाली (e-GP) मार्फत अनलाईनबाट मात्रै BID गर्न मिल्ने गरी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोमा सगरमाथा सुदिक्षा थुलुङ्ग जेभी दुवैको कागजात आ-आफ्नो बोलपत्र ID बाट अपलोड हुनुपर्नेमा सो नभई जेभी मध्येको १ वटा ID बाट मात्र दुवैको कागजात अपलोड भएको लिखित जानकारी बोलपत्रदाताले समयमा नै कार्यालयलाई गराएकोले उक्त बोलपत्रलाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

बोलपत्रदाताले प्रणाली मार्फत बोलपत्र पेश गर्दा संयुक्त उपक्रम (Joint Venture) को हकमा विद्युतीय खरिद प्रणाली निर्देशिका, २०७४ को दफा १६ को उपदफा (६) अनुसार गर्नुपर्ने हुँदा सोही अनुसार कार्यान्वयन गर्न उपयुक्त हुने ।

मितिः २०७४/०९/१२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

श्री विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुर ।

**राय माग गरिएको बिषय :**

यस आयोगबाट उच्च शिक्षा सुधार परियोजनामा सहभागी उच्च शिक्षा संस्थाहरुलाई स्रोत परिचालन अनुदान उपलब्ध गराउने व्यवस्था अन्तर्गत दातृ निकायसँग छलफलका आधारमा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन सहमति दिन उपयुक्त नहुने निष्कर्ष अनुसार काम कार्यवाही भैरहेकोमा काठमाडौंमा शिक्षा क्याम्पसले राज्यका अन्य निकायबाट सहयोग लिंदा क्याम्पस संचालक समितिका अध्यक्षको संयोजकत्वमा गठित उपभोक्ता समिति मार्फत काम सम्पन्न गरी सोको फछ्र्यौट गर्ने गरेकोले यस आयोगबाट मात्र किन क्याम्पस संचालक समितिलाई उपभोक्ता समिति मान्न नसकिने भन्ने कारण उल्लेख गरी सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

क्याम्पस संचालक समिति र कार्यकारी बोर्ड नीति निर्देशन गर्ने निकाय समेत भएको हुँदा निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट खरिद गर्ने प्रयोजनका लागि क्याम्पस संचालक समितिलाई उपभोक्ता समिति वा लाभग्राही समुदायको रुपमा मान्न नसकिने ।

मितिः २०७४/०९/१६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, स्वयम्भु, हलचोक, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

प्राविधिक उपसमितिले बोलपत्रदाताहरुले बोलपत्र पेश गरेका Catalogue लगायतका प्राविधिक पक्षहरुको अध्ययन गर्दा अन्य Parameter Specification बमोजिम रहेको Gross Vechile Weight(GVW) मा फरक परेको तर बोलपत्रको Specification महलमा Comply उल्लेख गरेको भनी प्रतिवेदनमा समावेश गरेको हुँदा बोलपत्रको मूल्याङ्कन गर्ने क्रममा यस कार्यालयको Specification सँग बोलपत्रदाताहरुको बोलपत्रसाथ पेश गरेका सवारी साधनको Catalogue उल्लेखित Technical Specification पूर्णरुपमा मेल नखाएको हुँदा बोलपत्र मूल्याङ्कनको क्रमा द्धिविधा भएको हुनाले सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (६) अनुसार बोलपत्र अस्वीकार गर्नु नपर्ने गरी प्राविधिक स्पेशिफिकेशन, विवरण, विशेषता आदि जस्ता कुराहरुमा सानातिना फरक पाईएमा तथा बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित क्षेत्र, गुणस्तर, विशेषता, शर्त, कार्य सम्पादन वा अन्य कुनै आवश्यकतामा तात्विक फरक र गम्भीर असर नपर्ने सार्वजनिक निकायलाई स्वीकार्य सानातिना फरक भएको बोलपत्रहरुलाई सारभूत रुपमा प्रभावग्राही मानिने उल्लेख भएको र यस्तो बोलपत्र मूल्याङ्कन गर्दा फरक भएको कुराको सम्भव भए सम्म मूल्य निकाली त्यस्तो मूल्य समेत बोलपत्र मूल्याङ्कनमा समावेश गर्नुपर्ने व्यवस्था भएको हुँदा सार्वजनिक निकायलाई स्वीकार्य सानातिना फरक हो होइन सार्वजनिक निकायले नै एकिन गरी निर्णय गर्नु उपयुक्त हुने ।

मितिः २०७४/०९/२०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सडक विभाग, हुलाकी राजमार्ग निर्देशनालय, मिनभवन, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बोलपत्रदाताले प्राविधिक बोलपत्र योग्यताको लागि पेश गरेको कार्य अनुभवको प्रमाण पत्र Amount NRs. 55,31,05,724.45 without VAT भएता पनि उक्त ठेक्काको "Core Road Works component" को Cost NRs. 68,75,251.00 मात्र रहेको भनी High Powered Committee for Intergrated Development of Bagmati Civilization, Kathmandu ले व्यहोरा खुलाएको छ । उक्त Certificate मा उल्लेख भएको Road Works component र अन्य कार्यहरु समेत Similar of works भएको तथा एक भन्दा बढी बोलपत्रदाता समावेश गराउँदा नेपाल सरकारलाई कम व्यवभार

हुने देखिएको हुनाले यस आयोजनाको Evaluation committee बाट उक्त Certificate मान्य हुन भनी स्वीकृतीको लागि माथिल्लो निकायमा पेश गर्दा उल्लेखित ठेक्कामा Road works को कार्य न्यून रहेको भनी Specific Construction Experience को criteria पुरा नभएको भनी Evaluation Revisit गर्नका लागि फाइल फिर्ता भएकोले सबै कार्यहरु Road works कै हो कि होइन अन्यौलता श्रृजना भएको हुनाले सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (५) र (७) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (४) लाई दृष्टिगत गरी कार्य अनुभव सम्बन्धमा तथ्यगत विश्लेषणको आधारमा सार्वजनिक निकायले नै एकिन गर्न उपयुक्त हुने ।

मितिः २०७४/०९/२०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

परराष्ट्र मन्त्रालय, आर्थिक प्रशासन शाखा, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बोलपत्र आव्हानको सूचना प्रकाशन भई सूचना अनुसार म्याद भित्र २ वटा बोलपत्रहरु विधिवत रुपमा दर्ता हुन आएको र सो आएका बोलपत्रहरुको जाँच एवं परीक्षण गर्ने सिलसिलामा प्राविधिक परीक्षणमा योग्य नभएको, बोलपत्रदाताको अधिकार प्राप्त प्रतिनिधिलाई दिईएको अख्तियारनामाको कागजात पूर्ण नभएको र बोलपत्रमा उल्लिखित योग्यतासम्बन्धी शर्त पूरा गरेको प्रमाणित गर्ने कागजात पेश गर्न असमर्थ रहेको बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताव मूल्याङ्कन गरिरहनु पर्ने वा नपर्ने ? सो सम्बन्धमा द्विविधा उत्पन्न भएको हुनाले राय माग गरिएको ।

**राय परामर्श :**

बोलपत्र परीक्षण सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२), दफा २५ को उपदफा (५) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (४) र (६) लाई दृष्टिगत गरी तथ्यगत विश्लेषणको आधारमा सार्वजनिक निकायले नै एकिन गर्नुपर्ने ।

प्रस्तुत बोलपत्र सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (३) को प्रावधानसँग नबाझिने गरी प्रकृया थालनी भएको हो, होइन सो समेतलाई दृष्टिगत गर्न उपयुक्त हुने ।

मितिः २०७४/०९/२१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

नेपाल ए.पि.एफ. अस्पताल, बलम्बु काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बोलपत्र कागजातको ITB 14.3 मा बोलपत्रदाताले बोल कबोल अंक लेटर अफ बिड वा Bill of Quantity मध्ये कुनै एकमा उल्लेख भएको हुनुपर्ने अन्यथा मूल्याङ्कनमा समावेश नहुने भनी उल्लेख भएकोमा बोलपत्रदाता श्री शुभश्री/बि.पि. कन्स्ट्रक्सन जे.भी., काठमाडौंले पेश गरेको हार्डकपी बोलपत्रमा लेटर अफ बिड वा Bill of Quantity मध्ये दुवैमा बोल कबोल अंक उल्लेख नगरेकोले मूल्याङ्कनमा समावेश नगरिएको हुनाले सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (५) लाई दृष्टिगत गरी सार्वजनिक निकायले नै निर्णय गर्न उपयुक्त हुने ।

मितिः २०७४/०९/२६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगंज, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बोलपत्र मूल्याङ्कन गर्ने क्रममा निर्माण व्यवसायीबाट कार्यालयको लागत अनुमान भन्दा २६.१३% ले कम कबोल गरेको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ अनुसार निर्माण कार्यको बोलपत्रको विशेष मूल्याङ्कन गरि दर विश्लेषण सहितको स्पष्टिकरण माग गरिएकोमा उक्त कम्पनीले सन्तोषजनक रुपमा स्पष्टिकरण पेश गरेको हुँदा बोलपत्र स्वीकृतको लागि सिफारिश गर्नुपर्ने कति प्रतिशत कार्य सम्पादन जमानत रकम माग गर्नुपर्ने हो स्पष्ट नभएको हुनाले सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ बमोजिम विशेष मूल्याङ्कन गरी उपनियम ३ बमोजिमको थप कार्य सम्पादन जमानत माग गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (४) बमोजिम कार्य सम्पादन रकममा थप गरी माग गर्ने ।

मितिः २०७४/०९/२६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सुशील कोईराला पखर क्यान्सर अस्पताल, खजुरा, बाँके ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३९ ङ (२) मा व्यवस्था भए अनुसारको व्यहोरा बोलपत्र आव्हानको सूचनामा नखुलाईएको र बोलपत्रहरु खोल्दा नियम ५९(६) र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३२ बमोजिमको प्रकृया पुरा नगरी आर्थिक र प्राविधिक प्रस्ताव सँगसँगै खोलेकोले खरिद प्रयोजनका लागि आव्हान गरिएको बोलपत्र मूल्याङ्कन गरी स्वीकृतीको निम्ति प्रकृया अगाडि बढाउन मिल्ने वा नमिल्ने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

मालसामान खरिदको बोलपत्र आव्शान गर्दा तथा बोलपत्र दाखिला गर्दा आर्थिक प्रस्ताव र प्राविधिक प्रस्ताव छुट्टाछुट्टै सिलबन्दी गरी बोलपत्र दाखिला गर्नुपर्ने व्यवस्था नरहेको ।

मितिः २०७४/१०/०७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

नेपाल धितोपत्र बोर्ड, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल सरकारको पूंजी बजारको स्वायत्त नियमन निकायको रुपमा २०५० सालमा स्थापना भएको यस बोर्डले आफ्नो कार्यालयको लागि भवन खरिद गर्नुपर्ने भएकोले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ४ को उपदफा (३) मा बोर्डले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, खरिद गर्न, बिक्री गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ भन्ने व्यवस्था रहेको जानकारी गराउँदै बोर्ड जस्तो निकायले कार्यालय प्रयोजनको लागि घरजग्गा खरिद गर्दा सार्वजनिक खरिद ऐन वा के कुन प्रकृयाबाट अगाडि बढ्न सकिने हो सो सम्बन्धमा आवश्यक राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

१. तोकिएकै ठाउँको र निश्चित घर जग्गा खरिद गर्ने हो भने जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम गर्दा उपयुक्त हुने ।

२. निश्चित क्षेत्र भित्रको घर जग्गा आवश्यक हुने अवस्थामा प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्न सकिने अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को खरिद कार्यविधि अवलम्बन गर्न बाधा नदेखिने ।

३. यसमा घर जग्गा बेच्ने/किन्ने संस्था/व्यक्ति, कार्यालयको आवश्यकता, बजेट, लागत अनुमान जस्ता विषयलाई पनि ध्यान दिनुपर्ने हुँदा काम कारवाहीमा पादर्शिता हुने गरी बोर्डले उल्लेखित व्यवस्थाहरुलाई ध्यान दिई निर्णय गर्न उपयुक्त हुने ।

मितिः २०७४/१०/०८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

कारागार व्यवस्थापन विभाग, कारागार कार्यालय, ललितपुर ।

**राय माग गरिएको बिषय :**

बोलपत्रको ३० दिनको सूचना सकिए पछि एकतिसौं दिनमा दिनको २ बजे उक्त बोलपत्र खोल्ने समयमा कल्पना ईन्टरप्राईजेज पोखराको कर चुक्ताको प्रमाणपत्र आ.व.२०७३/०७४ को नभइकन आ.व. २०७२।०७३ को भएको र बोलपत्र खोलीसकेपछि मात्र म्याद थपको कर चुक्ता प्रमाण पेश गरेको । उक्त बोलपत्रलाई तुलनात्मक गर्न मिल्ने वा नमिल्ने ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२) मा उल्लेख भए बमोजिम बोलपत्र परीक्षण गरी निर्णय हुनुपर्ने देखिन्छ ।

मितिः २०७४/१०/०८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

डिभिजन सडक कार्यालय, बागलुङ ।

**राय माग गरिएको बिषय :**

Bidder ले Net-Worth को विवरण "Form FIN-1 Financial Situation" अनुसार पेश नगरी Balance Sheets हरु मात्र पेश गरेको हुँदा उक्त Balance Sheets हरु bidder ले गरेका सम्पूर्ण कार्यहरुको Financial Statements हुन वा होईनन भन्ने कुरा एकिन गर्न नसकिने साथै bidder ले आफ्नो Net Worth Negative भएका Balance Sheets हरु पेश नगरेको हुन सक्ने सम्भावना समेत रहन्छ । पेश भएका Balance Sheets हरुलाई मात्र आधार मानि मूल्याङ्कन गर्दा bidder को Actual Net Worth Positive छ वा Negative छ एकिन गर्न नसकिने । "Form FIN-1 : Financial Situation" पेश नभएका कारण bidder लाई Disqualify गरेमा ऐन/नियम तथा bidding document

अनुसार सहि हुन्छ वा हुँदैन भन्ने सम्बन्धमा निर्णय लिन कठिनाई परेको हुनाले सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित बोलपत्रदाताको योग्यताका आधारहरु तथा बोलपत्र मूल्याङ्कन सम्बन्धमा गरिएको व्यवस्था बमोजिम तहाँ निकायबाटै निर्णय हुन ।

मितिः २०७४/१०/०८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

हेटौंडा सिमेण्ट उद्योग लि., हेटौंडा, मकवानपुर ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (१) खण्ड (ख) मा न्युनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमान भन्दा सारभूत रुपमा बढी भएमा बोलपत्र अस्वीकृत गर्न वा खरिद कार्यवाही रद्द गर्न सक्नेछ । भन्ने उल्लेख भएकोमा सारभूत रुपमा बढी (लागत अनुमान रकम भन्दा कति प्रतिशत सम्म बढीलाई सारभूत रुपमा बढी सम्झिने) भन्नाले के बुझने हो ? बोलपत्र अस्वीकृत वा खरिद कार्यवाही रद्द गर्न सक्नेछ भन्ने उल्लेख भएको हुँदा बोलपत्र अस्वीकृत गर्न वा खरिद कार्यवाही रद्द नगरी स्वीकृत गर्नको लागि उपयुक्त निकास दिन राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

खरिद ऐनको सन्दर्भमा यो विषय अत्यधिक चर्चामा रहेको जटिल तर यर्थाथमा आधारित विवेक प्रयोग गर्ने विषय हो । यस्ता वस्तुगत रुपमा कुनै निश्चित प्रतिशतले घटि वा बढी भएमा स्वीकार वा अस्वीकार गर्न सकिने नभई सम्बन्धित सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा लिइएका आधार तथा मूल्याङ्कनमा देखिएको परिवर्तनको अवस्थाको विश्लेषण गरी पुनः बोलपत्र गर्दा बजार मूल्यको कारणले वर्तमान न्यूनतम मूल्याङ्कित बोलपत्रदाताको कबोल अंकभन्दा कम हुन सक्ने अवस्था विश्लेषणबाट नदेखिएकोमा लागत अनुमान भन्दा बढी भए पनि स्वीकृत गर्न सकिने व्यवस्था हो । त्यसैगरी पुनः बोलपत्र आव्हान गर्दा लाग्ने थप प्रत्यक्ष खर्च, कामको जरुरीपनाको स्थिति समेतको विश्लेषण गरी स्पष्ट र मान्य कारण खुलाई सार्वजनिक निकायको प्रमुखले स्वीकृत गर्न सकिने ठाउँ कानूनले राखेको देखिन्छ । कति प्रतिशतसम्म बढी भएका बोलपत्र अस्वीकृत गर्न सकिने भनी उल्लेख गर्दा खरिद गर्ने निकायले कामको गहनता र यथार्थ अवस्थाको आधारमा आफ्नो विश्लेषण गरी विवेक प्रयोग गर्न सक्ने ठाउँ नरहने हुँदा खरिद कानूनमा यस्तो व्यवस्था भएको देखिदैन ।

ऐनको उद्देश्यमा विवेकपूर्ण ढगंबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्ने विषय रहेको हुनाले विद्यमान अवस्था र प्रस्तावित कामको गहनता विश्लेषण गरी देखिएका कारण र आधारहरु खुलाई निष्कर्षमा पुग्न सक्ने गरी भएको व्यवस्था हुनाले यसलाई प्रतिशतमा भन्न नमिल्ने हुनाले उपरोक्त आधारमा लागत अनुमान भन्दा सारभूतरुपमा बढी भए/नभएको सार्वजनिक निकायका प्रमुखले यकिन गरी स्वीकृत/अस्वीकृत गर्नुपर्ने देखिन्छ ।

मितिः २०७४/१०/२१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

जिल्ला प्राविधिक कार्यालय, बबरमहल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

तोकिएको कार्यालयको नाममा रहेको खाता र खाता नं. मा जम्मा नभएको रकमलाई मान्यता दिन मिल्ने वा नमिल्ने भन्ने बारेमा द्विविधा भएको साथै सार्वजनिक निकायको नाममा रहेको खातामा जम्मा नगरेको रकमलाई प्राप्त भएको रकम मान्न नमिल्ने देखिदा पूर्णता परिक्षणको क्रममा असफल भएको देखिन्छ, मान्यता नदिदा अर्कै खातामा भएपनि रकम दाखिला गरेको हुनाले सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

बोलपत्र आव्हानको सूचना (संशोधित सूचनामा समेत) मा उल्लेख भए भन्दा अन्य खातामा दाखिला भएको रकमलाई मान्यता दिन नमिल्ने ।

मितिः २०७४/१०/१८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

जिल्ला प्रहरी कार्यालय, आर्थिक प्रशासन शाखा, कञ्चनपुर ।

**राय माग गरिएको बिषय :**

मुचुल्काको समयमा उपस्थित समिति तथा सरोकारवाला व्यक्तिहरुले बिजुलिया बिलडर्सको सबै भन्दा कम कबोल अंक १,३१,७६,४०८।५३ भएको पाईएको र मालिका निर्माण सेवाले Letter of Bid मा उल्लेख भए अनुसार २२.६ प्रतिशत घटी गर्दा उक्त निर्माण सेवाको कबोल अंक सबै भन्दा कम हुन आउने भएकोले कुन चाहि दररेट समावेश गरी मूल्याङ्कन गर्ने हो ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

बोलपत्रदाताले प्रणालीमा बोलपत्र पेश गर्दाको बखतमा समावेश गरेका कागजातहरु तथा तिनमा भएका विवरणहरु पेश गरिसके पश्चात परिवर्तन गर्न नमिल्ने भएकोले Letter of Bid मा उल्लेख भए अनुसारको discount लाई समेत समावेश गरी मूल्याङ्कन गर्न उपयुक्त हुने ।

मितिः २०७४/१०/२२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

कावासोती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शिवमन्दिर, नवलपरासी ।

**राय माग गरिएको बिषय :**

प्राकृतिक श्रोतबाट प्राप्त हुने राजश्व संकलनको दर र प्रकृया प्रदेश कानुन बमोजिम हुने भनिएकोमा वर्तमान अवस्थामा प्रदेश कानुन नबनिसकेको अवस्थामा र उपलब्ध अन्य कानुनमा समेत एक मात्र बोलपत्रका सन्दर्भमा के गर्ने ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

प्राकृतिक श्रोतबाट प्राप्त हुने राजश्व संकलनको लागि हुने ठेक्का प्रकृया सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ बमोजिम सार्वजनिक खरिदको परिभाषा भित्र नपर्ने नभएकोले यस कार्यालयको कार्य क्षेत्र भित्र नपर्ने हुँदा राय प्रदान गर्न नसकिने ।

मितिः २०७४/११/०३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

गोश्वार हुलाक कार्यालय, सुन्धारा, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बोलपत्र आव्हान सूचनामा बोलपत्र खोल्ने कार्य सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोही समय र स्थानमा खोलिने छ भनि सूचना प्रकाशित भएकोमा उक्त बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेको तर नेपाल सरकारको निर्णयानुसार मन्त्री परिषदको आकश्मिक निर्णयबाट भएको विदा र शनिवार वाहेक अन्य सार्वजनिक विदाका दिनमा समेत पनि यस कार्यालय खोली दैनिक कार्य संचालन हुने भएकोले प्रकाशित सूचना बमोजिम दर्ता भएका बोलपत्रहरु पनि तोकिएको मिति भित्र नै अर्थात ३१ औं दिन २०७४/१०/१६ मा खोलिएकोमा उक्त बोलपत्र सार्वजनिक विदाको दिनमा खोलिएको हुँदा रद्द गरि पुनः १५ दिने सूचना प्रकाशित गर्नुहुन विनम्र अनुरोध गर्दछु भनी उजुरी पर्न आएको हुँदा सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

बोलपत्र सम्बन्धी काम कारवाहीको प्रयोजनका लागि नेपाल सरकारले तोकेको सार्वजनिक विदा सबै निकायमा लागु हुने ।

मितिः २०७४/११/०३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

जल तथा उर्जा आयोगको सचिवालय, सिंहदरबार, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

(क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ को उपदफा १(ख) मा "नेपाल सरकार र दातृ बीच भएको सम्झौता बमोजिम सो पक्षको खरिद निर्देशिका (प्रोक्योरमेन्ट गाइडलान्स) अनुरुप खरिद गर्नुपरेमा यस ऐन बमोजिमको खरिद प्रक्रिया अपनाउनु नपर्ने" उल्लेख भएको र विश्व बैंकको Consultant Guidelines को दफा 1.9 (d) मा "A consultant shall submit only one proposal, either individually or as a joint venture partner in another proposal.If a consultant, including a joint venture partner, submits or participates in more than one proposal, all such proposals shall be disqualified.This does not, however, preclude a consulting firm to participate as a sub-consultant, or an individual to participate as a team member, in more than one proposal when circumstances justify and if permitted by the REP" उल्लेख भएको र विश्व बैंकको सहमतिमा यस सचिवालयबाट स्वीकृत भएको Request For Proposal (REP) Document को Data Sheet को ITC को Clause Ref.11.1 मा "Participation of Sub-Consultants, Key Experts and Non-Key Experts-Yes" उल्लेख भएको सन्दर्भमा पनि यस अध्ययन कार्यको लागि एक परामर्शदातृ संस्थाले एक भन्दा बढी परामर्शदातृ संस्थाहरुसँग In association गर्न मिल्ने वा नमिल्ने,

(ख) नेपाल सरकार र दातृ पक्ष बीच भएको सम्झौताको म्याद भित्र खरिद गरिने कार्य सम्पन्न नहुने अवस्थामा दातृ निकायबाट मात्र नभई नेपाल सरकारबाट समेत श्रोत व्यहोर्नु पर्ने परिस्थिति सिर्जना भएको अवस्थामा खरिद प्रकृया दातृ निकायको खरिद निकायको खरिद निर्देशिका र नेपालको सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ कुन आकर्षित हुने हो ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ को उपदफा १(ख) बमोजिम नेपाल सरकार र दातृ पक्ष बीच भएको सम्झौता बमोजिम सो पक्षको खरिद निर्देशिका अनुरुप खरिद गर्नुपर्ने अवस्था बाहेक अन्यमा सार्वजनिक खरिद ऐन, २०६३ कै कार्यविधि पुरा गरी खरिद गर्नुपर्ने ।

मितिः २०७४/११/०३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

नेपाल दूरसंचार प्राधिकरण, स्तरीकरण तथा पूर्वाधार विकास शाखा, कमलादी ।

**राय माग गरिएको बिषय :**

नेपाल दूरसंचार प्राधिकरणको खरिद विनियमावली, २०७३ को विनियम १०४(२) मा गुणस्तर र लागत बिधि मार्फत छनौट भएकाको हकमा पेशाबिदहरुको पारिश्रमिक सम्बन्धमा बार्ता हुन नसक्ने प्रावधान उल्लेख भएकोमा (सोधभर्ना हुने प्रकृतिका खर्च बाहेकका) प्राधिकरणबाट परामर्श सेवा खरिदका लागि छनौट भै सम्झौता समेत भैसकेको परामर्शदाता संस्थाले परामर्श सेवा प्रयोजनका लागि निजले REP मार्फत प्राधिकरण पेश गरेको आर्थिक प्रस्तावमा उल्लेखित Offer बमोजिम International Part मा Exempt of all local Taxes हुने गरी सम्झौता संशोधन गर्न मिल्ने वा नमिल्ने ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

खरिद कारवाहीको प्रकृया अन्तिम रुपमा रहि सम्झौता समेत भैसकेको अवस्थामा पुनः बोलपत्र कागजातमा पेश भएको शर्त हेरी सम्झौता पुनरावलोकन गर्न सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था नभएको ।

मितिः २०७४/११/०८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

नेपाली सेना, काठमाडौं-तराई/मधेश द्रुत मार्ग, सडक आयोजना, जङ्गी अड्डा, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

(क) बोलपत्रदाताले पेश गरेको बोलपत्रहरुको आर्थिक प्रस्ताव खोलुवा गर्ने क्रममा Package No.।6 को हकमा दुवै (पुरानो र संशोधित) BOQ मा फरक फरक दर उल्लेख गरी Additional BOQ को रुपमा संशोधित BOQ सहित पेश गरेको निवेदन समेत Upload गरेकोमा उपरोक्त दुई BOQ मध्ये कुन BOQ लाई मूल्याङ्कनमा समावेश गर्ने वा दुवैलाई समावेश गर्ने?

(ख) Package No.7 को हकमा पुरानै BOQ मा दर उल्लेख गरी Upload गरेको सो सम्बन्धमा उपरोक्त पुरानै Upload लाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने ?

(ग) Package No.8 को हकमा नयाँ BOQ मा संशोधन गरिएका Item हरुको दररेटको बारेमा Modification in Financial Bid भन्ने पत्र समावेश गरी दररेट पेश गरेकोले उक्त BOQ लाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

(क) संशोधन गरिए बमोजिमको BOQ मा दररेट भरेर पेश भएको अवस्थामा उक्त BOQ लाई मान्यता दिई बोलपत्र मूल्याङ्कनमा समावेश गर्ने,

(ख) BOQ मा संशोधन भएको तर बोलपत्रदाताले संशोधन पूर्वकै BOQ मा दररेट भरी पेश गरेको अवस्थामा सो BOQ लाई मान्यता दिन नसकिने,

(ग) बोलपत्र कागजातमा संशोधन सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ तथा बोलपत्र सम्बन्धी कागजात ITB 24.1 मा स्पष्ट व्यवस्था भएकोले थप राय आवश्यक नदेखिएको,

(घ) यस कार्यालयबाट जारी गरिएको विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ को दफा ३५ बमोजिम २ करोड भन्दा बढीको निर्माण कार्यको खरिदमा विद्युतीय माध्यमको मात्र प्रयोग गर्नुपर्ने व्यवस्था भएको सो व्यवस्था कार्यान्वयन भएको नदेखिएको साथै विद्युतीय माध्यमद्धारा खरिदमा गरिने BOQ मा संशोधन गर्दा संशोधीत BOQ PDF को रुपमा Upload नगरी Online Tamplete मार्फत गर्नुपर्नेमा सो गरेको नदेखिएकोले ध्यानाकर्षण गराइएको ।

मितिः २०७४/११/१३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सडक सुधार तथा विकास आयोजना, राम मन्दिर मार्ग, बत्तीसपुतली, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २(थ) मा भएको प्रावधान अनुसार उक्त जे.भी.ले पेश गरेको श्री मेलम्ची खानेपानी विकास बोर्डबाट जारी भएको मिति ११ सेप्टेम्बर २०१७, २ फेब्रुअरी २०१८ र ९ फेब्रुअरी २०१८ मा उल्लेखित विवरण अनुसार उक्त ठेक्काको Contract Value कति हुनुपर्ने हो ? द्धिविधा भएको हुनाले राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ (थ) मा "सम्झौता मूल्य (कन्ट्राक्ट प्राईस)" भन्नाले खरिद सम्झौतामा उल्लिखित खरिद मूल्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो सम्झौता अन्तर्गत

भेरिएशन आदेश जारी गरिएकोमा त्यस्तो आदेश बमोजिम भएको काम नाप जाँच गर्दा कायम भएको मूल्य र मूल्य समायोजन भएकोमा त्यस्तो समायोजनबाट कायम भएको खरिद मूल्य समेतलाई जनाउँछ" भन्ने व्यवस्था भएको र भेरिएसन रकम कायम गर्दा सम्झौता उल्लेखित परिमाणमा गरिएको परिवर्तन तथा नयाँ Item थप गरिएकोमा सो समेतलाई समावेश गरी गणना गर्ने ।

मितिः २०७४/११/१३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

पुष्पलाल (मध्य पहाडी) लोकमार्ग आयोजना, पूर्वी खण्ड, बुद्धनगर, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

(१) Multiple Contract Evaluation गर्दा संयुक्त कबोल अंक मानेर संयुक्त लगत इष्टिमेट भन्दा सारभूत रुपमा न्यूनतम छ वा छैन भनेर चेक गरेमात्र हुने हो वा Individually सबै बोलपत्रका कबोल अंकहरु लगत इष्टिमेट भन्दा सारभूत रुपमा न्यूनतम मूल्याङ्कित हुनु पर्ने हो स्पष्ट नभएकोमा Combination को न्यूनतम Combination लाई सारभूत रुपमा प्रभावग्राही मान्न सकिने वा नसकिने,

(२) Combination 2 मा एउटा बोलपत्रदाताको कबोल अंक लगत इष्टिमेट भन्दा बढी भएको खण्डमा अर्को Combination 1 मा जान सकिने वा नसकिने (Combination 2 - Combination 1 भन्दा बढी भएतापनि),

(३) यदि Multiple Combination मा Individually सबै बोलपत्रका अंक लगत इष्टिमेट भन्दा कम हुनु पर्ने भन्ने निर्णय भएमा निर्माण व्यवसायी श्री स्वच्छन्द/खड्का कृष्ण/गाल्वा जे.भी.को लगत इष्टिमेट भन्दा ०.०७% ले बढी अर्थात रु.४,९१,१६६।३५ कबोल गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भन्न मिल्ने वा नमिल्ने ? सो सम्बन्धमा राय परामर्श माग गरिएको।

**राय परामर्श :**

(क) उक्त बोलपत्रहरु Multiple Contract को प्रावधान बमोजिम मूल्याङ्कन गर्ने सम्बन्धमा Least cost combiantion अनुसार सारभूत रुपमा प्रभावग्राहीता मूल्याङ्कन गर्दा बोलपत्र सम्बन्धी कागजातमा भएको व्यवस्था र मूल्याङ्कनको आधारहरुलाई यकिन गरी मूल्याङ्कन प्रकृया अगाडि बढाउन उपयुक्त हुने ।

(ख) वस्तुगत रुपमा कुनै निश्चित प्रतिशतले घटी वा बढी भएमा स्वीकार/अस्वीकार गर्न सकिने नभई सम्बन्धित सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा लिईएका आधार तथा

मूल्यहरुमा देखिएको परिवर्तनको अवस्थाको विश्लेषण गरी पुनः बोलपत्र गर्दा बजार मुल्यको कारणले वर्तमान न्यूनतम मूल्याङ्कित बोलपत्रदाताको कबोल अंकभन्दा कम हुन सक्ने अवस्था विश्लेषणबाट नदेखिएमा लागत अनुमान भन्दा बढी भए पनि स्वीकृत गर्न सकिने । त्यसै गरी पुनः बोलपत्र आव्हान गर्दा लाग्ने थप प्रत्यक्ष खर्च, कामको जरुरीपनाको स्थिती समेतको विश्लेषण गरी स्पष्ट र मान्य कारण खुलाई सार्वजनिक निकायको प्रमुखले स्वीकृत गर्न सक्ने ठाउँ कानूनले राखेको देखिन्छ । कति प्रतिशतसम्म बढी भएका बोलपत्र अस्वीकृत गर्न सकिने भनी उल्लेख गर्दा खरिद गर्ने निकायले कामको गहनता र यथार्थ अवस्थाको आधारमा विश्लेषण गरी विवेक प्रयोग गर्न ठाउँ रहने हुँदा खरिद कानूनमा यस्तो व्यवस्था भएको देखिंदैन। सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्ने विषय रहेको हुनाले विद्यमान अवस्था र प्रस्तावित कामको गहनता विश्लेषण गरी देखिएका कारण र आधारहरु खुलाई निष्कर्षमा पुग्न सक्ने गरी व्यवस्था भएको हुनाले यसलाई प्रतिशतमा भन्न नमिल्ने । उपरोक्त आधारमा बोल अंक लागत अनुमानभन्दा सारभूत रुपमा बढी भए-नभएको सार्वजनिक निकायका प्रमुखले यकिन गरी स्वीकृत/अस्वीकृत गर्न सक्ने ।

मितिः २०७४/११/१४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, स्वयम्भु, हलचोक, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

यस कार्यालयबाट मिति २०७४।१०।२० मा गठन भएको बोर्डले मिति २०७४।०९।३० मा पेश गरेको प्रतिवेदनमा बोलपत्रदाता स्वामिनारायण निर्माण सेवा प्रा.लि., धरान-१०, सुनसरी र श्री आशिर्वाद निर्माण सेवा प्रा.लि. त्रियुगाले पेश गरेको कम्पनी प्रोफाइल तथा योग्यताको आधार सम्बन्धी केही कागजात च्यातिएको देखिएको तर च्यातिएको बारे खोलुवा मुचुल्का, बोलपत्रदाताहरुको बोलपत्र सम्बन्धी प्राविधिक प्रस्ताव परीक्षण पुस्तिका तथा आर्थिक प्रस्ताव मूल्यांकन प्रतिवेदन समेतमा कहि कतै उल्लेख गरेको नपाईएको, बोलपत्रदाताहरुको योग्यताहरु निर्धारण गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद २ दफा ७ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद २ को नियम १६ बमोजिम खरिद अधिकारी तोकि जिम्मेवारी दिनुपर्ने भनी राय पेश भएको हुँदा प्रतिवेदनबाट औल्याइएका कुराहरुबाट थप प्रक्रिया अगाडि बढाउन असहज भएकोले उल्लेखित अवस्थाहरुका आधारबाट नियमानुसार आशयको पत्र प्राप्त गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्न मिल्ने वा नमिल्ने साथै उल्लेखित आधारहरुकै कारणबाट बोलपत्र रद्द गर्न मिल्ने भए के-कस्तो प्रक्रियाहरु पुरा गरी रद्द गर्न सकिन्छ ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

(१) यस कार्यालयबाट जारी गरिएको विद्युतीय खरिद प्रणाली निर्देशिका, २०७४ को दफा ३५ को उपदफा (३) बमोजिम दुई करोड भन्दा बढीको निर्माण खरिद कार्य गर्दा अनिवार्य रुपमा विद्युतीय खरिद प्रणालीको मात्र प्रयोग गरी खरिद गर्नुपर्ने व्यवस्था भएकोमा सो व्यवस्थाको परिपालना भएको नदेखिएकोले निर्देशिकाले अनिवार्य गरेको कुरा पालना गर्नुपर्ने ।

(२) बोलपत्र कागजातमा केहि कागजहरु च्यातिएको सम्बन्धमा च्यातिएको कागजात दर्ता भएको बोलपत्र खोल्ने मुचुल्कामा कागजात च्यातिएको विषय उल्लेख नभएको सम्बन्धमा तहाँ निकायबाटै अध्ययन गरी जिम्मेवार कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारवाही गर्नुहुन ।

(३) बोलपत्र रद्द सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ मा स्पष्ट व्यवस्था भएको।

मितिः २०७४/११/१४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

मध्य पश्चिमांचल क्षेत्रीय सडक निर्देशनालय, डिभिजन सडक कार्यालय, सुर्खेत ।

**राय माग गरिएको बिषय :**

बोलपत्रदाताले पेश गरेको बैंक भौचरको आधारमा बोलपत्र सम्बन्धी कागजहरु दिने वा नदिने तथा यस्तै प्रकारका बैंक भौचर राखी e-Bid गर्ने बोलपत्रदाताहरुको बोलपत्र मूल्याङ्कनको प्रकृयामा लाने वा नलाने ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

बोलपत्र सम्बन्धी कागजात सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद वापतको दस्तुर रकम बोलपत्र आव्हान हुनुभन्दा पहिलेको मितिमा दाखिला भएकोलाई मान्यता नदिने ।

मितिः २०७४/११/२०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

काठमाडौं चक्रपथ सुधार योजना, एकान्तकुना, ललितपुर ।

**राय माग गरिएको बिषय :**

बोलपत्रको प्राविधिक मूल्याङ्कन गर्ने क्रममा बोलपत्रदाता M/S Uma and Comapny/Shanti JV मध्ये Shanti Nirman Sewa को विद्युतीय खरिद प्रणाली निर्देशिका, २०७४ अनुसार डाउनलोड गर्दा

Bussiness Registration, VAT/PAN Registration र Tax Clearance Certificate प्राप्त नभएको तथापी चालु आ.व. ०७४-७५ मै आव्हान भएको ठे.नं. KRIP/3373274/074/75/01 र KRIP/3373274/ 074/75/02 मा सो जे.भी. को सम्पूर्ण कागजातहरु समावेश भई जे.भी. सँग सम्झौता भईसकेकोमा M/S Uma and Comapny/Shanti JV लाई ठे.नं. KRIP/3373274/074/75/05 मा Bussiness Registration, VAT/PAN Registration र Tax Clearance Certificate समावेश नभएको आधारमा प्राविधिक मूल्याङ्कनमा पास गर्न सकिने/नसकिने ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

बोलपत्र सम्बन्धी कागजातमा आवश्यक भनी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र २४ मा उल्लेख भएका कागजातहरु पेश भए नभएको यकिन गरी तहाँबाटै निर्णय हुन ।

मितिः २०७४/११/२१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

महानगरीय ट्राफिक प्रहरी महाशाखा, रामशाहपथ, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

Body Worn Digital Camera, Handheld Radar Gun र Digital Breath Analyser with Printer ३ वटा छुट्टाछुट्टै सामान प्याकेजगत रुपमा खरिद प्रकृया अगाडि बढाइएकोमा कुनै बोलपत्रदाताको बोलपत्रसाथ बोलपत्रदाताले रीतपूर्वक पेश गर्नुपर्ने केहि कागजात पेश नगरेको कुनैमा फर्मको छाप, दस्तखत नभएको तर बोल अंक घटी भएकोमा उक्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने भनी राय परामर्श माग भएको ।

**राय परामर्श :**

रीतपूर्वक दर्ता भएका बोलपत्रहरु प्रचलित सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिम गठित बोलपत्र मूल्याङ्क समितिमा मूल्याङ्कनको लागि पेश गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र २४ तथा नियममा भएको व्यवस्था बमोजिम बोलपत्र मूल्याङ्कन समितिको समेत सिफारिशको आधारमा त्यहाँबाट नियमानुसार बोलपत्र स्वीकृत वा अस्वीकृत गर्न सकिने हुँदा सो बमोजिम त्यहाँबाटै निर्णय हुन ।

मितिः २०७४/११/२९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, स्वयम्भु, हलचोक, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) मा "सार्वजनिक निकायले खरिद कार्यको कुनै वा सबै प्रकृयामा विद्युतीय कार्यविधि प्रणाली मात्र अपनाउन सक्नेछ" भनी उल्लेख भएको साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४३(१) मा "सार्वजनिक खरिद अनुगमन कार्यालयले ऐनको दफा ६९ को प्रयोजनाको लागि एउटा मात्र पोर्टल रहने गरी विद्युतीय खरिद प्रणालीको स्थापना, संचालन र व्यवस्थापन गर्नेछ" भनी उल्लेख भएको र सोही बमोजिम मजकुर कार्यालयको अन्तरीम Portal : www.bolpatra.gov.np बाट मात्र e-bidding सम्बन्धी कार्य गर्ने गरिएकोमा यस कार्यालयबाट १७ किसिमका पोशाकहरु खरिद गर्न बोलपत्र आव्हान गर्दा बोलपत्रको सूचनामा बोलपत्रदाताहरुलाई सिलबन्दी बोलपत्र/e-bidding मध्ये कुनै एक माध्यमबाट बोलपत्र पेश गर्न अनुरोध गरिएकोमा विभिन्न संचार माध्यमहरुमा रु. ६० लाख भन्दा बढीको मालसामान खरिद गर्दा e-bidding मात्र प्रयोग गरी खरिद नगरिएको भनी समाचार सम्प्रेषण भएकोले यस सम्बन्धमा केही द्विविधा उत्पन्न भएकोले राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

यस कार्यालयबाट जारी भएको विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ को दफा ३५ मा उल्लेख भए अनुसार रु. ६० लाख भन्दा बढीको मालसामान खरिदमा विद्युतीय माध्यमको मात्र प्रयोग गर्नुपर्ने व्यवस्था भए बाट त्यहाँबाट हुने खरिदमा विद्युतीय माध्यमको मात्र अनिवार्य प्रयोग गर्नुहुन जानकारी गराइन्छ । त्यहाँको चालु आ.व. २०७४/७५ को स्वीकृत खरिद योजना/कार्यक्रम बमोजिमको सामानहरु खरिद गर्न मिति २०७४।१०।०५ मा बोलपत्र आव्हानको सूचना प्रकाशित भई विद्युतीय माध्यम र बोलपत्रको सिलबन्दी फाराम दुबै माध्यमबाट बोलपत्र माग गरिएको र सो को मूल्याङ्कन समेत सम्पन्न भई बोलपत्र स्वीकृतिको आशयको सूचना समेत प्रकाशित भै सकेको अवस्थामा देश र जनताको लागि अहोरात्र सुरक्षामा खटिनु पर्ने प्रहरी कर्मचारीहरुलाई आधारभूत रुपमा उपलब्ध गराउनु पर्ने केही सामानहरु जस्तै बुट विगत ३ वर्ष देखि उपलब्ध गराउन नसकी रहेको अवस्थामा त्यहाँको आवश्यकता, जरुरता हेरी बोलपत्रको स्वस्थ प्रतिस्पर्धा, एवं सारभूत रुपमा प्रभावग्राही रहे नरहेको समेत पक्षमा त्यहाँबाट हुने बोलपत्रको विस्तृत परीक्षणबाट एकिन गरी बोलपत्र माथि प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आवश्यक कारवाही हुनुपर्ने यस कार्यालयको राय रहेको ।

मितिः २०७५/०१/०२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

राइनास नगरपालिका, नगर कार्यपालिका कार्यालय, तिनपिप्ले लमजुङ, ४ नं. प्रदेश ।

**राय परामर्श माग गरिएको बिषय :**

सिलबन्दी बोलपत्र आव्हानको सूचना बमोजिम पर्न आएका बोलपत्र मध्ये मानवीय असावधानीवश बाहिरी खाममा दर्ता हुन गएको बोलपत्रलाई कारवाही अगाडि बढाई मूल्यांकनमा समावेश गर्न सकिने वा नसकिने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ मा भएको व्यवस्था बमोजिम भै प्राप्त हुन आएका बोलपत्र उपर मात्र कारवाही नहुने प्रष्ट व्यवस्था भएको हुँदा रितपूर्वकको सिलबन्दी भई तोकिएको समयावधि भित्रै दर्ता भएको सिलबन्दी बोलपत्र भए मूल्यांकन प्रक्रियामा समावेश गर्नुपर्ने ।

मितिः २०७५/०१/०२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द, हलचोक, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

सिलबन्दी दरभाउपत्र आव्हानको सूचना बमोजिम पर्न आएका बोलपत्रदाताले माग गरिएको सामानको परिमाणमा प्रति इकाई मूल्यको अंक र अक्षरमा फरक पर्नुका साथै एक आइटम मात्रै माग भएकोमा जम्मा मूल्य अंकमा र जम्मा मूल्य अक्षरमा समेत फरक परेकोले प्रति इकाईको अक्षरलाई मान्यता दिने वा कुल रकमको अक्षरलाई मान्यता दिने सम्बन्धमा द्धविधा भएको र सो को कारणले नै उल्लेखित फर्म सारभूत रुपमा प्रभावग्राही र न्यूनतम मूल्यांकित हुनेमा फरक पर्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा ८ र ९ मा अंक र अक्षरमा लेखिएको दररेटमा फरक परेमा अक्षरलाई मान्यता दिने भन्ने प्रष्ट व्यवस्था भएको हुँदा प्रति इकाईको अक्षरमा लेखिएको दररेटलाई नै आधार मानी बोलपत्र मूल्यांकन गर्ने सकिने ।

मितिः २०७५/०१/११

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सिँचाई व्यवस्थापन निर्देशनालय, वाणगंगा सिंचाई व्यवस्थापन डिभिजन, कपिलवस्तु ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ को पछिल्लो संशोधन, २०७४ को दफा ५५(१) मा भएको व्यवस्था भए अनुसार वोलपत्र कागजातमा मूल्य समायोजन र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२६ मा व्यवस्था भएको समय भन्दा अघि काम सम्पन्न गर्नेलाई पुरस्कार दिन सकिने भन्ने प्रावधान भुलवस छुट हुन गएको र हाल सो ठेक्काको वोलपत्र स्वीकृत भै ठेक्का सम्झौता गर्दा वोलपत्रदाता निर्माण व्यवसायी श्री रमन/प्राकृतिक/सिद्धार्थ जे.भी, सिद्धार्थनगर ९ भैरहवाले ठेक्का सम्भौतामा उक्त दुवै प्रावधान संलग्न राखी सम्झौता गराइ पाउँ भनि यस व्यवस्थापन डिभिजनमा निवेदन पेश गरेको हुँदा हाल ठेक्का सम्झौतामा सो प्रावधान राखी सम्झौता गर्न मिल्ने वा नमिल्ने ? सो सम्वन्धमा राय परामर्श माग भई आएको ।

**राय परामर्श :**

उक्त वोलपत्रको वोलपत्र सम्वन्धी कागजातको Instruction to Bidders (ITB) 14.6 मा स्पष्ट व्यवस्था भएकोले राय प्रदान गर्न आवश्यक नदेखिएको ।

मितिः २०७५/०१/१२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौंडा मकवानपुर ।

**राय माग गरिएको बिषय :**

उपमहानगरपालिका अन्तर्गत रहेका अस्पताल तथा वर्थिङ सेन्टरहरुमा सेवा लिने प्रसुती महिला एवं नवजात शिशुहरुलाई उपलव्ध गराउनुपर्ने न्यानो झोला खरिदका लागि त्यस कार्यालयवाट मिति २०७४/०९/१४ मा शिलवन्दी दरभाउपत्रको सूचना प्रकाशित भई न्यू पथिभरा सप्लायर्स, हेटौंडाले सवैभन्दा कम दररेट पेश गरेको देखिएको, उक्त फर्मले पेश गरेको दर्ता अनुमति पत्र (पान दर्ता र घरेलु तथा साना उद्योग कार्यालयमा प्राईभेट फर्म दर्ताको) प्रमाण पत्रमा काठ चिरान तथा खरिद विक्रि गर्ने, फर्निचर उत्पादन तथा विक्रि वितरण, विविध निर्माण सामाग्रीको कारोवार गर्ने, विविध खाद्य सामाग्रीको कारोवार गर्ने, विविध वस्तुहरुको आयात निर्यातकर्ता, भवन निर्माण सामाग्री तथा हार्डवयेर सामानको खुद्रा व्यापार गर्ने भनी कारोवारमा उल्लेख भएको दखिएको, सो अवस्थामा उक्त फर्मले न्यानो कपडा आपूर्ति वा सप्लाई गर्न सक्ने वा नसक्ने सन्दर्भमा एकिन गर्न नसकिएको र उक्त सामानको शिलवन्दी दरभाउपत्रको प्रकाशित सूचनामा ईजाजत प्राप्त इच्छुक फर्म/सप्लायर्सवाट दरभाउपत्र पेश गर्नुहुन भनी उल्लेख गरिएकोमा उक्त विषयमा खरीद निर्णय गर्न कठिनाई भएकोले सो सम्वन्धमा आवश्यक निर्देशनका लागि अनुरोध भई आएको ।

**राय परामर्श :**

फर्म दर्ता गर्ने निकायवाट आवश्यक जानकारी लिई तहाँ निकायवाटै आवश्यक निर्णय हुन ।

मितिः २०७५/०१/१५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

भरतपुर महानगरपालिकाको कार्यालय, चितवन

**राय माग गरिएको बिषय :**

Preparation of Comprehensive/Integrated Urban Development Plan कार्यको लागि पूर्ण भएका आशयपत्रहरुको मूल्याङ्कन गरी योग्यता कमका आधारका ६ वटा परामर्शदाताहरु छनौट भै आशयपत्र समेत दिइएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१ बमोजिम प्रस्ताव (प्राविधिक र आर्थिक) का लागि ३० दिने सूचना दिई Request for Proposal माग गरिएकोमा पेश भएका ५ वटा फर्महरु मध्ये EOI / RFP मा प्रस्ताव गरेको manpower को CV एउटै व्यक्तिको आकर्शित हुने वा नहुने साथै प्रस्ताव गरिएको manpower को पदमा रिक्त गरी मूल्याङ्कन गर्न सकिने वा नसकिने ?

**राय परामर्श :**

१) खुला रुपमा आशयपत्र (EOI) मा प्रस्ताव गरिएको व्यक्ति र Request for Proposal मा प्रस्ताव गरिएको व्यक्ति उहिनै व्यक्ति हुनु आवश्यक नभएको ।

२) Lump-sum Contract लागि अह्वान गरिएको Request for Proposal (RFP) मा माग गरे बमोजिमको जनशक्ति पेश नभएको अवस्थामा RFP कागजातमा उल्लेखित प्रावधान, प्रस्तावदाताले पेश गरेको Work Mythology मा उक्त जनशक्तिको आवश्यकता आदि विषय विश्लेषण गरी तहाँ निकायबाटै निर्णय हुन ।

मितिः २०७५/०१/१५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

मेलम्ची खानेपानी विकास समिति, मध्यबानेश्वर, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

यस कार्यालयबाट आशयपत्र आव्हानको शुरु सूचनामा अन्तराष्ट्रियस्तरको आयोजना व्यवस्थापन परामर्शदाता (PMC) खरिद कार्यको लागि समूह, संगठन वा संयूक्त उपक्रमको (Joint Venture) को रुपमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था भए अनुसार In Association With को रुपमा खरिद

प्रक्रिया शुरु गरिएको र संक्षिप्त सूचीमा छनौट भई परामर्श सेवाको लागि प्रस्ताव पेश गरेका ४ वटा परामर्शदाताहरु मध्ये दुईवटा परामर्शदाताहरुको समूहमा एउटै नेपाली परामर्शदाता दोहोरो रहन गएको छ साथै सोही नियमावलीको नियम ७० को उपनियम ११ मा भएको प्रतिवन्धात्मक वाक्यशंमा "संयूक्त उपक्रम कायम गर्दा दोहोरो पर्ने गरी गर्न सकिने छैन" भन्ने व्यवस्था भएकोले नियमावलीको दफा ७०(३) (ङ) २ र नियमावलीको नियम ७० को उपनियम ११ र In Association With भन्नु एउटै हो वा होइन ? सो सम्बन्धमा राय परामर्श माग भएको ।

**राय परामर्श :**

(क) प्रस्तावदाताले "In Association with" गरी प्रस्ताव पेश गर्दा संयुक्त उपक्रम (Joint Venture) अथवा Sub-Consultant को रुपमा प्रस्ताव पेश गर्न सक्ने र सो व्यहोरा प्रस्तावदाताहरु वीचको सम्झौतामा उल्लेख हुने ।

(ख) कुनै एक फर्म वा कम्पनी एउटा फर्म वा कम्पनी संग मात्र संयुक्तक्रम (JV) मा प्रस्ताव पेश गर्न सक्ने र एक भन्दा बढी फर्म संग JV गरी प्रस्ताव पेश भएमा Conflict of Interest हुने ।

(ग) यस कार्यालयबाट जारी गरीएको Standard Request for Proposal (RFP) Document बमोजिम सिद्धान्ततः एउटा फर्म वा कम्पनीले एक भन्दा वढी फर्म वा कम्पनी संग Sub-Consultant को रुपमा सहभागी भई प्रस्ताव पेश गर्न सक्ने र Standard Request For Proposal Document मा एक भन्दा वढी फर्ममा Sub-Consultant को रुपमा सहभागी हुन दिने/नदिने विषय RFP Document मा उल्लेख गर्नु पर्ने व्यवस्था रहेकोले उक्त खरिदको RFP Document मा गरिएको व्यवस्था, परामर्शदाताहरुवीचमा भएको सम्झौता समेतका आधारमा तहाँ निकायबाटै निर्णय हुन।

मितिः २०७५/०१/१६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

जिल्ला प्रविधिक कार्यालय, कैलाली ।

**राय माग गरिएको बिषय :**

साविक जिल्ला विकास समितिको कार्यालय कैलाली र वाई.पी./गल्छी दुर्गा जे.भी., धनगढीका विच धनगढी उ.म.न.पा. को संतोषी टोलामा वडा नं. १ र २ जोड्ने कैलाली नालामा आर.सी.सी. पुल निर्माण कार्य खरिदका लागि २०७३।११।०६ गते भएको सम्झौता अवधी १५ महिना रहेको ठेक्का सम्झौता वमोजिम निर्माण कार्य संचालन गर्न सम्वन्धीत निर्माण व्यवसायीवाट ठेक्का सम्झौतामा निर्माण व्यवसायीलाई मूल्य समायोजन दिईने व्यवस्था लागू नरहेको भएता पनि निर्माणस्थलमा रहेका रुखहरु

काट्न/हटाउन ढिला भएको कारणवाट कार्यालयले निर्माण ववसायी लाई निर्माण स्थल उपलव्ध गराउन नसकी निर्माण कार्य शुरु गर्न निर्माण व्यवसायी असमर्थ हुने परिस्थिति सृजना भएको हुँदा कार्यालयले मूल्य समायोजनको प्रावधान लागू गरी सो वापत हुन आउने थप रकम निर्माण व्यावसायीलाई भूक्तानी गर्नुपर्ने साथै सार्वजनिक खरिद नियमावली, २०६४ पाँचौ संशोधनको नियम १२६ वमोजिम निर्माण व्यवसायीले निर्धारित समयावधि अगावै ठेक्का सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न गरेमा वोनस रकम पाउनुपर्ने प्रावधान ठेक्का सम्झौतामा समावेश गर्न कार्यालयले छुटाएको हुँदा वोनस रकम भूक्तानी हुने प्रवधान पनि सम्झौतामा थप हुनुपर्ने आग्रह साथ निर्माण कार्य संचालन नगरिने लिखित शर्त सहित अस्विकार गरेको हुँदा सो सम्वन्धमा आवश्यक निर्णय गर्न आवश्यक राय उपलव्ध गराईदिन अनुरोध भई आएको ।

**राय परामर्श :**

(क) सो सम्बन्धमा Standard Bidding Document (SBD) को General Condition of Contract (GCC) को compensation Events मा व्यवस्था भएकोले थप राय प्रदान गर्न आवश्यक नरहेको ।

(ख) खरिद सम्झौता (Contract Agreement) मा समय भन्दा अघि काम सम्पन्न गर्नेलाई पुरस्कार दिने व्यवस्था नभएको अवस्थामा पुरस्कार रकम प्रदान गर्न नसकिने ।

(ग) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ को उपनियम (३) मा "सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही शुरु गर्नु हुँदैन।" भन्ने व्यवस्था भएकोमा निर्माणस्थलको व्यवस्था नगरी बोलपत्र आह्वान गरेको सम्बन्धमा ध्यानाकर्षण गराइएको ।

मितिः २०७५/०१/२०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

भीमेश्वर नगर कार्यपालिकाको कार्यालय, दोलखा ।

**राय माग गरिएको बिषय :**

नगरपालिकाले सार्वजनिक निजी साझेदारी वा निजी क्षेत्रसंग व्यवस्थापन करार गरी फोहोरमैलाको व्यवस्थापन गर्ने उद्देश्य राखेकोमा यस्तो प्रकृतिको खरिद कार्य सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को कुन विधि र प्रक्रियाबाट गर्ने हो भनी राय माग भई आएको ।

**राय परामर्श :**

सार्वजनिक निजी साझेदारी नीति, २०७२ वमोजिम तहाँ नगरपालिकाले प्रस्ताव गरेको "निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापन" गर्ने विषय "सार्वजनिक निजि साझेदारी" को परिभाषा भित्र पर्ने देखिएको र सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक निजी साझेदारी प्रकृयाबाट निजी क्षेत्रबाट काम गराउने विषय नसमेटिएकोले तहाँ निकायबाटै आवश्यक व्यवस्था हुन ।

मितिः २०७५/०१/२०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

गेरुवा गाउँ कार्यपालिकाको कार्यालय, बर्दिया ।

**राय माग गरिएको बिषय :**

गाउँपालिकाको लागि २ थान Tractor with Hydraulic Dump Trolley र १ थान Backhoe Loader खरिद गर्न बोलपत्र आव्हान गरिएकोमा पेश हुन आएका बोलपत्रहरु मध्ये मुल्याङ्कन समितिले न्यूनतम मुल्याङ्कित, सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरु क्रमानुसार सिफारिस गरेकोमा गाँउपालिकाको १९ औं वोर्ड बैठकले मुल्याङ्कन समितिबाट प्राविधिक र आर्थिक मूल्याङ्कनमा सफल बोलपत्रदाताहरु मध्येबाट नेपालभर सरकारी निकायमा सबैभन्दा बढी विक्रि भएका र बजार माग बढी भएका साथै सबै भन्दा बढी कर बुझाउने बोलपत्रदाताको बोलपत्र स्विकृत गर्ने भनि निर्णय भएको । यस सम्वन्धमा मुल्याङ्कन समितिबाट सिफारिस भै आएका न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृत गर्नु पर्ने वा गाँउपालिकाको १९ औं वोर्ड बैठकको निर्णय बमोजिम नेपालभर सरकारी निकायमा सबैभन्दा बढी विक्रि भएका र बजार माग बढी भएका साथै सबै भन्दा बढी कर बुझाउने प्राविधिक र आर्थिक मूल्याङ्कनमा सफल बोलपत्र स्वीकृत गर्ने मिल्ने भनि राय माग भई आएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(८) अनुसार मूल्याङ्कन समितिले न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको मूल्याङ्कनको आधार र तरिका समेत खुल्ने गरी मूल्याङ्कन प्रतिवेदन तयार गरी सार्वजनिक निकाय समक्ष पेश गर्नु पर्ने र सोही ऐनको दफा २७ (१) मा सार्वजनिक निकायले दफा २५ बमोजिम न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र मात्र स्विकृतीको लागि छनौट गर्नुपर्ने व्यवस्था भएकोले यस सम्वन्धमा थप राय दिइरहन आवश्यक नदेखिएको ।

मितिः २०७५/०१/२४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

बाण गंगा सिंचाई व्यवस्थापन डिभिजन, कपिलवस्तु, तौलिहवा ।

**राय माग गरिएको बिषय :**

न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएको दरभाउपत्रदातालाई खरिद सम्झौता गर्न आउन पत्राचार गर्दा निज दरभाउपत्रदाता म्याद भित्र खरिद सम्झौता गर्न नआएको हुँदा कार्यालयले निजले विंडवण्ड बापत राखेको धरौटी रकम जफत गरी सदर स्याहाँ गरेका र दोस्रो न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रवभावग्राही दरभाउपत्रदातासँग खरिद सम्झौता गरि कार्य सम्पन्न भएता पनि महालेखापरिक्षको कार्यालयवाट अन्तिम लेखा परिक्षण हुँदा सार्वजनिक खरिद ऐनको, २०६३ को दफा ६३ सोही ऐनको दफा ३८ बमोजिम छनौट भएको प्रस्तावदाताले खरिद सम्झौता गर्न नआएमा प्रस्तावदातलाई कालो सूचीमा राख्न सक्ने र सो कार्यका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ बमोजिम सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने भनी सैद्वान्तिक बेरुजु समेत औल्याएको हुँदा सो सम्वन्धमा राय परामर्श माग भएको ।

**राय परामर्श :**

दरभाउपत्रदातालाई खरिद सम्झौता गर्न आउन पत्राचार गर्दा म्याद भित्र खरिद सम्झौता गर्न नआउने निज दरभाउपत्रदातालाई कालो सूचीमा राख्न सम्वन्धीत सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखिपठाउन सक्ने ।

मितिः २०७५/०१/२४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

भूमिगत जलस्रोत विकास समिति, बबरमहल, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

सिलबन्दी दरभाउपत्र आव्हानको सूचना बमोजिम पर्न आएका दरभाउपत्रहरु न्यूनतम संख्या नपुगेको कारण पुनः दरभाउपत्र आव्हान गरिएको अवस्थामा पहिलो सूचना अनुसार दर्ता भएका दरभाउपत्र दोश्रो पटक सूचना प्रकाशित भएपछि फिर्ता मागेको अवस्थामा फिर्ता गर्न हुने वा नहुने भन्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

प्रथम पटक सिलबन्दी दरभाउपत्र आव्हानको सूचना बमोजिम दरभाउपत्र पेश गरेका फर्मको दरभाउपत्रहरु पुनः दरभाउपत्र आव्हान गर्दा स्वतः निश्क्रिय हुने भएकोले तहाँबाट प्रकाशित सूचनाका शर्तहरु र दरभाउपत्र कागजातहरुमा अन्यथा विवरण वा शर्तहरु उल्लेख नभएको भए उक्त दरभाउपत्रहरु फिर्ता माग भएको अवस्थामा फिर्ता दिन सकिने ।

मितिः २०७५/०२/०१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

चन्दननाथ नगर कार्यपालिकाको कार्यालय, जुम्ला ।

**राय माग गरिएको बिषय :**

विद्युतीय माध्यमबाट निर्माण कार्यको खरिदका लागि दरभाउपत्र आव्हान गरिएकोमा एक मात्र दरभाउपत्र परेको हुँदा स्वीकृत गर्ने बिषयमा द्बिविधा भएको भनी राय माग भई आएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (३क) मा "तीन भन्दा कम सिलबन्दी दरभाउपत्र पेश हुन आएमा वा दरभाउपत्र पेश नै नभएमा सो सम्वन्धमा कुनै कुरा उल्लेख नगरी दोस्रो पटक सूचना प्रकाशन गर्नु पर्ने" भन्ने स्पष्ट ब्यवस्था भएको हुँदा सो सम्बन्धमा थप राय दिईरहनु नपर्ने ।

मितिः २०७५/०२/०६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखा ।

**राय परामर्श माग गरिएको बिषय :**

नसर्ने रोग कार्यक्रमको लागि आवश्यक उपकरण खरिदका लागि अन्तर्राष्टिय स्तरको बोलपत्र आव्हान गरिएकोमा ८ वटा बोलपत्र दर्ता हुन आएका र तीमध्ये प्राविधिक, वित्तीय र आर्थिक रुपमा योग्य देखिएको तथा न्यूनतम अंक कबोल गर्ने बोलपत्रदातालाई सोही विभाग अन्तर्गतको योजनाको खरिद कार्यका सम्बन्धमा विश्व बैंकको वेभसाईटमा कालो सूचीमा राखिएको देखिएकोले निजको बोलपत्र स्वीकृतिका लागि सिफारिश गर्न मिल्ने वा नमिल्ने भन्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

(क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(२) बमोजिम आचरण विपरित कार्य गर्ने बोलपत्रदातालाई दफा ६३ बमोजिम कालोसूचिमा राख्ने प्रक्रिया अगाडि बढाइएको नदेखिएकोले सो तर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराउने ।

(ख) बोलपत्र सम्बन्धी कागजातको Instruction to Bidders no. 4. Eligible Bidders मा स्पष्ट व्यवस्था भएकोले थप राय प्रदान गर्न आवश्यक नदेखिएको ।

मितिः २०७५/०२/०९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

पोखरा विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय ।

**राय परामर्श माग गरिएको बिषय :**

कार्यालय उपकरण (ल्यापटप, मल्टिमेडिया लगायत) सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएकोमा दरभाउपत्रदातालाई दिइएको निर्देशन र व्यवस्था बमोजिम VAT रकम उल्लेख गर्नुपर्नेमा दरभाउपत्रदाताले सामानको प्रति इकाइ दररेट र जम्मा कबोल अंकको महलमा कुनै कुरा उल्लेख नगरी दरभाउपत्र फाराममा नोट लेखी कबोल अंक VAT बाहेकको हो भनी उल्लेख गरेकोले उक्त दरभाउपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने अथवा १३% VAT थप गरी मूल्यांकन गर्न सकिने भन्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (२) मा बोलपत्रको मूल्यांकन र तुलना गर्दा मूल्य अभिवृद्धि कर बाहेकको कबोल अंक कायम गरी तुलना र मूल्यांकन गर्नुपर्ने नियममा प्रष्ट व्यवस्था भएको हुँदा र VAT बाहेकको कबोल अंक (दररेट) नै माग गर्नुपर्नेमा VAT समेतको दररेट माग गरेको भएता पनि बोलपत्रदाताले VAT बाहेकको दररेट पेश गरेकै कारणले मात्र बोलपत्र मूल्यांकनमा समावेश गर्नु नपर्ने कारण नदेखिएको ।

मितिः २०७५/०२/०९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

e-GP को माध्यमबाट न्यूज प्रिन्ट रिल खरिद गर्ने प्रक्रियामा जाँदा लाग्ने समयसम्म मौज्दात रहेको न्यूज प्रिन्ट रिल अपुग हुने कारणले संस्थानको छपाई कार्यमा गम्भीर असर पर्ने र स्थानीय बजारमा

न्यूज प्रिन्ट रिल सहज रुपमा उपलब्ध हुन नसक्ने हुँदा बिशेष समस्या आउने कारणले बिशेष परिस्थितिको अवस्था मानी खरिद कार्य गर्न मिल्ने वा नमिल्ने भन्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन छाता ऐनको रुपमा रहेको र ऐनले परिभाषित गरेका सबै सार्वजनिक निकायहरुले समान रुपमा उक्त ऐनद्धारा निर्दिष्ट कार्यविधि अपनाई खरिद प्रक्रिया व्यवस्थित गर्नुपर्ने हुँदा ऐनको मनसाय, विधि, प्रक्रिया पूरा गरी आफ्नो निकायको खरिद कार्य यथासमयमा सम्पन्न गर्नु प्रत्येक सार्वजनिक निकायको दायित्व रहने कुरा स्वतः स्पष्ट भएको हुँदा खरिद प्रक्रिया विलम्ब हुनुका पर्याप्त कारण समेतमा विचार गरी बिशेष परिस्थिति अन्तर्गत तत्काल काम सुचारु गर्न आवश्यक पर्ने न्यूज प्रिन्ट रिल खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ (२) साथै गोरखापत्र संस्थान आर्थिक विनियमावली, २०६५ को परिच्छेद ६ को (६.६३) अनुसार तालुक निकायसंग परामर्श एवं आवश्यक स्वीकृति लिई खरिद कार्य पूरा गर्नुपर्ने।

मितिः २०७५/०२/१०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

डिभिजन सडक कार्यालय, काठमाण्डौ २ ।

**राय माग गरिएको बिषय :**

यस कार्यालय र निमार्ण व्यवसायी श्री दि आन्दन प्रा.लि. बीच भएको सम्झौता तोडी आवश्यक विवरण तथा कागजात सहित कालो सूचीमा राख्नलाई मिति २०७५।१।०३ मा तहाँ कार्यालयलाई सिफारिस गरी पठाईएको छ । उक्त निमार्णस्थल त्रिभुवन राजपथको नागढुंगा पिपलामोड सडक खण्ड काठमाण्डौको प्रवेश मार्ग भएकोले अत्यन्तै महत्वपुर्ण सडक रहेको र हाल साह्रै जीर्ण भएको हुँदा तत्काल निर्माण तथा सूधार कार्य अगाडि बढाउन पर्ने देखि पुनः ठेक्का आह्वान गरी हाल मुल्याकनको क्रममा रहेको छ । तर उक्त निर्माण व्यसायीलाई कालो सूचीमा राख्ने कार्य तहाँ कार्यालयवाट भई नसकेको अवस्थामा नयाँ निर्माण व्यवसायीसंग सम्झौता गरी निर्माण कार्य अगाडि बढाउन मिल्ने नमिल्ने सम्वन्धमा राय परामर्श माग भएको ।

**राय परामर्श :**

सम्झौता अन्य गरी कालो सूचीमा राख्न लेखी पठाएकोमा उक्त निर्माण व्यवसायीलाई कालो सूचीमा राख्ने कार्य यस कार्यालयबाट भई नसकेको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद निवयमावली, २०६४ बमोजिम खरिद प्रकृया अगाडि वढाउन कुनै बाधा नरहेको ।

मितिः २०७५/०२/१३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

जिल्ला कृषि विकास कार्यालय, बारा ।

**राय परामर्श माग गरिएको बिषय :**

तरकारी बिउ आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको र ७ वटा फर्मको निवेदन दर्ता भएकोमा ५ वटा फर्महरुले माग बमोजिम कागजात पेश गरेता पनि परिमाण आपूर्ति गर्न असक्षम देखिएको, एउटा फर्मले माग अनुसार करचुक्ता प्रमाणपत्र पेश नगरेको र पेश गरेका कागजात पनि पूर्ण नभएको र एउटा फर्म सारभूत रुपमा प्रभावग्राही र सबै भन्दा केही मूल्य कबोल अंक भएको दरभाउपत्र भन्दा केही बढी मूल्य कबोल गरेको भएता पनि कार्यालयले सो फर्मलाई स्वीकृत गरिसकेको । करचुक्ता प्रमाणपत्र पेश नगर्ने फर्मले जिल्ला प्रशासन कार्यालय, तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालयमा उजुरी दिएको अरवस्थामा उक्त निकायबाट समेत कार्यालयकै पक्षमा निर्णय दिएको भएता पनि कार्य प्रक्रिया अगाडि बढाउन अन्यौल भएको भन्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (घ) र सार्वजनिक खरिद नियमावलीको २०६४ को नियम ८४ (९) बमोजिम दरभाउपत्रको परीक्षण र मूल्यांकन पश्चात् सारभूत रुपमा प्रभावग्राही रहेको भनी दरभाउपत्र मूल्यांकन समितिबाट सिफारिश भई दरभाउपत्र स्वीकृत गर्ने निर्णय पश्चात् खरिद प्रक्रिया अगाडि बढाउन ऐन नियमले कुनै बाधा गरेको नदेखिएता पनि तहाँ कार्यालयबाट भएको लागत अनुमानको तर्जुमा र स्वीकृतिका आधारहरु यर्थाथ भए नभएको समेत विचार गरी खरिद प्रक्रिया अगाडि बढाउन सकिने ।

मितिः २०७५/०२/१६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

काठमाडौं उपत्यका खानेपानी लिमिटेड, मुख्य कार्यालय, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सारभूत रुपमा प्रभावग्राही देखिन आएका बोलपत्रहरु मध्ये न्यूनतम कबोल गरेका दुई वटा बोलपत्रहरुको कबोल मुल्य बराबर पाईएकोले सो बोलपत्र छनौटमा कठिनाई पर्न गएको हुँदा आवश्यक निर्देशनको लागि अनुरोध भई आएको ।

**राय परामर्श :**

लागत अनुमान भन्दा घटेर आएको र कबोल मुल्य बराबर भएको अवस्थामा बराबर कबोल गर्ने फर्म (कम्पनी) हरुलाई ३ दिनको समय दिई घटाघटको गोप्य शिलबन्दी माग गर्ने ।

मितिः २०७५/०२/२१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

मण्डन देउपुर नगरपालिका, काभ्रेपलाञ्चोक।

**राय माग गरिएको बिषय :**

नगरपालिका भित्रको इन्द्रावती नदीबाट रोडा, ढुङ्गा, बालुवा ग्राभेल विक्रि गर्नका लागि वोलपत्र आव्हान गरिएकोमा जम्मा १० थान वोलपत्र विक्रि भई १ मात्र बोलपत्र दर्ता भएको र निज बोलपत्रदाताले वोलपत्र स्वीकार्य पत्रमा कबोल अङ्क उल्लेख गरेको तर BOQ मा कुनै पनि कबोल अंक नभरेको साथै BOQ मा एकमुष्ठ रकम उल्लेख गर्नुपर्ने अवस्था रहेकोमा उक्त बोलपत्र मुल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने भनि राय माग भई आएको ।

**राय परामर्श :**

राय माग गरिएको बिषय सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२) को उपदफा (क) को खरिदको परिभाषा भित्र नपर्ने भएकोले राय प्रदान गर्न आवश्यक नदेखिएको ।

मितिः २०७५/०२/२२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगंज, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

Computer, Laptop, Document Printer आदि खरिदको लागि आव्हान गरिएको बोलपत्रमा प्रस्ताव गरेको मध्ये सबैभन्दा न्यून कबोल गर्ने बोलपत्रदाताले लागत अनुमान भन्दा ५.९६% कबोल गरेको र प्राविधिक परीक्षण गर्दा Technical Specification मा माग भए बमोजिम Not Ok भन्ने उल्लेख भएको र पछि पत्राचार गरी Specification मा माग भए बमोजिमको सामान उपलब्ध गराउन सकिने नसकिने भनी सोधिएकोमा Specification मा Internal र External भनी नखुलाईएकोले अलग उपलब्ध गराउन सकिने भनी जवाफ प्राप्त भएको अवस्थामा उक्त बोलपत्र सिफारिश गर्न सकिन्छ कि सकिंदैन भन्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (२) अनुसार बोलपत्र परीक्षण तथा Technical Specification मा त्रुटी भए नभएको एकिन गरी पछि सामान माग गर्दा सानातिना त्रुटिले फरक पर्ने हो वा होईन सो को समेत यकिन गरी निर्णय गर्नुपर्ने देखिन्छ ।

मितिः २०७५/०२/२४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।

**राय माग गरिएको बिषय :**

पेश हुन आएका बोलपत्रहरु मध्ये ६ वटा बोलपत्रदाताहरुले DUDBC, कास्कीको नाममा र ४ वटा बोलपत्रदाताहरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराको नाममा Bid Security जम्मा गरेको हुँदा दुवै किसिमका Bid Security जम्मा गर्ने बोलपत्रदाताको बोलपत्र स्विकार गर्ने वा नगर्ने सम्वन्धमा द्धिविधा उत्पन्न भएको भनी राय माग भई आएको ।

**राय परामर्श :**

बोलपत्र जमानत बोलपत्र आह्वान गर्ने सार्वजनिक निकायकै नाममा जारी हुनुपर्ने विषयमा दुविधा नरहेको । बोलपत्र आह्वानको सूचना तथा बोलपत्र सम्बन्धी कागजाताका विभिन्न प्रावधानहरुमा एउटै विषयमा पनि फरक फरक विवरण उल्लेख हुँदा बोलपत्रदातालाई अन्यौल सृजना भएको देखिन्छ । सो तथ्य समेतलाई विचार गरी बोलपत्र सुरक्षित (Bid Secure) हुने सुनिश्चित गरी तहाँ निकायबाटै आबश्यक निर्णय हुन ।

मितिः २०७५/०२/२४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

राष्ट्रिय पुननिर्माण प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन इकाई, पर्वत ।

**राय माग गरिएको बिषय :**

रितपुर्वक दाखिला भएका बोलपत्रहरु मध्ये केही बोलपत्रदाताहरुले Letter of Bid को बुँदा नं. (C)

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २० को उपदफा (१) मा "बोलपत्र मान्य हुने अवधि बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ" भन्ने व्यवस्था भएको साथै ऐनको दफा १३ को उपदफा (२) (ठ) मा बोलपत्र सम्बन्धी कागजातमा बोलपत्र मान्य हुने अवधि उल्लेख गर्नुपर्ने व्यवस्था भएको र सोही व्यवस्था बमोजिम बोलपत्र सम्बन्धी कागजातको ITB 18.1 मा बोलपत्र मान्य हुने अवधि उल्लेख हुने । letter of Bid मा उल्लेखित "(a) We have examined and have no reservations to the Bidding Documents, including Addenda issued in accordance with Instructions to Bidders (ITB) Clause 8." घोषणा सहितको बोलपत्र दाखिला भएको अवस्थामा अन्य विषयका अतिरिक्त ITB 18.1 अनुसार बोलपत्र मान्य हुने अवधिलाई समेत स्वीकार गरेको मानिने हुँदा बोलपत्रदाताले letter of Bid वा अन्य पत्रबाट बोलपत्र मान्य हुने अवधि ITB 18.1 मा माग भए भन्दा स्पष्ट रुपमा कम समय उल्लेख गरेको अवस्थामा बाहेक letter of Bid मा बोलपत्र मान्य हुने अवधि उल्लेख नगरेको कारणले मात्र बोलपत्रलाई Nonresponsive मान्न नहुने ।

मितिः २०७५/०२/२५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

डिभिजन सडक कार्यालय, काठमाण्डौ १ ।

**राय माग गरिएको बिषय :**

पेश भएका वोलपत्रको प्राविधिक प्रस्ताव परीक्षण गर्दा संयुक्त उपक्रम सम्झौतामा जे.भी. पार्टनर मध्ये एकको दस्तखत नभएकोमा सो J/V Agreement लाई पुर्ण मान्न सकिने वा नसकिने भनी राय माग भई आएको ।

**राय परामर्श :**

संयुक्त उपक्रम (JV) को सम्झौता पत्रमा संयुक्त उपक्रमका सबै सदस्यहरुको आधिकारिक प्रतिनिधिले अनिवार्य रुपमा दस्तखत गर्नुपर्ने । संयुक्त उपक्रमका सवै सदस्यले दस्तखत नगरेको पत्रलाई सम्झौता पत्र मान्न नसकिने ।

मितिः २०७५/०३/०३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सुर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ईलाम ।

**राय परामर्श माग गरिएको बिषय :**

सिलबन्दी दरभाउपत्र र क्याटलग सपिङ विधिबाट खरिद गरिएका सवारी साधन, ढुवानीका साधन आदिको निर्धारित मूल्य भुक्तानी गर्दा VAT बाहेकको बिल रकमको ५% बराबर फर्ममेन्स बैंक ग्यारेण्टी कार्यालयले लिएपछि बिल भुक्तानी गर्दा ५% धरौटी रकम कट्टा गर्नुपर्ने हो वा होईन भन्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम (४) मा उपनियम (१) बमोजिम भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ वा अन्य बिल वा बिजकमा उल्लेखित रकमको ५% रकम कट्टा गरी राख्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही बमोजिम गर्नुपर्ने देखिन्छ ।

मितिः २०७५/०३/०३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

कोष तथा लेखा नियन्त्रक कार्यालय, धनगढी, कैलाली ।

**राय परामर्श माग गरिएको बिषय :**

क्याटलग सपिङ विधिबाट सवारी साधन खरिद गर्नका लागि प्रस्ताव माग गरी स्वीकृत समेत भईसकेको अवस्थामा स्वीकृत प्रस्तावदाताले सवारी साधनको मूल्य वृद्धि भएको कारण जनाई सम्झौता गर्न नसकिने भनी लिखित निवेदन पेश गरेको अवस्थामा सो प्रस्तावदातालाई के कस्तो कारवाही गर्ने र दोश्रो न्यूनतम मूल्यांकित प्रस्तावलाई स्वीकृत गरी प्रक्रिया अगाडि बढाउन सकिने नसकिने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा खरिद गर्ने कार्यविधि, २०७४ मा सम्झौता गर्न नआउने प्रस्तावदातालाई कारवाही गर्ने सम्बन्धमा कुनै व्यवस्था भएको नदेखिएकोले उक्त खरिद प्रक्रिया अन्त्य गरी पुनः प्रक्रियामा जानुपर्ने ।

मितिः २०७५/०३/०४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

औधोगिक क्षेत्रको विकास र सञ्चालनमा निजी क्षेत्रको संलग्नता सम्बन्धी बिषयमा यस कार्यालयबाट राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद सम्बन्धी ऐन, कानुन र खरिद व्यवस्थापनका प्रक्रियाको बिषयमा द्विविधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य बिषयमा कुनै राय परामर्श तथा सुझाव प्रदान गर्ने यस कार्यालयको क्षेत्राधिकार नरहेको साथै प्रस्तुत बिषयमा नेपाल सरकारबाट नीति एवं कार्यविधि तर्जुमा गरी लागू गर्न सकिने बिषय भएकोले राय परामर्श दिइरहनुपर्ने अवश्यकता नदेखिएको ।

मितिः २०७५/०३/०५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

गोकुलगंगा गाउँपालिका, रामेछाप ।

**राय माग गरिएको बिषय :**

सडक निर्माणका बोलपत्र आव्हान गरिएकोमा दर्ता हुन आएका बोलपत्रहरु मध्ये एउटा बोलपत्रदाताले बोलपत्रसाथ बोलपत्र जमानत भौचर पेश नगरेको तर कार्यालयको धरौटी खातामा म्याद भित्रै माग गरिए बमोजिमको रकम दाखिला गरेको पाइएकोले निजको बोलपत्रलाई मुल्याङ्कनमा समावेश गर्ने वा रद्ध गर्ने बिषयमा द्विविधा भएको भनी राय माग भई आएको ।

**राय परामर्श :**

बोलपत्र दाखिलाको समयावधि अगावै सम्बन्धित बोलपत्रदाताले सोही प्रयोजनको लागि रकम दाखिला गरेको अवस्थामा उक्त बोलपत्रलाई मान्यता दिने ।

मितिः २०७५/०३/०६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पताल, टेकु, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

Fully Automated Blood Culture System र Laundry Machine खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र माग गर्दा ४ वटा दरभाउपत्र दर्ता भएका तर आइटम वाइज सूचना अनुसार दुइवटा आइटम दुई-दुई वटा फर्मले दरभाउपत्र पेश गरेकोमा एउटै सूचनामा भएका दुई वटा अलग आइटम

लागि सार्वजनिक खरिद नियमावलीको नियम ८४ को उपनियम (३ क) आकर्षित हुने वा नहुने भनी राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (३ क) मा उपिनियम ३ बमोजिम सूचना प्रकाशन गर्दा तीनभन्दा कम सिलबन्दी दरभाउपत्र पेश हुन आएमा वा दरभाउपत्र पेश नै नभएमा सो सम्बन्धमा कुनै कुरा उल्लेख नगरी सोही उपनियम बमोजिम दोश्रो पटक सूचना प्रकाशन गर्नु पर्नेछ भन्ने उल्लेख भएकोले सोही बमजिम गर्न उपयुक्त हुने ।

मितिः २०७५/०३/०७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, केन्द्रिय आयोजना कार्यान्वयन इकाई (शिक्षा), ज्ञानेश्वर, काठमाण्डौ।

**राय माग गरिएको बिषय :**

एक बोलपत्रदाताले Technical Bid को Additional Information मा Price Bid Scan गरी Upload गरेको । उक्त Price Bid लाई नहेरी प्राबिधिक मुल्याङ्कन गर्दा उक्त बोलपत्रदाता समेत २ वटा बोलपत्रदाता Technically Responsive ठहर भई Financial Bid खोल्दा माथि उल्लेखित Price Bid Scan गरी Technical Proposal साथ Upload गर्ने बोलपत्रदाताले Financial Bid मा Price BOQ नराखी Price Bid मा कुल जम्मा कवोल अंक मात्र उल्लेख गरी Bid Form मात्र पेश गरेकोले Technical Bid मा Upload गरेको Price Bid आधार मानी मुल्याङ्कन गर्न मिल्ने वा Non Responsive मान्ने भनी राय माग भई आएको ।

**राय परामर्श :**

Standard Bidding Document (SBD) को ITB 25.1 मा "If the Technical Bid and Price Bid are submitted together in one envelope, the Employer shall reject the entire Bid." भन्ने स्पष्ट व्यवस्था भएकोले थप राय आवश्यक नदेखिएको ।

मितिः २०७५/०३/०८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभाग, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन, २०७५ को मस्यौदामा रहेको दफा ६५ मा संरक्षित क्षेत्रभित्र विकास निर्माण सम्बन्धी कार्यको लागि राखिएको उफदफा १, २, ३ र ४ सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ सम्मत छ, छैन ? राय परामर्श उपलब्ध गराई दिनु भनी अनुरोध भई आएको ।

**राय परामर्श :**

सार्वजनिक खरिदको लागि विशिष्टिकृत कानूनको रुपमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ कार्यान्वयनमा रहेकोले सार्वजनिक खरिद सम्बन्धी विषय अन्य कानूनमा राख्न उपयूक्त नहुने ।

मितिः २०७५/०३/०८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चरिकोट, दोलखा ।

**राय माग गरिएको बिषय :**

e-Bidding मार्फत बोलपत्र दाखिला गर्ने एउटा फर्मले बोलपत्र वापतको दस्तुर कार्यालयको खातामा जम्मा गर्नुपर्नेमा कार्यालयको खाता नं. राखेतापनि केन्द्रीय राजश्व खातामा जम्मा दाखिला भएको देखिएकोले निजले पेश गरेको बोलपत्रलाई मुल्याङ्कनमा समावेश गर्ने वा नगर्ने सन्दर्भमा द्धिविधा उत्पन्न भएको भनी राय माग भई आएको ।

**राय परामर्श :**

बैंक दाखिला भौचर बैकमा रकम जम्मा भएको प्रमाण रुपमा हुने र बैंक भौचरमा उल्लेखित विवरण बमोजिमको बैंक खातामा रकम जम्मा गर्ने दायित्व सम्बन्धित बैंकको हुने हुँदा सम्बन्धित बैंकलाई भौचरमा उल्लेख भए बमोजिमको बैक खातामा रकम दाखिला गर्न लगाई बोलपत्र मुल्यांकन प्रकृया अगाडि बढाउने ।

मितिः २०७५/०३/१८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

कालिञ्चोक गाउँपालिकाको कार्यालय, दोलखा, ३ नं. प्रदेश ।

**राय परामर्श माग गरिएको बिषय :**

विभिन्न ५ वटा सवारी साधन खरिदको लागि e-Bidding को प्रक्रियामा गएको र सूचनामा भने Hardcopy समेत अनिवार्य भनी माग गरिएको अवस्थामा Hardcopy समावेश नगरेको आधारमा कुनै बोलपत्रदातासंग e-Bidding मा पेश नभएको कागजात माग गर्न मिल्ने वा नमिल्ने भनी राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्था बमोजिम सार्वजनिक निकायले साठी लाख रूपैंया भन्दा बढी रकमको मालसामान खरिद गर्दा अनिवार्य रूपमा विद्युतीय खरिद प्रणालीको प्रयोगबाट मात्र गर्नुपर्नेछ भन्ने उल्लेख भएको र सो का लागि विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका समेत जारी भइसकेको अवस्थामा Hard copy माग गर्ने कुरा कानुन सम्मत नदेखिएको हुँदा के कति कारणले Hardcopy समेत माग गर्ने गरी बोलपत्र आव्हानको सूचना प्रकाशित भएको हो ? सो को प्रष्ट जवाफ प्राप्त भएको अवस्थामा यस बिषयमा थप राय दिन सकिने ।

मितिः २०७५/०३/१८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

प्रदेश प्रमूखको कार्यालय, प्रदेश नं. ३, हेटौंडा ।

**राय परामर्श माग गरिएको बिषय :**

क्याटलग सपिङबाट दुइवटा सवारी साधन खरिद गर्न प्रक्रिया अगाडि बढाएकोमा एक मात्र सिलबन्दी प्रस्ताव प्राप्त भएको अवस्थामा खरिद स्वीकृति प्रक्रिया अगाडि मिल्ने वा नमिल्ने भनी राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्था बमोजिम सार्वजनिक निकायले क्याटलग सपिङबाट खरिद गर्ने सम्बन्धी व्यवस्था भएको र सो सम्बन्धी कार्यविधिमा समेत प्रतिष्पर्धा गराएर मात्र खरिद गर्ने व्यवस्था भएकोमा एउटा मात्र प्रस्ताव प्राप्त भएको अवस्थालाई प्रतिष्पर्धा भएको मान्न नसकिने हुँदा खरिद प्रक्रिया अघि बढाउन उपयुक्त नहुने ।

मितिः २०७५/०३/१८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

बुद्धभूमि नगर कार्यपालिकाको कार्यालय, प्रदेश नं. ५, कपिलबस्तु ।

**राय परामर्श माग गरिएको बिषय :**

VAT सहितको रकम वा VAT बाहेकको रकममध्ये कुन् रकमलाई मूल्यांकन गर्नुपर्ने हो भन्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावलीको नियम ६१ को उपनियम (२) मा भएको व्यवस्था बमोजिम बोलपत्र मूल्यांकन र तुलना गर्दा मूल्य अभिवृदि कर बाहेकको कबोल अंक कायम गरी तुलना गर्नुपर्नेछ भन्ने उल्लेख भएकोले सोही बमोजिम गर्नुपर्ने ।

मितिः २०७५/०३/१८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, मुसिकोट, रुकुम ।

**राय माग गरिएको बिषय :**

पेश हुन आएका बोलपत्रहरु मध्ये एउटा बोलपत्रदाताले बोलपत्र दस्तुर बापतको राजश्व रकम अन्यत्र कार्यालयको नाममा जम्मा गरेको भौचर बोलपत्रसाथ पेश गरेको तर हाल संचालनमा रहेको RMIS Software मा सो फर्मले को.ले.नि.का. स्थित खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, मुसिकोट, रुकुमको खातामा जम्मा गरेको देखिएकोले मुल्याङ्कनमा समस्या भएको भनी राय माग भई आएको ।

**राय परामर्श :**

Standard Bidding Document (SBD) को Instructions to Bidders (ITB) अन्तर्गत Electronic bid submission procedure मा स्पष्ट व्यवस्था भएकोले थप राय आवश्यक नदेखिएको ।

मितिः २०७५/०३/२५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग ।

**राय माग गरिएको बिषय :**

वन्यजन्तु अपराध घटनास्थल व्यवस्थापन कार्यविधी लेखन तथा प्रकाशन कार्यका लागि विभागमा तयार गरिएको मौजुदा सूचीमा रहेका परामर्शदाताबाट प्रस्ताव माग गरिएकोमा प्राप्त प्रस्तावदाताहरु मध्ये एउटा मात्र प्रस्तावदाताको प्राविधिक प्रस्ताव मुल्याङ्कनमा उत्तिर्ण भएको हुँदा प्रस्ताव निज प्रस्तावदातालाई छनौट गर्न मिल्ने नमिल्ने भनी राय माग भई आएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७६ र नियम ७८ मा स्पष्ट व्यवस्था भएकोले थप राय प्रदान गर्न आवश्यक नभएको ।

मितिः २०७५/०३/२६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

श्री डिभिजन सडक कार्यालय, चन्द्रनिगाहपुर, रौतहट ।

**राय माग गरिएको बिषय :**

डिभिजन सडक कार्यालय चन्द्रनिगाहपुर, रौतहटको प. सं. ०७४/७५ च.नं. ९७०, मिति २०७५।०२।०८ गतेको पत्रबाट निर्माण कार्यको लागि आह्वान भएको ठेक्कामा Empire Buildders Pvt. Ltd काठमाण्डौले e-Bid मार्फत दर्ता गरेको बोलपत्रमा एक प्रति BoQ दररेट भरी Submmit गरेको र संशोधनको व्यहोरा उल्लेख नगरी सोही BoQ को दररेटको फोटोकपि गरी ३९ % घटीमा काम गर्न स्वीकार गरेको छुट्टै अर्को प्रति BoQ को दररेट पेश गरेकोले दुई किसिमको दररेटलाई कायम गरी मूल्यांकन गर्न समस्या परेको सम्वन्धमा राय परामर्श मागभएको ।

**राय परामर्श :**

एउटै ठेक्कामा एउटै बोलपत्रदाताबाट फरक फरक दररेट भएको दुई BoQ पेश गरेकोले त्यसलाई मान्यता दिन नसकिने ।

मितिः २०७५/०३/२६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

पाख्रीबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनकुटा ।

**राय माग गरिएको बिषय :**

प्राविधिक प्रस्तावको मुल्याङ्कनमा उत्तिर्ण भएका ५ बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मध्ये एक बोलपत्रदाताले पेश गरेको Bill of Quantities को Total Item Price महल मा रु ४३०८३३३१।७२ (VAT बाहेक) उल्लेख गरेको र Letter of Bid को C महलमा The Total Price of our Bid Excluding any Discounts Offered in Item (d) Below is NPR ३५६२९०७२।०० र (D) महलमा NA (Not Applicable) उल्लेख गरेकोले यस नगरपालिकाले मुल्याङ्कनको क्रममा निजले उल्लेख गरेको Letter of Price Bid को कबोल अंक ३५६२९०७२।- अक्षरुपी तीन करोड छपन्न लाख उन्तीस हजार बहत्तर को आधारमा निजको कवोल अंक सबैभन्दा

घटी भएकोले निजको बोलपत्र स्वीकर्त गर्ने आशयको सूचना प्रकाशन गरिएकोमा निज बोलपत्रदाताले Bid Document ITB Correlation of Arithmetical Errors (C) मा प्रष्ट उल्लेख भए अनुसार Letter of Price Bid को Total रकम सच्चाई पाउँ भनी निवेदन दएकाले अबको काम कार्यबाही के कसरी अगाडि बढाउने भनी राय माग भई आएको ।

**राय परामर्श :**

बोलपत्र सम्बन्धी कागजातको Instruction to Bidder (ITB) 33 Correction of Arithmetical Errors मा स्पष्ट व्यवस्था भएकोले थप राय प्रदान गर्न आवश्यक नभएको ।

मितिः २०७५/०३/२९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय ललितपुर।

**राय माग गरिएको बिषय :**

Preservation and Infrastructure Development of Naagdaha Pokhari Dhapakhel Lalitpur का लागि बोलपत्र आब्हान गरिएको थियो। पेश हुन बोलपत्रहरुको eligibility Test गर्दा Company Registration र VAT Certificate पेश नगरेका कारण सबै बोलपत्रदाताहरु अनुत्तिर्ण भई बोलपत्र कार्यबाही रद्ध गरिएकोमा दुई वटा निर्माण ब्यवसायीले घरेलु दर्ताको आधारमा भाग लिन पाउनु पर्ने भनी निवेदन दर्ता गरेकोमा Company Registration र Firm Registration Certificate को सम्बन्धमा PPMO बाट तयार गरिएको Standard Bidding Document को प्रावधान र सार्वजनिक खरिद नियमावलीको नियम ४० को उपनियम १ र २ (क) बिच द्विविधा देखिएकोले प्राप्त निवेदन उपर कार्यवाही गर्न समस्या भएको भनी राय माग भई आएको ।

**राय परामर्श :**

फर्म दर्ता वा कम्पनी दर्ताको प्रमाणपत्र मध्ये कुनै एकमा दर्ता भएको प्रमाणपत्र पेश गर्दा हुने।"

मितिः २०७५/०३/३१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, अत्तरिया, कैलाली ।

**राय माग गरिएको बिषय :**

भिमदत्त राजमार्ग देखी सरस्वती उ.मा.वी. हुँदै गेटा आँखा अस्पताल जाने बाटो कालोपत्रे गर्ने कार्यका लागि बोलपत्र आब्हान गरिएकोमा पेश हुन आएका बोलपत्रहरु मध्ये ठेक्का मुल्याङ्कनका क्रममा

भुलबस श्रीपुर कन्स्ट्रक्सनको बोलपत्र स्वीकृतीका लागि आशयको सूचना प्रकाशित भएकोमा त्यसमा संशोधन गरी विनोद कन्स्ट्रक्सनको बोलपत्र स्वीकृतीका लागि आशयको सूचना प्रकाशित भएकोमा श्रीपुर बिल्डर्सले विनोद कन्स्ट्रक्सनले लेटरप्याडमा लेटर अफ बिड पेश नगरेको र विड वण्ड समेत विड डकुमेन्टमा उल्लेख भए अनुसारको नभएकोले विनोद कन्स्ट्रक्सनको नाममा जारी भएको आशयको सूचना रद्ध गरी श्रीपुर बिल्डर्सको नाममा ठेक्का स्वीकृत गर्न निवेदन दिएकोले निर्णय लिन समस्या भएको भनी राय माग भई आएको ।

**राय परामर्श :**

(क) बोलपत्र जमानतको हकमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२)(ग) तथा बोलपत्र सम्बन्धी कागजातको Instructions to Bidder (ITB, 19) Bid Security भएको व्यवस्था बमोजिम तहाँ निकायबाटै निर्णय हुन ।

(ख) Letter of Bid सम्बन्धमा यस कार्यालयबाट मिति २०७४/०६/२६ मा भवन डिभिजन कार्यालय, पर्सालाई प्रदान गरेको संलग्न राय बमोजिम गर्ने ।

अनुसूची ७

# कालोसूची सम्बन्धी विवरण

| Form/Company Name: | Duration | Type: | Status: |
|---|---|---|---|
| जयबाबा /गुलिभर /श्रेष्ठ सिभिल जे.भी. धादिङ | 2018-07-17 to 2020-08-06 | Civil Works | |
| जयबाबा गोर्खा कन्स्ट्रक्सन कम्पनी, धादिङ | 2018-07-17 to 2020-08-06 | Civil Works | |
| गुलिभर वर्ल्ड कन्स्ट्रक्सन कम्पनी दर्ता नं. २०३५४/०५९\|६० | 2018-07-17 to 2020-08-06 | Civil Works | |
| श्रेष्ठ सिभिल इंन्जिनियरिंग कन्स्ट्रक्सन कम्पनी प्रा.ली. दर्ता नं.४७५१६/०६४\|६५ | 2018-07-17 to 2020-08-06 | Civil Works | |
| भुवनेश्वरी इन्टरनेशनल प्रा.ली., इमाडोल ललितपुर | 2018-06-25 to 2019-12-24 | Other Services | |
| M/S J.B.M International Pvt.Ltd, Kathmandu | 2018-05-29 to 2021-05-28 | Goods | |
| गौरब निर्माण सेवा, डोटी | 2018-05-08 to 2020-05-07 | Civil Works | |
| लामा /ए .डी./ धर्मेन्द्र जे..भी | 2018-05-08 to 2020-11-08 | Civil Works | |
| लामा बिल्डर्स क.प्रा.ली. (प्यान नं. ३०००0५७३१७ | 2018-05-08 to 2020-11-08 | Civil Works | |
| ए.डी. बिल्डर्स प्रा.ली. (प्यान नं. ३००१२४९५२ | 2018-05-08 to 2020-11-08 | Civil Works | |
| धर्मेन्द्र निर्माण सेवा प्रा.ली (प्यान नं. ३००००३३०७ | 2018-05-01 to 2020-11-08 | Civil Works | |
| M/S Industrial Associates, calcutta, India | 2018-04-09 to 2020-04-08 | Other Services | |
| थापा कागेश्वारी सप्लायर्स प्रा.ली. काठमाडौ | 2018-02-12 to 2019-02-11 | Goods | |
| जागृति/तुल्छी दुर्गा जे.भि. नयाँ बानेश्वर काठमाडौं | 2018-01-25 to 2020-01-24 | Civil Works | |
| जागृति | 2018-01-25 to 2020-01-24 | Civil Works | |
| तुल्छी दुर्गा | 2018-01-25 to 2020-01-24 | Civil Works | |
| पवन कुमार निकेश कुमार, काठमाडौं | 2018-01-10 to 2020-01-09 | Goods | |

| Form/Company Name: | Duration | Type: | Status: |
|---|---|---|---|
| नारायणदास श्रीनिवास ईन्द्रचोक, काठमाडौ | 2018-01-10 to 2020-01-09 | Goods | |
| क्वालिटी सेक्युरिटी गुड्स सप्लायर्स, काठमाडौ | 2018-01-10 to 2021-01-09 | Goods | |
| डी.एन.के ट्रेडिङ.प्रा.ली. धापासी काठमाडौं | 2018-01-10 to 2019-01-09 | Goods | |
| नेपाल प्रगति / बोखिम एण्ड सन जे.भि. बिशालनगर, काठमाडौ | 2017-12-17 to 2019-12-16 | Civil Works | |
| नेपाल प्रगति निर्माण सेवा प्रा.ली. | 2017-12-17 to 2019-12-16 | Civil Works | |
| बोखिम एण्ड सन कन्स्ट्रक्सन प्रा.ली. | 2017-12-17 to 2019-12-16 | Civil Works | |
| मन्जुश्री कन्स्ट्रक्सन, काभ्रेपलान्चोक | 2017-12-17 to 2018-12-16 | Civil Works | |
| निकेत निर्माण सेवा, महोत्तरी | 2017-12-17 to 2018-12-16 | Civil Works | |
| त्रिवेणी कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स, कालिकोट | 2017-12-17 to 2018-12-16 | Civil Works | |
| उत्सब निर्माण सेवा, तनहुँ | 2017-12-17 to 2018-12-16 | Civil Works | |
| वि.टि./फ्रेन्ड्स /श्रेष्ठ जे.भि. चरिकोट, दोलखा | 2017-12-08 to 2018-12-07 | Civil Works | |
| वि.टी. निर्माण सेवा (इजाजत नं. १२९४) | 2017-12-08 to 2018-12-07 | Civil Works | |
| फ्रेन्ड्स कन्स्ट्रक्सन प्रा.ली. (इजाजत नं. १६५२) | 2017-12-08 to 2018-12-07 | Civil Works | |
| श्रेष्ठ निर्माण तथा ढुवानी सेवा (इजाजत नं. २४३) | 2017-12-08 to 2018-12-07 | Civil Works | |
| गरिमा इन्टरनेसनल स्टोर, काठमाडौ | 2017-12-01 to 2019-11-30 | Goods | |
| डिलक्स सरसफाई प्रा.ली. चावहिल, काठमाडौ | 2017-12-01 to 2020-11-30 | Other Services | |
| पि.आर. कन्स्ट्रक्सन दिक्तेल, खोटाङ | 2017-11-16 to 2018-11-15 | Civil Works | |
| एन. ई. एस. इन्टरप्राइजेज प्रा.ली बुढानिलकण्ठ, काठमाडौ | 2017-10-15 to 2018-10-14 | Goods | |
| अजम्बर/ शिवराज कन्स्ट्रक्सन जे.भि. दोलखा | 2017-10-15 to 2018-10-14 | Civil Works | |
| अजम्बर कन्स्ट्रक्सन | 2017-10-15 to 2018-10-14 | Civil Works | |
| शिवराज कन्स्ट्रक्सन | 2017-10-15 to 2018-10-14 | Civil Works | |

| Form/Company Name: | Duration | Type: | Status: |
|---|---|---|---|
| एन. ई. एस. इन्टरप्राइजेज प्रा.ली बुढानिलकण्ठ, काठमाडौ | 2017-10-15 to 2018-10-14 | Goods | |
| स्वर्गद्वारी सेक्युरिटी सर्भिसेज प्रा.ली. बुटवल | 2017-10-11 to 2020-10-10 | Consulting Services | |
| म निर्माण सेवा कोहलपुर, बाँके | 2017-09-04 to 2020-09-03 | Civil Works | |
| सर्वउद्धार/ फ्रेन्ड्स जे .भी. कोटेश्वर, काठमाडौ | 2017-09-04 to 2020-09-03 | Civil Works | |
| सर्वउद्धार | 2017-09-04 to 2020-09-03 | Civil Works | |
| फ्रेन्ड्स | 2017-09-04 to 2020-09-03 | Civil Works | |
| शुभचन्द्र निर्माण सेवा, सुर्खेत | 2017-09-04 to 2020-09-03 | Civil Works | |
| सि.वि.निर्माण सेवा, सुर्खेत | 2017-09-04 to 2020-09-03 | Civil Works | |
| उत्तरगंगा इन्भेस्टमेन्ट, सुर्खेत | 2017-09-04 to 2020-09-03 | Civil Works | |
| कैलाश निर्माण सेवा, सुर्खेत | 2017-09-04 to 2020-09-03 | Civil Works | |
| जोडदार निर्माण सेवा, कालिकोट | 2017-09-04 to 2020-09-03 | Civil Works | |
| हरि निर्माण सेवा, सुर्खेत | 2017-09-04 to 2020-09-03 | Civil Works | |
| विनम्र निर्माण सेवा, सुर्खेत | 2017-09-04 to 2020-09-03 | Civil Works | |
| राजपुत कन्स्ट्रक्सन | 2017-09-04 to 2020-09-03 | Civil Works | |
| राजेन्द्र निर्माण सेवा | 2017-09-04 to 2020-09-03 | Civil Works | |
| महामाया बिल्डर्स, धनुषा | 2017-09-04 to 2020-09-03 | Civil Works | |
| मा गंगा निर्माण सेवा, महोत्तरी | 2017-09-04 to 2020-09-03 | Civil Works | |
| माँ गायत्री कन्स्ट्रक्सन, जनकपुर धनुषा | 2017-09-04 to 2020-09-03 | Civil Works | |
| लक्की कन्स्ट्रक्सन | 2017-09-04 to 2020-09-03 | Civil Works | |

अनुसूची ७(क)

# आ.व. २०६४/६५ देखी आ.व. २०७४/७५ सम्मको कालोसूची विवरण

| सि.नं. | आ.व. | कालोसूची संख्या | कैफियत |
|---|---|---|---|
| १ | २०६४/६५ | ६ | |
| २ | २०६५/६६ | १० | |
| ३ | २०६६/६७ | १५ | |
| ४ | २०६७/६८ | ८ | |
| ५ | २०६८/६९ | २५ | |
| ६ | २०६९/७० | १३ | |
| ७ | २०७०/७१ | ३० | |
| ८ | २०७१/७२ | ३६ | |
| ९ | २०७२/७३ | १८ | |
| १० | २०७३/७४ | ४७ | |
| ११ | २०७४/७५ | ५२ | |
| | **जम्मा** | **२६०** | |

# विद्युतीय खरिद प्रणाली (e-GP System) को तथ्याङ्क

| विवरण | संख्या |
|---|---|
| सार्वजनिक निकाय दर्ता | ७९१ |
| वोलपत्रदाता दर्ता | ५२६८ |
| चालु वोलपत्रहरु | १२ |
| सम्पन्न भएका वोलपत्रहरु | २४८४२ |
| रद्द भएका वोलपत्रहरु | ५१५ |

| विवरण | संख्या |
|---|---|
| सार्वजनिक निकाय दर्ता | ११०९ |
| वोलपत्रदाता दर्ता | ५०५८ |
| चालु वोलपत्रहरु | २३७ |
| सम्पन्न भएका वोलपत्रहरु | ४९९२ |
| रद्द भएका वोलपत्रहरु | ० |

अनुसूची ९

## वार्षिक विकास कार्यक्रम

## बजेट तर्जुमासंग सम्बन्धित आर्थिक प्रशासन नियम २० १) बमोजिमको फाराम

## बार्षिक प्रगती विवरण

१ आ.व. २०७४/७५
२. बजेट उपशीर्षक नं. ३०१०२०
३. मन्त्रालय : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
४. विभाग/संस्था : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
५. कार्यक्रम/आयोजनाको नाम :सार्वजनिक खरिद अनुगमन कार्यालय
६. स्थान (क) जिल्ला : काठमाण्डौ
७. आयोजना शुरु भएको मिति : वि.सं.
८. आयोजना पुरा हुने मिति : वि.सं.
९. आयोजना / कार्यालय प्रमुखको नाम : श्री मधु प्रसाद रेग्मी

१०. बार्षिक बजेट रु. १८३८.५३
(क) आन्तरिक : (१) नेपाल सरकार १८३८.५३
(२) स्थानिय निकाय/संस्था :
(३) जनसहभागिता :
(ख) बैदेशिक (१) अनुदान :
(२) ऋण :
(ग) सटही दर :
(घ) दातृ संस्था :

११. आयोजनाको कुल लागत (रु) :-
(क) आन्तरिक (१) नेपाल सरकार :-
(२) स्थानिय निकाय/संस्था :
(३) जनसहभागिता :
(ख) बैदेशिक (१) अनुदान
(२) ऋण
१२. गत आ.व. सम्मको खर्च रु. (सोभै भुक्तानी र वस्तुगत समेत)
(क) आन्तरिक (१) नेपाल सरकार :-
(२) संस्था :
(३) जनसहभागिता :

| क.सं. | कार्यक्रम / क्रियाकलाप | इकाई | बार्षिक लक्ष्य आ.व. २०७४/७५ | | | बार्षिक प्रगती आ.व. २०७४/७५ | | आयोजनाको कूल मध्ये हाल सम्मको प्रगती | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भारित | परमाण | भारित | |
| १ | २ | ३ | ४ | ५ | ६ | | | १४ | १५ | १६ |
| अ) | **पुँजीगत खर्च अन्तरर्गतका कार्यक्रमहरु** | | | | | | | | | |
| ८.२.९.२ | भवन मर्मत पार्टसन वायरीङ्ग (पुँजिगत सुधार खर्च) | वटा | ३ | ०.९८ | १८.०० | ३ | ०.९८ | ३ | ०.९८ | |
| ८.३.१.५५ | फर्निचर खरिद सोफासेट, कुर्सि, मिटिङ टेवल आदि (कार्यालयको लागि फर्निचर फिक्चर्स) | वटा | २० | ०.२७ | ५.०० | २० | ०.२७ | २० | ०.२७ | |
| ८.४.३.२४ | कार/जिप (हलुका सवारी साधन) | वटा | १ | ३.५४ | ६५.०० | २ | ३.५४ | २ | ३.५४ | |
| ८.४.४.१ | मोटर साईकल/स्कुटर | वटा | ४ | ०.५४ | १०.०० | ६ | ०.५४ | ६ | ०.५४ | |
| ८.५.१.२ | ल्यापटप (कार्यालय संचालन संग सम्बन्धी यन्त्र, उपकरण तथा मेशीन औजार) | वटा | १ | ०.०५ | १.०० | १ | ०.०५ | १ | ०.०५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८.५.१.७ | फोटोकपी मेशिन (कार्यालय संचालन संग सम्बन्धी यन्त्र, उपकरण तथा मेशीन औजार) | वटा | १ | ०.०५ | १.०० | १ | ०.०५ | १ | ०.०५ | |
| ८.५.१.८८ | डाटा सेन्टरमा सर्भर, राउटर, फायरवाल, खरिद (कार्यालय संचालन संग सम्बन्धी यन्त्र, उपकरण तथा मेशीन औजार) | वटा | १ | १.५८ | २९.०० | १ | १.५८ | १ | १.५८ | |
| ८.५.१६.१९ | Upgradation of Primary data Center (अन्य उपकरण तथा मेशीन औजार) | वटा | १ | १४.६९ | २७०.०० | ० | ०.०० | ० | ०.०० | |
| ८.५.१६.२० | Establishment of disaster recovery center (अन्य उपकरण तथा मेशीन औजार) | वटा | १ | १४.४१ | २६५.०० | ० | ०.०० | ० | ०.०० | |
| ८.५.१६.२१ | Establishment of Digital Training Lab (अन्य उपकरण तथा मेशीन औजार) | वटा | १ | ०.५४ | १०.०० | १ | ०.५४ | १ | ०.५४ | |
| ८.८.१८.१६१ | विडिङ डकुमेन्ट, टेकनिकल नोट परिमार्जन तथा तयारी (अन्य पुँजिगत अनुसन्धान तथा परामर्श) | वटा | ८ | २.१८ | ४०.०० | ८ | २.१८ | ८ | २.१८ | |
| ८.८.१८.२०२ | Preparation of e-GP Learning materials (अन्य पुँजिगत अनुसन्धान तथा परामर्श) | पटक | २ | ०.५४ | १०.०० | २ | ०.५४ | २ | ०.५४ | |
| ८.८.१९.९ | bolpatra.gov.np र ppmo.gov.np वेभसाईटको SSL उपलब्धता (सफ्टवेयर निर्माण तथा परामर्श) | पटक | १ | ०.११ | २.०० | १ | ०.११ | १ | ०.११ | |
| ८.८.१९.१३ | e-GP सम्वन्धी सूचना प्रवाह गर्न Mobile Notification SMS System Services Development (सफ्टवेयर निर्माण तथा परामर्श) | पटक | १ | ०.१६ | ३.०० | १ | ०.१६ | १ | ०.१६ | |
| ८.८.१९.३७ | Development integrtatation of new procurement methods and types in e-GP (सफ्टवेयर निर्माण तथा परामर्श) | संख्या | १ | ८.१६ | १५०.०० | ० | ०.०० | ० | ०.०० | |
| ८.८.२०.२९ | विभिन्न सफ्टवेयर निर्माण तथा खरिद (सफ्टवेयर खरिद) | संख्या | १ | ०.८२ | १५.०० | ० | ०.०० | ० | ०.०० | |
| **क)** | **पुँजीगत कार्यक्रमको जम्मा** | | ४८ | ४८.६३ | ८९४.०० | ४७ | १०.५५ | ४७ | १०.५५ | |
| **आ)** | **चालु खर्च अन्तरगतका कार्यक्रमहरु** | | | | | | | | | |
| २.१२.१.७ | AMC for hardware and Networking (सेवा करार) | पटक | १ | ०.१६ | ३.०० | १ | ०.१६ | १ | ०.१६ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१२.१.१३ | सूचना प्रविधि परामर्शदाता/ IT Specialist (Database, System, Network Administrator र Programmer) (सेवाकरार) | जना | ४ | १.३७ | २५.२० | १ | ०.३४ | १ | ०.३४ | |
| २.१२.१.२८ | e-GP Help Desk संचालन परामर्श सेवा (सेवा करार) | पटक | १ | ०.५४ | १०.०० | १ | ०.५४ | १ | ०.५४ | |
| २.१२.१.२९ | e-GP System Support Services परामर्श सेवा खरिद (सेवा करार) | पटक | १ | १.०९ | २०.०० | १ | १.०९ | १ | १.०९ | |
| २.१२.१.३० | e-GP Supporting Services for piloting Public entities (सेवा करार) | जना | १ | ०.५४ | १०.०० | १ | ०.५४ | १ | ०.५४ | |
| २.१२.१.३१ | सार्वजनिक खरिद पुनरावलोकन समितिका लागि कार्यालय व्यवस्थापन सेवा खरिद (सेवा करार) | जना | १ | ०.३५ | ६.५० | १ | ०.३५ | १ | ०.३५ | |
| २.१२.१.३२ | कार्यालय सुरक्षा सेवा खरिद (सेवा करार) | जना | १ | ०.२४ | ४.५० | १ | ०.२४ | १ | ०.२४ | |
| २.१२.१.३३ | कार्यालय सरसफाई सेवा खरिद (सेवा करार) | जना | १ | ०.१९ | ३.५० | १ | ०.१९ | १ | ०.१९ | |
| २.१२.१.३८ | AMC for e-GP System (सेवा करार) | वटा | १ | ८.१६ | १५०.०० | १ | ८.१६ | १ | ८.१६ | |
| २.१२.१.३९ | Integration of time stamping service from third party (सेवा करार) | वटा | १ | २.१८ | ४०.०० | ० | ०.०० | ० | ०.०० | |
| २.१२.१.४० | IT security assessment and issu resolving (सेवा करार) | वटा | १ | २.७२ | ५०.०० | ० | ०.०० | ० | ०.०० | |
| २.१४.२.२ | ड्राईभिङ तालिम ( कर्मचारी दक्षता बृद्धि तालिम (प्रमाणपत्र नदिने)) | संख्या | १ | ०.११ | २.०० | १ | ०.११ | १ | ०.११ | |
| २.१४.२.३ | ICT सम्बन्धी दक्षता अभिबृद्धी तालिम ( कर्मचारी दक्षता बृद्धि तालिम (प्रमाणपत्र नदिने)) | संख्या | ३ | ०.३३ | ६.०० | ३ | ०.३३ | ३ | ०.३३ | |
| २.१५.१.८ | सार्वजनिक खरिद क्षमता विकास तालिम ३ दिने (उद्धमशीलता, रोजगारी मुलक/सशक्तिकरण/ सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | पटक | १० | ०.८२ | १५.०० | १० | ०.८२ | १० | ०.८२ | |
| २.१५.१.१० | e-GP सम्वन्धी सचेतना अभिवृद्धि गर्न वर्कसप र अन्तरक्रिया (उद्धमशीलता, रोजगारी मुलक/ सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | पटक | २ | ०.१६ | ३.०० | २ | ०.१६ | २ | ०.१६ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१५.१.१३ | चौमासिक/बार्षिक प्रगति समिक्षा (उद्धमशीलता, रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | पटक | ४ | ०.११ | २.०० | ४ | ०.११ | ४ | ०.११ | |
| २.१५.१.१८ | सार्वजनिक खरिद सम्वन्धी सम्वन्धी NPPSF, NPPR, खरिद इकाई प्रमुखहरुसंग अन्तरक्रिया/गोष्ठी (उद्धमशीलता, रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | पटक | १ | ०.१६ | ३.०० | १ | ०.१६ | १ | ०.१६ | |
| २.१५.१.१९ | सार्वजनिक खरिद सम्वन्धमा अनुशिक्षण कार्यक्रम (उद्धमशीलता, रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | पटक | ३ | ०.०८ | १.५० | ३ | ०.०८ | ३ | ०.०८ | |
| २.१५.१.२१ | सार्वजनिक निकाय, वोलपत्रदाता तथा बैंकहरुका लागि e-GP सम्वन्धी तालिम (उद्धमशीलता, रोजगारी मुलक/सशक्तिकरण /सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | पटक | २० | १.३६ | २५.०० | २० | १.३६ | २० | १.३६ | |
| २.१५.१.३१ | सार्वजनिक खरिद सम्वन्धी अन्तरक्रिया कार्यक्रम (उद्धमशीलता, रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | पटक | १५ | १.२२ | २२.५० | १५ | १.२२ | १५ | १.२२ | |
| २.१५.१.३२ | e-GP सम्वन्धी एक दिने अभिमुखिकरण तालिम (उद्धमशीलता, रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | वटा | १२ | ०.३३ | ६.०० | १२ | ०.३३ | १२ | ०.३३ | |
| २.१५.१.४० | TOT Programme of e-GP System (उद्धमशीलता, रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | वटा | २ | ०.५४ | १०.०० | २ | ०.५४ | २ | ०.५४ | |
| २.१९.१.१ | अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च (अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | पटक | ५० | ०.२७ | ५.०० | ५० | ०.२७ | ५० | ०.२७ | |
| २.१९.१.८ | सार्वजनिक खरिद सम्वन्धमा खरिद योजना र खरिद गुरुयोजनाको कार्यान्वयनको अवस्था एक अध्ययन (अनुगमन मुल्याङ्कन तथा कार्यक्रम | पटक | १ | ०.११ | २.०० | १ | ०.११ | १ | ०.११ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन भ्रमण खर्च) | | | | | | | | | |
| २.१९.१.९ | सार्वजनिक खरिद सम्वन्धी गुनासोको स्थलगत अध्ययन तथा निरीक्षण (अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | पटक | १० | ०.५४ | १०.०० | १० | ०.५४ | १० | ०.५४ | |
| २.१९.१.११ | सार्वजनिक खरिद सम्वन्धी Random Monitoring (अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | वटा | ५ | ०.२७ | ५.०० | ५ | ०.२७ | ५ | ०.२७ | |
| २.१९.१.३३ | e-GP सम्वन्धी अनुगमन निरिक्षण, सहजिकरण(अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | वटा | ५ | ०.२७ | ५.०० | ५ | ०.२७ | ५ | ०.२७ | |
| २.१९.१.३६ | राष्ट्रिय गौरबका कुनै २ वटा आयोजनाको विस्तृत अध्ययन तथा प्रतिवेदन(अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | वटा | २ | ०.१६ | ३.०० | २ | ०.१६ | २ | ०.१६ | |
| | **ख) चालु खर्च कार्यक्रमको जम्मा** | | **१६०** | **२४.४१** | **४४८.७** | **१५५** | **१८.४८** | **१५५** | **१८.४८** | |
| | **ग) कूल जम्मा खर्च (चालु र पूंजीगत)** | | **२०८** | **७३.०३** | **१३४२.७** | **२०२** | **२९.०३** | **२०२** | **२९.०३** | |
| | तलव | | | १२.७८ | २३४.८९ | | | | | |
| | महंगी भत्ता | | | ०.२५ | ४.५६ | | | | | |
| | अन्य भत्ता | | | ४.११ | ७५.५२ | | | | | |
| | पोशाक | | | ०.१६ | २.८५ | | | | | |
| | पानी विजुली | | | ०.४३ | ७.९५ | | | | | |
| | संचार महशुल | | | १.२३ | २२.६८ | | | | | |
| | घर भाडा | | | १.१७ | २१.६० | | | | | |
| | इन्धन | | | ०.८४ | १५.५३ | | | | | |
| | संचालन तथा मर्मत सम्भार | | | ०.७१ | १३.१० | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बिमा | | | ०.२१ | ३.८४ | | | | | |
| | कार्यालय सम्वन्धी खर्च | | | २.६९ | ४९.५० | | | | | |
| | इन्धन अन्य प्रयोजन | | | ०.०५ | ०.९९ | | | | | |
| | अन्य सेवा शुल्क | | | १.७९ | ३२.८२ | | | | | |
| | विविध खर्च | | | ०.५४ | १०.०० | | | | | |
| | **जम्मा (घ)** | | | २६.९७ | ४९५.८३ | | | | | |
| | **कुल जम्मा (ग+घ)** | | | १००.०० | १८३८.५३ | | | | | |

बार्षिक भौतिक प्रगती : ९७.१२ प्रतिशत
बार्षिक बित्तिय प्रगती : ३८.१७ प्रतिशत

| खर्चको विवरण (रु. हजारमा) | | |
|---|---|---|
| **विवरण** | **लक्ष्य** | **प्रगती** |
| चालु | ९४,४५३.०० | ५३,९४८.३४ |
| पुँजिगत | ८९,४००.०० | १६,२२३.२७ |
| **जम्मा** | **१८३,८५३.००** | **७०,१७१.६२** |

| शाखा अधकृत | निर्देशक | सह सचिव | सचिव |
|---|---|---|---|
| सुनिता शर्मा | रेखा कंडेल | यज्ञराज कोइराला | मधु प्रसाद रेग्मी |
| दस्तखत | दस्तखत | दस्तखत | दस्तखत |

अनुसूची १०

## सार्वजनिक खरिद अनुगमन कार्यालय
## आ.ब. २०७४/७५ को बार्षिक आर्थिक विवरण
### बजेट उपशीर्षक नं. ३०१०२०३, चालु

| सि. नं. | बजेट शिर्षक नं. | विवरण | बार्षिक स्विकृत बजेट | | | रकमानान्तर | | खुद बजेट | जम्मा निकासा | जम्मा खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रारम्भिक | थप | घट | थप | घट | | | | |
| १ | २१११२ | तलव | २३,४८९,०००।०० | | | | | २३,४८९,०००।०० | १५,७८६,२९३।०० | १५,७८६,२९३।०० | ७,७०२,७०७।०० |
| २ | २१११३ | महंगी भत्ता | ४५६,०००।०० | | | | | ४५६,०००।०० | ३०८,५४५।०० | ३०८,५४५।०० | १४७,४५५।०० |
| ३ | २१११९ | अन्य भत्ता | ७,५५२,०००।०० | | | | | ७,५५२,०००।०० | ५,०१२,१२८।०० | ५,०१२,१२८।०० | २,५३९,८७२।०० |
| ४ | २११२१ | पोशाक | २८५,०००।०० | | | | | २८५,०००।०० | २८५,०००।०० | २८५,०००।०० | ०।०० |
| ५ | २२१११ | पानी विजुली | ७९५,०००।०० | | | १९८,०००।०० | | ९९३,०००।०० | ९८८,२७६।०० | ९८८,२७६।०० | ४,७२४।०० |
| ६ | २२११२ | संचार महशुल | २,२६८,०००।०० | | | | | २,२६८,०००।०० | १,४६८,६५९।०० | १,४६८,६५९।०० | ७९९,३४१।०० |
| ७ | २२१२१ | घर भाडा | २,१६०,०००।०० | | | | | २,१६०,०००।०० | १,९८४,५००।०० | १,९८४,५००।०० | १७५,५००।०० |
| ८ | २२२११ | इन्धन | १,५५३,०००।०० | | | | | १,५५३,०००।०० | १,५३८,९७५।०० | १,५३८,९७५।०० | १४,०२५।०० |
| ९ | २२२१२ | संचालन तथा मर्मत सम्भार | १,३१०,०००।०० | | | ३२७,०००।०० | | १,६३७,०००।०० | १,६३५,६०९।०० | १,६३५,६०९।०० | १,३९१।०० |
| १० | २२२१३ | विमा | ३८४,०००।०० | | | | | ३८४,०००।०० | २४१,९९४।०० | २४१,९९४।०० | १४२,००६।०० |
| ११ | २२३११ | कार्यालय सम्वन्धी खर्च | ४,९५०,०००।०० | | | ५००,०००।०० | | ५,४५०,०००।०० | ५,३८३,७६७।०० | ५,३८३,७६७।०० | ६६,२३३।०० |
| १२ | २२३१४ | इन्धन अन्य प्रयोजन | ९९,०००।०० | | | | | ९९,०००।०० | ३७,९६८।०० | ३७,९६८।०० | ६१,०३२।०० |
| १३ | २२४११ | सेवा तथा परामर्श खर्च | ३२,२७०,०००।०० | | | | ७,०००,०००।०० | २५,२७०,०००।०० | ६,६६१,६४७।०० | ६,६६१,६४७।०० | १८,६०८,३५३।०० |
| १४ | २२४१२ | अन्य सेवा शुल्क | ३,२८२,०००।०० | | | | | ३,२८२,०००।०० | ३,१५२,७९०।०० | ३,१५२,७९०।०० | १२९,२१०।०० |
| १५ | २२५११ | कर्मचारी तालिम | ८००,०००।०० | | | | | ८००,०००।०० | २७०,०००।०० | २७०,०००।०० | ५३०,०००।०० |
| १६ | २२५१२ | सिप विकास तथा जनचेतना | ८,८००,०००।०० | | | | | ८,८००,०००।०० | ३,०६९,४५५।०० | ३,०६९,४५५।०० | ५,७३०,५४५।०० |
| १७ | २२६११ | अनुगमन, मुल्याङ्कन खर्च | ३,०००,०००।०० | | | | | ३,०००,०००।०० | २,९४८,७२१।०० | २,९४८,७२१।०० | ५१,२७९।०० |
| १८ | २२६१२ | भ्रमण खर्च | ०।०० | | | ७,०००,०००।०० | १,०२५,०००।०० | ५,९७५,०००।०० | २,१८४,२९८।०० | २,१८४,२९८।०० | ३,७९०,७०२।०० |
| १९ | २२७११ | विविध खर्च | १,०००,०००।०० | | | | | १,०००,०००।०० | ९८९,७१९।०० | ९८९,७१९।०० | १०,२८१।०० |
| | | **जम्मा** | **९४,४५३,०००।०** | ०।० | ०।० | **८,०२५,०००।०** | **८,०२५,०००।०** | **९४,४५३,०००।००** | **५३,९४८,३४४।०** | **५३,९४८,३४४।०** | **४०,५०४,६५६।०** |
| | | **अर्थ बजेट** | | | | | | | | | |
| | | ६०१०१४३ | | | | | | | | | |
| | २१११२३ | सेवा निवृत्तको संचित विदा | २,३६९,९२९।९० | | | ०।०० | ०।०० | २,३६९,९२९।९० | २,३६९,९२९।९० | २,३६९,९२९।९० | ०।०० |
| | | ६०१०१८३ | | | | | | | | | |
| | २१११२३ | औषधी उपचार | १,७६९,७०१।२० | | | ०।०० | ०।०० | १,७६९,७०१।२० | १,७६९,७०१।२० | १,७६९,७०१।२० | ०।०० |
| | | **अर्थ बजेट जम्मा** | **४,१३९,६३१।१०** | | | **०।००** | **०।००** | **४,१३९,६३१।१०** | **४,१३९,६३१।१०** | **४,१३९,६३१।१०** | **०।००** |

तयार गर्ने
नामः दिपक पौडेल
दर्जा : लेखा अधिकृत

प्रमाणित गर्ने
नामः यज्ञराज कोइराला
दर्जा : सह सचिव

# सार्वजनिक खरिद अनुगमन कार्यालय
## आ.ब. २०७४/७५ को बार्षिक आर्थिक विवरण
### बजेट उपशीर्षक नं. ३०१०२०३, चालु

| सि. नं. | बजेट शिर्षक नं. | विवरण | बार्षिक स्विकृत बजेट | | | रकमानान्तर | | खुद बजेट | जम्मा निकासा | जम्मा खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रारम्भिक | थप | घट | थप | घट | | | | |
| १ | २९२३१ | पूँजीगत सुधार खर्च | १,८००,०००।० | | | ४५०,०००।० | | २,२५०,०००।० | २,२१०,९११।०० | २,२१०,९११।० | ३९,०८९।० |
| २ | २९३११ | फर्निचर तथा फिक्चर्स | ५००,०००।० | | | ०।० | ०।० | ५००,०००।० | ४५३,६५९।०० | ४५३,६५९।० | ४६,३४१।० |
| ३ | २९४११ | सवारी साधन | ७,५००,०००।० | | | ९५०,०००।० | | ८,४५०,०००।० | ८,३६१,८००।०० | ८,३६१,८००।० | ८८,२००।० |
| ४ | २९५११ | मेशिनरी औजार | ५७,६००,०००।० | | | ०।० | १,४००,०००।० | ५६,२००,०००।० | २,०१५,६२६।०० | २,०१५,६२६।० | ५४,१८४,३७४।० |
| ५ | २९७११ | पूँजिगत अनुसन्धान तथा परामर्श | ५,०००,०००।० | | | ०।० | ०।० | ५,०००,०००।० | २,७९९,३३५।०० | २,७९९,३३५।० | २,२००,६६५।० |
| ६ | २९७१२ | सफ्टवेयर निर्माण तथा खरिद खर्च | १७,०००,०००।० | | | ०।० | ०।० | १७,०००,०००।० | ३८१,९४०।०० | ३८१,९४०।० | १६,६१८,०६०।० |
| | | **जम्मा** | **८९,४००,०००।०** | | | **१,४००,०००।०** | **१,४००,०००।०** | **८९,४००,०००।०** | **१६,२२३,२७१।०** | **१६,२२३,२७१।०** | **७३,१७६,७२९।०** |

तयार गर्ने
नामः दिपक पौडेल
दर्जा : लेखा अधिकृत

प्रमाणित गर्ने
नामः यज्ञराज कोइराला
दर्जा : सह सचिव